# विपद् संवेदनशिल सामाजिक सुरक्षा प्रशिक्षक प्रशिक्षण तालिम निर्देशिका २०८१



Social Protection Civil Society Network

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

**सम्पादन सल्लाहकार**

श्री तिलोत्तम पोडेल, अध्यक्ष सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

श्री हेमन्त दंगाल, परियोजना ब्यबस्थापक, सेभ द चिल्ड्रेन

**लेखन तथा सम्पादन**

डा. राजु थापा

नविन दाहाल

सन्तोष न्यौपाने

**सम्पादन सहयोगी:**

राजेन्द्र चौलागाई

**ग्राफिक डीजाइन:**

निसान कुमार अर्याल

**प्रकाशन प्रती**

५००

**प्रकाशन वर्ष**

२०८१

**प्रकाशक:**

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

**सहयोग:**

INSP!R Nepal

We Social Movements

Save the Children

© **सर्वाधिकार:** सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

# दुई शब्द

भूकम्प, महामारी, बाढी, पहिरो, हुरीबतास, असिना, आगलागी जस्ता प्रकोपबाट नेपाल बारम्बर प्रभावित हुने गरेको छ । विपद्का घटनाबाट जनधनको क्षति न्यूनीकरण गर्न संवैधानिक प्रावधान सहित विभिन्न तहका सरकारबाट विपद् व्यस्थापन सम्वन्धी ऐन तथा नीतिगत व्यवस्था निर्माण गरी कार्यान्वयन भइरहेको छ । यद्यपि पर्याप्त श्रोत तथा भौतिक पूर्वाधारको यथोचित उपलब्धताको कमीले विपद् व्यवस्थापनमा आशातित प्रगती हासिल गर्न सकिएको छैन । यी सबै परिस्थितीका बावजुद उपलब्ध श्रोत र साधन, मानव संसाधनको उच्चतम उपयोग र सरोकारवाला सरकारी तथा गैऱ्ह सरकारी निकायहरु बीच समन्वय र सहकार्य गरी न्यूनतम स्तरमा जीविका गुजारा गरिरहेका संकटासन्न समुदायको सुरक्षा गर्नु राज्यको दायित्व हो । यहि दायित्वलाई मनन गर्दै नेपाल सरकारले सामाजिक सुरक्षामा ठूलो धनराशि खर्च गर्दै आएको छ । उक्त सामाजिक सुरक्षाका कार्यक्रमलाई विपद् संवेदनशील बनाई कार्यान्वयन गर्न सके, यसले विपद् व्यवस्थापनमा एउटा नयाँ आयाम थपी सर्बसाधारणको जनधनको क्षति न्यूनीकरण गर्न सहयोग पुऱ्याउन सक्छ, जुन कुरा विश्वका विभिन्न देशहरुले अवलम्बन गरी प्रयोगमा ल्याई पुष्टि समेत भइसकेको छ ।

यहि तथ्यलाई मनन गर्दै विभिन्न विकास साझेदारहरुले विगतका केही वर्ष देखि विपद् संवेदनशील सामाजिक सुरक्षालाई परीक्षण गर्दै, विभिन्न गतिविधिहरु गर्दै आएका छन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भए पश्चात्, प्राधिकरणले विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यदल गठन गरी यसको कार्यविधि मस्यौदा समेत तयार पारी यसलाई अन्तिम रुप दिन सरोकारवालासँग छलफल गरिरहेको छ । यसै सन्दर्भमा, यस बारेमा विभिन्न सरोकारवालाहरु, विशेष गरी सरकारी तथा गैऱ्ह सरकारी निकायहरु, विकास साझेदारहरु पनि यस नयाँ विषयमा जानकारी होउन भन्ने उद्देश्यले सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले, विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यक जनशक्ति उत्पादन गर्न सहयोग पुऱ्याउने हेतुले यो तालिम निर्देशिका तयार पारिएको हो । यस तालिम निर्देशिका तयार पार्दा, नेपाल रेडक्रस सोसाइटी, सेभ द चिल्ड्रेन, सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, राष्ट्रिय योजना आयोगको सामाजिक सुरक्षा तथा विपद् संवदेनशील सामाजिक सुरक्षा सम्बन्धि प्रकाशनहरुलाई सन्दर्भ सामग्री मानी, आवश्यक तथ्य, तथ्याङ्कहरू साभार गरिएको छ ।

यो तालिम निर्देशिका लेखन तथा सम्पादनमा योगदान गर्ने डा. राजु थापा, नविन दाहाल, सन्तोष न्यौपाने, सम्पादन सहयोगीको भुमिका निर्वाह गर्ने सञ्जालका कर्मचारी राजेन्द्र चौलागाई, पृष्ठ पोषण दिनु हुने हेमन्त दंगाल, प्रकाशनमा सहयोग गर्ने संस्था We Social Movement (WSM) र सेभ द चिल्ड्रेन प्रति हार्दिक आभार व्यक्त गर्दै यो निर्देशिका सबै सरोकारवालाको लागि सहयोगी बन्ने अपेक्षा राखेका छौँ ।

तिलोत्तम पौडेल, अध्यक्ष

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

## विषय सूची


**पहिलो अध्याय** **1**

*१.१ पृष्ठभूमी* *1*

*१.२ तालिमको उद्देश्य* *2*

*१.३ तालिमको विषयवस्तु* *2*

*१.४ तालिम सामग्री प्रयोगकर्ता* *3*

*१.५ तालिमका सहभागीहरु* *3*

*१.६ तालिम निर्देशिकाको प्रयोग* *3*

**दोस्रो अध्याय** **5**

*२.१ तालिम सञ्चालन प्रक्रिया, विधि तथा शैली* *5*

*२.२ तालिम समयावधि* *5*

*२.३ प्रशिक्षण प्रशिक्षकले ध्यान दिनुपर्ने कुराहरु* *6*

*२.४ तालिम सहभागीहरुको मूल्याङ्कन* *7*

*२.५ तालिम सामग्रीको सूची* *7*

*२.६ विधि* *8*

**तेश्रो अध्याय** **17**

*३.१ उद्घाटन तथा समापन सत्र कार्यक्रम* *17*

*३.२ परिचय तथा मौनता भंग गर्ने गतिविधि ९:३०-१०:०० (३० मिनेट)* *18*

*३.३ तालिम सहजकर्ताले निम्न तयारी गर्ने* *19*

*३.४ संक्षेपमा कार्यक्रम सत्रहरु* *20*

*३.५ कार्यक्रम तालिका* *21*

**चौथो अध्याय** **24**

*४.१ सत्र १: विपद् व्यवस्थापन र नेपालको विपद्को व्यवस्थापनको समग्र अवस्था* *24*

*४.१.२ बाघ र हरिणको खेलबाट विपद्   शब्दावलीको परिचय* *26*

*४.२ सत्र २ : सामाजिक सुरक्षा र नेपालमा सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम* *29*

*४.३ सत्र ३ : एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०* *40*

*४.४ सत्र ४ : सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको सम्बन्ध* *50*

*४.५ सत्र ५: विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय, महत्व र विशेषता* *57*

*४.६ सत्र ६ : विपद् संवेदनशील सामाजिक सुरक्षाको विधिहरु* *64*

*४.७ सत्र ७: विपद\ संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्डमा समावेश गर्नु पर्ने विषयहरु* ***75***

*४.८ सत्र ८: विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्वानुमानमा आधारित  पूर्वकार्य बीचको फरक* *80*

*४.८.२ पूर्वानुमानमा आधारित पूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षा बीचको अन्तर* *84*

*४.९ सत्र ९ : नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको ऐतिहासिक* *86*

*विकासक्रम* ***86***

*४.१० सत्र १०: विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरण* *90*

*४.११ सत्र ११: विपद् पूर्व, विपद्को समय र विपद् पश्चात्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोग* *95*

*४.१२ सत्र १२ : विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास* *100*

*४.१३ सत्र १३: विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण* *108*

*४.१४ सत्र १४: विपद् संवेदनशील सामाजिक सुरक्षामा आधारित अभ्यास* *121*
*४.१५ लघु शिक्षण* *133*
**अनुसूचीहरु** **152**
*अनुसूची १ तालिम अन्तिम मूल्याङ्कन* *152*
*अनुसूची २ दैनिक मूल्याङ्कन* *153*
**सन्दर्भ सामग्री** **156**

# पहिलो अध्याय

## १.१ पृष्ठभूमी

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । समग्र विपद् जोखिमका हिसाबले नेपाल विश्वमा २० औं स्थानमा छ । भूकम्पीय जोखिमका हिसाबले ११ औं स्थानमा, पानीजन्य प्रकोपको जोखिमले ३० औं स्थानमा रहेको छ। विपद्को असर तुलनात्मक रूपमा गरिब तथा अन्य किसिमले जोखिममा रहेका व्यक्ति तथा समुदाय (जस्तै महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, विपन्न, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति) मा बढी पर्दछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण नियमावली २०७६ ले विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने कुरा उल्लेख गरेको छ । त्यसै गरी उक्त ऐनले उच्च सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरणका गतिविधि सञ्चालन गर्ने, गराउने समेत उल्लेख गरेको छ । नेपालको संविधान २०७२ को धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफनो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ । गरिबी, सामाजिक बञ्चितीकरण, सीमान्तकृत, जोखिममा परेका र सामान्यतया अरूको सहायता नलिई जीवनयापनमा कठिनाइ पर्ने व्यक्ति तथा परिवारलाई लक्षित गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । नेपालमा अहिले विभिन्न प्रकारका सामाजिक सुरक्षाका कार्यक्रम विद्यमान छन् जसमध्ये सबैभन्दा ठूलो र व्यवस्थित कार्यक्रम सामाजिक सुरक्षा भत्ता कार्यक्रम हो । यस कार्यक्रमले ६८ वर्ष माथिका सबै ज्येष्ठ नागरिक, ६० वर्ष माथिका दलित र साबिक कर्णालीका ज्येष्ठ नागरिक, ६० वर्ष माथिका एकल महिला (सम्बन्ध विच्छेद वा विवाह नगरेका, विधवा भत्ता (सबै उमेरका), अपाङ्गता भत्ता (क वर्ग), अति अशक्त अपाङ्गता (ख वर्ग), लोपोन्मुख आदिवासी जनजाति ( कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया) र बाल पोषण भत्ता (नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका) नियमित रुपमा स्थानीय तह मार्फत बैंकिङ्ग प्रणालीबाट त्रैमासिक रुपमा वितरण गर्दै आईरको छ । यो सन्दर्भमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको सम्बन्ध सामाजिक सुरक्षासँग स्थापित गरी विद्यमान सामाजिक सुरक्षा कार्यक्रमहरुलाई विपद्को समयमा पनि नियमित गरी विपद् पूर्व तथा प्रतिकार्यसँग सम्बन्धित कार्यहरुमा सामाजिक सुरक्षा प्रणालीका तथ्याङ्क तथा संयन्त्रहरुको प्रयोग गरी विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यान्वयन गर्न सकिन्छ । विपद् संवेदनशील सामाजिक

सुरक्षाले विपद्पूर्व समग्र रुपमा जोखिम न्यूनीकरण गर्न र सामाजिक र आर्थिक रूपले जोखिममा रहेका समुदाय वा समूहको जोखिम बहन क्षमता विस्तार गर्नुका साथै विपद् पश्चात् सामाजिक सुरक्षाका कार्यक्रम र प्रणालीको उपयोग गरी कम लागतमा छिटो र प्रभावकारी ढङ्गले सेवा, राहत तथा विभिन्न प्रतिकार्यहरु गर्न सहयोग गर्दछ। यसर्थ सम्भावित विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सहायकसिद्ध विपद् संवेदनशील सामाजिक सुरक्षाको बारेमा क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले यो निर्देशिका तयार गरिएको छ।

## १.२ तालिमको उद्देश्य

**समग्र उद्धेश्य** :

विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धमा, सरोकारवालाको क्षमता अभिवृद्धि गरी, आवश्यक प्रशिक्षण प्रशिक्षक तयार गर्नु यस तालिमको मुख्य उद्देश्य रहेको छ।

**विशिष्ट उदेश्यहरु :**

- सरोकारवालाहरु बीच विपद् संवेदनशील सामाजिक सुरक्षाको अवधारणाहरुको बुझाई अभिवृद्धि गराउन सक्ने प्रशिक्षक तयार गर्नु।
- विपद् संवेदनशील सामाजिक सुरक्षाका कार्यक्रमको निर्माण र कार्यान्वयनको लागि क्षमता अभिवृद्धि गर्नु।
- सामाजिक सुरक्षालाई विपद् संवेदनशील बनाउनका लागि बहस पैरवी गर्न सक्ने जनशक्ति तयार गर्नु।

## १.३ तालिमको विषयवस्तु

यस मार्गदर्शनमा विपद् संवेदनशील सामाजिक सुरक्षाका आधारभूत विषयवस्तु समावेश गरेर तीन दिनको तालिमको मोड्यूल तयार गरिएको छ। आधारभूत विषयवस्तु निम्न अनुसार छुट्याइएको छ:

| पहिलो दिन | दोस्रो दिन | तेस्रो दिन |
|---|---|---|
| **विपद् व्यवस्थापन तथा सामाजिक सुरक्षाको परिचय र विकासक्रम, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको अन्तरसम्बन्ध** | **विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय र नेपालमा विकासक्रम** | **विपद् संवेदनशील सामाजिक सुरक्षाको कार्यक्रमहरुको निर्माण** |
| सत्र १: विपद् व्यवस्थापन र नेपालको विपद्को व्यवस्थापनको समग्र अवस्था | सत्र ५ : विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय, महत्व र विशेषता | सत्र १० : विपद् संवेदनशीलसामाजिक सुरक्षामा नगद वितरण |
| सत्र २ : सामाजिक सुरक्षा र नेपालमा सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम | सत्र ६: विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धि नीतिगत व्यवस्था | सत्र ११: विपद पूर्व, विपद्को समय र विपद् पश्चात्को अवस्थामा विपद् |

| | | |
|---|---|---|
| | | संवेदनशील सामाजिक सुरक्षाको प्रयोग |
| सत्र ३ : एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० | सत्र ७ : विपद् संवेदनशीलसामाजिक सुरक्षा मस्यौदा कार्यविधि | सत्र १२ : विपद् संवेदनशीलसामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास |
| सत्र ४ : सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको सम्बन्ध | सत्र ८ : विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्व कार्य बीचको फरक | सत्र १३ : विपद् संवेदनशीलसामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण |
| | सत्र ९ : नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम | सत्र १४ : विपद् संवेदनशील सामाजिक सुरक्षामा आधारित कृत्रिम घटना अभ्यास |

तालिमको चौथो र पाँचौं दिन, तालिमका सहभागीहरुलाई प्रशिक्षण प्रशिक्षक बनाउन आवश्यक प्रशिक्षण दिइनेछ । तालिमको चौथौ दिन सहभागीहरुलाई तालिम सञ्चालन कार्यविधि तथा शैली, तालिम सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरु, तालिम सत्रको खाका, तालिम सामग्रीको सूची, विधिहरुको परिचय र प्रक्रियाको बारेमा विस्तृत जानकारी दिइनेछ । तालिमको पाँचौ दिन सहभागीहरुलाई सुक्ष्म सिकाई अभ्यास गराइने छ ।

## १.४ तालिम सामग्री प्रयोगकर्ता

यो तालिम सामग्रीको मुख्य प्रयोगकर्ताहरु सामाजिक सुरक्षा र संरक्षणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत सरकारी निकाय अर्न्तगतका संघ, प्रदेश र स्थानीय तहका कार्यालयहरु, अन्तर्राष्ट्रिय/राष्ट्रिय संघ संस्थाहरु तथा निजी क्षेत्र रहेका छन् ।

## १.५ तालिमका सहभागीहरु

यस तालिमका लक्षित सहभागीहरु सामाजिक सुरक्षाका क्षेत्रमा कार्य गर्ने सञ्जालका प्रतिनिधिहरुको समेतको संलग्नतामा बढीमा २४ जना सहभागीहरुलाई समावेश गराइने छ । तालिम सहभागी छनौट गर्दा प्रत्येक क्षेत्र, समुदायबाट समानुपातिक प्रतिनिधित्व गराइनेछ ।

## १.६ तालिम निर्देशिकाको प्रयोग

यो तालिम निर्देशिका प्रशिक्षण प्रशिक्षकको लागि भएकोले, यसका प्रयोगकर्ताले यसमा उल्लेखित विधि, प्रक्रिया, समय, सामग्री र यसमा उल्लेखित मार्गदर्शन र स्थानीय परिवेश अनुसार यसका विषयवस्तुहरुलाई आवश्यक

परिमार्जन गरी तालिम सञ्चालन गर्नु पर्दछ। स्थानीय परिवेश अनुसार यस तालिमको उद्देश्य र मूल मर्मलाई कायम राखी तालिम सहजकर्ताले अन्य रचनात्मक गतिविधि समेत अँगाल्न सक्नेछन्।

# दोस्रो अध्याय

## २.१ तालिम सञ्चालन प्रक्रिया, विधि तथा शैली



यस तालिमलाई सकेसम्म सहभागी केन्द्रित रुपमा सञ्चालन गर्ने गरी तयारी गरिएको छ । यस तालिम सञ्चालन गर्दा प्रक्रिया केन्द्रित, दोहोरो सञ्चार, सहभागीहरुमा अपनत्वको विकास गर्ने, र श्रव्यदृष्यात्मक प्रयोग हुने गरी सञ्चालन गर्न सुझाव दिइएको छ । यसका लागि विभिन्न प्रकारका सहभागी केन्द्रित तालिम विधिहरु छनौट गरिएको छ, जसले गर्दा सहभागीहरुले आफ्नो विचार तथा अनुभव राख्न सक्नेछन् । यसका साथै यस तालिम सञ्चालन गर्दा वयस्क सिकाईका सिद्धान्तहरुलाई आत्मसाथ गर्दै सञ्चालन गर्न सकिने गरी संरचित गरिएको छ ।

## २.२ तालिम समयावधि

यस तालिमको समयावधिलाई मुख्य रुपमा दुइ भागमा बाँडिएको छ । पहिलो भाग तिन दिनको अवधिको विपद् संवेदनशील सामाजिक सुरक्षाको सामाजिक सुरक्षा विषयवस्तु समेटिएको विषयवस्तु खण्डको हुनेछ, जस अन्तर्गत पहिलो दिनमा **विपद् व्यवस्थापन तथा सामाजिक सुरक्षाको परिचय र विकासक्रम, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको अन्तरसम्बन्ध, दोस्रो दिनमा विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय र नेपालमा विकासक्रम तथा तेस्रो दिनमा** विपद् संवेदनशील सामाजिक सुरक्षाको कार्यक्रमहरुको निर्माण रहेको छ । दोस्रो भागमा प्रशिक्षक प्रशिक्षणको विषयवस्तु समावेश गरिनेछ जस अन्तर्गत चौथो दिन प्रशिक्षक

प्रशिक्षण तालिम बारे सहभागीलाई जानकारी तथा पाँचौं दिनमा सहभागी आफैले प्रशिक्षक प्रशिक्षण तालिममा सहभागीलाई जनाउने छन् । विस्तृत विषयवस्तु अनुसूचीमा रहेको छ ।

## २.३ प्रशिक्षण प्रशिक्षकले ध्यान दिनुपर्ने कुराहरु

### २.३.१ तालिम सञ्चालन अगाडि

- तालिम निर्देशिकाको प्रयोग सहभागी र परिवेश अनुसार बनाउने ।
- आवश्यक तालिम सामग्री महलमा उल्लेख गरिएको सामग्रीहरु पहिला नै तयार गरी राख्ने ।
- सत्र सञ्चालन मार्गदर्शन अन्तर्गत प्रत्येक सत्रमा तालिम सहजकर्ताको तयारीका कुराहरु औँल्याइ अनुसार अनुसरण गर्ने ।
- तालिम परिवेश र सहभागीहरुको सङ्ख्या अनुसार उपयुक्त तालिम हल छनौट गर्ने ।
- सुविधाजनक रुपबाट तालिम हलमा बस्ने स्थानको प्रबन्ध गर्ने ।
- सम्पूर्ण सन्दर्भ सामग्रीहरु तयारी साथ राख्ने ।
- सहभागीहरुलाई वितरण गरिने अध्ययन सामग्री आवश्यकता अनुसारको संख्यामा तयारी गर्ने ।

### २.३.२ तालिम सञ्चालन अवधिमा

- प्रत्येक विषयवस्तुलाई अघिल्लो सत्रसँग र पछिल्लो सत्रसँग जोड्न प्रयास गर्ने ।
- तालिम विधि तथा सामग्रीको प्रयोग सही ढंगबाट गर्ने ।
- सत्रको बीच बीचमा विषयवस्तुसँग सान्दर्भिक भनाई, युक्ति, कथा, स-साना खेल, अभिनय प्रस्तुत गरी ताजगिपन ल्याउने तर्फ सचेत रहनु पर्ने ।
- सहभागीको सक्रिय सहभागिताको ख्याल गर्ने ।
- सहभागीहरुको बुझाईको मापन उपयुक्त प्रश्नका आधारमा गर्ने ।
- नियम तथा समयको पूर्ण पालनामा ख्याल गर्ने ।
- तालिम सञ्चालन अवधिमा विषयवस्तु सक्ने भन्दा पनि आत्मसाथ गर्नका लागि प्रक्रियामा ध्यान दिने ।
- सहभागीहरुलाई तालिम सञ्चालनमा अपनत्व र सह व्यवस्थापनमा सक्रिय गराउने ।
- खुल्ला तथा दोहरो सञ्चार सुनिश्चित गर्ने ।

- तालिम विधिहरु एकै खाले प्रयोग नगर्ने, एउटै सत्रमा पनि विभिन्न विधिहरुको सम्मिश्रण गर्ने प्रयास गर्ने र सकेसम्म दृष्यात्मक बनाउन प्रयास गर्ने ।

### २.३.३ तालिम सञ्चालन पछि

- प्रत्येक सत्र समाप्ती पछि सत्रमा प्रयोग गरिएको प्रस्तुति गरिएका सामग्रीहरु व्यवस्थित रुपमा राख्ने ।
- सहभागीहरुसँग कुनै प्रकारको मूल्याङ्कन तथा समीक्षा गरिएको छ भने त्यसको अभिलेख तयार गरेर राख्ने।
- मार्गदर्शनमा दिइएको भन्दा फरक ढंगबाट सत्र सञ्चालन गरिएको छ भने त्यसको एक प्रति अभिलेखको लागि आयोजकलाई दिने ।
- समग्रमा केहि सल्लाह सुझावहरु भए आयोजकलाई सकेसम्म लिखित रुपमा दिने ।

## २.४ तालिम सहभागीहरुको मूल्याङ्कन

तालिमको मूल्याङ्कन २ चरणमा गरिनेछ । तालिमको सुरुवातमा तालिम सन्र्दभका विषयवस्तुहरु राखी पूर्वमूल्याङ्कन तयार गरिनेछ । जसको वस्तुगत प्रश्नहरु राखिनेछ भने तालिमको अन्तमा अन्तिम मूल्याङ्कन गरिनेछ तथा  शिक्षण सिकाईको समेत प्रश्नहरु राखिनेछ। यसको विस्तृत विवरण अनुसूची ३ मा राखिएकोछ ।

## २.५ तालिम सामग्रीको सूची

तालिम सञ्चालनका सन्दर्भमा, सत्र योजना अन्तर्गत तालिम सामग्रीलाई अध्ययन सामग्री तथा अन्य सहयोगी सामग्रीको रुपमा २ भागमा राखिएको छ। अध्ययन सामग्री भनेर सहभागीहरुलाई अध्ययनको लागि वितरण गरिने सामग्री राखिएको छ। सहयोगी सामग्री भनेर त्यस सत्र सञ्चालनका लागि आवश्यक विशेष सामग्री, प्रस्तुतिकरणका सामग्री तथा चार्ट, ग्राफ, चित्र, श्रव्य दृष्य आदि राखिएको छ।  तालिम हलमा नियमित रुपमा उपलब्ध हुने मसलन्द तथा उपकरणहरु भने प्रत्येक सत्र योजनामा राखिएको छैन। यसको अतिरिक्त आवश्यक मसलन्दलाई पनि दुई भागमा बाँडेर राखिएको छ। पहिलो, सहभागीलाई वितरण गरिने कलम, नोटबुक, नेम ट्याग र फाइल जस्ता सामग्री र तालिम सञ्चालनका लागि चाहिने मार्कर, कैंची, टेप, न्यूजप्रिन्ट जस्ता तालिम मसलन्दमा राखिएको छ। प्रत्येक दिनको प्रत्येक सत्रमा आवश्यक सामग्री र त्यसको विवरण उल्लेख गरिएको छ। तैपनि सहजकर्ताले पूर्व तयारीको रुपमा सामग्रीको अग्रिम प्रबन्ध गरेको हुनु पर्दछ। तालिम सञ्चालन गर्नका लगि चाहिने उपकरण तथा सामग्रीहरु र मसलन्दको सामग्रीहरुको विवरण अनुसूचीमा राखिएको छ ।

## २.६ विधि

तालिम तथा कुनै एक निश्चित पाठ वा विषयवस्तुको छलफल पछि प्राप्त गर्न सकिने भनि पाठ योजनामा निर्धारण गरिएको उद्देश्य प्राप्त गर्नका लागि तालिम सहजकर्ताले अपनाउने तालिमको तौरतरिका, शैली तथा प्रस्तुति करण ढाँचा नै तालिम विधि हो । यस तालिममा प्रयोग गरिएका तालिमका विधिहरूको परिचय र प्रक्रिया यहाँ प्रस्तुत गरिएको छ ।

### २.६.१ मस्तिष्क मन्थन



मस्तिष्क मन्थन विधि भनेको सहभागीले आफ्नो विचार मन्थन गरी विषयवस्तुलाई निर्णयमा पुऱ्याउने प्रक्रिया नै मस्तिष्क मन्थन विधि हो ।

***प्रक्रिया***

- छलफलको विषय/उद्देश्य अनुसारको प्रश्न प्रस्ट रुपमा राख्ने । प्रश्न राख्दा सकेसम्म मौखिक रुपमा नराख्ने । प्रश्नसँग सम्बन्धित कुनै चित्र, फोटा, छोटो डकुमेन्ट्रि वा प्रश्न मेटाकार्डमा लेखेर राख्ने
- सोच्नका लागि समय दिने ।
- सहभागीका भनाई जस्ताको तस्तै टिपोट गर्ने ।
- सबैको भनाईहरु टिप्ने, कसैको पनि नछुटाउने ।
- भनाईहरुलाई सन्दर्भ विषयवस्तु अनुसार संगठित गर्ने
- प्रत्येक भनाईमा छलफल गर्ने ।
- संगठित भनाईलाई निष्कर्षमा पुऱ्याउने ।
- निर्णय दिने ।
- नमिल्ने भनाईलाई छुट्टै छलफल चलाउने ।

## २.६.२ बज् ग्रुप



बज् ग्रुप छलफल विधिको प्रयोग छिट्टै छलफल गरी तत्कालै विषयवस्तुको निष्कर्षमा पुऱ्याउने विधि हो । यो विधिको प्रयोग गर्दा मौरी गुनगनाएको जस्तै गरेर गर्ने भएको हुनाले यसलाई बज् भनिएको हो । यस विधिको प्रयोग छोटो समयमा सहभागीहरुले गर्दा आफ्नो विचार राख्न सक्छन् । सहभागीहरु बसेकै स्थानबाट सुरु गरिन्छ र सानो समूह छलफल गरे जस्तै गरी टुङ्गोमा पुगिन्छ ।


**विधि प्रयोग प्रक्रिया**

- सहजकर्ताले छलफलको विषय/उद्देश्य निर्धारण गर्ने ।
- छलफलको विषय दिने, छलफल गर्न लगाउने ।
- सबै सहभागीलाई आफ्नो विचार सोच्न लगाउने ।
- नजिकै बसेक ३/४ जना सहभागीलाई आमने सामने मुखाकृति गरेर वा गोलाकारमा बस्नका लागि अनुरोध गर्ने । अथवा कार्यालय वा कार्य प्रकृतिको आधारमा पनि समूह बनाउन सकिन्छ ।
- एकजना सहजकर्ता छनौट गर्न लगाउने ।
- सबैजनाले पालै पालो आ-आफ्नो विचार राख्ने र एउटा विचार बनाउने ।
- मुख्य प्राथमिकतामा परेको कुरा मेटाकार्ड दिई  टिपोट गर्न लगाउने ।
- छलफल सकिएपछि क्रमिक रुपमा सहभागी समूहलाई नै आफ्नो भनाई प्रस्तुत गराउने, छलफल गर्ने, कार्ड सफ्ट बोर्डमा टाँस्ने ।

***सुझाव:***

- प्रश्नको सन्दर्भ हेरी बढीमा ५ मिनेटको समय दिने ।
- विचार राख्दा गुनगनाएर राख्नु पर्ने कुरा बताउने ।
- सहभागीहरुले छलफलको निचोड प्रस्तुत गर्दा एक समूहले एक पटकमा एउटा भनाई मात्र राख्न पाउने जानकारी दिइएको हुनु पर्दछ ।
- क्रमिक रुपमा समूहका उत्तर लिने, आवश्यक परे उत्तरहरु दोहोऱ्याउने र छलफल गर्ने । सहभागीका उत्तर पश्चात् सहजकर्ताले विषयवस्तुको सन्दर्भ र तात्पर्यता मिलाई निष्कर्ष निकाल्ने ।

## २.६.३ स्नोबलिङ्ग



स्नो बलिङ्ग छलफल विधिको प्रयोग छिट्टै छलफल गरी तत्कालै विषयवस्तुको निष्कर्षमा पुऱ्याउने विधि हो । यो विधिको प्रयोग गर्दा एकजनाको दिमागमा आएको सानो विचार लाई क्रमिक रुपमा निष्कर्षमा पुऱ्याउने प्रक्रिया हो । यस विधिको प्रयोग गर्दा पहिले एकजनाले सम्बन्धित विषयमा आफ्नो विचार निकाल्ने र क्रमिक रुपमा त्यो विचार १ जनाबाट २ जना २ जनाबाट ४ जनामा छलफल गर्दै समूहको विचार बनाउने प्रक्रिया हो । सहभागीहरु बसेकै स्थानबाट सुरु गरिन्छ र विस्तारै सानो समूह छलफल गरे जस्तै गरी टुङ्गोमा पुगिन्छ ।

***विधि प्रयोग प्रक्रिया***

- सहजकर्ताले छलफलको विषय/उद्देश्य निर्धारण गर्ने ।
- छलफलको विषय दिने, छलफल गर्न लगाउने ।
- सबै सहभागीलाई आफ्नो विचार सोच्न लगाउने ।
- नजिकै बसेका २/२ जना सहभागीलाई आमने सामने मुखाकृति गरेर बस्नका लागि अनुरोध गर्ने ।
- दुबै जनाले आ-आफ्नो विचार राख्ने र एउटा विचार बनाउने ।
- प्रत्येक जोडिलाई अर्को जोडिसँग आ-आफ्नो विचार राख्ने र एउटा विचार बनाउने ।
- मुख्य प्राथमिकतामा परेको कुरा मेटाकार्ड दिई  टिपोट गर्न लगाउने ।
- छलफल सकिएपछि क्रमिक रुपमा सहभागी समूहलाई नै आफ्नो भनाई प्रस्तुत गराउने, छलफल गर्ने, कार्ड सफ्ट बोर्डमा टाँस्ने ।

***सुझाव:***

- प्रश्नको सन्दर्भ हेरी बढीमा ५ मिनेटको समय दिने ।
- सहभागीहरुले छलफलको निचोड प्रस्तुत गर्दा एक समूहले एक पटकमा एउटा भनाई मात्र राख्न पाउने जानकारी दिइएको हुनु पर्दछ ।
- क्रमिक रुपमा समूहका उत्तर लिने, आवश्यक परे उत्तरहरु दोहोऱ्याउने र छलफल गर्ने । सहभागीका उत्तर पश्चात् सहजकर्ताले विषयवस्तुको सन्दर्भ र तात्पर्यता मिलाई निष्कर्ष निकाल्ने ।

## २.६.४ समूह छलफल

सहभागितामूलक प्रक्रियाबाट तालिम सञ्चालन गर्नका लागि समूह छलफल विधिलाई महत्वपूर्ण विधिको रुपमा लिइन्छ । यसमा सहभागी संख्याको आधारमा ४/५ जना देखि ७/८ जना सम्मको सानो समूहमा बसेर छलफल गर्न लगाइन्छ ।

**सञ्चालन प्रक्रिया :**

१□० सहभागी संख्याको आधारमा सानो समूह बनाउने, समूह बनाउनका लागि तालिम सहजकर्ताले विभिन्न तरिकाको प्रयोग गर्न सक्दछन । तयारी विभिन्न प्रकारबाट गर्न सकिन्छ । जस्तै: विभिन्न प्रकारका स्थानीय स्रोतको नामाकरण अनुसार



- ढुंगा, बाटो, बालुवा, पानी
- स्थानको नाम अनुसार
- तालिमको विषयवस्तु अनुसार
- समूह गठन गर्नुपर्ने संख्याको आधारमा फरक किसिमका चकलेट वितरण गरेर
- समूह छलफलका लागि प्रश्न, क्षेत्र वा विषयवस्तु प्रस्टसँग तोकेर दिने ।
- गीतको माध्यमबाट

१□० सकभर समूह छलफलका सहभागी सङ्ख्या बराबर बनाउने ।

१□० समूह छलफलको विषय अनुसार समय तोक्ने ।

१□० छलफलका लागि स्थान निर्धारण गर्ने ।

१□० तालिम सहजकर्ताले समूह छलफल प्रक्रिया बताउने जस्तै :

- समूहमा नेतृत्व चयन गर्नु पर्ने (संयोजक प्रतिवेदन)
- समूहमा सबैको भनाई समेटिनु पर्ने
- समूहको निचोड ठूलो कागजमा तयार गर्नुपर्ने
- प्रतिवेदकले प्रस्तुत गर्ने, छलफल चलाउने ।

१□० खुल्ला समूहमा छलफल चलाउने ।

१□० तालिम सहजकर्ताले छलफलको सन्दर्भ र विषयवस्तुलाई आधार मानी आफ्नो निष्कर्ष दिने ।

## २.६.५ व्याख्यान विधि

विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई व्याख्यान विधि भनिन्छ। यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ। यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ। तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन। यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ। त्यसैले गर्दा अन्य विधिसँग मिलाएर गर्नु पर्दछ।

***प्रक्रिया:***

- तालिम सहजकर्ताले प्रस्तुत गर्ने विषयवस्तुको शीर्षक लेखेर देखाउने।
- त्यस विषयमा मुख्य-मुख्य रुपमा के -के उपशीर्षक प्रस्तुत गर्ने हो भन्ने।
- आफूले व्याख्यान गर्ने कुराहरु क्रमश: बताउँदै जाने।
- व्याख्यानको अन्त्यमा सहभागीहरुको केहि जिज्ञासा वा प्रश्न केही छ भने भन्नका लागि मौका दिने र भए देखि समाधान गरेर प्रस्तुतिको अन्त्य गर्ने।


## २.६.६ चित्र तथा पोष्टर छलफल:

विषयवस्तुसँग सम्बन्धित चित्र प्रस्तुत/फोटो प्रस्तुत गरी छलफलबाट विषयवस्तु प्रस्ट्याउने विधि नै चित्र छलफल विधि हो। यसबाट सहभागीको सिकाई स्थायी हुन्छ।

**प्रक्रिया :**

- छलफलको विषयसँग सम्बन्धित चित्र सबैले देखिने गरी टाँस्ने वा देखाउने।
- सिकाई बारे छलफल चलाउने।
- सहभागीहरुका भनाई टिपोट गर्ने।
- तालिम सहजकर्ताले सहभागीहरुका भनाईलाई आधार मान्दै चित्रद्वारा विषयवस्तुको मर्म प्रस्ट पार्ने।
- चित्र सबैले देख्ने गरी सुरक्षित राखी राख्ने।

## २.६.७ घटना अध्ययन




कुनै पनि घटना या कार्यक्रमको ऐतिहासिक पृष्ठभूमि देखि घटनाक्रम, सकारात्मक, नकारात्मक उपलब्धी आदि विभिन्न जानकारी समावेश गरी तयार गरिएको सामग्रीलाई “घटना अध्ययन” भनिन्छ। घटना अध्ययनले नयाँ कार्यक्रमहरू सञ्चालन गर्न, योजना तर्जुमा गर्न, चुनौतिहरु आँकलन गरी सतर्क हुन ठूलो सहयोग गर्दछ। यसबाट नयाँ-नयाँ व्यक्ति वा समूहहरूलाई आत्मविश्वासमा वृद्धि गराउन मात्र होइन कार्यको थालनी देखि लक्ष्य प्राप्ति सम्म आईपर्ने विभिन्न राम्रा, नराम्रा पक्षको जानकारी समेत गराउन सकिन्छ। विकास कार्यमा अपनाइएका कार्यनीति सफल भए नभएको जाँच्ने कसी नै घटना अध्ययन हो। यस्ता घटना अध्ययन तयार गरी तालिममा एउटा विधिको रुपमा प्रयोग गर्न पनि सकिन्छ। घटना अध्ययन लिखित वा श्रव्यदृष्यको (डकुमेन्ट्री वा सिनेमा) को रुपमा तयार भएको हुन्छ। तालिम स्थलमा उपलब्ध सहभागी, साधन, स्रोत तथा बजेटको घटना हेरेर कुनै पनि किसिमको घटना अध्ययन विधि प्रयोग गर्न सकिनेछ।

**विधि प्रयोग गर्ने प्रक्रिया :**

- सहभागीलाई संख्याको आधारमा सानो समूहमा विभाजन गर्ने
- सबै समूहमा घटना अध्ययनको प्रति वितरण गर्ने।
- सबै सहभागीलाई घटना अध्ययन पढ्न अनुरोध गर्ने। सबै सहभागीले घटना अध्ययन राम्रोसँग गहिरेर अध्ययन गरे (पढे) भन्ने कुरा यकिन गर्ने। त्यसको लागि सहजकर्ताले सहभागीहरु बीच गएर बेलाबेलामा अनुगमन गर्ने।
- सानो समूहमा गएर सबै सहभागीले पढ्दैनन् कि भन्ने शंका लागेमा सानो समूह विभाजन गर्नु भन्दा पहिले नै सबै सहभागीलाई घटना अध्ययनको प्रति वितरण गरेर पढि सकेपछि मात्र सानो समूहमा विभाजन गर्ने।
- सानो समूहमा सबैजनाले घटना अध्ययन पढि सकेपछि छलफलको लागि प्रश्न वितरण गर्ने। (घटना अध्ययनमा नै प्रश्न लेखेर दिँदा कहिले काँहि राम्रोसँग अध्ययन नगरी त्यस प्रश्नको मात्र उत्तर खोज्न सक्ने खतरा हुनसक्छ।)

- सबै समूहलाई हरेक प्रश्नको उत्तर दिएर न्यूज प्रिन्ट पेपरमा लेखि ठूलो समूहमा प्रस्तुत गर्न लगाउने ।
- एउटै घटना अध्ययनमा छलफल गरिएको छ भने, सबै समूहले प्रस्तुत गरिसकेपछि मात्र छलफल गर्ने भन्ने कुराको जानकारी दिँदै, केहि प्रश्न छ भने टिपेर राख्नको लागि सहभागीहरुलाई अनुरोध गर्ने । सबै समूहले प्रस्तुत गरिसकेपछि त्यसलाई ठूलो समूहमा छलफल गर्ने र निचोडमा पुग्ने ।
- यदि सानो समूहमा भिन्दा भिन्दै घटना अध्ययन गर्न दिइएको भए प्रत्येक घटना अध्ययनको प्रस्तुति पछि ठूलो समूहमा छलफल गर्नुपर्दछ ।
- जुन कुरामा ज्ञान, सीप वा धारणा परिवर्तन ल्याउन खोजिएको हो त्यसमा जोड दिँदै छलफलको अन्त्य गर्ने ।

## २.६.८ वृत्तचित्र प्रदर्शन

तालिम स्थलमा उपलब्ध स्रोत र साधनको आधारमा सहभागीहरुलाई वृत्तचित्र देखाएर पनि घटना अध्ययन विधि प्रयोग गर्न सकिन्छ। लिखित घटना अध्ययन गर्नु भन्दा यो तरिका बढि प्रभावकारी हुन्छ। तर, यो सधैं व्यवहारिक तथा सम्भव नहुन सक्छ भन्ने कुरामा सहजकर्ता तयार हुनु पर्दछ। त्यसको लागि निम्न प्रक्रिया प्रयोग गर्न सकिन्छः

- सबै सहभागीलाई देखाइन लागेको वृत्तचित्रका बारेमा पूर्व जानकारी दिने ।
- यो सामग्री कुन परिवेशमा तयार गरिएको हो भन्ने जानकारी दिने र वृत्तचित्र हेरी सकेपछि यसमा छलफल गरिने सो बारेमा पनि सुरुमै जानकारी दिने ।
- छोटो वृत्तचित्र प्रर्दशन गर्ने हो भने वृत्तचित्र हेरी सकेपछि मात्र त्यसमा गरिने छलफलको प्रश्न वितरण गर्ने ।
- लामो सिनेमाको प्रर्दशन गर्ने हो भने छलफल प्रश्न पहिले नै वितरण गर्दा राम्रो हुन्छ ।
- अन्य कुरा चाहिँ लिखित घटना अध्ययन गराउने प्रक्रियानै प्रयोग गर्नु पर्दछ ।

### ध्यान दिनु पर्ने कुराहरु :

- सबै समूहलाई एउटै अथवा भिन्दा भिन्दै घटना अध्ययनमा छलफल गराउन सकिन्छ ।
- सबै सहभागीलाई वितरण गर्न पुग्ने गरी घटना अध्ययनको प्रति तयार पार्नु पर्दछ ।
- वृत्तचित्र प्रस्तुत गर्ने हो भने देखाउने त्यसको प्रति तयार राख्ने, त्यसको प्रदर्शनको लागि चाहिने मल्टीमिडीया लगायतका उपकरणहरुको व्यवस्था पहिले नै गर्नुपर्दछ ।

- वृत्तचित्रको प्रति तथा उपकरण तथा अन्य आवश्यक सामग्रीहरु ठिकसँगचल्छ चल्दैन भन्ने कुरामा सहजकर्ता यकिन हुनु पर्दछ ।
- यदि सहजकर्तालाई त्यस्ता उपकरण चलाउन आउँदैन भने त्यसको लागि चाहिने प्राविधिकको पनि बन्दोबस्त पहिले नै गर्नुपर्दछ ।

## २.६.९ खेल विधि

सहभागितामूलक प्रशिक्षण कार्यक्रममा खेल विधिले महत्वपूर्ण स्थान राखेको हुन्छ । यो विधि सहभागीका आफ्ना प्रचलित मूल्य मान्यता, परम्परा र अनुभवका आधारमा सृजनशील रुपमा गर्दै आएको पाइन्छ । यस विधिले विषयवस्तुलाई सजिलै प्रष्ट पार्न सहयोग गर्दछ । खेल विधिबाट सिकेका सिकाईहरु चिरस्थायी हुन्छन् ।

**प्रक्रिया :**

खेल विधि सञ्चालन निम्न प्रक्रियाका आधारमा गर्न सकिन्छ ।

- खेल विधि कस्तो विषयको छलफलमा मद्दत पु¥याउन प्रयोग गर्न लागेको हो यकिन गरिनु पर्दछ ।
- खेलको प्रकृति अनुसार सहभागी र सहभागी सङ्ख्या छनौट गर्ने । शारीरिक शक्ति प्रयोग गर्नुपर्ने खेल भए शारीरिक अशक्त व्यक्तिलाई राख्नु हुँदैन ।
- लैङ्गिक सम्वेदनशीलताका पक्षमा पनि ध्यान दिनु पर्दछ ।
- खेललाई २० मिनेट भन्दा बढी समय दिनु उपयुक्त हुँदैन ।
- खेलका नीति नियम पहिले नै प्रष्ट पार्नु पर्दछ ।
- खेलको लागि आवश्यक सामग्री पहिले नै तयार गरी राख्नु पर्दछ ।
- खेल सकिए पछि खेलबाट सिकाई भएका कुराहरु टिपोट गर्ने र छलफल गर्ने ।
- सहजकर्ताले विषयवस्तुलाई आधार मानी छलफलको निष्कर्ष निकाल्ने ।
- खेलको लागि सबैलाई धन्यवाद दिने ।

## २.६.१० हाजिरी जवाफ प्रतियोगिता

हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्दा विषयगत विज्ञले सहभागीहरूलाई निश्चित विषयमा प्रश्नहरू सोध्ने र उनीहरूले जवाफ दिनुपर्ने हुन्छ । यो प्रक्रियाले एकैपटक धेरै सहभागीलाई सक्रिय रूपमा संलग्न गराएर उनीहरूको ज्ञान र चाँडो निर्णय लिने क्षमता जाँच्न मद्दत गर्छ । कम साधन र समयमा धेरै जानकारीको आदानप्रदान गर्न यो विधि प्रभावकारी हुन्छ ।



**प्रक्रियाः**

- प्रतियोगिताको शीर्षक र नियमहरू स्पष्ट रूपमा प्रस्तुत गर्ने ।
- सहभागीहरूलाई समूह वा व्यक्तिगत रूपमा विभाजन गर्ने ।
- प्रश्नहरू तयार गरेर क्रमशः सोध्दै जाने ।
- हरेक प्रश्नको समय सिमा निर्धारण गर्ने र उत्तर दिने क्रमको व्यवस्थापन गर्ने ।
- सहभागीहरूलाई उत्तर दिनको लागि मौका दिने र उत्तरको आधारमा अंक प्रदान गर्ने ।
- अन्त्यमा सबै उत्तरको समीक्षा गर्ने र विजेताको घोषणा गर्ने ।

यस प्रक्रियामा सहभागितालाई बढावा दिनुका साथै प्रतिस्पर्धा र मनोरञ्जन पनि समावेश गरिन्छ ।

## २.६.११ रातो कार्ड, हरियो कार्ड विधि

सहभागी संख्याको आधारमा मेटाकार्डका सानो सानो टुक्रा (एउटा रातो र एउटा हरियो टुक्रा) कार्ड सबै सहभागीहरुलाई वितरण गर्ने । जसको आजको दिनभरिको क्रियाकलापको आधारमा निम्न कुरा लेख्न लगाउने

- हरियो कार्डमा राम्रा र मन परेका कुराहरु तथा पक्षहरु
- रातो कार्डमा सुधार गर्नुपर्ने र मन नपरेका कुरा तथा पक्षहरु

सबै कार्ड सङ्कलनगर्ने र पहिले हरियो कार्ड कुरा अनि रातो कार्डका कुराहरु पढेर सुनाउने र कुनै कुरा तत्काल नै सम्बोधन गर्नु पर्दछ भने गर्ने । सबै रातो तथा हरियो कार्डहरु प्रतिवेदनको लागि राख्ने ।

# तेश्रो अध्याय




यस अध्यायमा यस प्रशिक्षक प्रशिक्षणमा कार्यक्रमको पाँच दिनमा प्रस्तुत गरिने पाठ्यसामग्री र यसको परिचय र योजनासत्रको रुपरेखा प्रस्तुत गरीएको छ। पहिलो दिन औपचारिकताका लागि समय व्यवस्थापन हुने गरी संक्षिप्त उद्घाटन सत्र राख्न सकिन्छ । यसो गर्दा आयोजकसँग समन्वय गरेर, आमन्त्रीत अतिथीहरुलाई यथोचित सम्मान दिई उनीहरुको मर्यादाक्रमलाई समेत ख्याल गरी कार्यक्रम सहजीकरण गर्नु पर्दछ। पहिलो, दोश्रो तथा तेश्रो दिनमा सामाजिक सुरक्षा, विपद् व्यवस्थापन र विपद् संवेदनशील सामाजिक सुरक्षाको बारेमा विस्तृत प्रशिक्षण दिइने छ। चौथो दिनको अधिकांश समय माइक्रो टिचीङमा खर्च गरिनेछ र बचेको समयमा, पाँचौंदिनको लागि सहभागीहरुले सिकाई प्रशिक्षण गर्नुपर्ने विषयमा तयारी गर्न दिइने छ। पाँचौं दिन अधिकांस समय सहभागीद्धारा सिकाई प्रशिक्षण गरिने छ। यस पछि संक्षिप्त समापन कार्यक्रम गरिनेछ।

## ३.१ उद्घाटन तथा समापन सत्र कार्यक्रम

- **८:३०-९:००:** दर्ता रजिस्टरलाई प्रवेशद्वार नजिक राख्ने र सहभागीहरुलाई स्वयम् नाम लेख्न लगाउने
- **९:००** औपचारिक उद्घाटन सत्र सुरु गर्ने
  - शुभारम्भ सत्र साधारणतया छोटो र अनौपचारिक राख्ने।
  - मर्यादाक्रमअनुसार अतिथिहरूलाई स्वागत गर्ने।

- पूर्वयोजना अनुसार तय गरिएका अतिथिलाई सत्रको सभापति बन्न अनुरोध गर्ने ।
- पूर्वयोजना अनुसार अतिथिहरूलाई डायसमा निम्त्याउने ।
- अरु अतिथिलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्ने ।
- कोही अतिथि ढिला आइपुगेमा अभिवादन गर्ने र आसन ग्रहण गर्न अनुरोध गर्ने ।
- प्रमुख अतिथि, विशेष अतिथि लगायत अन्य आमन्त्रित वर्गलाई पूर्वयोजना अनुसार आफ्नो मन्तव्यको लागि  अनुरोध गर्ने ।

९□० प्रशिक्षणको उद्देश्यबारे जानकारी गराउने ।

९□० प्रशिक्षणमा उपस्थित सहभागीलाई पालैपालो आफ्नो  सङ्क्षिप्त परिचय (नाम, पद, संस्था र सामाजिक सुरक्षा प्रणालिमा अनुभव) दिन अनुरोध गर्ने ।

९□० **९:३०:** सभापतिलाई मन्तव्यसहित शुभारम्भ सत्रको बिसर्जनका लागि अनुरोध गर्ने ।

९□० सहभागी आमन्त्रितलाई धन्यवाद ज्ञापन गर्ने र प्राविधिक सत्रका निम्ति सहजकर्तालाई हस्तान्तरण गर्ने ।

## ३.२ परिचय तथा मौनता भंग गर्ने गतिविधि ९:३०-१०:०० (३० मिनेट)

उद्घाटन सत्र पछि सिधै तालिम सत्रमा प्रवेश गर्दा सहभागीहरु एक अर्कासँग घुलमिल गर्ने अवसर पाउँदैनन्, जस्कारण सत्रका दौरान सक्रिय सहभागिता जनाउन उनीहरुले संकोच मान्न सक्छन्, त्यसकारण पनि खुलेर छलफल गर्ने माहोल बनाउन जरुरी छ । सर्बप्रथम त यसको सुरुवात गर्न उनीरुलाई, जोडा बनाई, एक अर्काको बारेमा ३ मिनेट छलफल गर्न दिने र त्यसपछि सबै सामु एकले अर्काको परिचय दिने गरी परिचय कार्यक्रम राख्न सकिन्छ। अझ एक अर्कासँग घुलमील गराउन, उनीहरुलाई निम्न लिखित केही प्रश्नहरु सोध्न सकिन्छ,

- तपाईंलाई कसले पहिलो पटक विपद् व्यवस्थापनको महत्वको बारेमा सिकायो, र त्यो अनुभवले तपाईंको जीवनमा के परिवर्तन गर्‍यो ?
- तपाईंको घर वरीपरी के कस्ता विपद् आउन सक्छन् र त्यसको लागि तपाईंको तयारी के के छन् ?
- मानौं तपाईंको बहिरा छिमेकीको घरमा आगो लाग्यो, बहिरा छिमेकी उक्त समय, ढोका बन्द गरी नुहाउँदै थिए, अब उनलाई तपाईं कसरी खबर गर्नु हुन्थ्यो होला ?
- तपाईं पालिका अध्यक्ष हुनुहुन्छ, तपाईं ले पालिकाबाट दिइने सामाजिक सुरक्षाको दायरा फराकिलो पार्न के योजना ल्याउनु हुन्थ्यो ?

- तपाईंले कल्पना गर्नु भएको छ कि तपाईं ले एक दिनको लागि समाजिक सुरक्षा मन्त्री बन्नुभयो भने, तपाईं को पहिलो निर्णय के हुने थियो ?

*यस पछि उनीहरुलाई तालिममा उनीहरुको सक्रिय सहभागिताको आवश्यकता दर्शाउन, 'गलत सन्देश फैलाउने खेल (चाइनीज विस्पर)' खेलाउन सकिन्छ । यो खेल खेलाउँदा कम्तिमा दस जनालाई लाइन लगाएर, सबैलाई एकै तिर फर्काएर, सुरुको व्यक्तिलाई मात्र आफूतिर फर्काएर, सांकेतीक भाषामा सन्देश दिनु पर्दछ । जस्तो, प्रेम सिङ् धामीको मृत्यु भयो । जस्मा प्रेमलाई दर्शाउन दुबै हातको चोरी औंला एक अर्कासँग विपरीत तर्फबाट जोड्ने । सिङ् जनाउन टाउको माथि दुबै चोरी औंला ठड्याउने र धामी जनाउन ढ्यांग्रो समाए जसरी एक हातले समातेर अर्को हातको चोरी औंलाले, ढ्यांग्रो बजाए जस्तो गर्ने । अनि मृत्यु जनाउन, टाउको बायाँ तिर झुकाएर जिब्रो बायाँतिर निकाल्ने । यसले समग्रमा प्रेम सिङ् धामीको मृत्यु भएको जनाउँछ । त्यो पहिलो सहभागीलाई अब, अर्को सहभागीलाई, उहि कुरा सिकाउन लगाउने, एवं रीतले, एकले अर्कोलाई सिकाउँदै जाँदा, प्रत्येक सिकाउने सहभागीले तोडमोड गरी अन्तिम सम्म पुग्दा प्राय: बेअर्थी भैसकेको हुन्छ । यही कुरालाई उदाहरण दिदै, उनीहरु प्रशिक्षण प्रशिक्षक भएकाले, तालिममा राम्रोसँग ध्यान नदिँदा, उनीहरुले दिने भविष्यका प्रशिक्षण त्यस्तो हुनसक्ने तर्फ सजग गराउनु पर्दछ ।*

*त्यसपछि, आधारभूत नियमहरु, जस्तै समयको पालनामा हेलचेक्राई, अनावस्यक कुराकानी, मोबाइल फोनको प्रयोग जस्ता कुरामा सचेत गराउनु पर्दछ । त्यसपछिमात्र विषयवस्तुमा प्रवेश गर्दा, सिकाईको उचित माहोल तयार हुन्छ ।*

## ३.३ तालिम सहजकर्ताले निम्न तयारी गर्ने

९□० सहभागीहरुलाई तालिम हल वा बाहिर खुल्ला ठाउँमा लैजाने र उभिएर एक पटक आजको दिनको मूल्याङ्कन गरिने जानकारी गराउने ।

९□० सबैले देख्ने गरेर विभिन्न ठाउँमा १ देखि ७ सम्म को अङ्क लेखेको कार्ड टाँस्ने ।

९□० निम्न कुरा लेखिएको मेटाकार्ड तयारी गर्ने:

- तालिममा समावेश भएका विषयवस्तुहरु
- तालिमका विषयवस्तुको तपाईंको कार्य विवरण अनुसार व्यवहारिकता
- प्रशिक्षकको प्रशिक्षण विधि शैलि
- प्रशिक्षकको व्यवहार
- तालिममा प्रयोग भएका तालिम सामग्री तथा अध्ययन सामग्री
- सहभागीहरुको छलफलमा सहभागिता
- तालिमको आवास, भोजन तथा अन्य व्यवस्थापन

## ३.४ संक्षेपमा कार्यक्रम सत्रहरु

### विपद् व्यवस्थापन तथा सामाजिक सुरक्षाको परिचय र विकासक्रम, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको अन्तरसम्बन्ध

**सत्र १:** विपद् व्यवस्थापन र नेपालको विपद्को व्यवस्थापनको समग्र

**सत्र २:** सामाजिक सुरक्षा र नेपालमा सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम

**सत्र ३:** एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०

**सत्र ४:** सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको सम्बन्ध

### विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय र नेपालमा विकासक्रम

**सत्र ५: विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय, महत्व र विशेषता**

**सत्र ६ : विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धि नीतिगत व्यवस्था**

**सत्र ७: विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्ड, २०८१**

**सत्र ८: विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्वकार्य बीचको फरक**

**सत्र ९: नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम**

### विपद् संवेदनशील सामाजिक सुरक्षाको कार्यक्रमहरुको निर्माण

**सत्र १०:** विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरण

**सत्र ११:** विपद पूर्व, विपद्को समय र विपद् पश्चात्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोग

**सत्र १२:** विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास

**सत्र १३:** विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण

**सत्र १४:** विपद् संवेदनशील सामाजिक सुरक्षामा आधारित कृत्रिम घटना अभ्यास

### प्रशिक्षक प्रशिक्षण तालिम बारे सहभागीलाई जानकारी

**सत्र १५:** आधारभूत प्रशिक्षण विधि

**सत्र १६:** प्रशिक्षण सामग्री

**सत्र १७:** पाठ योजना

**सत्र १८:** प्रस्तुति करण सीप

**सत्र १९:** प्रशिक्षण व्यवस्थापन

**सत्र २०:** प्रशिक्षण मूल्याङ्कन प्रक्रिया

**सत्र २१:** समूह विभाजन र सहभागी अभ्यास प्रशिक्षण तयारी

## ३.५ कार्यक्रम तालिका

**विपद् संवेदनशील सामाजिक सुरक्षा**

**प्रशिक्षक प्रशिक्षण तालिम**

| **पहिलो दिन** | | |
|---|---|---|
| **सत्र र अवधि** | **उद्देश्य** | **सत्रको सहजकर्ता** |
| ८:३०-९:०० | सहभागीहरुको आगमन, बिहानको खाजा, दर्ता | सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल |
| ९:००-९:३० | **उद्घाटनसत्र**<br>१. अध्यक्षता<br>२. आसन ग्रहण<br>३. राष्ट्रिय गान<br>४. सुरक्षा जानकारी<br>५. प्रमुख अतिथिबाट पानसमा बत्ती बालेर कार्यक्रम उद्घाटन<br>६. स्वागत् तथा कार्यक्रमको विषयवस्तु माथि प्रकाश<br>७. मन्तव्य<br>८. सभाध्यक्षबाट मन्तव्य सहित उद्घाटन कार्यक्रम समापन | सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल |
| ०९:३०-१०:०० | परिचय तथा मौनता भंग गर्ने गतिविधि | |
| १०:००-१०:१५ | तालिम पूर्व मूल्याङ्कन प्रश्नावली | |
| १०:१५-१०:३० | चियाको समय | |
| **विपद् व्यवस्थापन तथा सामाजिक सुरक्षाको परिचय र विकासक्रम, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको अन्तरसम्बन्ध** | | |
| १०:३०-१२:०० | सत्र १: विपद् व्यवस्थापन र नेपालको विपद्को व्यवस्थापनको समग्र | सहजकर्ता |
| १२:००-१:३० | सत्र २: सामाजिक सुरक्षा र नेपालमा सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम | सहजकर्ता |
| **१:३०-२:३०** | खानाको समय | |
| २:३०-३:३० | सत्र ३: एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० | सहजकर्ता |
| ३:३०-३:४५ | चियाको समय | |
| ३:४५-५:०० | सत्र ४: सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको सम्बन्ध | सहजकर्ता |
| **दोस्रो दिन** | | |
| ८:००-८:४५ | बिहानको खाजा | |
| ८:४५-९:०० | **पहिलो दिनको पुनरावलोकन** | |
| **विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय र नेपालमा विकासक्रम** | | |

| | | |
|---|---|---|
| ९:००-१०:३० | सत्र ५: विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय, महत्व र विशेषता | सहजकर्ता |
| १०:३०-१०:४५ | चियाको समय | |
| १०:४५-१२:१५ | सत्र ६: विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धि नीतिगत व्यवस्था | सहजकर्ता |
| १२:१५-१:३० | सत्र ७: विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्ड, २०८१ | सहजकर्ता |
| १:३०-२:३० | खानाको समय | |
| २:३०-४:१५ | सत्र ८: विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्वकार्य बीचको फरक | सहजकर्ता |
| ४:१५-४:३० | चियाको समय | |
| ४:३०-५:०० | सत्र ९: नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम | सहजकर्ता |
| **तेस्रो दिन** | | |
| ८:००-८:४५ | बिहानको खाजा | |
| ८:४५-९:०० | दोस्रो दिनको पुनरावलोकन | |
| **विपद् संवेदनशील सामाजिक सुरक्षाको कार्यक्रमहरुको निर्माण** | | |
| ९:००-१०:०० | सत्र १०: विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरण | सहजकर्ता |
| १०:००-११:४५ चियाको समय सहित | सत्र ११: विपद पूर्व, विपद्को समय र विपद् पश्चात्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोग | सहजकर्ता |
| ११:४५-१२:४५ | सत्र १२ : विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास | सहजकर्ता |
| १२:४५-१:४५ | खानाको समय | |
| १:४५-३:१५ | सत्र १३ : विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण | सहजकर्ता |
| ३:१५-३:३० | चियाको समय | |
| ३:३०-५:०० | सत्र १४: विपद् संवेदनशील सामाजिक सुरक्षामा आधारित कृत्रिम घटना अभ्यास | |
| ५:००-५:३० | तालिम पश्चात् मूल्याङ्कन प्रश्नावली तथा प्रशिक्षण मूल्याङ्कन | |
| **चौथो दिन** | | |
| **८:००-८:४५** | बिहानको खाजा | |
| ८:४५-९:०० | तेस्रो दिनको पुनरावलोकन | |

| प्रशिक्षक प्रशिक्षण विधि बारे जानकारी | | |
|---|---|---|
| ९:००-९:३० | सत्र १५: आधारभूत प्रशिक्षण विधि | सहजकर्ता |
| ९:३०-१०:०० | सत्र १६: प्रशिक्षण सामग्री | सहजकर्ता |
| १०:००-११:०० | सत्र १७: पाठ योजना | सहजकर्ता |
| **११:००-११:१५** | चियाको समय | |
| ११:१५-१२:१५ | सत्र १८ : प्रस्तुति करण सीप | सहजकर्ता |
| १२:१५-१:१५ | सत्र १९ : प्रशिक्षण व्यवस्थापन | सहजकर्ता |
| **१:१५-२:१५** | खानाको समय | |
| २:१५-२:४५ | सत्र २०: प्रशिक्षण मूल्याङ्कन प्रक्रिया | सहजकर्ता |
| **२:४५-३:००** | चियाको समय | |
| ३:००-५:०० | सत्र २१: समूह विभाजन र सहभागी अभ्यास प्रशिक्षण तयारी | सहजकर्ता |
| **पाँचौ दिन** | | |
| ८:००-८:४५ | बिहानको खाजा | |
| ९:००-१०:०० | सत्र ३: एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० | समूह १ |
| १०:००-११:०० | सत्र ४: सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको सम्बन्ध | समूह २ |
| ११:००-११:१५ | चियाको समय | |
| ११:१५-१२:१५ | सत्र ६: विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धि नीतिगत व्यवस्था | समूह ३ |
| १२:१५-१:१५ | सत्र ९: नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम | समूह ४ |
| १:१५-२:१५ | खानाको समय | |
| २:१५-३:१५ | सत्र १०: विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरण | समूह ५ |
| ३:१५-४:१५ | सत्र १२ : विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास | समूह ६ |
| ४:१५-४:३० | चियाको समय | |
| ४:३०-५:०० | समापन सत्र | |

# चौथो अध्याय

## पहिलो दिनः

**विषय क्षेत्रः- विपद् व्यवस्थापन तथा सामाजिक सुरक्षाको परिचय र विकासक्रम, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको अन्तरसम्बन्ध**

## ४.१ सत्र १ः विपद् व्यवस्थापन र नेपालको विपद्को व्यवस्थापनको समग्र अवस्था



| | |
|---|---|
| **सत्रको उद्देश्य** | विपद् व्यवस्थापन सम्बन्धि शब्दावली, नेपालको विपद्को व्यवस्थापनको समग्र अवस्थाबारे सहभागीलाई जानकारी दिने । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता गर्ने । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| विपद् शब्दावलीहरुको परिचय | व्याख्यान | १५ |
| बाघ र हरिणको खेलबाट विपद् शब्दावलीको परिचय | समूह छलफल | ३० |

| | | |
|---|---|---|
| नेपालको विपद्को व्यवस्थापनको समग्र अवस्था | व्याख्यान | ४५ |
| **कुल समय** | | ९० |

## सहजकर्ता मार्गदर्शन

यस सत्रमा सहजकर्ताले १ घण्टा ३० मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले खेलको माध्यम, विषयको व्याख्यान तथा शब्दहरु लिखित मेटाकार्ड मार्फत, विषयमा मस्तिष्क मन्थन गर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका  सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ। सहजकर्ताले यस सत्र **विपद् व्यवस्थापन र नेपालको विपद्को व्यवस्थापनको समग्र अवस्थाको** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ।

## अध्ययन सामग्री

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) विपद् शब्दावलीहरु
2) बाघ र हरिणको खेल
3) नेपालको विपद्को व्यवस्थापनको समग्र अवस्था

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्व एक पटक पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ।

### ४.१.१ विपद् शब्दावलीहरुको परिचय

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई **व्याख्यान विधि** भनिन्छ। यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ।  यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ। तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन। यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ। त्यसैले गर्दा अन्य विधिसँग मिलाएर गर्नु पर्दछ। सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला।*

***मस्तिष्क मन्थन** विधि भनेको सहभागीले आफ्नो विचार मन्थन गरी विषयवस्तुलाई निर्णयमा पुऱ्याउने प्रक्रिया नै मस्तिष्क मन्थन विधि हो। सहजकर्ताले मस्तिष्क मन्थनको विस्तृत जानकारीको लागि २.६.१ मा पनि गएर अध्ययन गर्नु होला।*

### विपद् शब्दावलीहरु

विपद्सँग सम्बन्धि दर्जनौ शब्दावलीहरु छन् जुन नेपाल सरकारको विपद् पोर्टल http://drrportal.gov.np/uploads/document/202.pdf मा उल्लिखीत शब्दावली

राम्ररी पढ्न सहभागीहरुलाई अनुरोध गर्ने । जस मध्ये पनि केही महत्वपूर्ण निम्न लिखीत शब्दावलीहरुलाई महत्व दिने ।

- **प्रकोप:** एक प्रक्रिया, दृश्य, मानव क्रियाकलाप वा परिस्थिति जसले जनधनको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्य सम्बन्धी असरहरू, सम्पत्तिमा क्षति साथै आर्थिक, सामाजिक र वातावरणीय अवरोध ल्याउन सक्छ ।
- **विपद्:** प्रकोपको घटना, सम्मुखता, संकटासन्नता र क्षमतासँगको अन्तरक्रियाबाट उत्पन्न समुदाय वा समाजको गतिविधिमा जुनसुकै स्तरको गम्भीर अवरोध जसले मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति र प्रभाव पार्दछ ।
- **संकटासन्नता:** भौतिक, सामाजिक, आर्थिक र वातावरणीय तत्वले वा प्रक्रियाले निर्धारण गर्ने त्यस्तो अवस्था जसमा मानिस, समुदाय, सम्पत्ति र प्रणालीलाई प्रकोपको प्रभावसँग जुध्न सक्ने वा प्रतिरोध गर्न नसक्ने अवस्थातिर धकेल्दछ ।
- **सम्मुखता:** प्रकोप प्रभावित क्षेत्रमा अवस्थित भएको मानिस, भौतिक पूर्वाधार, घरहरु, उत्पादनका साधनहरु र प्रत्यक्ष मानवीय सम्पत्तिहरुको अवस्था नै सम्मुखता हो ।
- **विपद् जोखिम:** कुनै निश्चित समयमा प्रकोप, सम्मुखता, संकटासन्नता र क्षमताको अन्तरक्रियाबाट समुदाय अथवा समाजमा मृत्यु हुन सक्ने, वा घाइते हुन सक्ने र सम्पत्तिको क्षति हुन सक्ने सम्भावित अवस्था नै विपद् जोखिम हो ।
- **उत्थानशीलता:** प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित क्षमता जसले पकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढंगले प्रतिरोध, सामना वा समायोजन गर्नका साथै पूर्वावस्थामा फर्कन समर्थ गराउँछ । यस अन्तर्गत आधारभूत संरचना वा सेवा-प्रणालीको संरक्षण एवं पुनर्स्थापना लगायत पर्दछन।

## ४.१.२ बाघ र हरिणको खेलबाट विपद् शब्दावलीको परिचय

*सहभागितामूलक प्रशिक्षण कार्यक्रममा **खेल विधि**ले महत्वपूर्ण स्थान राखेको हुन्छ । यो विधि सहभागीका आफ्ना प्रचलित मूल्य मान्यता, परम्परा र अनुभवका आधारमा सृजनशील रुपमा गर्दै आएको पाइन्छ । यस विधिले विषयवस्तुलाई सजिलै प्रस्ट पार्न सहयोग गर्दछ । खेल विधिबाट सिकेका सिकाईहरु चिरस्थायी हुन्छन् । सहजकर्ताले खेल विधिको विस्तृत जानकारीको लागि २.६.९ मा पनि गएर अध्ययन गर्नु होला ।*

### बाघ र हरिणको खेल

- सहभागीहरुलाई तालिम दिने स्थानको खुला स्थानमा लैजाने जहाँ सबैजना राम्ररी खेल खेल्न सकियोस् । स्थान छनोट गर्दा जमिन खाल्डाखुल्डी नभएको र खेल खेल्दा घाइते हुन सक्ने जोखिमलाई ध्यान दिनुपर्दछ ।
- अब हामी बाघ र हरिणको खेल खेल्छौं भनी बताउनुहोस् । त्यस पश्चात् सबै सहभागीहरुलाई गोलो घेरामा एक आपसमा हात नसमातिकन उभिन लगाउनुहोस् र २ जना स्वयंसेवक छान्न लगाउनुहोस् । स्वयंसेवक छान्दा एकजना अलि मोटो र एकजना अलि पातलो छान्नुहोस् ताकि बाघ र हरिणको भूमिका निभाउन उपयूक्त होस् । यसका लागि पुरुषका लागि पुरुष, महिलाको लागि महिला नै स्वयंसेवक छान्नु पर्दछ ।
- त्यसपश्चात् बाघको भूमिका निभाउने सहभागीले हरिणलाई समात्न भन्नु होस् र हरिणको भूमिका खेल्ने सहभागीले आफू बच्न भाग्न भन्नुहोस् । भाग्दा सहभागीहरु गोलो घेरामा उभिएको ठाउँमा यताउता भाग्न भन्नुहोस् । गोलो घेरामा उभिएको सहभागीले केही पनि नगरी खेल हेर्न भन्नुहोस् । यस खेलमा बाघले हरिणलाई चाँडै नै समात्न सक्छ र समाति सकेपछि एकछिन फेरि यो खेल पुनः खेल्न भन्नुहोस् ।



- यसपटक खेल खेल्दा गोलो घेरामा उभिने साथीहरुलाई एक आपसमा हात समात्न लगाउनु होस् र तपाईंहरुले बाघबाट हरिणलाई बचाउन भूमिका खेल्नुपर्छ भनी भन्नुहोस् र हरिण भित्र छिर्न खोजेमा र बाहिर जान खोजेमा छोडिदिने तर बाघलाई भित्र र बाहिर गर्न नदिने, छेक्ने भनेर भन्नुहोस् ।
- केही समय यसरी खेल खेलाउनुहोस् । यस खेलमा बाघले हरिणलाई समात्न निकै समय लाग्छ र समात्न पनि सक्दैन । केही समय पछि खेललाई अन्त्य गर्नुहोस् ।
- यसपश्चात् सबै सहभागीहरुलाई पहिलो खेलमा किन बाघले हरिणलाई समात्न सक्यो भन्न लगाउनुहोस् होस् र दोश्रो खेलमा किन बाघले हरिणलाई समात्न सकेन भनेर छलफल गर्नुहोस् ।

- छलफल पश्चात्  प्रशिक्षकले पहिलो खेलमा बाघ प्रकोप भएको, हरिण सम्मुखतामा रहेको र संकटासन्न अवस्थामा रहेको साथै हरिणको प्रतिरोध तथा सुरक्षा सम्बन्धी क्षमता नभएकोले उच्च जोखिममा रही विपद्को अवस्थामा परेको बताउनुहोस् ।
- त्यस पश्चात्  दोस्रो खेलमा सहभागीहरुले हरिणलाई बचाउनको लागि गोलो घेरामा हात समाई वा क्षमता बढाई बाघलाई रोकेको जसको कारणले हरिणलाई समात्न नसकेको भनी बताउनुहोस् । यस खेललाई विपद्सँग जोड्दै क्षमता भयो भने प्रकोप भएता पनि विपद् हुँदैन भन्ने बताउनुहोस् । यस प्रकार विपद्सँग सम्बन्धित धेरै जसो शब्दावली यससँग जोड्न सकिन्छ, जस्तो अनुकुलन । यदि बाखालाई जंगलमै बस्नु छ भने बाघ जान नसक्ने भिरमा बाखाले जाने क्षमता बढाई, जोखिमपूर्ण वातावरणमा अनुकुलीत हुन सक्छ ।
- खेल खेलिसकेपछि सबै सहभागीलाई धन्यवाद दिँदै कक्षा कोठामा लैजानुहोस् ।

## ४.१.३ नेपालको विपद्को व्यवस्थापनको समग्र अवस्था

### नेपालमा विपद् अवस्था, कारण तथा प्रभाव

नेपाल प्राकृतिक तथा मानव सिर्जित बहुप्रकोपहरुबाट प्रभावित देशहरु मध्ये पर्दछ । नेपाल सरकार गृह मन्त्रालयले तयार गरेको नेपाल विपद् प्रतिवेदन २०१७ अनुसार ८० प्रतिशत भन्दा बढी जनसङ्ख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा रहेका छन् । साथै नेपाल विश्वमा २० औं विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ । यसका साथै उक्त प्रतिवेदनले भौगर्भिक प्रकोपका दृष्टिकोणले विश्वका जोखिमपूर्ण २१ शहरहरु मध्ये मानव प्रभावका दृष्टिले काठमाण्डौ उच्च जोखिममा रहेको सहर भनिएको छ । गृह मन्त्रालयको वेबसाइटमा राखिएको नेपालको जोखिम पार्श्वचित्र अनुसार नेपाल हिमालय श्रृङ्खलामा अवस्थित भएका कारण, यहाँको भूबनोट र जलवायूको अवस्थाले गर्दा विपद्को उच्च जोखिममा रहेको देश हो । यसका साथै नेपालमा बग्ने ६००० सानातिना खोला तथा नदीनालाहरु, २३१५ हिमतालहरुमध्ये १५ वटा फुट्न सक्ने अवस्थामा रहेको, सक्रिय भूकम्पीय चिराहरुमा अवस्थित रहेको र अधिकांश भिरालो जमिनहरु रहेका कारण प्रकोपको घटनाले विपद्को अवस्था सिर्जना गर्न सक्ने जोखिम उच्च रहेको छ । यूएनडिपी, विसिपिआर र Mapple Croft 2011/NAPA to Climate Change 2010/ गृह मन्त्रालय, रीाष्ट्रय रणनीतिक योजना २०१८ देखि २०३० का अनुसार नेपाल विपद् जोखिमको दृष्टिकोणले निम्न स्थानमा रहेको पाइएको छ :

| विपद् जोखिमको दृष्टिकोण | स्थान |
|---|---|
| भूकम्पीय जोखिममा | ११ औं स्थानमा |

| | |
|---|---|
| बाढी तथा पहिरोको प्रकोपको जोखिममा | ३० औँ स्थानमा |
| जलवायू परिवर्तनको प्रभावको जोखिममा | ४ औँ स्थानमा |
| समग्रमा विश्वमा नेपाल | २० औँ जोखिम स्थानमा |
| सडक दुर्घटनाको कारण मृत्यु हुनेमा | विश्वमा ५० औँ  स्थानमा |

- विपद्का कारण प्रत्येक दिन औसतमा २ जनाको मृत्यु हुने गरेको
- जलवायु परिवर्तनले गर्दा प्रकोपको घटना र क्षति बढ्दो अवस्था (बाढी, पहिरो, हावाहुरी, चट्याङ, असिना, खडेरी जस्ता प्रकोपको घटना बढ्दो)
- जलवायु परिवर्तनले गर्दा तापक्रम वृद्धि जसले हिमताल फुटेर बाढीको जोखिम ४० प्रतिशतले बढाएको
- हिउँको संचिति २४ देखि २९ प्रतिशतले घटेको जसले पानीको उपलब्धतामा प्रभाव
- प्रत्येक वर्ष विपद्बाट औसतमा १००० मानिस मर्ने र अरबौंको आर्थिक क्षति

## ४.२ सत्र २ : सामाजिक सुरक्षा र नेपालमा सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रम



| | | |
|---|---|---|
| **सत्रको उद्देश्य** | सामाजिक सुरक्षा र नेपालमा सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि, नेपालमा सामाजिक सुरक्षाका कार्यक्रमहरुको बारेमा सहभागीलाई जानकारी दिने । | |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने छ । | |
| **विषय** | **शिक्षण विधि** | **समय (मिनेट)** |
| सामाजिक सुरक्षा सम्बन्धी परिचय | व्याख्यान | १५ |
| नेपालमा सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि | समूह छलफल | २० |
| नेपालमा सामाजिक सुरक्षाका कार्यक्रम | व्याख्यान | २५ |
| नेपालमा सामाजिक सुरक्षा कार्यक्रमका प्रकारहरु | व्याख्यान | ३० |
| **कुल समय** | | ९० |

**सहजकर्ता मार्गदर्शन:**

यस सत्रमा सहजकर्ताले १ घण्टा ३० मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले विषयको व्याख्यान तथा सामाजिक सुरक्षाको ऐतिहासिक समयरेखा बनाउन सहभागीहरुलाइ समूह छलफल मार्फत सहजीकरण गर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा, सहभागीको छलफलबाट आएका सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ । सहजकर्ताले यस सत्र **सामाजिक सुरक्षा र नेपालमा सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रमका** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ ।

**अध्ययन सामग्री**

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) सामाजिक सुरक्षा सम्बन्धी परिचय
2) सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि
3) नेपालमा सामाजिक सुरक्षाका कार्यक्रम
4) नेपालमा सामाजिक सुरक्षा कार्यक्रमका प्रकारहरु

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्व एक पटकपूर्णरुपमा अध्ययन गर्नुपर्दछ ।

## ४.२.१ सामाजिक सुरक्षा सम्बन्धी परिचय

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई **व्याख्यान विधि** भनिन्छ । यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ । यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ । तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त*


*हुँदैन । यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ । त्यसैले गर्दा अन्य विधिसँग मिलाएर गर्नु पर्दछ । सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला ।*

सामाजिक सुरक्षा विषय प्रशिक्षण प्रशिक्षकले जान्नै पर्ने भएकोले निम्नानुसारको विषय पावरपोइन्टबाट, अन्तरक्रियात्मक ढङ्गले सहभागीलाई बुझाउने कोसिस गर्नु पर्दछ । अति गरिबी अवस्थामा गुज्रिरहेका, असहाय अवस्थामा रहेका, जोखिममा परेका वा उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई अति गरिबी तथा जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरुबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमहरुलाई सामान्यतया सामाजिक सुरक्षा भनिन्छ । संयुक्त राष्ट्र सङ्घको सामाजिक विकास अध्ययन केन्द्रका अनुसार सामाजिक सुरक्षाले बेरोजगार, बञ्चितीकरण, बिरामी, अपाङ्गता र बुढेसकालमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न, उनीहरुको क्षमता अभिवृद्धि गर्न, व्यक्तिहरुको उक्त जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिवृद्धि गर्न तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरु समावेश गर्दछ । सामाजिक संरक्षण पद्धति तथा कार्यक्रम राज्य र नागरिकबीचको सम्बन्ध मजबुत गर्ने, प्रकोप व्यवस्थापन गर्ने, सामाजिक न्याय र समावेशी सुधार गर्ने, समाजका कमजोर व्यक्ति वा समूहका लागि आयको पुनर्वितरण गर्ने माध्यम पनि हो । सामाजिक सुरक्षा र सामाजिक संरक्षण शब्दहरु कहिलेकाहिँ उस्तै काम कुराका लागि प्रयोग गरिन्छन् र यी सबै गरिब र जोखिममा रहेका र रहन सक्ने व्यक्ति वा समूहको सेवासुविधामा केन्द्रित रहन्छन् ।

सामाजिक सुरक्षाको विषय सताब्दिआँदेखि सरकारी, गैरसरकारी, निजी र धार्मिक संस्थाहरुले आत्मसात् गरी एकीकृत रुपमा सञ्चालन गरेको कार्य हो । औपचारिक रुपमा सामाजिक सुरक्षा कार्यक्रम विश्वमा नै सबभन्दा पहिला जर्मनीले सन् १८८० को दशकदेखि बिरामी कामदारको स्वास्थ्य बीमाबाट, फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ताको व्यवस्था, बेलायतले सन् १९११ देखि स्वास्थ्य बीमा, बेरोजगारी भत्ता र ज्येष्ठ नागरिकको बीमा वा भत्ता कार्यक्रमबाट र तत्कालीन सोभियत सङ्घले सन् १९२२ देखि बृहत् सामाजिक सुरक्षाको व्यवस्था सुरु गरेको पाइन्छ । यसैगरी अमेरिकाले सन् १९३५ मा बेरोजगार, ज्येष्ठ नागरिक र सेवा निवृत्त कर्मचारीका लागि भत्ता वा बीमाको व्यवस्था गरेको देखिएको छ । नेपालमा पनि करिब यसैबेलातिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते सैनिकको सहयोगको लागि बार्षिक एकमुष्ठ रकमको सहयोग गर्ने गरेको पाइन्छ । त्यस बेलादेखि देशको क्षमताअनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती, सेवा निवृत्त कर्मचारी, सीमान्तकृत व्यक्ति तथा समुदायका लागि विविध सेवासुविधा प्रदान गर्ने जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई सुधार गर्दै ल्याइएको छ । सामाजिक सुरक्षाको विषयलाई संयुक्त राष्ट्र सङ्घ तथा अन्य अन्तर्राष्ट्रियस्तरका विभिन्न घोषणाहरुले सम्बोधन गरिरहेका छन् । खासगरी संयुक्त राष्ट्र सङ्घको सन्

१९४८ को मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा, सन् १९६५ को जातजातिविरुद्धका सबै किसिमका भेदभाव निर्मूलनसम्बन्धी महासन्धी, सन् १९६६ को आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी महासन्धी, सन् १९७९ को महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी, सन् १९८९ को बालअधिकार सम्बन्धी महासन्धी, सन् २००० को सहस्राब्दी लक्ष, सन् २००६ को अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धी लगायतका दस्तावेजहरु छन् । हाल विश्वका प्रायः सबै देशहरुमा कुनै न कुनै किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालनमा रहेको पाइन्छ ।

नेपालको संविधानले नागरिकका अधिकारका रूपमा सामाजिक संरक्षणलाई व्याख्या र परिभाषित गरेको छ । संविधानमा उल्लेखित मौलिक हकका विषयहरु प्रत्यक्ष अप्रत्यक्षरुपमा सामाजिक सुरक्षा र संरक्षणसँग सम्बन्धित छन् । राज्यले विगत लामो समयदेखि देशभित्र सामाजिक संरक्षणका कार्य आर्थिक-सामाजिक सुरक्षाको छाता प्रदान गर्दछ । सामाजिक संरक्षणका एकीकृत कार्यक्रमहरूले शिक्षा, स्वास्थ्य, सरसफाईदेखि जीवनस्तर सुधारसम्म योगदान गर्छन् । यसले मुलुकभित्र प्रभावकारी गरिबी न्यूनीकरण, लैङ्गिक तथा सामाजिक समानतासहित अति कमजोर वर्गका लागि समन्यायिक र समतामूलक समाज निर्माण गर्न तथा प्राकृतिक विपदहरूसहित आइपर्ने कुनै पनि विपदबाट सुरक्षा प्रदान गर्दछ । समग्रमा सामाजिक सुरक्षालाई यस प्रकार विभाजन गर्न सकिन्छ ।



## ४.२.२ सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि

*सहभागिता मूलक प्रक्रियाबाट तालिम सञ्चालन गर्नका लागि **समूह छलफल** विधिलाई महत्वपूर्ण विधिको रुपमा लिइन्छ । यसमा सहभागी सङ्ख्याको आधारमा ४/५ जना देखि ७/८ जना सम्मको सानो समूहमा बसेर छलफल गर्न लगाइन्छ । सहजकर्ताले समूह छलफलको विस्तृत जानकारीको लागि २.६.४ मा गएर अध्ययन गर्नु होला । सहभागीहरुले सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि जान्न यो सम्बन्धी अध्ययन गरेर,सामाजिक सुरक्षा विकास क्रमको समयरेखा बनाउन सके भने त्यो उनीहरुको लागि प्रभावकारी सिकाई हुन सक्छ । त्यसैले, सहभागीहरुलाई समूहमा विभाजन गरी, प्रत्येक समूहलाई सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमिको फोटोकपी उपलब्ध गराई अध्ययन गर्न लगाई समयरेखा बनाउन लगाउने ।*

नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको थालनी वि.सं. १९९१ तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरुलाई वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने प्रयाससँगै सुरु भएको देखिएको छ । त्यसपछि वि.सं. १९९८ तिर सेवा निवृत्त सैनिक र त्यसको एक वर्ष पछि सेवा निवृत्त सरकारी कर्मचारीलाई निवृत्तिभरण प्रदान गर्ने कार्य सुरु भएको बुझिएको छ । योजनागत रुपमा विशेषगरी छैठौं योजनादेखि खासगरी गरिब र सीमान्तकृत समूहको सवालमा ध्यान दिई आधारभूत आवश्यकतालाई केन्द्रित गरी योजना तर्जुमा गरेको देखिन्छ । अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा गरिबको सवाललाई योजनामा अझ प्राथमिकता दिँदै आठौं योजनामा गैरसरकारी संस्थाहरुलाई समेत विकासको साझेदारको रुपमा स्थापित गरी सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई केही फरक तरिकाबाट अगाडि बढाउने प्रयास गरेको पाइन्छ । हालसम्म आउँदा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विधवा, लोपोन्मुख तथा सीमान्तकृत जातजातिलगायतका नागरिकहरुसामु आर्थिक तथा सामाजिक रुपमा उत्पन्न जोखिम वा कठिनाई व्यवस्थापन गर्न सघाउ पुऱ्याउने हेतुले नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमलाई निकै सुधार र विस्तार गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत नागरिकका अधिकार र सेवा, सहुलियत वा सुविधा पाउने जस्ता विषयहरु समावेश हुन्छन् । सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरुलाई लक्षित व्यक्तिको योगदानमा आधारित हुने र नहुने गरी दुई किसिमको व्यवस्था भएको छ । योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको प्रत्यक्ष योगदान रहेको हुन्छ र सामाजिक बीमाको रुपमा रहन्छ भने गैर योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको योगदान नभई पूर्णतः सरकारी योगदानबाट मात्र सहयोगको रुपमा सञ्चालन हुन्छ । यस प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रम सरकारले आर्थिक वर्ष २०५१/०५२ देखि बृद्ध भत्ताको व्यवस्थाबाट प्रारम्भ गरेको हो । हालसम्म विभिन्न व्यक्ति वा समूहहरु यस कार्यक्रमबाट लाभान्वित भएका छन् ।

नेपालमा बालबालिका, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जातजाति, सहिदको परिवार, द्वन्द्व प्रभावित परिवारलगायत गरिब र सीमान्तकृत परिवार तथा समुदायका विशेष संरक्षण र सहयोगको आवश्यकता पर्ने व्यक्तिहरुका लागि राज्यबाट नगद हस्तान्तरण लगायत अन्य सेवासुविधा सहितको

सामाजिक सुरक्षा पाउने अधिकारको व्यवस्था भएको छ । नेपालमा पनि संविधानले सामाजिक सुरक्षाको विषयलाई मानव अधिकारको रुपमा स्थापित गरेको पाइएको छ। संवैधानिक व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनी उल्लेख भएको छ । साथै धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ । मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने तथा सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी हाते पुस्तिका न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने राज्यको नीति रहेको छ। यसबाट संरक्षणको विशेष आवश्यकता भएका नागरिक तथा बालबालिकाको सामाजिक सुरक्षासम्बन्धी सेवा सुविधा पाउने अधिकार सुनिश्चित हुने दिशातिर सरकार अग्रसर रहेको छ। कानुनी व्यवस्था अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ३२ मा सामाजिक सुरक्षाअन्तर्गत नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्वनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्क रुपमा तोकिएका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था छ। यस पुस्तिकामा योगदानमा आधारित नहुने सामाजिक सुरक्षा कार्यक्रमबाट नागरिक लगायत विभिन्न समूहका बालबालिकालाई प्रदान गरिने नगद हस्तान्तरण तथा भत्ता वितरण कार्यक्रम समावेश गरिएको छ।

## सामाजिक संरक्षणलगायत सामाजिक सुरक्षा कार्यहरुका ऐन तथा नियमावलीहरु

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत सामाजिक सुरक्षा
- सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी हाते पुस्तिका कार्यक्रम (सञ्चालन कार्यविधि), २०६५
- निजामति सेवा ऐन, २०४९ र यसको नियमावली, २०५०
- समाज कल्याण ऐन, २०४९ र २०६३
- ट्रेड युनियन ऐन, २०४९
- बालश्रम (नियमित र निषेधित गर्ने) ऐन, २०५६
- वैदेशिक रोजगार ऐन, २०६४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी ऐन, २०७५
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

### नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको विकासक्रम

- वि.सं. १९९१ मा सैनिक द्रव्यकोषको स्थापना
- वि.सं. १९९३ मा निवृत्तिभरणको प्रारम्भ
- वि.सं. २००१ मा निजामति प्रोभिडेन्ट फण्डको स्थापना
- सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी हाते पुस्तिका
- वि.सं. २०१९ मा कर्मचारी सञ्चयकोषको स्थापना
- वि.सं. २०४७ मा नागरिक लगानी कोषको स्थापना
- वि.सं. २०४८ मा श्रम ऐन  २०४९ मा श्रम नियमावली लागू
- वि.सं. २०५१ मा ज्येष्ठ नागरिक भत्ताको प्रारम्भ
- वि.सं. २०६६ मा सामाजिक सुरक्षा करको प्रारम्भ
- वि.सं. २०६७ मा सामाजिक सुरक्षा कोषको स्थापना
- वि.स. २०७४ मा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम
- वि.स. २०७५ मंसिर ११ मा सामाजिक सुरक्षा योजनाको प्रारम्भ तथा २०७६ श्रावण १ गतेदेखि लागू हाल कार्यान्वयनमा रहेका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम अन्तर्गत नगद हस्तान्तरण, विभिन्न छात्रवृत्ति तथा अन्य सेवासुविधाहरु रहेका छन् ।
- आ.व. २०८१/८२ सम्ममा अनलाईनमा प्रणालीमा प्रवीष्ट भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सक्रिय लाभग्राही ३५३८४३१ रहेका छन् ।

## ४.२.३ नेपालमा सामाजिक सुरक्षाका कार्यक्रम

नेपालमा सामाजिक सुरक्षा एवम् संरक्षणका कार्यक्रमहरू सामाजिक सहयोग, सामाजिक बीमा, जीविकोपार्जन, सामाजिक रेखदेख वा स्याहार, जोखिमबाट सुरक्षा, रोजगारी तथा श्रम र योगदानमूलक कार्यक्रमहरूको रूपमा

विषयगत मन्त्रालय र निकायहरूबाट सञ्चालित छन् । हाल सामाजिक सुरक्षा एवम् संरक्षणसँग सम्बन्धित कार्यक्रमहरू विभिन्न मन्त्रालय र अन्तर्गतका विभागहरू एवम् विभिन्न नामबाट सञ्चालित कोषहरूबाट कार्यान्वयन भएको देखिएको छ । यसरी सञ्चालित कार्यक्रमहरू सेवा सुविधा प्रवाहको दृष्टिकोणले १६ प्रकारका देखिएका छन् भने सञ्चालन भएका कार्यक्रम र सुविधाहरूको सङ्ख्या ८० भन्दा धेरै देखिएको छ ।

- यसमध्ये सामाजिक सहयोगसम्बन्धी ३९ वटा,
- सामाजिक बीमा तथा अनुदान सम्बन्धी २० वटा,
- योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी ११ वटा,
- श्रम बजार र रोजगारी व्यवस्थापन सम्बन्धी ६ वटा,
- कानुनी सहायता सम्बन्धी एक वटा कार्यक्रम रहेका छन् ।

सबैभन्दा धेरै कार्यक्रमहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र गृह मन्त्रालय अन्तर्गत रहेका छन् । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका बहालवाला र सेवा निवृत्त एवम् तिनका परिवारका आश्रित सदस्यहरूको स्वास्थ्य, शिक्षा तथा आर्थिक क्षेत्र लगायत अन्य विविध क्षेत्रहरूमा कल्याणकारी कोष मार्फत सहयोग तथा सहायताहरू र बीमा सम्बन्धी कार्यहरू सञ्चालन हुँदै आइरहेका छन् ।

शिक्षा तथा प्राविधिक, श्रम र रोजगारी, विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण 'उद्धार, राहत र पुर्नस्थापना' ले निवृत्तिभरण, उपदान, सञ्चय कोष, लगायत सामाजिक बीमाले सामाजिक सुरक्षा कोषका कार्यक्रमहरू तर, अनौपचारिक क्षेत्र राष्ट्रिय अर्थतन्त्रको दायरामा पूर्णरूपमा आउन नसकेको हुँदा देहायका कार्यहरूमा संलग्न व्यक्ति, कामदार एवम् श्रमिकहरूको लागि हालसम्म सामाजिक सुरक्षाको प्रबन्ध हुन सकेको छैन ।

वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्कि आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा संरक्षण र स्वदेश फिर्ता लगायतका उद्धार कार्यमा वैदेशिक रोजगार कल्याणकारी कोषबाट सहायता प्रदान हुँदै आएको छ । स्थानीय तहबाट सुत्केरी स्याहार, बालबालिका संरक्षण, पशुधन सुरक्षा लगायतका सामाजिक सुरक्षा सम्बन्धी गतिविधिहरूमा खर्च हुँदै आएको छ। उदाहरणको लागि स्थानीय तहमा भएका केही उदाहरणीय कार्यहरु यस प्रकार रहेका छन् ।

- *पर्वत जिल्लाको महाशिला गाउँपालिकाको 'एक घर एक रोजगार कार्यक्रम',*
- *सप्तरीको तिलाठी-कोइलाडी गाउँपालिकाको 'बाल विवाह मुक्त गाउँपालिका' बनाउने प्रयास*
- *झापाको कन्काइ नगरपालिकालको 'मजदुर हितकोष तथा बीमा कार्यक्रम'*

यद्यपि स्थानीय तहबाट सञ्चालित सामाजिक संरक्षणका कार्यक्रमहरूका एकीकृत अभिलेख उपलब्ध हुन नसक्दा यस्ता कार्यक्रमको प्रभावकारिता मापन हुन सकेको छैन । यसैगरी, समाज कल्याण परिषद् अन्तर्गत अपाङ्ग कल्याण कोष मार्फत नेपालभरका अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क रूपमा ह्विलचेयर, सेतो छडी, कृत्रिम हातखुट्टा सहित सहायक सामग्रीहरू उपलब्ध गराउँदै आइएको छ। विपद्का समयमा जोखिममा रहेका समुदायको आवश्यकतालाई सम्बोधन गर्न वि.सं. २०७२ को भूकम्प प्रभावितहरूलाई नेपाल सरकार र संयुक्त राष्ट्र सङ्घ बाल विकास कोष (युनिसेफ) को संयुक्त प्रयासमा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमकै नियमित प्रणालीको उपयोग गरी बृहत्स्तरमा आपतकालीन सहयोग स्वरुप भूकम्प प्रभावित जिल्लाका बालबालिका, अपाङ्ता भएका व्यक्ति, एकल महिला र ज्येष्ठ नागरिक लक्षित थप नगद सहयोग सम्बन्धी कार्यक्रम सफलरूपमा कार्यान्वयन गरिएको थियो। यस्तै, २०७६/७७ को विश्वव्यापी कोभिढ-१९ महामारीका कारण सर्वाधिक प्रभावित भएका अनौपचारिक क्षेत्रका श्रमिक, ज्येष्ठ नागरिक र विपन्न समुदायका लागि स्थानीय तहमार्फत् राहतका कार्यक्रम सञ्चालन गरिएको थियो। यसबाट करिब १८ लाख परिवार लाभान्वित भएका थिए । यसका अलावा रोजगारी गुमाएकाहरूका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिनको रोजगारी व्यवस्थापन गरिएको छ ।

### ४.२.४ नेपालमा सामाजिक सुरक्षा कार्यक्रमका प्रकारहरु

नेपालमा सामाजिक सुरक्षा एवम् संरक्षणका कार्यक्रमहरू सामाजिक सहयोग, सामाजिक बीमा, जीविकोपार्जन, सामाजिक रेखदेख वा स्याहार, जोखिमबाट सुरक्षा, रोजगारी तथा श्रम र योगदानमूलक कार्यक्रमहरू विभिन्न विषयगत मन्त्रालय, विभाग तथा निकायहरूबाट सञ्चालित छन् । सरकारी, गैरसरकारी, सामुदायिक एवम् औपचारिक क्षेत्रमा सञ्चालित कार्यक्रमहरू देहायको विषय क्षेत्रसँग सम्बन्धित रहेका छन् ।

- कृषि (बीमा), खाद्य तथा पोषण र सुरक्षित नागरिक आवास
- स्वास्थ्य सेवा ‘विपन्न नागरिक औषधि उपचार, आमा सुरक्षा कार्यक्रम आदि’
- शिक्षा तथा प्राविधिक सीप विकास
- समाज कल्याण
- श्रम र रोजगारी
- विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण ‘उद्धार, राहत र पुनर्स्थापना’
- निवृत्तिभरण, उपदान, सञ्चय कोष, लगायत सामाजिक बीमा
- सामाजिक सुरक्षा कोषका कार्यक्रमहरू

हाल सामाजिक सुरक्षा एवम् संरक्षणसँग सम्बन्धित कार्यक्रमहरू विभिन्न मन्त्रालय र अन्तर्गतका विभागहरू एवम् विभिन्न नामबाट सञ्चालित कोषहरूबाट कार्यान्वयन भएको देखिएको छ । यसरी सञ्चालित

कार्यक्रमहरू सेवा सुविधा प्रवाहको दृष्टिकोणले १६ प्रकारका देखिएका छन् भने सञ्चालन भएका कार्यक्रम र सुविधाहरूको सङ्ख्या ८० भन्दा धेरै देखिएको छ। यस मध्ये सामाजिक सहयोग सम्बन्धी ३९ वटा, सामाजिक बीमा तथा अनुदान सम्बन्धी २० वटा, योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी ११ वटा, श्रम बजार र रोजगारी व्यवस्थापन सम्बन्धी ६ वटा, कानुनी सहायता सम्बन्धी एक वटा कार्यक्रम रहेका छन्। सामाजिक सुरक्षा कार्यक्रमहरूको उद्देश्य र यी कार्यक्रमका लक्षित समूह वा लाभग्राहीको प्रकार र प्रकृतिका आधारमा हाल सञ्चालित कार्यक्रमहरूका प्रकारहरु यस प्रकार रहेका छन्।

### ४.२.४.१ जीवनयापनका लागि सहायता र सामाजिक कल्याणका कार्यक्रम

नेपाल सरकारले जीवन यापनका लागि सहायता र सामाजिक कल्याणका कार्यक्रम भित्र राखेका कार्यक्रमहरु यस प्रकार रहेका छन्।

- ज्येष्ठ नागरिक भत्ता
- एकल महिला भत्ता
- अपाङ्गता भत्ता
- लोपोन्मुख आदिवासी जनजाति भत्ता
- बालपोषण भत्ता
- दलित विद्यार्थी छात्रवृत्ति
- बालिका छात्रवृत्ति
- अपाङ्गता छात्रवृत्ति
- विपन्न छात्रवृत्ति
- सीमान्तकृत तथा लोपोन्मुख छात्रवृत्ति
- सडक बालबालिका तथा बालश्रमिक छात्रवृत्ति
- सहिदका छोराछोरीका लागि छात्रवृत्ति
- मुक्त कमलरी छात्रवृत्ति
- हिमाली आवासीय छात्रवृत्ति
- अन्य छात्रवृत्ति
- विद्यालय खाजा कार्यक्रम
- नि:शुल्क आधारभूत र माध्यमिक शिक्षा
- नि:शुल्क उच्च शिक्षा
- ज्येष्ठ नागरिक यातायात सहुलियत
- समाज कल्याण कार्यक्रम (सुरक्षित घर, अनाथालय, वृद्धाश्रम आदि सञ्चालन)
- बाल कल्याण सहयोग
- दिवा शिशु स्याहार केन्द्र
- अपाङ्गता भएका व्यक्तिका लागि नि:शुल्क सहायक सामग्री वितरण कार्यक्रम
- खाद्यान्न ढुवानी अनुदान
- कुष्ठरोग नियन्त्रण
- सुरक्षित नागरिक आवास कार्यक्रम
- जनता आवास कार्यक्रम
- मुक्त हलिया अनुदान
- जग्गा स्वामित्व प्राप्तिमा छुट
- नि:शुल्क कानुनी सहायता
- काजक्रिया खर्च (कर्मचारी सञ्चयकोषबाट)
- वृद्धावस्था संरक्षण
- मातृत्व सुरक्षा योजना
- आश्रित परिवार सुरक्षा
- कल्याणकारी कोषका कार्यक्रम

- (सैनिक, प्रहरी र सशस्त्र प्रहरी बल)
- निजी आवास पुनर्निर्माण अनुदान

## ४.२.४.२ उत्पादन तथा रोजगारी वृद्धि लक्षित कार्यक्रम

- विशेष कृषि उत्पादन कार्यक्रम
- बाली तथा पशुपन्छी बीमा
- बर्ड फ्लु क्षतिपूर्ति वितरण
- कृषि क्षेत्र विपद् व्यवस्थापन कार्यक्रम
- उखु उत्पादक किसान अनुदान
- ब्याज अनुदान
- जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान
- वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाको परिवारलाई आर्थिक सहायता
- वैदेशिक रोजगारका क्रममा अङ्गभङ्ग भएका र गम्भीर बिरामी भएका कामदारलाई दिइने आर्थिक सहायता
- वैदेशिक रोजगार छात्रवृत्ति
- सशस्त्र द्वन्द्वबाट घाइते, अङ्गभङ्ग, अपाङ्गता भएका व्यक्ति वा मृतकका परिवारलाई क्षतिपूर्ति र भरणपोषण
- प्रधानमन्त्री रोजगार कार्यक्रम
- युवा स्वरोजगार कोष

### *४.२.४.३ विपद् जोखिम प्रतिकार्य तथा स्वास्थ्य सेवा लक्षित कार्यक्रम*

- विपद्बाट मृत्यु हुनेका परिवारका लागि राहत तथा उद्धार
- विपद्को समयमा तत्काल राहत कार्यक्रम
- विपद्को कारण घर पूर्ण क्षति भएका परिवारलाई राहत
- शीतलहर प्रभावित परिवारलाई राहत
- राहत तथा पुनर्स्थापना कार्यक्रम
- स्यानिटरी प्याड वितरण
- आमा सुरक्षा कार्यक्रम
- प्रसुति पूर्वको सेवा
- सुत्केरी विदा
- आमा र बच्चा पोषण परिपूरण कार्यक्रम
- एड्स तथा यौनरोग नियन्त्रण
- कुष्ठरोग नियन्त्रण कार्यक्रम
- सरूवा रोगहरूको नि:शुल्क उपचार
- विपन्न स्वास्थ्य उपचार कार्यक्रम
- नि:शुल्क जाँच तथा उपचार
- ज्येष्ठ नागरिक स्वास्थ्य उपचार
- पाठेघरको मुखको क्यान्सर जाँच
- रेबिज विरूद्धको खोप
- सर्पदंशको उपचार
- आङ् खस्ने रोगको उपचार
- नि:शुल्क खोप सेवा
- नि:शुल्क आधारभूत स्वास्थ्य सेवा
- ज्येष्ठ नागरिक स्वास्थ्य उपचार
- राष्ट्रपति महिला उत्थान कार्यक्रम/हवाई उद्धार सेवा
- उपचार खर्च (कर्मचारी सञ्चय कोषबाट)
- सुत्केरी तथा शिशु हेरचाह (कर्मचारी सञ्चय कोषबाट)

- घातक रोग उपचार खर्च (कर्मचारी सञ्चय कोषबाट)
- औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना
- दुर्घटना तथा अशक्तता सुरक्षा

#### *४.२.४.४ सम्भावित जोखिम वहन गर्ने क्षमता अभिवृद्धिका लागि बीमा र योगदानमूलक कार्यक्रम*

- निवृत्तिभरण
- उपदान
- योगदानमा आधारित निवृत्तिभरण कोष
- स्वास्थ्य बीमा बोर्डका कार्यक्रम
- नि:शुल्क स्वास्थ्य बीमा
- यातायातमा तेस्रो पक्षीय दुर्घटना बीमा
- महामारी तथा प्रकोपजन्य विशेष बीमा (कोरोना बीमा)
- कर्मचारी सञ्चय कोष
- श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम

## ४.३ सत्र ३ : एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०

**एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०**

**नेपाल सरकार (म.प.) बाट स्वीकृत मिति:- २०८०-०८-२१**

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**२०८०**

| | |
|---|---|
| **सत्रको उद्देश्य** | एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० बारेमा सहभागीलाई जानकारी दिने । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने छ । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|

| | | |
|---|---|---|
| एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० | व्याख्यान | १५ |
| संरचनामा प्रावधान भएको एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषद् , सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समिति, प्रदेश सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समिति र स्थानीय तह सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समिति | बज् ग्रुप | ४५ |
| **कुल समय** | | ६० |

## सहजकर्ता मार्गदर्शनः

यस सत्रमा सहजकर्ताले १ घण्टाको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले विषयको व्याख्यान तथा संरचनामा प्रावधान भएको परिषद् , समिति, प्रदेश समिति र स्थानीय समितिको सम्बन्धमा समावेशीता र जिम्मेवारीका विषयमा सहभागीको धारणा बुझाउन बज् ग्रुप विधिको प्रयोग मार्फत सहजीकरण गर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका  सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ। सहजकर्ताले यस सत्र **एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०** कालागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ।

## अध्ययन सामग्री

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

**१) एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०**

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्व एक पटकपूर्ण रुपमा अध्ययन गर्नुपर्दछ।

## ४.३.१

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई **व्याख्यान विधि** भनिन्छ **एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०।** यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ।  यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ।  तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन।  यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ। त्यसैले गर्दा अन्य विधिसँग मिलाएर गर्नु पर्दछ। सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला।*

करिब ८२ वर्ष देखि सञ्चालनमा आएको सामाजिक सुरक्षा कार्यक्रमहरुको दायरा फराकिलो भई आ.ब. २०८०/८१ मा संघिय बजेटको २५८ अर्ब भन्दा बढि अर्थात कुल बजेटको १४.८ प्रतिशत विनीयोजन भएको छ । प्रत्येक आर्थिक वर्ष १० प्रतिशतको हाराहारीमा वृद्धि भएको परीवेशमा नेपालको संवैधानिक प्रावधान अनुरुप सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गर्न, एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०, नेपाल सरकारले मिति २०८०/०८/२१ गते मन्त्री परिषद् बाट स्वीकृत गरी लागू गरेको छ ।

उक्त संरचनाले २०५२ सालबाट आरम्भ गरिएको नगद वितरणमा आधारित सामाजिक सुरक्षा भत्ता कार्यक्रम सहित सामाजिक संरक्षणका कार्यक्रमहरूलाई समेटेर एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना बनाउनु पर्ने आवश्यकतालाई प्रष्ट्याएको छ । उक्त संरचनामा, ८० भन्दा बढि सामाजिक संरक्षणका नगद वितरणमा आधारित सामाजिक सुरक्षा भत्ता पाउनेहरूको अनुपात कुल जनसङ्ख्याको १० प्रतिशत हाराहारी भएको उल्लेख छ । सरकार आफैंले अथवा विभिन्न दातृ संस्था वा निकायहरूको सहयोगमा दशकौंदेखि सामाजिक संरक्षणका कार्यक्रमहरू सञ्चालित हुँदै आए पनि तिनीहरूमा कार्यक्रमहरूका बीचमा एकरूपता नहुँदा र अन्तर-मन्त्रालय तथा निकायगत समन्वय नहुँदा तिनीहरूले के-कस्तो प्रतिफल दिए भन्ने वस्तुगत समीक्षा हुन सकेको छैन । विभिन्न मन्त्रालय र निकायले यस्ता कार्यक्रम सञ्चालन गर्दै आए पनि अन्तर-निकाय समन्वय प्रणाली धेरै कमजोर रहेको छ। सामाजिक सुरक्षा कार्यक्रमहरूको कार्यान्वयन १३ भन्दा बढी मन्त्रालय र निकायहरूमा छरिएका छन्, फलतः केहीले दोहोरो फाइदा लिइरहेका छन भने केही यसको संरचनाभित्रै समेटिन सकेका छैनन् । देशभित्र सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी रूपमा अनुगमन हुन सकेको छैन । अद्यावधिक र एकीकृत सूचना प्रणाली नहुँदा नेपालमा सामाजिक सुरक्षा वा संरक्षणका कार्यक्रमले कतिलाई समेट्न सकेको छ, यसका वास्तविक लाभग्राहीहरू को-को हुन् भन्ने वैज्ञानिक र वस्तुपरक नक्शाङ्कन (म्यापिङ) हुन सकेको छैन । अन्तर-मन्त्रालय र निकायगत समन्वय नहुँदा सामाजिक सुरक्षाका कार्यक्रममा दोहोरोपन देखिएको, लक्षित वर्गले सही ढङ्गले प्रतिफल प्राप्त गर्न नसकेको तथा स्रोत-साधनको दुरूपयोग हुने क्रम बढेको हुँदा अन्तर-मन्त्रालय र निकायगत समन्वय प्रभावकारी बनाउनका लागि एकीकृत राष्ट्रिय सामाजिक सुरक्षाको आवश्यकता बढेको छ । राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट सामाजिक सुरक्षा, सामाजिक सहायता र संरक्षणको नीति एवं कार्यक्रमहरू विभिन्न निकायहरूबाट कार्यान्वयन हुँदा दोहोरोपन देखिएकाले साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकीकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय भएबमोजिम उक्त संरचना तयार गरिएको छ । यस क्रममा सरोकारवाला मन्त्रालय तथा निकायबाट प्राप्त सुझाव समेत समावेश गरी तयार गरिएको उक्त संरचनाको कार्यान्वयनबाट सामाजिक सुरक्षा तथा संरक्षण

प्रणाली एकीकृत ढाँचाबाट सञ्चालन हुने र यस क्षेत्रमा भएको स्रोत परिचालनको यथार्थ अवस्था पहिचान हुने अपेक्षा गरिएको छ ।

उक्त संरचनाको पहिलो परिच्छेदमा एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको पृष्ठभूमि र आवश्यकता, अन्तर्राष्ट्रिय अभ्यास, नेपालमा सामाजिक सुरक्षा र संरक्षण प्रवर्द्धनमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार, कानुनी व्यवस्था, नीतिगत व्यवस्था, प्रमुख चुनौती र समस्या लगायतका विषयहरू समेटिएका छन् भने दोस्रो परिच्छेदमा सामाजिक सुरक्षाको तथा संरक्षणको मान्यता तथा विशेषता, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रम, अपेक्षित उपलब्धि जस्ता विषयवस्तु समावेश छन् । परिच्छेद तीनमा वित्त व्यवस्थापनका विषय तथा अन्तिम परिच्छेदमा कार्यक्रम कार्यान्वयन तथा समन्वय प्रणाली लगायतका विषय समेटिएका छन् । परिच्छेद चारमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था छ । समग्रमा उक्त संरचनाले, सामाजिक सुरक्षाका समग्र कार्यक्रमका सन्दर्भमा आगामी दिनहरुमा लिइने कार्यगत, नीति, लक्षित वर्ग पहिचान, एकीकृत सूचना प्रणाली र अनुगमन तथा मूल्याङ्कन जस्ता पक्षलाई निर्देशीत गरेको छ ।

## ४.३.१ तिन तहको सामाजिक सुरक्षा परिषद् को संरचना सञ्चालन तथा समन्वय समिति

***बज् ग्रुप*** *छलफल विधिको प्रयोग छिट्टै छलफल गरी तत्कालै विषयवस्तुको निष्कर्षमा पुऱ्याउने विधि हो । यो विधिको प्रयोग गर्दा मौरी गुनगुनाएको जस्तै गरेर गर्ने भएको हुनाले यसलाई बज् भनिएको हो । यस विधिको प्रयोग छोटो समयमा सहभागीहरुले गर्दा आफ्नो विचार राख्न सक्छन् । सहभागीहरु बसेकै स्थानबाट सुरु गरिन्छ र सानो समूह छलफल गरे जस्तै गरी टुङ्गोमा पुगिन्छ । सहजकर्ताले बज् ग्रुपको विस्तृत जानकारीको लागि २.६.२ मा पनि गएर अध्ययन गर्नु होला ।*

### ४.३.१.१ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषद्

सामाजिक सुरक्षा बहु-क्षेत्रगत विषय भएकोले एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको नीतिगत समन्वय र कार्यक्रम सम्बद्ध मार्गनिर्देशका लागि नेपाल सरकारका सरोकारवाला मन्त्रालय तथा आयोग र प्रदेश सरकारको समेत प्रतिनिधित्व रहने गरी देहाय बमोजिमको एक उच्चस्तरीय परिषद् गठन हुनेछ ।

क) प्रधानमन्त्री - अध्यक्ष

ख) मन्त्री, गृह मन्त्रालय - सदस्य

ग) मन्त्री, अर्थ मन्त्रालय - सदस्य

घ) मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

ङ) मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

च) मन्त्री, महिला, बालबालिका तथा समाज कल्याण - सदस्य

छ) मन्त्री, सङ्घीय  मामिला तथा सामान्य प्रशासन मन्त्रालय सदस्य

ज) मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

झ) मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

ञ) मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

ट) मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य

ठ) मुख्य मन्त्रीहरु, सबै प्रदेश - सदस्य

ड) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - सदस्य

ढ) सदस्य (सम्बन्धित क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग - सदस्य

ण) सचिव, राष्ट्रिय योजना आयोग सदस्य-सचिव

सदस्यको रुपमा माथि उल्लेखित मन्त्रीहरु भन्नाले राज्य मन्त्रीलाई समेत बुझ्नु पर्दछ। परिषद्को सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

### *४.३.१.२ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषद्को भूमिका र जिम्मेवारी*

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषद्ले देहाय बमोजिमको भूमिका र जिम्मेवारी निर्वाह गर्नेछः-

- विभिन्न मन्त्रालय अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनको समिक्षा गर्ने।
- कार्यक्रमको कार्यान्वयन तहमा भएका अन्तर-मन्त्रालय समन्वय सम्बन्धी विषयगत, नीतिगत एवम् कानूनी विषयवस्तुका सम्बन्धमा देखिएका बाधा अड्चन र समस्याको समाधान गर्ने।
- सामाजिक सुरक्षा सम्बन्धी नीतिहरुको तर्जुमाका लागि विषयगत मन्त्रालयहरुलाई निर्देशन दिने।
- प्रदेश सरकारबाट सञ्चालन गरिने सामाजिक सुरक्षा सम्बद्ध कार्यक्रमहरुको नीतिगत सहजीकरणर लक्षित समूहगत मार्गदर्शन गर्ने।
- नेपाल सरकार तथा प्रदेश सरकारबाट अलग-अलग वा संयुक्त रूपमा सञ्चालित।
- कार्यक्रमहरुको समग्र रुपमा सामयिक वर्गीकरण र समीक्षा गरी प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिने।
- सामाजिक संरक्षणका कार्यक्रमहरूको वित्तीय दिगोपना सुनिश्चित गर्न र यथाशक्य एकीकरण गर्न आवश्यक प्रक्षेपण तथा विश्लेषण गर्ने।

- कार्यक्रमको कार्यान्वयनमा देखिने समस्याको समाधानका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समिति र प्रदेश सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिलाई मार्गनिर्देश गर्ने ।

### *४.३.१.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समिति*

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नीतिगत सहजीकरणका लागि सङ्घीय तहमा देहाय बमोजिमको एक समन्वय समिति रहनेछ ।

क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग संयोजक

ख) सदस्य (सम्बन्धित क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग - उपसंयोजक

ग) सचिव, राष्ट्रिय योजना आयोग - सदस्य -

घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

ङ) सचिव, गृह मन्त्रालय - सदस्य

च) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-सदस्य

छ) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

ज) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

झ) सचिव, महिला, बालबालिका तथा ज्येष्ठज्येष्ठ नागरिक मन्त्रालय - सदस्य

ञ) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

ट) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

ठ) सचिव, सहरी विकास मन्त्रालय - सदस्य

ड) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

ढ) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य

ण) प्रमुख सचिव, सातै प्रदेश सरकार - सदस्य

त) महानिर्देशक- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग- सदस्य

थ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घका - सदस्य

द) अध्यक्ष, नेपाल उद्योग परिसङ्घका सदस्य

ध) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिकाका सङ्घ तथा जिल्ला समन्वय समिति महासङ्घ - सदस्य (३ जना)

न) सहसचिव, सम्बन्धित क्षेत्र हेर्ने, राष्ट्रिय योजना आयोग - सदस्य-सचिव

संयोजकले आवश्यकता अनुसार सह-संयोजकलाई समितिको संयोजक भई कामकाज गर्न तोक्न सक्नेछ । समितिमा सामाजिक सुरक्षा र श्रम तथा रोजगार सम्बन्धी निकाय तथा विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ । राष्ट्रिय सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिले आफ्ना बैठकहरुमा आवश्यकता अनुसार नेपाल सरकारका अन्य मन्त्रालयका सचिवहरु, निजी क्षेत्र र राष्ट्रिय सहकारी बोर्डको प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

### *४.३.१.४ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिको जिम्मेवारी*

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिको कार्य जिम्मेवारी र भूमिका देहाय बमोजिम हुनेछ ।

- आमनागरिक एवम् कामदार तथा श्रमिकको सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्डका सम्बन्धमा नेपाल सरकार/उच्चस्तरीय परिषद्मा सुझाव पेश गर्ने ।
- एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको कार्यान्वयनको समग्र अनुगमन, निरीक्षण गर्ने र निर्देशन दिने ।
- सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनको अवस्था समीक्षा गर्ने ।
- सामाजिक सुरक्षा संरचना कार्यान्वयन गर्न नयाँ कार्यक्रमहरुको स्वीकृति वा अनुमोदनका लागि वार्षिक बजेट तर्जुमा प्रक्रिया सुरु हुनु अगावै समन्वय समितिको बैठकको आयोजना गर्ने र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने निकायहरु बीच नीति, योजना र कार्यक्रम तहमा समन्वय गर्ने ।
- अति विपन्न र जोखिममा रहेका व्यक्तिहरुसम्म पहुँच पुर्‍याउनसेवा प्रवाहका लागि सञ्चालित कार्यक्रमहरुको प्राथमिकता निर्धारण, लागत अनुमान तयारी र आवश्यक सुधारका कार्य गर्ने ।
- संङ्घीय, प्रादेशिक र स्थानीय सरकारका नीति, योजना र कार्यक्रमको समन्वय र सहजीकरण गर्ने ।
- आकस्मिक र विपद्को अवस्थामा जोखिमको सामना गर्न सक्ने कार्यक्रमका लागि समेत स्रोत साधनको आवश्यकता र कार्यान्वयन संयन्त्रको सिफारिस गर्ने ।
- सामाजिक सुरक्षा नीति र कार्यक्रमको कार्यान्वयन एवम् उपलब्धिको लेखाजोखा गर्नका लागि निगरानी र मूल्याङ्कन प्रणालीको विकास गर्ने ।
- परिषद्बाट प्राप्त नीतिगत निर्देशनहरुको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने ।
- नीतिगत निर्देशनहरुको कार्यान्वयन प्रगतिको समीक्षा गर्ने र सुधारका लागि सम्बन्धित निकायलाई सुझाव दिने ।

- लाभग्राहीको दर्ता, लाभ रकम वितरण व्यवस्था र गुनासो सम्बोधनका विधि र प्रक्रियाहरुका न्यूनतम मापदण्ड र सर्तहरु सिफारिस गर्ने ।
- विकासका साझेदारबाट सञ्चालित सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सहायता यस संरचना अनुरुप भएको सुनिश्चित गर्ने ।
- दातृ निकायको सहायतालाई समन्वयात्मक ढङ्गबाट एकरूपता एवम् प्रभावकारिता कायम हुने नीतिगत विषयको सिफारिस गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, प्रदेश विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यववस्थापन समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको अधिनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा जोखिम प्रभाव न्यूनीकरण सम्बन्धी एकीकृत तथा क्षेत्रगत योजनाको समन्वय गर्ने । यस सम्बन्धी अन्तर्राष्ट्रिय प्रणालीको अध्ययन गरी आधुनिक वितरण प्रणालीको स्थापना गर्न निर्देशन दिने ।
- सामाजिक सुरक्षा खर्चको अभिलेखीकरण गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढीकरण गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

### ४.३.१.५ प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समिति

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा प्रदेशस्तरको सामाजिक सुरक्षा संरक्षणका कार्यक्रम कार्यान्वयन, अनुगमन तथा नीतिगत समन्वयका लागि देहाय बमोजिमको एक समिति रहनेछ ।

९□० मुख्यमन्त्री - अध्यक्ष

९□० मन्त्री, आर्थिक विकास तथा योजना मन्त्रालय - सदस्य

९□० मन्त्री, सामाजिक विकास मन्त्रालय सदस्य

९□० मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय- सदस्य

९□० मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

९□० उपाध्यक्ष, प्रदेश नीति/योजना आयोगका सदस्य

९□० प्रदेश तहको विपद् व्यवस्थापन समितिको प्रतिनिधि- सदस्य

९□० गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिकाका सङ्घ र जिल्ला समन्वय समिति महासङ्घहरुको प्रदेश स्तरीय संघ/महासंघका अध्यक्षहरू - ३ जना सदस्य

९□० प्रदेश उद्योग वाणिज्य महासङ्घका अध्यक्ष - सदस्य

९□० प्रदेश उद्योग परिसङ्घका अध्यक्ष सदस्य

९□० प्रदेश सचिव, सम्बन्धित क्षेत्र हेर्ने मन्त्रालय - सदस्य-सचिव

समितिमा सामाजिक सुरक्षा र श्रम तथा रोजगार सम्बन्धी निकायका प्रतिनिधि र विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ। समितिले आफ्ना बैठकहरुमा प्रदेश सरकारका अन्य मन्त्रालयका सचिवहरु, नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सक्नेछ। समितिको सचिवालय सामाजिक विकास मन्त्रालयमा रहनेछ ।

### *४.३.१.६ प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समितिको जिम्मेवारी*

प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समितिको मुख्य मुख्य जिम्मेवारी देहाय बमोजिम हुनेछः-

९□० प्रदेशस्तरका सामाजिक सुरक्षा सम्बन्धी नीति, कार्यक्रम र मापदण्ड तर्जुमा गर्ने र स्थानीय तहमार्फत समन्वय गरी कार्यान्वयन गर्ने गराउने ।

९□० राष्ट्रिय संरचनाले निर्देश गरेका प्रादेशिक कार्यक्रमहरु र महत्वपूर्ण सुधारहरु स्वीकृति वा सिफारिसका लागि वार्षिक बजेट तर्जुमा प्रक्रिया प्रारम्भ हुनु अगावै बैठकको आयोजना गर्ने ।

९□० प्रदेश भित्रका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा विभिन्न साझेदारहरु बीच नीतिगत र कार्यक्रम सम्बन्धी समन्वय गर्ने ।

- गाउँपालिका तथा नगरपालिका सामाजिक सुरक्षा समन्वय समितिहरुसँग समन्वय र सहजीकरण गर्ने ।
- नेपाल सरकारबाट आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान तथा विकासका लागि प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि प्राप्त हुने विशेष अनुदानलाई सामाजिक सुरक्षा कार्यक्रममा लगाउन प्रेरित गर्ने ।

आफ्नो प्रदेशमा सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता बढाउन अन्य कार्यहरू सञ्चालन गर्ने ।

### *४.३.१.७ स्थानीय तह सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समिति*

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको स्थानीय स्तरमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नीतिगत समन्वय र पृष्ठपोषण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा देहाय बमोजिमको एक समिति रहने छः-

९□० नगरपालिकाका प्रमुख/गाउँपालिकाका अध्यक्ष - संयोजक

९□० नगरपालिकाका उपप्रमुख / गाउँपालिकाका उपाध्यक्ष - सदस्य

९□० सामाजिक विकास (विषयगत) समितिका संयोजक - सदस्य

९□० प्रमुख प्रशासकीय अधिकृत - सदस्य

९□० स्थानीय उद्योग वाणिज्य सङ्घका अध्यक्षहरू - सदस्य

९□० सामाजिक सुरक्षासँग सम्बन्धित महाशाखा/शाखा प्रमुखहरु -सदस्य- सचिव

समितिमा सामाजिक सुरक्षा तथा संरक्षण र श्रम तथा रोजगारी सम्बन्धी निकायका प्रतिनिधि र विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ। समितिले आफ्ना बैठकहरुमा सहकारी क्षेत्र र सामुदायिक संस्थाका प्रतिनिधि, स्थानीय नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिहरुलाई आवश्यकता अनुरूप आमन्त्रण गर्न सक्नेछ । समितिको सचिवालय सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयमा रहनेछ ।

### *४.३.१.८ स्थानीय तह सामाजिकसुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समितिको जिम्मेवारी*

समितिले सम्बन्धित स्थानीय तहमा सामाजिक सुरक्षाको क्षेत्रमा देहायको जिम्मेवारी बहन गर्नेछः-

- स्थानीय तहमा सामाजिक सुरक्षाको राष्ट्रिय संरचनाको कार्यान्वयनको समग्र निर्देशन गर्ने ।
- स्थानीय तह भित्रका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा सरोकारवाला पक्षसँग नीतिगत र कार्यक्रम सम्बन्धी समन्वय गर्ने ।
- स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा उल्लेखित कार्य जिम्मेवारीको सहजीकरण गर्ने ।
- सामाजिक सुरक्षा प्रणाली र वित्तीय आवश्यकताको समीक्षा गर्ने र आवश्यक देखिएका विषयमा प्रदेशको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समितिलाई सिफारिस गर्ने ।
- सहकारी, वन उपभोक्ता समूह र अन्य सामुदायिक संस्थाहरुलाई सामाजिक बीमा कार्यक्रमहरुमा सहभागी हुन प्रोत्साहित गर्ने ।
- बेरोजगार तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुको लगत अद्यावधिक गर्न लगाउने र रोजगारमूलक कार्यक्रमहरुमा सरिक गराउने ।
- रोजगारमूलक कार्यक्रम मार्फत प्राकृतिक स्रोत संरक्षण तथा स्वरोजगार प्रवर्द्धन, उद्यमशीलता विकास र जीविकोपार्जन प्रवर्द्धनका कार्य गर्ने ।
- आकस्मिक जोखिम र विपद्को अवस्थामा तत्काल सहयोग सुनिश्चित गर्न स्थानीय सरकारलाई सघाउने ।
- वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रमको प्रतिवेदन सार्वजनिक गरी वडास्तरमा सामाजिक परीक्षण गराई पारदर्शी र प्रभावकारी बनाउने ।
- सामाजिक सुरक्षाको सेवा प्रवाह प्रभावकारी बनाउन अन्य कार्य गर्ने गराउने ।

## ४.४ सत्र ४ : सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको सम्बन्ध



| | |
|---|---|
| **सत्रको उद्देश्य** | सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको सम्वन्धको बारेमा सहभागीलाई जानकारी दिने । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| विपद् र सामाजिक सुरक्षाको अन्तरसम्बन्ध | स्नोबलिङ्ग | १५ |
| विपद् व्यवस्थापन र सामाजिक सुरक्षाको अन्तरसम्बन्ध | व्याख्यान | १५ |
| विपद् संवेदनशील सामाजिक सुरक्षा | व्याख्यान | १५ |
| विपद्मुखी सामाजिक सुरक्षा प्रणालीको आवश्यकता | समूह छलफल | १५ |
| नेपालको सन्दर्भमा विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यकता | व्याख्यान | १५ |
| **कुल समय** | | ७५ |

**सहजकर्ता मार्गदर्शनः**

यस सत्रमा सहजकर्ताले १ घण्टा १५ मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले विषयको व्याख्यान तथा सहभागीहरुलाई विपद् र सामाजिक सुरक्षाको अन्तरसम्बन्ध के होला भनी स्नोबलिङ्ग विधि मार्फत सहजीकरण गर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका  सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ । सहजकर्ताले यस सत्र **सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको सम्वन्धका** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ ।

**अध्ययन सामग्री**

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) विपद् व्यवस्थापन र सामाजिक सुरक्षाको अन्तरसम्बन्ध
2) विपद्मुखी सामाजिक सुरक्षा प्रणालीको आवश्यकता
3) नेपालको सन्दर्भमा विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यकता

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्व एक पटकपूर्ण रुपमा अध्ययन गर्नुपर्दछ ।

**विपद् र सामाजिक सुरक्षाको अन्तर सम्बन्ध**

***स्नो बलिङ्ग*** *छलफल विधिको प्रयोग छिट्टै छलफल गरी तत्कालै विषयवस्तुको निष्कर्षमा पुऱ्याउने विधि हो । यो विधि एकजनाको दिमागमा आएको सानो विचार लाई क्रमिक रुपमा निर्ष्कषमा पुऱ्याउने प्रक्रिया हो । यस विधिको प्रयोग गर्दा पहिले एकजनाले सम्बन्धित विषयमा आफ्नो विचार निकाल्ने र क्रमिक रुपमा त्यो विचार १ जना बाट २ जना, २ जनाबाट ४ जनामा छलफल गर्दै समूहको विचार बनाउने प्रक्रिया हो ।  सहभागीहरु बसेकै स्थानबाट सुरु गरिन्छ र विस्तारै सानो समूह छलफल गरे जस्तै गरी टुङ्गोमा पुगिन्छ । सहजकर्ताले स्नो बलिङ्गको विस्तृत जानकारीको लागि २.६.३ मा गएर अध्ययन गर्नु होला ।*

## ४.४.१ विपद् र सामाजिक सुरक्षाको अन्तरसम्बन्ध

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई* ***व्याख्यान विधि*** *भनिन्छ । यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ ।  यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ ।  तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन ।  यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ । त्यसैले गर्दा अन्य विधिसँगमिलाएर गर्नु पर्दछ ।  सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला ।*

## विपद् व्यवस्थापन र सामाजिक सुरक्षाको अन्तरसम्बन्ध

कल्याणकारी राज्यको अवधारणात्मक विकास सँगै विश्वमा सामाजिक सुरक्षा तथा संरक्षणका उपायहरू अवलम्बन हुँदै आएको छ । यसलाई राज्यको तर्फबाट नागरिक माथिको दायित्व निर्वाहको रूपमा विश्वले अवलम्बन गर्दै आएको छ । गरिबी, सामाजिक र आर्थिक बञ्चितीकरण, जोखिममा परेका र सामान्यतया अरूको सहायता नलिई जीवनयापनमा कठिनाइ पर्ने व्यक्ति तथा परिवारलाई लक्षित गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । विपद्को असर तुलनात्मक रूपमा न्यून आय भएका, गरिब तथा अन्य किसिमले जोखिममा रहेका व्यक्ति तथा समुदाय (जस्तै– महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति) मा बढी पर्दछ। विपद् संवेदनशील सामाजिक सुरक्षाले विपद्पूर्व जोखिम न्यूनीकरण तथा सामाजिक र आर्थिक रूपले जोखिममा रहेका समुदाय वा समूहको जोखिम बहन क्षमता विस्तार गर्नुका साथै विपद् पश्चात्  सामाजिक सुरक्षाका कार्यक्रम र प्रणालीको उपयोग गरी छिटो र प्रभावकारी ढङ्गले सेवा, राहत तथा आर्थिक सहायता परिचालनको व्यवस्था गर्न सहयोग गर्दछ । नेपालको संविधानले नागरिकका अधिकारका रूपमा सामाजिक संरक्षणलाई व्याख्या र परिभाषित गरेको छ। संविधानमा उल्लेखित मौलिक हकका विषयहरू प्रत्यक्ष अप्रत्यक्ष रूपमा सामाजिक सुरक्षा र संरक्षणसँग सम्बन्धित छन् । सरकारले विगत लामो समयदेखि सामाजिक संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। यसै गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् प्रतिकार्य तथा विपद् पश्चात् को पुनर्लाभ तथा पुनर्निर्माणमा समेत सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई समाहित गरी सञ्चालन गरिनेछ भनी उल्लेख गरिएको छ भने विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० मा समेत सन् २०२५ सम्म विद्यमान सामाजिक सुरक्षालाई विपद् उत्थानशीलता सँग जोडी सक्ने भनिएको छ ।

विपद् जोखिम सम्बन्धी सामाजिक सुरक्षा कार्यक्रममा ४ प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमहरु मध्ये पनि विपद् जोखिम प्रतिकार्य अन्तर्गत उद्दार तथा राहत सहायता सम्बन्धी हुने गरेका समस्याहरु व्यापक रहेको छ । विपद्मा परेका समूहलाई गरिने राहत तथा उद्धारका कार्य पूर्व तयारी वेगर पटके निर्णयमा आधारित रहेको पाइएको छ। आपतकालीन उद्धारको सहयोगलाई बैंकिङ्ग पद्धतिमा आबद्ध गर्न नसकिएको तथा विपद् पर्नासाथ स्वचालितरूपमा सहायता दिने लचकता कार्यक्रमहरूमा नभएको अवस्था रहेको छ । गृह मन्त्रालय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट समय समयमा कार्यविधि परिमार्जन गरिने र सोको सूचना प्रभावितहरूमा कम पुग्ने गरेको र सिफारिस लगायतका कागजात विपद्का समयमा जुटाउन कठिनाई भएको गुनासो व्यापक छ । तथ्याङ्क सङ्कलनमा त्रुटी हुँदा वास्तविक प्रभावितहरू छुट्ने गरेको र कतिपय अवस्थामा राहत राशि भन्दा प्रक्रिया पूरा गर्न र यातायात खर्चको परिमाण ठूलो हुने गरेको जस्ता

यावत समस्याहरु राष्ट्रिय योजना आयोगको अध्ययनले औँल्याएको छ। यसै गरी कृषि उत्पादन कार्यक्रम ( बाली तथा पशुपन्छी बीमा, बर्ड फ्लु क्षतिपूर्ति, कृषि क्षेत्र विपद् व्यवस्थापन कार्यक्रमको सम्बन्धमा कुरा गर्दा सानो मूल्य हुने भएका कारण बाली बीमामा कम आकर्षण हुने गरेको बीमाको दावी भुक्तानीको प्रक्रिया लामो हुने जस्ता समस्याहरु देखिएका छन्। त्यसै गरी क्षतिको यथार्थ विवरण सङ्कलन गर्न नसकिनु, किसानलाई राहत रकम प्राप्त गर्न लामो समय लाग्नु जस्ता समस्याहरु विद्यमान रहेका छन्। अर्को तर्फ कोभिड-१९ का लाखौँ बीमितको बीमा दाबीको रकम भुक्तानी अझ सम्म पनि नगरिनुले बीमा प्रणाली तथा यस सम्बन्धी सरकारी संयन्त्रप्रति नै आम सर्बसाधारणको विश्वास गुमेको अवस्था छ।

नेपालको सन्दर्भमा, विपद् व्यवस्थापनलाई सामाजिक सुरक्षासँग प्रत्यक्ष जोड्ने त्यस्तो खासै नीतिगत व्यवस्था छैन तथापि निम्न लिखित कुराहरु मनन गर्दा सामाजिक सुरक्षा र विपद् व्यवस्थापनलाई अन्तरसम्बन्धित बनाउन सकिने देखिन्छ।

- सामाजिक सुरक्षामा आवद्ध व्यक्तिको विवरण, अभिलेख तथा तथ्याङ्कको प्रयोगले विपद् जोखिममा रहेका व्यक्तिहरूको पहिचान गर्न मद्दत गर्छ।
- सामाजिक सुरक्षा पाउने व्यक्तिहरु प्रायः आफैमा जोखिम वर्गहरु हुन् तसर्थ, विपद् जोखिम नक्साङ्कन गर्दा जोखिममा रहेका समुदायहरूलाई लक्षित गर्न सकिन्छ।
- सामाजिक सुरक्षा लाभग्राहीहरूलाई प्रारम्भिक विपद् चेतावनीहरू पठाएर उनीहरूको सुरक्षामा सहयोग पुर्‍याउन सकिन्छ।
- विपद् पूर्वतयारी योजनामा सामाजिक सुरक्षा प्रणालीलाई समावेश गरेर समाजिक सुरक्षा पाउनेहरुलाई प्राथमिकीकरण गरी उद्धार प्रयासहरूलाई बलियो बनाउन सकिन्छ।
- विपद् आएको बेला सामाजिक सुरक्षामा आवद्ध व्यक्तिको विवरण, अभिलेख तथा तथ्याङ्कलाई प्रयोग गरी आपतकालीन नगद हस्तान्तरण वा वस्तुगत सहायता स्वतः सक्रिय गर्न सकिन्छ।
- विपद् पछिको समयका लागि सामाजिक सुरक्षा प्रणालीमार्फत नगद हस्तान्तरण कार्यक्रमहरूको विस्तार गर्न सकिन्छ।
- तत्काल राहतको लागि सामाजिक सुरक्षा प्रणालीबाट बिना सर्त नगद हस्तान्तरणको व्यवस्था गर्न सकिन्छ।
- सामाजिक सुरक्षा प्रणालीमा माइक्रो इन्स्योरेन्स समावेश गरेर विपद्को क्षति परिपूर्ति गर्न सकिन्छ।

- विपद् व्यवस्थापनमा सामाजिक सुरक्षा प्रणालीले प्राथमिकता पाएका समूहहरूलाई लक्षित सहायता दिन सजिलो बनाउन सक्छ ।

### ४.४.३ विपद्मुखी सामाजिक सुरक्षा प्रणालीको आवश्यकता :

*सहभागितामूलक प्रक्रियाबाट तालिम सञ्चालन गर्नका लागि **समूह छलफल** विधिलाई महत्वपूर्ण विधिको रुपमा लिइन्छ । यसमा सहभागी सङ्ख्याको आधारमा ४/५ जना देखि ७/८ जना सम्मको सानो समूहमा बसेर छलफल गर्न लगाइन्छ । सहजकर्ताले समूह छलफलको विस्तृत जानकारीको लागि २.६.४ मा पनि गएर अध्ययन गर्नु होला ।*

**आवश्यकता**

सामाजिक सुरक्षा प्रणालीलाई सन्तुलित रूपमा विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोत साधनका साथै व्यक्ति, समुदायको जोखिम तथा क्षतिमा उल्लेख्य रूपमा कमी ल्याउन तथा उत्थानशीलता अभिवृद्धि गर्न अति गरिबी अवस्थाबाट गुज्रिरहेका, असहाय अवस्था रहेका, जोखिममा परेका वा उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई सम्भाव्य जोखिमहरूबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्न आवश्यक रहेको हुन्छ । यसका अतिरिक्त विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यकता देहाय बमोजिम उल्लेख गरिएको छ :

- संकटहरूको समयावधि, जटिलता, गम्भीरता र संख्याहरू लगातार बढदै गएको अवस्थामा मौजुदा पारम्परिक मानवीय प्रणालीहरूमा बढ्दै गएको भार कम गर्न ।
- विपद्हरूका कारण अकल्पनीय स्तरमा हुने विस्थापितहरूको संख्यामा कमी ल्याउन ।
- पूर्वानुमानित र बारम्बार आईरहने तथा लामो समयसम्म रहने खालका विपद्बाट सिर्जना हुने असर न्यूनीकरण गर्न ।
- छोटो अवधिका मानवीय कार्यक्रमहरूले दीर्घकालीनसंकटहरूलाई राम्रोसँग सम्बोधन गर्न नसक्ने हुनाले सामाजिक सुरक्षा जस्ता दीर्घकालीनकार्यक्रमहरूले सहयोग गर्न सक्छ ।
- विपद् पश्चात्  गरिने प्रतिकार्यहरू भन्दा भईरहेको प्रणालीहरू मार्फत गरिने पूर्वतयारी तथा क्रियाकलापहरूलाई बढी लाभदायी र किफायती बनाउन ।
- आपतकालीन प्रतिकार्य सहज बनाउन ।

### ४.४.४ नेपालको सन्दर्भमा विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यकता

नेपालमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण ठुलो जन, धन र वातावरणको विनास हुने गरेको छ । सामाजिक सुरक्षा प्रणालीलाई विपद्बाट हुने असर न्यूनीकरण गर्न आत्मसात गर्दै उत्थानशील समाजको

निर्माण गर्ने हेतुका निम्ति विपद् संवेदनशील सामाजिक सुरक्षाका आवश्यकता देहाय बमोजिम उल्लेख गरिएको छ :

- विपद् पूर्व जोखिम न्यूनीकरण तथा सामाजिक र आर्थिक रूपले जोखिममा रहेका समुदाय वा समूहको जोखिम बहन क्षमता विस्तार गर्न ।
- विपद् पश्चात्  सामाजिक सुरक्षाका कार्यक्रम र प्रणालीको उपयोग गरी छिटो र प्रभावकारी ढङ्गले सेवा, राहत तथा आर्थिक सहायता परिचालनको व्यवस्था गर्न ।
- अकल्पनीय स्तरमा हुने विस्थापितहरूको संख्यामा कमी ल्याउदै मुलुक भित्र व्याप्त गरिबी, असमानता र विभिन्न किसिमका जोखिममा पर्न सक्ने नागरिकहरूलाई आर्थिक-सामाजिक सुरक्षाको छाता प्रदान गर्न ।
- मौजुदा पारम्परिक मानवीय प्रणालीहरूमा बढदै गएको भार कम गर्दै शिक्षा, स्वास्थ्य, सरसफाई देखि जीवनस्तर सुधारसम्म योगदान गर्न ।
- सामाजिक समानता सहित अति कमजोर वर्गका लागि समन्यायिक र समतामूलक समाज निर्माण गर्न तथा प्राकृतिक विपद्हरूमा आइपर्ने कूनै पनि आघातबाट सुरक्षा प्रदान गर्न ।
- पूर्वानुमानित, बारम्बार आईरहने तथा लामो समयसम्म रहने खालका विपद्बाट सिर्जना हुने असर न्यूनीकरण गर्न ।

विपद् संवेदनशील सामाजिक सुरक्षाका लागि हालसालै तयार भएका आधारहरु सुशासन ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार अनुसार, गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को आधारमा गरिब घरधुरी पहिचान गरी परिचयपत्र वितरण गर्ने प्रक्रियाको सुरुवात भइसकेको छ। २०७९ साल असार २० गते बसेका मन्त्रिपरिषद्को बैठकले सरकारले २३ जिल्लाका २ लाख २३ हजार ३३० गरिब परिवारको सूची स्वीकृत गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बैठकले सर्वेक्षणमार्फत पहिचान भएका गरिब घरपरिवारलाई सूचीकरण गर्ने निर्णय गरे सँगै अब परिचयपत्र वितरण गर्ने बाटो खुलेको छ। सरकारले २०७५ असारदेखि गरिब घरपरिवारलाई परिचयपत्र बाँडन थालेको थियो । तत्कालीन कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कपिलवस्तुको मायादेवी गाउँपालिकामा परिचयपत्र बाँडेर कार्यक्रमको थालनी गरेको थियो । त्यसका लागि २६ जिल्लामा गरिब परिवार पहिचान गरिएको थियो । तत्कालीन गरिब घरपरिवार सहयोग समन्वय बोर्डले पहिलो चरणमा २६ जिल्लाबाट १२ लाख ४० हजार परिवारको तथ्याङ्क सङ्कलन गरेको थियो । त्यो बेला ३ लाख ९१ हजार ८३१ घर परिवारले गरिबीको परिचयपत्र पाउने भनिएको थियो । तत्कालीन

बोर्डले २०६८ सालमै २५ जिल्लामा गरिब घरपरिवारको विवरण सङ्कलनगरेको थियो। अब २६ जिल्ला (रूकुम टुक्रिएकाले) का ३ लाख ९१ हजार घरपरिवारको परिचयपत्रको वितरण भने सकिएको छैन। केही ठाउँमा विवाद भएकाले सबै परिचयपत्र वितरण भइसकेको छैन।

अर्को तर्फ गृह मन्त्रालयले विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्ड, २०८१ लाई अन्तिम रुप दिन गइरहेको छ जस्ले आगामी दिनको विपद् संवेदनशील सामाजिक सुरक्षालाई समग्र मार्गदर्शन गर्नेछ।

# दोस्रो दिनः

विषय क्षेत्रः- विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय र नेपालमा विकासक्रम

## ४.५ सत्र ५: विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय, महत्व र विशेषता



| | |
|---|---|
| **सत्रको उद्देश्य** | विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय, महत्व र विशेषताको बारेमा सहभागीलाई जानकारी दिने । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय | व्याख्यान | १० |
| विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यकता | व्याख्यान | २० |
| विपद् संवेदनशील सामाजिक सुरक्षाको महत्व | व्याख्यान | २० |
| विपद् संवेदनशील सामाजिक सुरक्षाको विशेषता | व्याख्यान | २० |
| विपद् र सामाजिक सुरक्षा र मनसुनजन्य विपद्को अन्तरसम्बन्ध | चित्र | २० |

| | |
|---|---|
| **कुल समय** | ९० |

**सहजकर्ता मार्गदर्शनः**

यस सत्रमा सहजकर्ताले १ घण्टा १५ मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले विषयको व्याख्यान तथा सहभागीहरुलाई विपद् र सामाजिक सुरक्षाको अन्तर सम्बन्ध के होला भनी समूह छलफल गराउन मेटा कार्ड मार्फत सहजीकरणगर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ । सहजकर्ताले यस सत्र **विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय, महत्व र विशेषताको** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ ।

**अध्ययन सामग्री**

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय
2) विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यकता
3) विपद् संवेदनशील सामाजिक सुरक्षाको महत्व
4) विपद् संवेदनशील सामाजिक सुरक्षाको विशेषता
5) विपद् र सामाजिक सुरक्षा र मनसुनजन्य विपद्को अन्तरसम्बन्ध

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्व एकपटक पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ ।

1) विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय
2) विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यकता
3) विपद् संवेदनशील सामाजिक सुरक्षाको महत्व
4) विपद् संवेदनशील सामाजिक सुरक्षाको विशेषता
5) विपद् र सामाजिक सुरक्षा र मनसुनजन्य विपद्को अन्तरसम्बन्ध

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्व एकपटक पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ ।

## विपद् संवेदनशील सामाजिक सुरक्षाको परिचय

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई व्याख्यान विधि भनिन्छ । यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न*

*सकिन्छ । यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ । तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन । यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ । त्यसैले गर्दा अन्य विधिसँगमिलाएर गर्नु पर्दछ । सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला ।*

### ४.५.१ विपद् संवेदनशील सामाजिक सुरक्षा

सामाजिक सुरक्षासँग जोखिम न्यूनीकरण  र प्रतिकार्य दुवैलाई सम्बोधन गर्न सक्ने संभावनाहरू छन् । प्रचलनमा रहेको सामाजिक सुरक्षा कार्यक्रम र पद्धतिलाई, प्रकोपका घटनाहरूसँग जुध्नलाई प्रयोग गर्न योग्य बनाउन सकिन्छ । सामाजिक सुरक्षा प्रणालीलाई विपद् संवेदनशील बनाउन सान्दर्भिक र आवश्यक रहेको विश्वब्यापी अभ्यासहरुले देखाएको छ । माथि विस्तृत रुपमा उल्लेख भए जस्तै ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख तथा अल्पसंख्यकलाई मासिक भत्ताको व्यवस्था, बालबालिकाहरूको लागि स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गर्ने, योगदानमा आधारमा श्रमिकलाई सामाजिक सुरक्षा प्रदान गर्नुका साथै मजदुरहरूका लागि न्यूनतम पारिश्रमिक निर्धारण, स्वास्थ्य बीमाको व्यवस्था, किसानहरूलाई कृषिमा अनुदान, बाली बीमा, पशु बीमा, कृषि प्रविधि खरिदमा अनुदान नेपाल सरकारले प्रदान गर्दै आएको छ । विभिन्न गैरसरकारी संस्था तथा दातृ निकायका श्रोतहरूबाट विपद् पश्चात्  नगद तथा जिन्सीमा आधारित सहयोग कार्यक्रम सञ्चालन हुने गर्दछ । समयमै विपद् संवेदनशीलताको अवधारणालाई अपनाएर हरेक वर्ष हुने विपद्का समय भन्दा पहिले नै पूर्वक्रियाको (Anticipated/Early Action) रुपमा सामाजिक सुरक्षा भत्ता वितरण र यस सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको खण्डमा विपद्को उच्च जोखिममा रहेको समुदायका परिवारहरूले सो रकमलाई विपद्को प्रभावबाट सुरक्षित हुनका लागि पूर्व तयारी गर्ने भएको विपद् पछि प्रदान गरिने राहत खर्चलाई कम गर्न सकिन्छ ।

विपद् संवेदनशील सामाजिक सुरक्षा प्रचलनमा रहेको सामाजिक सुरक्षा कार्यक्रम र पद्धतिलाई, प्रकोपका घटनाहरूसँग सामना गर्नलाई प्रयोग गर्न योग्य बनाउने तरिकालाई विपद् संवेदनशील सामाजिक सुरक्षा भनिन्छ । सामाजिक सुरक्षा प्रणालीले सामान्य र संकट दुवै खालका परिस्थितीमा प्रभावित मानिसहरूको आवश्यकताहरूलाई सम्बोधन गर्न सक्छ र अति आवश्यक सेवालाई सुचारु गर्न तथा आवश्यकताहरूको सम्बोधन गर्न मौजुदा क्षमतालाई बढाउन सहयोग गर्दछ ।

प्रचलनमा रहेको सामाजिक सुरक्षा कार्यक्रम र पद्धतिलाई, प्रकोपका घटनाहरूसँग सामना गर्नलाई प्रयोग गर्न योग्य बनाउने तरिकालाई विपद संवेदनशील सामाजिक सुरक्षा भनिन्छ। सामाजिक सुरक्षा प्रणालीले सामान्य र संकट दुवै खालका परिस्थितीमा प्रभावित मानिसहरूको आवश्यकताहरूलाई सम्बोधन गर्छ र अति आवश्यक सेवालाई सुचारु गर्न तथा आवश्यकताहरूको सम्बोधन गर्न मौजुदा क्षमतालाई बढाउन सहयोग गर्दछ । सामाजिक सुरक्षासँग जोखिम न्यूनीकरण र प्रतिकार्य दुवैलाई सम्बोधनगर्न सक्ने संभावनाहरू छन् । प्रचलनमा रहेको सामाजिक सुरक्षा कार्यक्रम र पद्धतिलाई, प्रकोपका घटनाहरूसँग जुध्नलाई प्रयोग गर्न योग्य बनाउन सकिन्छ।

सामाजिक सुरक्षा प्रणालीलाई विपद् संवेदनशील बनाउन सान्दर्भिक र आवश्यक रहेको विश्वव्यापी अभ्यासहरुले देखाएको छ । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख तथा अल्पसंख्यकलाई मासिक भत्ताको व्यवस्था, बालबालिकाहरूको लागि स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गर्ने, योगदानमा आधारमा श्रमिकलाई सामाजिक सुरक्षा प्रदान गर्नुका साथै मजदुरहरूका लागि न्यूनतम पारिश्रमिक निर्धारण, स्वास्थ्य बीमाको व्यवस्था, किसानहरूलाई कृषिमा अनुदान, बाली बीमा, पशु बीमा, कृषि प्रविधि खरिदमा अनुदान नेपाल सरकारले प्रदान गर्दै आएको छ । विभिन्न विकाश साझेदार, गैरसरकारी संस्था तथा दातृ निकायका श्रोतहरूबाट विपद् पश्चात् नगद तथा जिन्सीमा आधारित सहयोग कार्यक्रम सञ्चालन हुने गरेका छन् । समयमै विपद् संवेदनशीलताको अवधारणालाई अपनाएर हरेक वर्ष हुने विपद्का समय भन्दा पहिले नै पूर्वकार्यको रुपमा सामाजिक सुरक्षा भत्ता वितरण र यस सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको खण्डमा विपद्को उच्च जोखिममा रहेको समुदायका परिवारहरूले सो रकमलाई विपद्को प्रभावबाट सुरक्षित हुनका लागि पूर्व तयारी गर्ने भएको विपद् पछि प्रदान गरिने राहत खर्चलाई कम गर्न सकिन्छ।

### ४.५.२ विपद् संवेदनशील सामाजिक सुरक्षाको आवश्यकता

सामाजिक सुरक्षासँग जोखिम न्यूनीकरण र प्रतिकार्य दुवैलाई सम्बोधनगर्न सक्ने संभावनाहरू छन्। प्रचलनमा रहेको सामाजिक सुरक्षा कार्यक्रम र पद्धतिलाई, प्रकोपका घटनाहरूसँग जुध्नलाई प्रयोग गर्न योग्य बनाउन सकिन्छ। सामाजिक सुरक्षा प्रणालीलाई विपद् संवेदनशील बनाउन सान्दर्भिक र आवश्यक रहेको विश्वव्यापी अभ्यासहरुले देखाएको छ। माथि विस्तृत रुपमा उल्लेख भए जस्तै ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख तथा अल्पसंख्यकलाई मासिक भत्ताको व्यवस्था, बालबालिकाहरूको लागि स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गर्ने, योगदानमा आधारमा श्रमिकलाई सामाजिक सुरक्षा प्रदान गर्नुका साथै मजदुरहरूका लागि न्यूनतम पारिश्रमिक निर्धारण, स्वास्थ्य बीमाको व्यवस्था, किसानहरूलाई कृषिमा अनुदान, बाली बीमा, पशु बीमा, कृषि प्रविधि खरिदमा अनुदान नेपाल सरकारले प्रदान गर्दै आएको छ। विभिन्न

गैरसरकारी संस्था तथा दातृ निकायका श्रोतहरूबाट विपद् पश्चात्  नगद तथा जिन्सीमा आधारित सहयोग कार्यक्रम सञ्चालन हुने गर्दछ । समयमै विपद् संवेदनशीलताको अवधारणालाई अपनाएर हरेक वर्ष हुने विपद्का समय भन्दा पहिले नै पूर्वानुमानमा आधारितपूर्वकार्य (Anticipated/Early Action) रुपमा सामाजिक सुरक्षा भत्ता वितरण र यस सम्बन्धी कार्यक्रम सञ्चालनगरिएको खण्डमा विपद्को उच्च जोखिममा रहेको समुदायका परिवारहरूले सो रकमलाई विपद्को प्रभावबाट सुरक्षित हुनका लागि पूर्व तयारी गर्ने भएको विपद् पछि प्रदान गरिने राहत खर्चलाई कम गर्न सकिन्छ ।

### ४.५.३ विपद् संवेदनशील सामाजिक सुरक्षाको महत्व

सामाजिक सुरक्षा प्रणालीलाई सन्तुलित रूपमा विपदबाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोतसाधनका साथै व्यक्ति, समुदायको जोखिम तथा क्षतिमा उल्लेख्य रूपमा कमी ल्याउन तथा उत्थानशीलता अभिवृद्धि गर्न अति गरिबी अवस्थाबाट गुज्रिरहेका, असहाय अवस्था रहेका, जोखिममा परेका वा उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई  सम्भाव्य जोखिमहरूबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्न आवश्यक रहेको हुन्छ । यसका अतिरिक्त  विपद् संवेदनशील सामाजिक सुरक्षाका महत्व देहाय बमोजिम उल्लेख गरिएको छ  :

- संकटहरूको समयावधि, जटिलता, गम्भीरता र संख्याहरू लगातार बढ्दै गएको अवस्थामा मौजुदा पारम्परिक मानवीय प्रणालीहरूमा बढ्दै गएको भार कम गर्न ।
- विपद्हरूका कारण अकल्पनीय स्तरमा हुने विस्थापितहरूको संख्यामा कमी ल्याउन ।
- पूर्वानुमानित (predicted), बारम्बार आईरहने तथा लामो समयसम्म रहने खालका विपद् (protracted disaster) बाट सिर्जना हुने असर न्यूनीकरण गर्न ।
- छोटो अवधिका मानवीय कार्यक्रमहरूले दीर्घकालीन संकटहरूलाई राम्रोसँग सम्बोधन गर्न नसक्ने हुनाले सामाजिक सुरक्षा जस्ता दीर्घकालीन कार्यक्रमहरूको  सहयोग लिन ।
- विपद् पश्चात्  गरिने प्रतिकार्यहरू भन्दा भईरहेको प्रणालीहरू मार्फत गरिने पूर्वतयारी तथा क्रियाकलापहरूलाई बढी लाभदायी र किफायती बनाउन ।
- आपतकालीन प्रतिकार्य सहज बनाउन ।

### ४.५.४ विपद् संवेदनशील सामाजिक सुरक्षाको विशेषता

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको रूपमा रहेको विपद् संवेदनशील सामाजिक सुरक्षाका विशेषता देहाय बमोजिम उल्लेख गरिएको छ :

- ठूला-ठूला विपद् पछिको परिस्थिति  र स्थानीय आवश्यकतामा भएका परिवर्तनहरूसँग सामना गर्न नियमित सामाजिक सुरक्षा कार्यक्रमहरू र प्रणालीहरुको प्रयोगबाट उत्थानशील समाज निर्माण गर्नमा सघाउ पुऱ्याउँछ ।
- प्रचलनमा रहेको सामाजिक सुरक्षा कार्यक्रम र पद्धतिलाई, प्रकोपका घटनाहरूसँग सामना गर्नलाई प्रयोग गर्न योग्य बनाउँछ  ।
- सामान्य र संकट दुवै खालका परिस्थितिमा प्रभावित मानिसहरूको आवश्यकताहरूलाई सम्बोधन गर्न र विशेषरूपले अति आवश्यक सेवालाई सुचारु गर्न तथा आवश्यकताहरूको सम्बोधन गर्न मौजुदा क्षमता बढाउन (Scale up) सहयोग गर्दछ ।
- जोखिम न्यूनीकरण र प्रतिकार्य दुवैलाई सम्बोधन गर्दै उत्थानशील समाज निर्माण गर्न सहयोग पुऱ्याउँछ।
- मौजुदा  सामाजिक सुरक्षा प्रणालीलाई विपद् संवेदनशील (Shock responsive) बनाउनमा मद्दत गर्दछ ।
- विपद्को उच्च जोखिममा रहेको समुदायका परिवारहरूले विपद्का समय भन्दा पहिले नै विपद् प्रतिकार्यको लागि सामाजिक सुरक्षा भत्ता प्रदान गरी आर्थिक क्षति कम गरीने भएकोले, विपद् पश्चात्  खर्च हुने राहत रकममा कमी ल्याउँदछ ।

### ४.५.५ विपद् र सामाजिक सुरक्षा र मनसुनजन्य विपद्को अन्तरसम्बन्ध

*विषयवस्तुसँग सम्बन्धित चित्र तथा पोष्टरको प्रयोग गरी छलफलबाट विषयवस्तु प्रस्ट्याउने विधि नै* ***चित्र तथा पोष्टर छलफल*** *विधि हो । यसबाट सहभागीको सिकाई स्थायी हुन्छ । सहजकर्ताले चित्र तथा पोष्टर छलफलको विस्तृत जानकारीको लागि २.६.६ मा पनि गएर अध्ययन गर्नु होला।*

# विपद् उत्तरदायी सामाजिक सुरक्षा

## सामाजिक सुरक्षा र मनसुनजन्य विपद्को अन्तरसम्बन्ध


विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण नियमावली २०७६ ले विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने कुरा उल्लेख गरेको छ । त्यसै गरी उक्त ऐनले उच्च सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरणका कार्य सञ्चालन गर्ने, गराउने समेत उल्लेख गरेको छ । नेपालको संविधान २०७२ को धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरेको छ ।

यो सन्दर्भमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको सम्बन्ध सामाजिक सुरक्षासँग स्थापित गरी विपद् पूर्वकार्य तथा प्रतिकार्यसँग सम्बन्धित गतिविधिहरूमा सामाजिक सुरक्षा प्रणालीका विद्यमान तथ्याङ्क तथा स्थापित संयन्त्रहरूको प्रयोग गरी विपद् उत्तरदायी सामाजिक सुरक्षाको सुनिश्चितता गर्न सकिन्छ ।

विपद् उत्तरदायी सामाजिक सुरक्षाले विपद पूर्व समग्र रूपमा जोखिम न्यूनीकरण गर्न र सामाजिक र आर्थिक रूपले जोखिममा रहेका समुदाय वा समूहको जोखिम बहन क्षमता विस्तार गर्नुका साथै विपद् पश्चात् सामाजिक सुरक्षाका कार्यक्रम र प्रणालीको उपयोग गरी कम लागतमा छिटो र प्रभावकारी ढङ्गले सेवा, राहत तथा विभिन्न प्रतिकार्यहरू गर्न सहयोग गर्दछ ।

### तसर्थ: यी कार्यहरू अवश्य गरौं र गराऊँ

- विपद्को समयमा पनि विभिन्न विकल्पहरू प्रयोग गरी सबै लाभग्राहीले सामाजिक सुरक्षा भत्ता समयमै पाउने सुनिश्चितता गरौं
- विपद्को समयमा लाभग्राहीमा पर्न सक्ने जोखिम आङ्कलन गरी सामाजिक सुरक्षा भत्ताको लागि दर्ता तथा नवीकरण गर्दा विशेष प्रावधान र विकल्प को व्यवस्था गरौं
- विपद् पर्नु अगाडी नै सामाजिक सुरक्षा भत्ताको रकम हस्तान्तरण गरी लाभग्राहीलाई सजिलो पारौं
- विपद्को समयमा अति संकटासन्न वर्ग (सामाजिक सुरक्षा भत्ताका लाभग्राही) लगायत सुत्केरी, गर्भवती, विपन्न, असहाय व्यक्तिहरूलाई प्राथमिकता दिई उनीहरूका विशिष्टीकृत आवश्यकताहरू सम्बोधन गरौं
- विपद् पूर्व सूचना, पूर्व कार्य तथा विपद् पश्चात् राहत वितरण र सेवा प्रदान गर्दा विद्यमान सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क, प्रणाली र संयन्त्र प्रयोग गरौं




| क्र. सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम रु. |
|---|---|---|---|
| १. | जेष्ठ नागरिक | जेष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका) | ४०००।०० |
| २. | अन्य जेष्ठ नागरिक दलित नागरिक | ६० वर्ष उमेर पुगेका साबिक कर्णालीका जिल्लाहरूका नागरिक, ६० वर्ष उमेर पुगेका देशभरिका दलित नागरिक | २६६०।०० |
| ३. | एकल महिला | ६० वर्ष उमेर पुगेका सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, न्यायिक पृथकिकरण गरी बसेका महिला | २६६०।०० |
| ४. | विधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका महिला | २६६०।०० |
| ५. | पूर्ण अपाङ्गता भएका | सम्बन्धित निकायबाट क वर्ग अर्थात् रातो रङ्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरु | ३९९०।०० |
| ६. | अति अशक्त अपाङ्गता | सम्बन्धित निकायबाट ख वर्ग अर्थात् निलो रङ्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | २१२८।०० |
| ७. | लोपोन्मुख जाति | कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, कसवाडिया (पत्थरकट्टा सुलकट कुशबधिया र कुचबधिया) | ३९९०।०० |
| ८. | बालबालिका | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची (५) बमोजिम नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरीका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई | ५३२।०० |

प्रतिबद्ध

Funded by European Union Humanitarian Aid

People in Need

CSRC

SWN

Save the Children

## ४.६ सत्र ६ : विपद् संवेदनशील सामाजिक सुरक्षाको विधिहरु



| | |
|---|---|
| **सत्रको उद्देश्य** | विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रकारबारे सहभागीलाई जानकारी दिने । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रकार | व्याख्यान | ४५ |
| विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रकारहरु बीचको तुलना | मस्तिष्क मन्थन | ४५ |
| **कुल समय** | | ९० |

### सहजकर्ता मार्गदर्शनः

यस सत्रमा सहजकर्ताले १ घण्टा १५ मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले विषयको व्याख्यान तथा सामाजिक सुरक्षा सम्बन्धि नीतिगत व्यवस्थाको बारेमा मस्तिष्क मन्थन मार्फत सहजीकरण गर्नुपर्दछ। सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका  सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ। सहजकर्ताले

यस सत्र **विपद् संवेदनशील सामाजिक सुरक्षा**कालागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ ।

## अध्ययन सामग्री

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) विपद् संवेदनशील सामाजिक सुरक्षाका विधिहरू
2) विपद् संवेदनशील सामाजिक सुरक्षाको विधिहरु बीचको तुलना

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्व एकपटक पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ ।

## ४.६.१ विपद् संवेदनशील सामाजिक सुरक्षाका विधिहरू

विपद् संवेदनशील सामाजिक सुरक्षा विपद् व्यवस्थापनको क्षेत्रमा एउटा नयाँ अवधारणा हो, जसले विपद्को समयमा सामाजिक सुरक्षा प्रणालीलाई अनुकूल बनाएर प्रभावित व्यक्तिहरूलाई सहयोग पुऱ्याउने लक्ष्य राखेको हुन्छ । यस अवधारणाले विशेष गरी कोभीढ महामारीको प्रतिकार्यमा केही राम्रो परिणाम देखाएको छ, जहाँ विभिन्न देशहरूले यसलाई प्रयोग गरेर विपद्मा परेका व्यक्तिहरूलाई सहयोग पुऱ्याएका थिए । यसको प्रयोगको बारेमा विभिन्न देशहरुमा धेरै राम्रो उदाहरणहरू पाइएको भएता पनि यस विषयमा समान धारणा विकास भएको छैन, किनकि विभिन्न देशहरू र संस्थाहरूले यसलाई आफ्नै तरिकामा प्रयोग गरिरहेका छन् ।

आधारभूत रूपमा, विपद् संवेदनशील सामाजिक सुरक्षालाई दुई प्रमुख चरणमा विभाजित गर्न सकिन्छ:

- **एक्स आन्टः** यसमा विपद् आउनु अगावै प्रणालीहरू निर्माण गर्ने, योजनाहरू तयार गर्ने र साझेदारीहरू स्थापना गर्ने कार्य गरिन्छ, जसले आपतकालीन प्रतिकार्यलाई सजिलो बनाउँछ ।
- **एक्स पोष्टः** यसले विपद् भइसकेपछि प्रभावित घरपरिवारलाई सहयोग पुऱ्याउने कार्यलाई जनाउँछ ।

यसै गरी, विपद् संवेदनशील सामाजिक सुरक्षाका विभिन्न विकल्पहरू र प्रकारहरूको बारेमा केही हदसम्म समान बुझाई रहेको छ । विभिन्न विधिहरु प्रयोग गरी, विपद् संवेदनशील सामाजिक सुरक्षामा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमहरू र प्रणालीहरूलाई ठूलो स्तरको विपद्मा समेत अनुकुलीत गराउन सकिने कुरा विगतका विभिन्न प्रयोगहरुले देखाएको छ, जस अनुसार अन्तर्राष्ट्रिय स्तरमा निम्नानुसारका विधिहरू प्रचलनमा रहेका छन् ।

### *४.६.१.१ श्रोत, साधन तथा समयमा फेरबदल (डिजाइन ट्विक्स)*

श्रोत, साधन तथा समयमा फेरबदल नियमित सामाजिक सुरक्षा कार्यक्रममा गरिने आवश्यक समायोजनहरू हुन सक्छन् । विपद्को समयमा विद्यमान समाजिक सुरक्षा लाभग्राहीहरूको लागि नियमित सेवा कायम राख्न सेवाहरूको नियमहरूमा लचिलोपना ल्याउन सकिन्छ (उदाहरणका लागि, पूर्वनिर्धारित सर्तहरूमा छुट दिएर, लचिलोपना देखाएर तथा कर चुक्ता गर्ने अवधिलाई बढाएर) । वैकल्पिक रूपमा समाजिक सुरक्षा कार्यक्रमको समायोजन (उदाहरणका

लागि, भुक्तानी तालिका परिवर्तन गरेर जस्तो, मनसुन पछि दिइने सामाजिक सुरक्षा मनसुन अगावै दिने), मार्फत सेवाग्राहीहरूको जोखिमहरूलाई न्यूनीकरण गर्न सकिने । जस्तो ३ दिन पछि मुसलधारे वर्षा हुँदैछ र कुनै क्षेत्रमा डुबान हुँदैछ भने, २ महिना पछि दिइने सामाजिक सुरक्षा भत्ता, तत्काल दिन सक्ने व्यवस्था गर्ने ताकि त्यो पैसा, सामाजिक सुरक्षाका लाभाग्राहीहरू, आफ्नो जनधनको सुरक्षार्थ खर्च गर्न सकुन् ।



| | | | | |
|---|---|---|---|---|
| श्रोत, साधन तथा समयमा फेरवदल **डिजाइन ट्वीक्स** | उपलब्ध तथ्यांक तथा प्रणालीको प्रयोग **पिग्गी ब्याकीङ** | विद्यमान कार्यक्रममा समय तथा पैसाको बढोत्तरी **भर्टीकल एक्सपान्सन** | विद्यमान कार्यक्रममा लाभग्राहीको बढोत्तरी **होरीजेन्टल एक्सपान्सन** | सहायताको समानान्तर परीचालन **स्याडो अलाइनमेन्ट** |

### *४.६.१.२ विद्यमान कार्यक्रममा समय तथा पैसाको बढोत्तरी वा ठाडो विस्तार (भर्टीकल एक्सपान्सन)*

विद्यमान लाभग्राहीहरूको अतिरिक्त आवश्यकताहरू पूरा गर्न सामाजिक सुरक्षा कार्यक्रमको रकम वा अवधिलाई अस्थायी रूपमा वृद्धि गर्नुलाई ठाडो विस्तार भन्न सकिन्छ । ठाडो विस्तार सामाजिक सुरक्षा कार्यक्रमहरूको एउटा प्रभावकारी उपाय हो, जसले विपद् वा संकटको समयमा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमहरूलाई अस्थायी रूपमा वृद्धि गरेर प्रभावित जनसंख्यालाई थप सहयोग पुर्‍याउँछ । यस प्रकारको विस्तार अन्तर्गत, सामाजिक सुरक्षा कार्यक्रमको रकम, सेवा, वा सहयोगको अवधि बढाइन्छ, ताकि संकटमा परेका जनसमूहहरूको तत्काल आवश्यकताहरू पूरा गर्न सकियोस् । ठाडो विस्तार विशेष गरी तत्काल राहतको आवश्यकता भएका अवस्थामा प्रयोग गरिन्छ, जसले गर्दा प्रभावित जनसंख्यालाई थप सुरक्षा र सहयोग प्रदान गर्न मद्दत गर्दछ । यस प्रक्रियामा, पहिले नै सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरूलाई नै आधार बनाई, ती कार्यक्रमहरूको पहुँच र प्रभावकारिता बढाउन प्रयास गरिन्छ । ठाडो विस्तारको मुख्य लक्ष्य संकटमा परेका परिवारहरूलाई थप सहायता पुर्‍याउनु हो, जसले उनीहरूको आर्थिक बोझलाई केही हदसम्म कम गर्न मद्दत गर्दछ । यसले प्रभावित व्यक्तिहरूलाई संकटको समयमा न्यूनतम आवश्यकता जस्तै खाद्य सुरक्षा, स्वास्थ्य सेवा, र अन्य आधारभूत आवश्यकता पूरा गर्ने अवसर दिन्छ । ठाडो विस्तारले दीर्घकालीन रुपमा पनि सकारात्मक योगदान पुर्‍याउँछ । संकटको समयमा अस्थायी विस्तार गरिएका सेवाहरूले प्रभावित जनसंख्याको

सशक्तीकरण गर्न मद्दत गर्दछ र उनीहरूको पुनर्स्थापनामा सहयोग पुऱ्याउँछ । यसले उनीहरूको जीवनस्तर सुधार गर्न, आर्थिक स्थायित्व कायम राख्न, र सामाजिक सुरक्षामा सुदृढीकरण ल्याउन मद्दत गर्दछ ।

स्रोत साधन र व्यवस्थापनमा सन्तुलन कायम गर्दै ठाडो विस्तारले लागत प्रभावकारी उपायहरूको रुपमा पनि कार्य गर्दछ । विद्यमान संरचनाहरूमा नै वृद्धि गर्नाले नयाँ कार्यक्रम सुरु गर्नु नपरी, स्रोत साधनको राम्रो उपयोग सम्भव हुन्छ । यसले गर्दा विपद् व्यवस्थापनमा समयको बचत हुनसक्छ र तत्काल प्रभावकारी सहायता पुऱ्याउन सम्भव हुन्छ । ठाडो विस्तारले सामाजिक सुरक्षा कार्यक्रमहरूलाई विपद् प्रतिक्रियात्मक बनाउन महत्वपूर्ण भूमिका खेल्छ । यसले विपद् व्यवस्थापनमा प्रभावकारी सहयोग पुऱ्याउँछ र समाजका कमजोर वर्गलाई संकटको समयमा सुरक्षित राख्न मद्दत गर्दछ । यस प्रकारको विस्तारले दीर्घकालीन पुनर्स्थाापना प्रक्रियालाई पनि सहज बनाउँछ, किनकि यसले विपद्मा प्रभावित समूदायको तत्काल आवश्यकताहरू पूरा गर्ने कार्य गर्दछ । यसरी, ठाडो विस्तार विपद् व्यवस्थापनको एउटा महत्वपूर्ण उपकरण हो, जसले विद्यमान कार्यक्रमहरूको दायरा र सहयोगको स्तर विस्तार गरी समाजमा थप स्थायित्व र सुरक्षा प्रदान गर्न मद्दत पुऱ्याउँछ ।

### विद्यमान कार्यक्रममा लाभग्राहीहरूको बढोत्तरी वा क्षितिजीय विस्तार (होरीजेन्टल एक्सपान्सन)

क्षितिजीय विस्तार विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमको अर्को प्रभावकारी प्रकार हो, जसले विपद्को समयमा सामाजिक सुरक्षा कार्यक्रमको दायरा र लाभग्राहीहरूको सङ्ख्या विस्तार गरेर थप जनसंख्यालाई सहयोग पुऱ्याउँछ । यस प्रकारको विस्तार अन्तर्गत, नयाँ भौगोलिक क्षेत्रहरू, थप लाभग्राहीहरु, वा संकटबाट प्रभावित समुदायहरूलाई अस्थायी रूपमा समावेश गरिन्छ, जसले गर्दा संकटको समयमा थप जनसमूहहरूले आवश्यक सहयोग प्राप्त गर्न सक्छन् । क्षितिजीय विस्तारको मुख्य उद्देश्य सामाजिक सुरक्षा कार्यक्रमहरूको पहुँचलाई बढाउनु हो, ताकि संकटमा परेका थप जनसंख्याले यसबाट लाभ लिन सकून् । यो विधि विशेष गरी ती क्षेत्रमा लागू गरिन्छ जहाँ विपद्को कारणले नयाँ जनसङ्ख्या समूहहरू प्रभावित भएका हुन्छन् । यस प्रक्रियामा, दर्ता प्रक्रियामा परिवर्तन, थप भौगोलिक स्थानहरूको समावेश, वा नयाँ लाभग्राहीहरूको दर्ता जस्ता कदमहरू चालिन्छ । यसले गर्दा विपद्को समयमा प्रभावित जनसंख्यालाई थप सेवा र सहयोग पुऱ्याउन सकिन्छ । यस प्रकारको विस्तारले विपद् व्यवस्थापनलाई थप समावेशी बनाउँछ, किनकि यसले विद्यमान कार्यक्रमहरूको लाभ, नियमित लाभग्राहीहरूमा मात्र सीमित नरही संकटमा परेका नयाँ समूहहरूमा पनि पुऱ्याउँछ । क्षितिजीय विस्तारले विपद्को समयमा सामाजिक सुरक्षा कार्यक्रमहरूको लचकता र उत्तरदायित्व क्षमता बढाउँछ, जसले गर्दा विपद्को असरलाई कम गर्न र प्रभावित जनसंख्याको दैनिकीलाई सुधार गर्न मद्दत गर्दछ । क्षितिजीय विस्तारको अर्को महत्वपूर्ण पक्ष भनेको यसले सामाजिक सुरक्षा कार्यक्रमहरूलाई थप

पहुँचयोग्य र व्यापक बनाउन सक्नु हो । यस प्रकारको विस्तारले नयाँ क्षेत्रमा सामाजिक सुरक्षा कार्यक्रमहरू पुऱ्याएर, दायरा बढाएर र अस्थायी रूपमा नयाँ लाभग्राहीहरूको समावेश गरेर संकट व्यवस्थापनलाई प्रभावकारी बनाउँछ । यसले गर्दा प्रभावित समुदायहरूले आफ्नो आर्थिक संकटलाई कम गर्न र आफ्नो जीवनलाई सामान्य बनाउन मद्दत पुऱ्याउँछ। स्रोत साधनको दृष्टिकोणबाट पनि, क्षितिजीय विस्तारले विद्यमान संरचनाहरूमा आधारित रहेर नयाँ समूहहरूको समावेश गर्न मद्दत गर्दछ। यसले विपद् व्यवस्थापनमा समय र लागतको दृष्टिले पनि प्रभावकारिताको सुनिश्चितता दिन्छ ।

समग्रमा, क्षितिजीय विस्तारले विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारिता र समावेशितालाई बढाउँछ । यसले विपद् व्यवस्थापनलाई थप लचिलो र उत्तरदायी बनाउँदै, प्रभावित जनसंख्याको तत्काल आवश्यकताहरू पूरा गर्न महत्वपूर्ण भूमिका खेल्छ । यस प्रकारको विस्तारले विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउँछ र दीर्घकालीन पुनर्स्थापनालाई पनि सहज बनाउन मद्दत गर्दछ।

### उपलब्ध तथ्याङ्क तथा प्रणालीको प्रयोग (पिग्गीब्याकिङ):

पिग्गीब्याकिङ विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमको एक महत्वपूर्ण विधि हो, जसले विद्यमान सामाजिक सुरक्षा प्रणाली वा कार्यक्रमको केही अंशलाई प्रयोग गरेर विपद् व्यवस्थापनमा थप सहयोग पुऱ्याउँछ । यस विधिमा, नयाँ कार्यक्रम सुरु गर्नुको सट्टा, पहिले नै सञ्चालनमा रहेका सामाजिक सुरक्षा कार्यक्रमहरूको तत्वहरूलाई उपयोग गरिन्छ । पिग्गीब्याकिङले विद्यमान संरचनाहरूमा आधारित रहेर अस्थायी रूपमा नयाँ आवश्यकता पूरा गर्न मद्दत गर्दछ, जसले विपद् व्यवस्थापनलाई छिटो र प्रभावकारी बनाउँछ। पिग्गीब्याकिङ अन्तर्गत, विपद्को समयमा विशेष गरी सामाजिक सुरक्षा प्रणालीमा समावेश गरिएका विशेष समूहहरूलाई लक्षित गरी सहयोग विस्तार गरिन्छ । उदाहरणका लागि, विपद्को समयमा गरिबीमा रहेका परिवारहरू, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला जस्ता सामाजिक सुरक्षा लाभग्राहीलाई पहिले नै पाइरहेको भत्ता वा सुविधामा थप गरेर संकट व्यवस्थापनमा योगदान पुऱ्याउन सकिन्छ । यसले संकटग्रस्त समूहहरूलाई थप सुरक्षित महसुस गराउन र उनीहरूको जीवनस्तरमा स्थायित्व ल्याउन मद्दत गर्दछ । नयाँ संरचना निर्माण गर्ने समय, स्रोत र खर्च बचत गर्नु यस विधिको विशेषता हो । यसले विद्यमान तथ्याङ्क र व्यवस्थाहरूको प्रयोग गरेर संकटको समयमा प्रभावित समुदायहरूको पहिचान र सहयोग वितरणमा सजिलो हुन्छ । उदाहरणका लागि, सरकारले विद्यमान सामाजिक सुरक्षा प्रणालीबाट लाभ लिइरहेका व्यक्तिहरूको तथ्याङ्क प्रयोग गरेर थप सहयोग पुऱ्याउन सक्छ । यसरी, विपद्को समयमा सहायता पुऱ्याउन का लागि पिग्गीब्याकिङ एक प्रभावकारी र सस्तो उपाय हो । पिग्गीब्याकिङले संकट व्यवस्थापनलाई थप समावेशी र सुदृढ बनाउँछ, किनकि यसले सामाजिक सुरक्षा कार्यक्रमहरूको पहुँच र प्रभावकारितालाई विस्तार गर्न मद्दत

गर्दछ । विपद्को समयमा विद्यमान प्रणालीहरूमा नै आधारित रहेर थप लाभ पुऱ्याउने भएकाले, यसले समुदायमा विश्वसनीयता र स्थायित्व कायम राख्न सक्नेछ । यसले दीर्घकालीन पुनर्स्थापनामा पनि सहयोग पुऱ्याउँछ, किनकि प्रभावित समुदायहरूले तत्काल राहतको साथसाथै विद्यमान सहयोगलाई निरन्तरता दिने अवसर पाउँछन् । जस्तो हामीसँग सिमित श्रोत साधन छ र कुनै समुदायमा डुबानको समस्या हुँदैछ भने त्यस समुदायका अपाङ्गता भएका व्यक्ति अथवा दलित महिला जस्ता सामाजिक सुरक्षा लाभग्राहीलाई उनीहरूले पाइरहेको भत्ता वा सुविधामा मात्र थप गरेर पनि विद्यमान प्रणालीलाई विपद् संवेदनशील बनाउन सकिन्छ ।

### थप मानवीय सहायताको समानान्तर परिचालन वा मिलान (स्याडो अलाइनमेन्ट)

समानान्तर परिचालन वा मिलान विपद् संवेदनशील सामाजिक सुरक्षाको एक प्रकार हो, जसमा सरकारको नेतृत्वमा जारी विद्यमान सामाजिक सुरक्षा कार्यक्रमलाई असर नगरी थप मानवीय सहायता प्रदान गरिन्छ । यो विधि अन्तर्गत, विद्यमान सामाजिक सुरक्षा कार्यक्रमहरूले समेटेको लाभग्राहीहरूको तथ्याङ्क र सेवाहरूलाई उपयोग गरेर समानान्तर रूपमा नयाँ कार्यक्रमहरू सञ्चालन गरिन्छ । यसरी, विपद्को समयमा प्रभावित समुदायहरूलाई थप सहयोग पुऱ्याउन, विद्यमान संरचनालाई प्रभावित नगरी नयाँ कार्यक्रमहरूको परिचालन गर्न सकिन्छ । समानान्तर परिचालनले विद्यमान सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढीकरण गर्नुको सट्टा, विद्यमान संरचना र तथ्याङ्कको प्रयोग गरेर नयाँ कार्यक्रमहरूलाई सहकार्यमा सञ्चालन गरिन्छ । उदाहरणका लागि, कुनै संकटको समयमा, सरकारी सामाजिक सुरक्षा कार्यक्रमको तथ्याङ्क प्रयोग गरी, गैर-सरकारी संस्था वा अन्तर्राष्ट्रिय सहायता समूहहरूले समानान्तर रूपमा राहत कार्यक्रम सञ्चालन गर्न सक्छन् । यसले कार्यक्रमहरूबीचको दोहोरोपन घटाउँछ र प्रभावकारिता बढाउँछ ।

समानान्तर परिचालन विधि विशेष गरी संकटको समयमा थप मानवीय सहायता आवश्यक भएको अवस्थामा प्रभावकारी हुन्छ । यो विधिले संकट व्यवस्थापनमा विद्यमान कार्यक्रमहरूमा अवरोध नगरिकन थप सहयोग पुऱ्याउन मद्दत गर्दछ । यसले संकट व्यवस्थापनमा सहकार्य र समन्वयको नयाँ दृष्टिकोणलाई प्रवर्द्धन गर्छ, जसले गर्दा विभिन्न संस्थाहरूबीचको सहकार्यलाई बढावा दिन्छ । यो दृष्टिकोणले सामाजिक सुरक्षा कार्यक्रमहरूको पहुँच र प्रभावकारितालाई वृद्धि गर्छ र संकटग्रस्त समुदायहरूलाई थप सुरक्षाको अनुभूति गराउँछ ।

समानान्तर परिचालन अन्य प्रकारहरू भन्दा फरक छ, किनकि यसले विद्यमान कार्यक्रमहरूलाई विस्तार नगरी, उनीहरूकै तथ्याङ्क र सेवाहरूको प्रयोग गरेर समानान्तर रूपमा नयाँ कार्यक्रमहरू सञ्चालन गर्छ । यसमा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमको दायरा र सेवामा प्रत्यक्ष परिवर्तन गरिँदैन, तर थप कार्यक्रमहरूलाई समन्वय गरेर सञ्चालित गरिन्छ । यसरी, यो विधिले विद्यमान कार्यक्रमहरूलाई प्रभावित

नगरिकन थप सहयोग पुऱ्याउन सम्भव बनाउँछ, जसले गर्दा विपद्को समयमा समन्वय र सहयोगको वातावरण सिर्जना हुन्छ। यस विधिको प्रमुख फाइदा भनेको यसले विपद् व्यवस्थापनमा सहकार्य र समन्वयलाई बढावा दिन्छ, जसले गर्दा विपद्को समयमा प्रभावकारी सहयोग प्रदान गर्न सजिलो हुन्छ। यसले संस्थागत संरचनाहरूबीचको सम्बन्धलाई सुदृढ बनाउँछ र कार्यक्रमहरूको प्रभावकारिता बढाउँछ। यसरी, समानान्तर परिचालन विपद् संवेदनशील सामाजिक सुरक्षाको एक महत्वपूर्ण उपकरण हो, जसले प्रभावित जनसंख्यालाई समयमै र समन्वयित रूपमा आवश्यक सहयोग पुऱ्याउन मद्दत गर्दछ।

### ४.६.२ विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रकारहरु बीचको तुलना

| पक्ष | डिज़ाइन ट्विक्स | ठाडो विस्तार | क्षितिजीय विस्तार | पिग्गीब्याकिङ | स्याडो अलाइन्मेन्ट |
|---|---|---|---|---|---|
| **परिभाषा** | विद्यमान कार्यक्रमहरूमा छनौटको मापदण्ड, फाइदाहरू, वा नयाँ फाइदाहरू थप्ने। | विद्यमान कार्यक्रमको गहिराई बढाउने, जस्तै थप लाभग्राहीहरू समावेश गर्ने वा फाइदाहरू बढाउने। | सामाजिक सुरक्षा कार्यक्रमलाई नयाँ क्षेत्रमा वा थप लाभग्राहीमा विस्तार गर्ने। | विद्यमान सामाजिक सुरक्षा प्रणालीको उपयोग गरेर थप सहयोग पुऱ्याउने। | सामाजिक सुरक्षा प्रयासहरूलाई अन्य क्षेत्रहरूसँग मिलाएर सहकार्य गर्ने। |
| **केन्द्रित क्षेत्र** | विद्यमान कार्यक्रमहरूको विवरणहरूमा परिवर्तन गर्ने। | विद्यमान कार्यक्रमहरूको सहयोगलाई गहिरो बनाउने। | सामाजिक सुरक्षा कार्यक्रमको पहुँच र कवरेज बढाउने। | विद्यमान प्रणालीहरूको उपयोग गरेर छिटो प्रतिक्रिय दिने। | अन्य क्षेत्रहरूको सहकार्यमा समन्वय गर्ने। |
| **कार्यक्रमहरूमा परिवर्तन** | योग्यताको मापदण्ड, फाइदाहरूको स्तर परिवर्तन, वा नयाँ अस्थायी फाइदाहरू थप्ने। | विद्यमान ढाँचाभित्र कवरेज वा फाइदाहरू बढाउने। | नयाँ कार्यक्रमहरू थप्ने वा नयाँ क्षेत्र वा लाभग्राहीहरूमा विस्तार गर्ने। | विद्यमान कार्यक्रमहरूको कोर डिजाइन परिवर्तन नगरिकन तिनीहरूको वितरण प्रणाली प्रयोग गर्ने। | सामाजिक सुरक्षा कार्यक्रमहरूमा सिधा परिवर्तन नगरिकन अन्य क्षेत्रहरूसँग समन्वय गर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| **विद्यमान प्रणालीहरूको उपयोग** | हुन्छ, विद्यमान प्रणालीभित्रै परिमार्जन । | हुन्छ, विद्यमान प्रणालीहरूको प्रयोग तर ठाडो विस्तार गरी । | आंशिक रूपमा, नयाँ कार्यक्रमहरू थप्ने तर विद्यमान वितरण प्रणाली पनि प्रयोग हुन सक्छ । | हुन्छ, पूर्ण रूपमा विद्यमान प्रणालीहरूमा आधारित । | बाह्य प्रणालीहरूसँग समन्वय गर्दछ तर सामाजिक सुरक्षा कार्यक्रमहरूमा प्रत्यक्ष परिवर्तन गर्दैन । |
| **कार्यान्वयनको गति** | छिटो, किनकि यसले वर्तमान संरचनाहरू प्रयोग गर्छ र न्यूनतम परिवर्तन गर्छ । | तुलनात्मक रूपमा छिटो, तर क्षमता बढाउन समायोजन आवश्यक पर्न सक्छ । | ढिलो, किनकि नयाँ कार्यक्रम स्थापना गर्न वा विद्यमानलाई विस्तृत गर्न समय लाग्छ । | छिटो, वितरण प्रणालीको तदारुकताको प्रयोग गरेर छिटो कार्यान्वयन । | फरक पर्छ, विभिन्न क्षेत्रहरूबीचको समन्वयको गतिमा भर पर्छ । |
| **स्रोत आवश्यकता** | मध्यम, विद्यमान बजेटभित्र परिमार्जन गर्ने वा अस्थायी रूपमा बढाउन आवश्यक । | उच्च, बढाइएको फाइदाहरूको लागि थप स्रोतहरू आवश्यक । | उच्च, नयाँ कार्यक्रमहरू र क्षेत्रका लागि थप स्रोत आवश्यक । | न्यूनदेखि मध्यम, स्रोतको उपयोगमा अधिकतम दक्षता । | फरक पर्न सक्छ, अन्य क्षेत्रहरूसँग समन्वयमा आधारित । |
| **लल्चकता** | उच्च, तत्काल आवश्यकताहरू मा छिटो अनुकूलित गर्न सकिन्छ । | मध्यम, वर्तमान लाभग्राही पूलभित्रको सहयोग बढाउँछ । | उच्च, नयाँ क्षेत्र वा जनसंख्यामा विस्तार गर्न सक्छ । | उच्च, विद्यमान प्रणालीहरूको उपयोग गरेर छिटो अनुकूलन । | उच्च, समन्वयले विभिन्न क्षेत्रहरूलाई समाहित गर्न सहयोग पुऱ्याउँछ । |
| **मुख्य फाइदा** | तत्काल आवश्यकताहरू पूरा गर्न छिटो समायोजन । | विद्यमान समर्थनलाई सुदृढ गर्दै कार्यक्रमको क्षमता सुधार । | कवरेज र समावेशितालाई बढाउँदै सामाजिक सुरक्षा उपायहरूको पहुँच । | तत्काल वितरणको लागि विद्यमान प्रणालीको प्रभावकारी प्रयोग । | दोहोरोपन टाढा राख्दै सामाजिक सुरक्षा प्रयासहरूको प्रभावकारिता बढाउने । |
| **मुख्य कमजोरी** | कवरेज विस्तार नगरी विद्यमान कार्यक्रम सीमाहरूमा सीमित । | बढ्दो मागसँग स्रोत र प्रणालीमा दबाब पर्न सक्छ । | ढिलो कार्यान्वयन र स्रोत गहन; धेरै सेटअप आवश्यक । | विद्यमान प्रणालीको बलमा निर्भर; डिजाइनमा सीमित लचकता । | संकटको समयमा समन्वयको चुनौती; प्रभावकारितामा निर्भर । |

**खेल विधिको प्रयोग**



सहजकर्ताले प्रशिक्षणको क्रममा शिक्षक-विद्यार्थी खेल खेलाउन सक्छन् । यो विधि विपद् संवेदनशील सामाजिक सुरक्षाका पाँच प्रकार र तिनका मुख्य विशेषता सिकाउन डिजाइन गरिएको हो । यो विधिले सहभागीहरूलाई विधिहरू र विशेषता सजिलै सम्झन सहयोग गर्छ ।

यस विधिमा, पहिलो चरणमा पाँच सहभागीलाई शिक्षकको भूमिका लिन भनिन्छ । तर, धेरैजसो सहभागीहरू यो भूमिका लिन हिचकिचाउँछन् । उनीहरू शिक्षक हुनुलाई गाह्रो ठान्न सक्छन् । पाँचजना विद्यार्थीको भूमिका लिन सजिलै तयार हुन्छन् । विद्यार्थीको भूमिकामा, शिक्षकको कुरा सुने मात्र पुग्ने सोच्छन् र विद्यार्थीको भूमिका लिन होड बाजी गर्छन । तर, भूमिका खेल्ने क्रममा अवस्था बदलिन्छ । शिक्षकहरूलाई विपद् संवेदनशील सामाजिक सुरक्षा विधि र विशेषता लेखिएका कागज दिइन्छ । उनीहरूले विद्यार्थीहरूलाई यो सामग्री पढेर मात्र सुनाउँछन् । तर विद्यार्थीहरूले भने सबै पाँचै जना शिक्षक कहाँ गएर पढ्ने तथा सबै विधि र विशेषता सम्झन सक्नु पर्दछ । यसकारण पनि विद्यार्थीहरू सक्रिय भएर शिक्षकहरूसँग राम्ररी अध्ययन गर्दछन् । अन्य सहभागीहरुलाई पर्यबेक्षक बनाउन सकिन्छ र उनीहरुले पनि सम्झे नसम्झेको सोध्न सकिन्छ । अभ्यासको अन्त्यमा सबै सहभागीले विपद् संवेदनशील सामाजिक सुरक्षाका पाँच विधि र विशेषता सम्झन्छन् । यो खेलले सिकाई रमाइलो र प्रभावकारी बनाउन सक्छ ।

तर, यो कार्यक्रम स्थानीय सरकारका कर्मचारीका लागि भएकाले, उनीहरू यो खेल खेल्न इच्छुक छन् या छैनन् भन्ने कुरा सहजकर्ताले सुनिश्चित गर्नु पर्दछ । यदि उनीहरू खेल्न चाहँदैनन् भने, सहजकर्ताले यो विधि प्रयोग गर्नु हुँदैन । यस खेलमा पाँच जना शिक्षकले पढाउने पाँच विषयहरु निम्नानुसार हुन सक्छन् ।

**लाभग्राहीहरूको विस्तार (होरीजेन्टल एक्सपान्सन):**

- नयाँ भौगोलिक क्षेत्रलाई समावेश गर्नु
- विपद् पछि नयाँ लाभग्राही दर्ता

- प्रभावित समुदायलाई अस्थायी सहयोग

**समय र रकमको बढोत्तरी (भर्टीकल एक्सपान्सन):**

- अस्थायी रूपमा भत्ता बढाउनु
- संकटमा सहयोग अवधि विस्तार गर्नु
- तत्काल राहतका लागि थप सहायता

**समानान्तर परिचालन वा मिलान (स्याडो अलाइनमेन्ट):**

- विद्यमान प्रणालीसँगै समानान्तर कार्यक्रम सञ्चालन
- सेवाहरूलाई बाधा नगरी सहायता दिनु
- स्थानीय संरचनासँग गैर-सरकारी समन्वय

**श्रोत, साधन तथा समयमा फेरबदल (डिजाइन ट्विक्स):**

- लचिलो सेवाका लागि सर्त परिवर्तन
- संकटमा भुक्तानी तालिका समायोजन
- सहायता वितरणको समयसीमा लम्ब्याउने

**उपलब्ध तथ्याङ्क तथा प्रणालीको प्रयोग (पिग्गीब्याकिङ):**

- विद्यमान सामाजिक सुरक्षा तथ्याङ्क प्रयोग।
- चालु प्रणालीबाट विपद् व्यवस्थापन।
- विद्यमान कार्यक्रमद्वारा लक्षित समूहलाई सहायता।

**श्रोत, साधन तथा समयमा फेरबदल (डिजाइन ट्विक्स):**

- लचिलो सेवाका लागि सर्त परिवर्तन: विपद्को समयमा अनिवार्य सर्तहरूमा छुट दिनु, जस्तै बैंक खाता नहुँदा पनि लाभ प्राप्त गर्न मिल्ने बनाउनु
- संकटमा भुक्तानी तालिका समायोजन: मनसुन अगावै सामाजिक सुरक्षा भत्ता समयअघि वितरण गरी लाभग्राहीलाई तयारी गराउनु
- सहायता वितरणको समयसीमा लम्ब्याउने: बाढीको समयमा लाभग्राहीहरूले समयमै सेवा लिन नसकेपछि भुक्तानीको समयसीमा थप दिनु

यसलाई थप बुझाउन सहजकर्ताले निम्नानुसार उदाहरणहरु ख्याल गर्नु पर्दछ

**समय र रकमको बढोत्तरी (भर्टीकल एक्सपान्सन):**

- अस्थायी रूपमा भत्ता बढाउनु: विपद्को समयमा वृद्ध भत्ता दोब्बर गरेर आपत्कालीन आवश्यकताहरू पूरा गर्नु

- संकटमा सहयोग अवधि विस्तार गर्नु: बाढीको समयमा सामाजिक सुरक्षा लाभको अवधि ३ महिना थप गर्नु
- तत्काल राहतका लागि थप सहायता: विपद्को समयमा बालबालिकालाई पोषण सहयोगको रूपमा थप आर्थिक सहायता प्रदान गर्नु

**लाभग्राहीहरूको विस्तार (होरीजेन्टल एक्सपान्सन):**

- नयाँ भौगोलिक क्षेत्रलाई समावेश गर्नु: विपद्को समयमा ग्रामीण भेगलाई पहिलो पटक राहत कार्यक्रममा समावेश गर्नु
- विपद् पछि नयाँ लाभग्राही दर्ता: बाढीबाट प्रभावित परिवारहरूलाई अस्थायी रूपमा सामाजिक सुरक्षा योजनामा दर्ता गर्नु
- प्रभावित समुदायलाई अस्थायी सहयोग: भूकम्पबाट प्रभावित क्षेत्रका जनतालाई अस्थायी खाद्य सहायता वितरण गर्नु

**उपलब्ध तथ्याङ्क तथा प्रणालीको प्रयोग (पिग्गीब्याकिङ):**

- विद्यमान सामाजिक सुरक्षा तथ्याङ्क प्रयोग: विपद् व्यवस्थापनमा पहिल्यै दर्ता भएका लाभग्राहीहरूको तथ्याङ्क प्रयोग गरी राहत वितरण गर्नु
- चालु प्रणालीबाट विपद् व्यवस्थापन: सरकारले सामाजिक सुरक्षा भुक्तानी वितरण गर्न प्रयोग गर्ने प्रणालीलाई प्रयोग गरेर आपतकालीन राहत वितरण गर्नु
- विद्यमान कार्यक्रमद्वारा लक्षित समूहलाई सहायता: बालबालिका र वृद्धहरूलाई लक्षित गरेर पहिल्यैको सामाजिक सुरक्षा कार्यक्रमबाट राहत दिनु

**समानान्तर परिचालन वा मिलान (स्याडो अलाइनमेन्ट):**

- विद्यमान प्रणालीसँगै समानान्तर कार्यक्रम सञ्चालन: सरकारी सामाजिक सुरक्षा प्रणालीसँगै गैर-सरकारी संस्थाले राहत वितरण कार्यक्रम सञ्चालन गर्नु
- सेवाहरूलाई बाधा नगरी सहायता दिनु: भूकम्पपछिको राहत कार्यमा सरकारी वितरण प्रणालीलाई अवरोध नगरी अन्तर्राष्ट्रिय एनजीओले खाद्य सहायता वितरण गर्नु
- स्थानीय संरचनासँग गैर-सरकारी समन्वय: विपद्को समयमा स्थानीय संरचनासँग मिलेर गैर-सरकारी संस्थाहरूले राहत कार्य सञ्चालन गर्नु

## ४.७ सत्र ७: विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्डमा समावेश गर्नु पर्ने विषयहरु




| | | |
|---|---|---|
| **सत्रको उद्देश्य** | मस्यौदा विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्डमा समाविष्ट गर्नु पर्ने कुराहरुमा सहभागीको धारणा लिने । | |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । | |
| **विषय** | **शिक्षण विधि** | **समय (मिनेट)** |
| मस्यौदा विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्ड | व्याख्यान | ३० |
| मापदण्डमा हुनु पर्ने समिति सम्बन्धमा छलफल | व्याख्यान तथा समूह छलफल | ४५ |
| **कुल समय** | | ७५ |

### सहजकर्ता मार्गदर्शनः

यस सत्रमा सहजकर्ताले १ घण्टा १५ मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले विपद् संवेदनशील सामाजिक सुरक्षा मस्यौदा कार्यविधिमा समाविष्ट गर्नु पर्ने कुराहरुको बारेमा सहभागीहरुसँग सामुहिक छलफलको लागि सहजीकरण गर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ । सहजकर्ताले यस सत्र **विपद् संवेदनशील सामाजिक सुरक्षा मस्यौदा कार्यविधिको** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ ।

## अध्ययन सामग्री

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धि विभिन्न देशका दस्तावेज

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्वएक पटक पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ ।

## ४.७.१ विपद् संवेदनशील सामाजिक सुरक्षाकोको मस्यौदा कार्यविधि

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई व्याख्यान विधि भनिन्छ । यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ । यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ । तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन । यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ । त्यसैले गर्दा अन्य विधिसँगमिलाएर गर्नु पर्दछ । सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला ।*

मस्यौदा विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्ड नेपाल सरकारद्वारा तयार गरिएको एक महत्वपूर्ण मस्यौदा दस्तावेज हो जसले विपद् व्यवस्थापनलाई एकीकृत, व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । यो मापदण्ड विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३९ बमोजिम तयार गर्न लागिएको हो, जसले विशेष गरी आर्थिक रुपमा विपन्न तथा संकटासन्न व्यक्तिहरूको पहुँच सुनिश्चित गर्दै उनीहरूलाई राहत, सहायता र पुनर्स्थापना गर्न सहयोग पुऱ्याउनसक्छ ।

विपद् संवेदनशील सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुदान वितरण मापदण्डको मस्यौदा अहिले निर्माणको क्रममा रहेको छ। यस मापदण्डले नेपालमा विपद् व्यवस्थापनलाई अझ सुदृढ र प्रभावकारी बनाउनका लागि विभिन्न महत्वपूर्ण प्रावधानहरूलाई समेट्न आवश्यक देखिन्छ । यस मापदण्डलाई तयार पार्दा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई व्यवस्थित ढंगले परिचालन गर्दै, विपद्को समयमा सर्वसाधारणलाई सुरक्षित र सहजीकरण प्रदान गर्ने योजना बनाउनु अत्यन्त जरुरी हुन्छ । यसले समेट्नु पर्ने बृहत विषयहरु यसप्रकार हुन सक्छन् ।

९□० लक्षित समूहहरूको स्पष्टताः मापदण्डले विपद् व्यवस्थापन अन्तर्गत आर्थिक रुपमा विपन्न, संकटासन्न, तथा सामाजिक दृष्टिले कमजोर समूहहरूलाई प्राथमिकतामा राख्नुपर्छ । लक्षित समूहहरूको पहिचान गर्दा गरिबी परिचयपत्र, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरू, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, र ज्येष्ठ नागरिकहरूलाई समावेश गर्न विशेष ध्यान दिनुपर्छ । यसले विपद्को समयमा राहत तथा पुनर्स्थापनाका प्रक्रियाहरूमा ती व्यक्तिहरूको सहभागितालाई सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ ।

९□० राहत तथा सहायता वितरणको पारदर्शी प्रक्रियाः विपद्को समयमा राहत वितरण र सहायता प्रदान गर्ने प्रक्रियामा पारदर्शिता अत्यन्त महत्वपूर्ण छ । नगद सहायता वितरण गर्दा बैंकिङ प्रणालीको प्रभावकारी प्रयोग र यसका लागि लाभग्राहीको बैंक खाता अनिवार्य हुनुपर्छ । तर, विपद्का समयमा पहुँचमा चुनौतीहरू हुनसक्ने कारण वस्तुगत राहत पनि सहज र छिटो ढंगले उपलब्ध गराउने प्रावधान समावेश गर्नुपर्छ । यसले बजारसम्म पहुँच नभएका विपद् प्रभावित क्षेत्रमा राहतको छिटो वितरण गर्न मद्दत पुऱ्याउँछ ।

९□० पूर्व तयारीका उपायहरूको सुदृढीकरणः मापदण्डले विपद् व्यवस्थापनको पूर्व तयारीलाई सुदृढ बनाउनु प्रावधान समावेश गर्न जरुरी छ। यसका लागि जोखिम पूर्वानुमान प्रणालीको विकास र यसका आधारमा नगद सहायता वा वस्तुगत सहयोग समयमै प्रदान गर्ने व्यवस्था हुनुपर्छ । यस किसिमको सहायता विपद् आउनु अघि नै तयारीका लागि विशेषगरी खाद्य सामग्री, बालीनाली संरक्षण, तथा सुरक्षित भण्डारण जस्ता क्रियाकलापमा प्रयोग हुनेगरी वितरण गरिनुपर्छ ।

९□० शीघ्र पुनर्लाभ र पुनर्स्थापनाका लागि विशेष व्यवस्थाहरूः मापदण्डले विपद्को प्रभावबाट प्रभावित व्यक्तिहरूलाई शीघ्र पुनर्लाभका लागि अस्थायी आवास, खाद्य सुरक्षा, र जीविकोपार्जनमा पुनर्स्थापनाका लागि पनि सहायताको व्यवस्था गर्नुपर्छ। यसमा नगद सहयोग वा कामका लागि नगद कार्यक्रमहरूलाई समावेश गरेर प्रभावित घरपरिवारलाई शीघ्र पुनर्लाभका लागि सक्षम बनाउनु पर्छ ।

९□० जीविकोपार्जनको दिगोपनमा जोडः विपद्को असरले दीर्घकालीन जीविकोपार्जनका अवसरहरू गुम्ने हुँदा मापदण्डमा यो समस्याको समाधान गर्न दीर्घकालीन कार्यक्रमहरू जस्तै सीप विकास, सहुलियतपूर्ण

कर्जा, र उद्यम विकासलाई पनि समावेश गर्नुपर्छ । यसले प्रभावित घरपरिवारलाई दीर्घकालीन रुपमा पुनःउत्पादन प्रक्रियामा सामेल गराई जीविकोपार्जनमा टेवा पुर्याउनेछ ।

९□० संस्थागत समन्वयको सुदृढीकरण: मापदण्ड कार्यान्वयनका लागि स्थानीय, जिल्ला, प्रदेश र संघीय स्तरमा सहकार्यको सुदृढीकरण गर्न विभिन्न निकायहरूबीचको समन्वयलाई बलियो बनाउन आवश्यक छ । यसले गर्दा विपद् व्यवस्थापनमा सरोकारवालाहरूको सहजीकरण प्रक्रियामा एकरूपता आउनेछ । मापदण्डमा स्पष्ट संरचना बनाएर सम्बन्धित निकायहरूलाई जिम्मेवारी तोक्न र कार्यान्वयनको अनुगमन गर्न महत्वपूर्ण हुनेछ ।

९□० सहायता वितरणमा सूचनाको पहुँच: मापदण्डले विपद्को समयमा लाभग्राहीहरूको सूचनामा आधारित निर्णय गर्ने प्रावधानहरू समेट्नुपर्छ । यस्तो प्रणालीले गर्दा सहायता सही व्यक्तिसम्म पुर्‍याउन मद्दत गर्छ । साथै, गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउनु आवश्यक छ जसले लाभग्राहीहरूको गुनासोको छिटो सुनुवाई गर्न र समाधान प्रदान गर्न सहयोग पुर्‍याउँछ ।

९□० वित्तीय स्रोत परिचालन र व्यवस्थापनको सुदृढीकरण: विपद्को समयमा स्रोत परिचालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन मापदण्डले विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ अनुसार विपद् व्यवस्थापन कोषमार्फत स्रोत परिचालनको स्पष्टता दिनुपर्छ । यस मापदण्डले लेखा परीक्षणको लागि पनि स्पष्ट व्यवस्थाहरू बनाउनुपर्ने देखिन्छ ।

९□० सहकार्यका साझेदारहरूको सहभागिता: मापदण्डले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूको सहकार्यलाई सशक्त बनाउँदै तिनीहरूको सहायतालाई सरकारी प्रणालीभित्र परिचालन गर्न सहयोग पुर्‍याउनु पर्छ । यो मापदण्डले साझेदारहरूद्वारा प्रदान गरिने सहायतालाई पनि स्पष्ट प्रणालीमा राख्न आवश्यक छ ताकि सहायताको अनुगमन, मूल्याङ्कन , र प्रभावकारितामा सुधार गर्न सकियोस् ।

९□० लामो समयका लागि पुनर्निर्माण योजना: मापदण्डले दीर्घकालीन पुनर्निर्माणका लागि स्पष्ट योजनाहरू बनाउन आवश्यक छ जसमा विपद्पछिको अवस्थाको पुनर्लाभ र पुनर्निर्माणका प्रक्रियाहरूलाई मजबुत बनाउन सकियोस् । यसले विपद्को असरबाट दीर्घकालसम्म पुनः स्थापनाको प्रक्रियालाई सहयोग पुर्‍याउँछ ।

यी सबै बुँदाहरू मापदण्डमा समावेश गर्न सकेमा विपद्को समयमा प्रभावीतले छिटो, छरितो, र प्रभावकारी सहायता पाउन सक्नेछन् । मापदण्डले दीर्घकालीन दृष्टिकोण राखेर विपद्को पूर्व तयारी, प्रतिकार्य, राहत, पुनर्लाभ, र पुनर्निर्माणका विभिन्न पक्षहरूलाई समेट्न आवश्यक छ । यसको सफल कार्यान्वयनले नेपालमा विपद् व्यवस्थापनको क्षेत्रलाई बलियो बनाउनेछ र आम सर्बसाधरणहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनेछ ।

सहजकर्ताले अन्य विषयहरु के समावेश गर्न सकिन्छ भनेर थप छलफल गरी आम धारणा बनाउन सकिन्छ ।

### ४.७.२ समन्वय समिति सम्बन्धमा छलफल

मापदण्डमा समावेश गर्नु पर्ने विषयमा प्रस्तुति दिइसके पछि प्रशिक्षकले सहभागीहरूलाई मापदण्ड कार्यान्वयनको लागि गठन गर्नु पर्ने समितिको महत्व र यसमा संलग्न सरोकारवालाहरूको भूमिकाबारे छलफल गराउनु सकिन्छ । प्रशिक्षकले समितिमा समावेश गराउनु पर्ने प्रतिनिधिहरूको सहभागिताको महत्व के हो र कसरी तिनीहरूले मापदण्ड कार्यान्वयनमा सहजीकरण गर्न सक्छन् भन्ने विषयमा छलफल गर्न अनुरोध गर्नुपर्छ । यसका साथै, समितिमा रहेका सरोकारवालाहरूको समन्वय र उनीहरूको कर्तव्यहरूबारे पनि खुलेर छलफल गर्न प्रोत्साहित गर्नुपर्छ ।

प्रशिक्षकले छलफललाई अझ जीवन्त बनाउनका लागि सहभागीहरूलाई, हालको छलफलबाट आएको समितिमा रहेका सदस्यहरू मापदण्ड कार्यान्वयनका लागि पर्याप्त छन् कि छैनन् भनि सोध्नु पर्दछ । उनीहरूले उक्त सदस्यहरूको भूमिकालाई प्रभावकारी ठान्छन् वा समितिमा थप कुनै निकाय वा सरोकारवालाहरूलाई समावेश गर्न आवश्यक देख्छन् भन्ने विषयमा विचार व्यक्त गर्न आग्रह गर्नुपर्छ । सहभागीहरूले आफूले देखेका कमी-कमजोरी, थप गर्नुपर्ने व्यक्ति वा संस्था, तथा यदि कुनै सरोकारवालाहरूलाई हटाउनु पर्ने छ भने त्यसको कारण पनि स्पष्टसँग छलफल गर्न प्रोत्साहित गर्नुपर्छ ।

उनीहरूले समितिमा अझै पनि कोही महत्वपूर्ण सरोकारवालाहरू छुटेको छ भने, उनीहरूलाई थप गर्ने सुझाव दिन पनि प्रशिक्षकले प्रेरित गर्नुपर्छ । यस क्रममा, उदाहरणका लागि, के कृषि तथा पशुपन्छी विकास मन्त्रालयका तर्फबाट उच्चस्तरीय प्रतिनिधि आवश्यक छ वा छैन, वन तथा वातावरण मन्त्रालयको सहभागिता कसरी थप प्रभावकारी बनाउन सकिन्छ, र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिकालाई कसरी अझ स्पष्ट बनाउने भन्ने विषयमा सहभागीहरूले आफ्नो विचार राख्न सक्छन् ।

प्रशिक्षकले सहभागीहरूको विचार र सुझावलाई एकीकृत गर्दै अन्तिम निर्णयको रूपमा कार्यान्वयन योग्य सुझावहरू तयार गर्न प्रोत्साहित गर्नुपर्छ । यस प्रक्रियामा सहभागीहरूले विभिन्न सरोकारवालाहरूको भूमिकाबारे स्पष्ट धारणा बनाउनेछन् र मापदण्ड कार्यान्वयनलाई अझ सशक्त बनाउनका लागि आवश्यक परिवर्तनहरू गर्न सक्नेछन् । छलफलको अन्त्यमा, प्रशिक्षकले सहभागीहरूलाई उनीहरूको विचार र सुझावको महत्वबारे धन्यवाद दिनुका साथै, उक्त सुझावहरुलाई गृह मन्त्रालय सम्म पुऱ्याउन सकिन्छ भनेर छलफललाई व्यवस्थित र अर्थपूर्ण बनाउने प्रयास गर्नुपर्छ ।

## ४.८ सत्र ८: विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्वानुमानमा आधारित पूर्वकार्य बीचको फरक



| | |
|---|---|
| **सत्रको उद्देश्य** | विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्वानुमानमा आधारित पूर्वकार्य बीचको फरकबारे सहभागीलाई जानकारी दिने । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| सामाजिक सुरक्षा प्रणालीको महत्व र पूर्वानुमानमा आधारित पूर्वकार्य सम्वन्धमा | व्याख्यान | ३० |
| पूर्वानुमानमा आधारित पूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षा बीचको अन्तर | व्याख्यान | ३० |
| पूर्वानुमानमा आधारितपूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षा बीचमा रहेका प्रमुख भिन्नताहरू | समूह छलफल | ४५ |
| **कुल समय** | | १०५ |

## सहजकर्ता मार्गदर्शनः

यस सत्रमा सहजकर्ताले १ घण्टा ३० मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ। सहजकर्ताले विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्वानुमानमा आधारित पूर्वकार्य बीचको फरकबारे सहभागीलाई विषयको व्याख्यान तथा चित्र छलफलमार्फत सहजीकरणगर्नुपर्दछ। सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुर्‍याउनु पर्दछ। सहजकर्ताले यस सत्र **विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्वानुमानमा आधारित पूर्वकार्य बीचको फरकको** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ।

## अध्ययन सामग्री

यस अध्ययन सामग्रीमा तलका निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) सामाजिक सुरक्षा प्रणालीको महत्व र पूर्वानुमानमा आधारित पूर्वकार्य सम्वन्धमा
2) पूर्वानुमानमा आधारित पूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षा बीचको अन्तर
3) पूर्वानुमानमा आधारित पूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षा बीचमा रहेका प्रमुख भिन्नताहरू

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्वएक पटक पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ।

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई व्याख्यान विधि भनिन्छ। यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ। यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ। तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन। यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ। त्यसैले गर्दा अन्य विधिसँगमिलाएर गर्नु पर्दछ। सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला।*

### ४.८.१ पूर्वानुमानमा आधारित पूर्वकार्य

पूर्वानुमानमा आधारित पूर्वकार्य, विपद् जोखिम न्यूनीकरणको एउटा नवीनतम र प्रभावकारी प्रयोग हो जसले विपद्को प्रभावलाई न्यूनीकरण गर्नको लागि पूर्वानुमानहरूमा आधारित योजनाबद्ध कार्यहरूलाई प्रोत्साहन गर्दछ। यसले विपद्को पूर्वानुमानका आधारमा सम्भावित असरहरू पहिल्यै नै अनुमान गरेर, ती असरहरूलाई न्यून गर्न आवश्यक कार्यहरू गर्ने वातावरण तयार गर्दछ। जसले गर्दा विपद्को प्रत्यक्ष असरमा पर्ने जनधनको क्षति र मानवीय संकटलाई कम गर्न सकिन्छ। पूर्वकार्यले विपद् पूर्व सूचना प्रणालीलाई प्राथमिकता दिने र जोखिममा रहेका समुदायहरूलाई समयमै आवश्यक तयारी गर्न सक्षम बनाउने उद्देश्य राखेको हुन्छ। यसको

मुख्य लक्ष्य भनेको विपद्को सम्भावित असरलाई न्यून गर्न आवश्यक स्रोत र साधनहरू पूर्वतयारीमा परिचालन गर्नु हो ।

पूर्वकार्यले जोखिमको पूर्वानुमान गरिएका क्षेत्रमा विपद्को सम्भावित असरहरूलाई लक्षित गर्दै सम्भावित असरहरूलाई न्यूनीकरण गर्नका लागि विभिन्न उपायहरू अवलम्बन गर्छ । यसमा पूर्वतयारीको रूपमा नगद सहायता वितरण, सुरक्षित आश्रयस्थलको व्यवस्था, स्वास्थ्य सेवाको तयारी, र बालीनाली संरक्षण जस्ता कार्यहरू समावेश हुन्छन् । यो विधिको प्रयोगले विपद्को प्रभावलाई न्यून गर्ने मात्र नभई, त्यसले समुदायहरूको पुनर्स्थापनालाई द्रुत गतिमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

### *४.८.१.१ नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको अभ्यास*

नेपाल सरकारले पूर्वानुमानमा आधारित पूर्वकार्यको अवधारणालाई संस्थागत गर्नका लागि विभिन्न प्रयासहरू गरिरहेको छ । नेपाल भौगोलिक, सामाजिक, आर्थिक, साँस्कृतीक विविधताले भरिपूर्ण मुलुक हो, जहाँ विभिन्न प्रकारका प्राकृतिक विपद्हरू, जस्तैः बाढी, पहिरो, खडेरी, शीतलहर, हावाहुरी, र भूकम्पजस्ता विपद्हरूको प्रकोप बारम्बार देखिने गर्छ । यस परिप्रेक्ष्यमा, विपद् व्यवस्थापनलाई दिगो, प्रभावकारी, र समावेशी बनाउन पूर्वानुमानमा आधारित पूर्वकार्यको महत्व अझ बढी हुन्छ । नेपालमा यो अवधारणालाई प्रोत्साहन गर्न र यसको कार्यान्वयनलाई मजबुत बनाउनका लागि नेपाल सरकारले सन् २०२४ मा तेस्रो राष्ट्रिय संवादको आयोजना गरेको थियो ।

तेस्रो राष्ट्रिय संवादमा पूर्वानुमानमा आधारित पूर्वकार्यका विभिन्न पक्षहरूको बारेमा विस्तृत छलफल गरिएको थियो । उक्त संवादमा विपद् व्यवस्थापनसँग सम्बन्धित विभिन्न विज्ञहरू, प्राविधिक विशेषज्ञहरू, सरकारी निकायका प्रतिनिधिहरू, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूको उपस्थिति थियो । संवादको मुख्य उद्देश्य नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको मार्गदर्शन दस्तावेज तयार पार्नका लागि आवश्यक सुझावहरु सङ्कलन गर्नु रहेको थियो ।

संवादमा सहभागीहरूद्वारा प्रस्तुत गरिएका विभिन्न सुझावहरूमा पूर्वानुमानहरूको सटिकता र विश्वसनीयतामा सुधार ल्याउने, सूचना प्रणालीको पहुँच बढाउने, जोखिमको प्रभाव मूल्याङ्कन गर्न मापदण्डहरू विकास गर्ने, र समुदायस्तरमा पूर्वतयारीका उपायहरूलाई सुदृढ बनाउने जस्ता विषयहरूमा जोड दिइएको थियो । यसका साथै, पूर्वकार्यका लागि आवश्यक स्रोत र साधनहरूको उपलब्धता सुनिश्चित गर्न र सरोकारवालाहरूबीच सहकार्य र समन्वयलाई प्रोत्साहन गर्न आवश्यक कदमहरू चाल्नुपर्ने सुझाव पनि प्रस्तुत गरिएको थियो ।

### *४.८.१.२ पूर्वानुमानमा आधारित पूर्वकार्यको चुनौतीहरू र सम्भावित समाधानहरू*

नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको अवधारणालाई कार्यान्वयन गर्दा विभिन्न चुनौतीहरू देखापरेका छन् । पहिलो चुनौती भनेको पूर्वानुमानहरूको सटिकता हो । नेपालजस्तो विविध भू-भाग भएको मुलुकमा, मौसम र जलवायु पूर्वानुमानमा अनेकौँ प्राविधिक र व्यावहारिक चुनौतीहरू छन् । यसका कारण पूर्वानुमानको सटीकता र विश्वसनीयता कम हुनेगर्छ जसले पूर्वकार्यको प्रभावकारितामा प्रतिकूल असर पुऱ्याउँछ । यसको समाधानका लागि उच्च-गुणस्तरीय डेटा सङ्कलन प्रणाली, प्रभावकारी विश्लेषण, र प्रविधिको उचित प्रयोगलाई प्राथमिकता दिनुपर्छ ।

दोस्रो चुनौती भनेको समुदायस्तरमा पूर्वकार्यको बुझाइ र अपनत्व हो । ग्रामीण र सुदूर क्षेत्रमा पूर्वकार्यका उपायहरूको जानकारीको अभाव छ । यसले गर्दा विपद्को पूर्वतयारीमा समुदायहरूको सहभागिता न्यून हुन सक्छ । यसका लागि व्यापक जनचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ । समुदायका अग्रज, विद्यालय, र स्थानीय संघसंस्थाहरूलाई पूर्वकार्यमा सामेल गराई जनतामा विश्वास निर्माण गर्नु आवश्यक हुन्छ ।

तेस्रो चुनौती भनेको पूर्वकार्यका लागि आवश्यक स्रोत र साधनहरूको अभाव हो । विपद् व्यवस्थापनका लागि बजेट, प्राविधिक सहयोग, र समन्वयकारी संरचनाहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसक्दा पूर्वकार्य प्रभावकारी हुन सक्दैन ।  यसको समाधानका लागि स्थानीय, प्रदेश र संघीय तहबीचको समन्वयलाई प्रबल बनाउनुपर्छ । साथै, अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग सहकार्य गरेर वित्तीय र प्राविधिक सहायता प्राप्त गर्न सकिन्छ ।

अन्तमा, पूर्वानुमानमा आधारित पूर्वकार्यले नेपालमा विपद् व्यवस्थापनमा गुणात्मक परिवर्तन ल्याउन सक्छ । यसले विपद्को प्रत्यक्ष असरलाई न्यून गर्न, जनधनको क्षति कम गर्न, र समुदायहरूको शीघ्र पुनर्स्थापनामा मद्दत पुऱ्याउन सक्नेछ । यसका लागि आवश्यक दिशानिर्देश र मापदण्डहरूलाई निरन्तर परिमार्जन गर्दै सबै सरोकारवालाहरूको सहभागितामा संस्थागत व्यवस्था मिलाउन जरुरी छ । सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र, र अन्तर्राष्ट्रिय साझेदारहरूको संयुक्त प्रयासमा मात्र पूर्वानुमानमा आधारित पूर्वकार्यलाई सफलतापूर्वक कार्यान्वयन गर्न सकिन्छ । यसरी, नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढ कार्यान्वयनले विपद् व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

## ४.८.२ पूर्वानुमानमा आधारित पूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षा बीचको अन्तर

| विषयवस्तु | पूर्वानुमानमा आधारित पूर्वकार्य | विपद् संवेदनशील सामाजिक सुरक्षा |
|---|---|---|
| परिभाषा | सम्भावित विपद्को पूर्वानुमानमा आधारित जोखिम घटाउने र प्रभाव न्यूनीकरण गर्ने योजनाबद्ध कार्य । | विपद्को बेला सामाजिक सुरक्षा प्रणालीमार्फत संकटासन्न समूहहरूलाई सहयोग पुऱ्याउनेउपाय । |
| मुख्य उद्देश्य | विपद्को पूर्वानुमान गरेर सम्भावित असरलाई न्यून गर्नु । | विपद्को समयमा सामाजिक सुरक्षा प्रणालीलाई अनुकूल बनाउँदै प्रभावित समूहलाई सहयोग गर्नु । |
| स्रोत परिचालन | पूर्वानुमानका आधारमा विपद् अघि नै स्रोत परिचालन र व्यवस्थापन । | विद्यमान सामाजिक सुरक्षा प्रणालीलाई विपद्को क्रममा अनुकूलित गरी परिचालन । |
| लक्षित समूह | जोखिममा रहेका सम्पूर्ण समुदायहरू र व्यक्ति । | मुख्यतः आर्थिक रूपमा विपन्न, संकटासन्न र सामाजिक रूपमा सीमान्तकृत समूहहरू । |
| सम्बन्धित पक्ष | मौसम विज्ञान विभाग, विपद् व्यवस्थापन निकाय, स्थानीय तहहरू । | सामाजिक सुरक्षा निकाय, स्थानीय र प्रदेश सरकार, विपद् व्यवस्थापन निकायहरू । |
| कार्य विधि | विपद्को पूर्वानुमानपछि योजनाबद्ध कार्यहरू जस्तैः सुरक्षित स्थानान्तरण, नगद सहायता । | सामाजिक सुरक्षा कार्यक्रमहरूलाई विपद्को समयमा अनुकूल बनाउँदै शीघ्र राहत वितरण । |
| सहायता स्वरूप | नगद सहायता, सुरक्षित आश्रय, स्वास्थ्य सेवा, खाद्य सामग्री वितरण । | सामाजिक सुरक्षा भत्ता, आपतकालीन नगद सहायता, खाद्य सुरक्षा, शिक्षा सहायता । |
| समयसीमा | विपद्को पूर्वानुमान पश्चात् तर विपद् हुनु अगावै कार्यान्वयन । | विपद्को समयमा र त्यसपश्चात् दीर्घकालीन सामाजिक सुरक्षा प्रणालीमार्फत कार्यान्वयन । |
| मुख्य चुनौतीहरू | पूर्वानुमानको सटिकता, स्रोतको व्यवस्था, जोखिम मूल्याङ्कन । | लक्ष्य पहिचान, शीघ्र वितरण, प्रणालीगत समन्वय र पहुँचको चुनौती । |
| सम्भावित समाधानहरू | पूर्वानुमान सुधार, सामुदायिक सहभागिता, जोखिममा आधारित कार्य योजना । | सामाजिक सुरक्षा प्रणालीलाई द्रुत अनुकूलन, डिजिटल भुक्तानी प्रणाली, पहुँच अभिवृद्धि । |
| उदाहरण | बाढी आउनु अघि नगद सहायता वितरण, सुरक्षित स्थानान्तरण । | विपद् पछि सामाजिक सुरक्षा भत्ताको शीघ्र वितरण, प्रभावितलाई नगद सहायता । |

## ४.८.३ पूर्वानुमानमा आधारित पूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षा बीचमा रहेका प्रमुख भिन्नताहरू

*सहभागितामूलक प्रक्रियाबाट तालिम सञ्चालन गर्नका लागि **समूह छलफल** विधिलाई महत्वपूर्ण विधिको रुपमा लिइन्छ । यसमा सहभागी सङ्ख्याको आधारमा ४/५ जना देखि ७/८ जना सम्मको सानो समूहमा बसेर छलफल गर्न लगाइन्छ । सहजकर्ताले समूह छलफलको विस्तृत जानकारीको लागि २.६.४ मा पनि गएर अध्ययन गर्नु होला।*

प्रशिक्षकले पूर्वानुमानमा आधारित पूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षाको अवधारणाको परिचय दिएपछि, सहभागीहरूलाई समूहमा विभाजन गरेर तिनीहरूको बीचमा रहेका प्रमुख भिन्नताहरू पत्ता लगाउन आग्रह गर्नुपर्छ। जसअनुसार, सहभागीहरूले पाँचवटा प्रमुख फरक पहिचान गर्नुपर्नेछ, जसमा दुवै अवधारणाको उद्देश्य, लक्षित समूह, कार्यान्वयन विधि, स्रोत परिचालन र समयसीमा जस्ता पक्षहरूलाई ध्यान दिन सकिन्छ । प्रशिक्षकले सहभागीहरूको छलफललाई सहज बनाउन र तिनीहरूलाई सही दिशामा अगाडि बढ्न प्रेरित गर्न मद्दत गर्नुपर्छ। सहभागीहरूले आफ्ना विचार र निष्कर्षहरू प्रस्तुत गर्दा, प्रशिक्षकले उनीहरूको प्रतिक्रिया सुन्नु र आवश्यकता अनुसार जानकारी दिनु पर्दछ। यो अभ्यासले सहभागीहरूलाई दुवै अवधारणाको गहिरो बुझाइ प्राप्त गर्न र विपद् व्यवस्थापनमा तिनीहरूको प्रभावकारी उपयोगबारे सोच्न मद्दत गर्नेछ। अन्त्यमा, प्रशिक्षकले सहभागीहरूलाई धन्यवाद दिनु र उनीहरूको निष्कर्षहरूको सारांश प्रस्तुत गर्नु उपयुक्त हुन्छ । यसरी प्रशिक्षणलाई अन्तरक्रियात्मक र जीवन्त बनाउन सकिन्छ ।

## ४.९ सत्र ९ : नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको ऐतिहासिक



## विकासक्रम

| | |
|---|---|
| **सत्रको उद्देश्य** | नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रमबारे सहभागीलाई जानकारी दिने । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| विपद् संवेदनशील सामाजिक सुरक्षा | वृत्तचित्र | ५ |
| नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीको ऐतिहासिक विकासक्रम | व्याख्यान | १० |
| विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीको ऐतिहासिक विकासक्रम | हाजिरी जवाफ प्रतियोगिता | १५ |
| **कुल समय** | | ३० |

**सहजकर्ता मार्गदर्शन:**

यस सत्रमा सहजकर्ताले ४५ मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले वृत्तचित्र, विषयको व्याख्यान तथा मस्तिष्क मन्थन गर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो

विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ। सहजकर्ताले यस सत्र **नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको ऐतिहासिक विकासक्रमले** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ।

### अध्ययन सामग्री

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीको *वृत्तचित्र*

*तालिम स्थलमा उपलब्ध स्रोत र साधनको आधारमा सहभागीहरुलाई **वृत्तचित्र** देखाएर पनि घटना अध्ययन विधि प्रयोग गर्न सकिन्छ। लिखित घटना अध्ययन गर्नु भन्दा यो तरिका बढि प्रभावकारी हुन्छ।  तर यो सधैं व्यवहारिक तथा सम्भव नहुन सक्छ भन्ने कुरामा सहजकर्ता तयार हुनु पर्दछ। सहजकर्ताले वृत्तचित्र प्रदर्शनको विस्तृत जानकारीको लागि २.६.८ मा पनि गएर अध्ययन गर्नु होला।*



***हाजिरी जवाफ प्रतियोगिता** सञ्चालन गर्दा विषयगत विज्ञले सहभागीहरूलाई निश्चित विषयमा प्रश्नहरू सोध्ने र उनीहरूले जवाफ दिनुपर्ने हुन्छ। यो प्रक्रियाले एकैपटक धेरै सहभागीलाई सक्रिय रूपमा संलग्न गराएर उनीहरूको ज्ञान र चाँडो निर्णय लिने क्षमता जाँच्न मद्दत गर्छ। कम साधन र समयमा धेरै जानकारीको आदानप्रदान गर्न यो विधि प्रभावकारी हुन्छ।*

**विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीको वृत्तचित्रको लिंक तल रहेको छ।**

https://www.youtube.com/watch?v=RaawEEbzkZk

## ४.९.१ नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीको ऐतिहासिक विकासक्रम

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई **व्याख्यान विधि** भनिन्छ। यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ।  यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ।  तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन।  यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ। त्यसैले गर्दा अन्य*

*विधिसँग मिलाएर गर्नुपर्दछ । सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला ।*

| वर्ष | कार्यक्रम |
|---|---|
| २०१५ | • नेपाल सरकार र युनिसेफद्धारा १५ अति भूकम्प प्रभावित जिल्लाहरूमा भूकम्प राहतको लागि नगद हस्तान्तरण गर्न सामाजिक सुरक्षा भत्ता प्रणालीको प्रयोग गरेको थियो जसबाट ३,३४,००० जनाले लाभ पाएका थिए (पिग्गीब्याकिङ) । यो नै सम्भवत: नेपालमा विपद् संवेदनशील साामाजिक सुरक्षाको प्रयोगको सुरुवात थियो ।<br>• पछि दोश्रो चरणमा युनिसेफ र नेपाल सरकारले थप ३,५०,००० बालबालिकाहरूलाई समेट्न कार्यक्रम विस्तार गरको थियो । (ठाडो विस्तार) । |
| २०१६ | • डब्ल्यूएफपी, नेपाल रेडक्रस सोसाइटी, डेनिस रेडक्रस सोसाइटी, र प्राक्टिकल एक्शनले बाढीका लागि पूर्वानुमानमा आधारित पूर्वकार्य को विकास र प्रयोग । |
| २०१८ | • सामाजिक सुरक्षा ऐन, २०१८ लागू ।<br>• डीएफआइडी/ओपीएमले सामाजिक सुरक्षा प्रणाली सम्बन्धी अध्ययन तथा औजार सार्वजनिक ।<br>• नेपाल रेडक्रस सोसाइटीद्वारा डेनिस रेडक्रस सोसाइटी र क्लाइमेट सेन्टरको सहयोगमा बाढीको लागि पूर्वानुमान-आधारित कार्यको पाइलट परियोजना सुरु । |
| २०१९ | • सामाजिक सुरक्षा प्रणाली सम्बन्धी विभिन्न संवाद कार्यक्रमहरू सम्पन्न ।<br>• राष्ट्रिय योजना आयोगद्वारा 'एकिकृत सामाजिक सुरक्षा संरचना' मन्त्रि परिषद् मा पेश । |
| २०२० | • प्रकोप पूर्वतयारी सञ्जालद्वारा सामाजिक सुरक्षा प्रणाली सम्बन्धी संवादहरूको श्रृंखला सञ्चालन ।<br>• विश्व बैंकद्वारा अनुकुलनशील सामाजिक संरक्षण अन्तर्गत सामाजिक दर्ता सुदृढीकरणमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागलाई सहयोग ।<br>• नेपाल रेडक्रस सोसाइटी, डेनिस रेडक्रस सोसाइटी र हिप ईको परियोजनाले लुम्बीनी र सुदूर पश्चिम प्रदेशमा पूर्वानुमान आधारित पूर्वकार्य र सामाजिक संरक्षणलाई एकीकृत गर्न प्रयास । |

| | |
|---|---|
| | • पिन-ईको प्रतिबद्ध परियोजनाको दोस्रो चरणको सुरुवात, पहिरो प्रभावित क्षेत्रहरूमा पूर्वकार्यमा केन्द्रित ।<br>• राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धि कार्य गर्न कार्य समूहको गठन । |
| २०२१ | • सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले सामाजिक सुरक्षा प्रणाली सम्बन्धी दुई दिने कार्यशाला आयोजना ।<br>• सेभ द चिल्ड्रेन, मर्सी कोर लगायतका विकास साझेदारहरुद्वारा स्थानीय सरकारका लागि सामाजिक सुरक्षा प्रणालीका क्रियाकलापहरूको सुरुवात ।<br>• भकारी परियोजनाले केही स्थानीय सरकारहरूमा विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमको पाइलटीङ । |
| २०२२ | • स्टार्ट फण्ड, केयर नेपाल, मर्सी कोर, एक्सन एड लगायतबाट विपद् संवेदनशीलसामाजिक सुरक्षा सम्बन्धित कार्यक्रम सञ्चालन ।<br>• यूएनआरसीओको नेतृत्वमा संयुक्त राष्ट्र संघले रेडीनेस र एक्सन ट्रिगर प्रयोग गरेर पूर्वानुमानमा आधारित पूर्वकार्यसँग सम्बन्धित गतिविधि ।<br>• सेभ द चिल्ड्रेनद्वारा शीतलहर सम्बन्धि पूर्वकार्य प्रोटोकल तयार ।<br>• राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा पूर्वानुमानमा आधारित पूर्वकार्यको पहिलो राष्ट्रिय संवाद आयोजना ।<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणाली मस्यौदा निर्देशिका तयार । |
| २०२३ | • स्टार्ट फण्डले बर्दिया र सिन्धुपाल्चोकमा पूर्वानुमानमा आधारित परियोजनाको सुरुवात ।<br>• नेपाल रेडक्रस सोसाइटीद्वारा हिप ईको स्ट्रोङ परियोजना मार्फत पूर्वानुमानमा आधारित पूर्वकार्यमा र सामुदायिक संलग्नताको प्रवर्धन ।<br>• डीसीएद्वारा बाढीको लागि पूर्वानुमानित मानवीय कार्यहरूको परीक्षण ।<br>• नेपाल रेडक्रस सोसाइटीद्वारा गढवा र बबईमा ईनकोर परियोजनाको सुरुवात ।<br>• युएनएफपिए, युनिसेफ, युएन वुमन, डब्लुएचओ, र विश्व खाद्य कार्यक्रम सिईआरएफ परियोजनाद्वारा पूर्वानुमानमा आधारित पूर्वकार्य सम्बन्धित कार्यक्रम सञ्चालन |

| | |
|---|---|
| | • पूर्वानुमानमा आधारित पूर्वकार्यमा दोस्रो राष्ट्रिय संवाद ।<br>• नेपालद्वारा ७ औं पूर्वानुमानमा आधारित पूर्वकार्य एशिया-प्यासिफिक संवाद मञ्चको आयोजना ।<br>• राष्ट्रिय योजना आयोगद्वारा 'एकिकृत सामाजिक सुरक्षा संरचना' मन्त्रि परिषद् मा पेश |
| २०२४ | • पूर्वानुमानमा आधारित पूर्वकार्य तेस्रो राष्ट्रिय संवादको आयोजना । |

# तेस्रो दिन

## विषय क्षेत्र: विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरण

## ४.१० सत्र १०: विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरण



| | | | |
|---|---|---|---|
| **सत्रको उद्देश्य** | सहभागीलाई विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरणको बारेमा जानकारी दिने । | | |
| **आवश्यकसामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । | | |
| | **विषय** | **शिक्षण विधि** | **समय ( मिनेट)** |

| | | |
|---|---|---|
| विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरण | स्नो बलिङ्ग | १५ |
| लाभग्राही वर्गको पहिचानको प्रक्रिया | व्याख्यान | १० |
| लाभग्राही पहिचानको आधार | व्याख्यान | १० |
| नगद सहायता रकमको निर्धारण | व्याख्यान | १० |
| नगद सहायता वितरणको माध्यम | व्याख्यान | १५ |
| **कुल समय** | | ६० |

## सहजकर्ता मार्गदर्शन:

यस सत्रमा सहजकर्ताले १ घण्टाको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले विपद् संवेदनशीलसामाजिक सुरक्षामा नगद वितरणको बारेमा विषयको व्याख्यान, स्नो बलिङ्ग तथा चित्र छलफल मार्फत सहजीकरणगर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ। सहजकर्ताले यस सत्र **विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरणको** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ ।

## अध्ययन सामग्री

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरण
2) लाभग्राही वर्गको पहिचानको प्रक्रिया
3) लाभग्राही पहिचानको आधार
4) नगद सहायता रकमको निर्धारण
5) नगद सहायता वितरणको माध्यम:

यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्वएक पटक पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ ।

### ४.१०.१ विपद् संवेदनशीलसामाजिक सुरक्षामा नगद वितरण

***स्नो बलिङ्ग*** *छलफल विधिको प्रयोग छिट्टै छलफल गरी तत्कालै विषयवस्तुको निष्कर्षमा पुऱ्याउने विधि हो । यो विधिको प्रयोग गर्दा एकजनाको दिमागमा आएको सानो विचार लाई क्रमिक रुपमा निर्ष्कषमा पुऱ्याउने प्रक्रिया हो । यस विधिको प्रयोग गर्दा पहिले एक जनाले सम्बन्धित विषयमा आफ्नो विचार निकाल्ने र क्रमिक रुपमा त्यो विचार १ जना बाट २ जना, २ जनाबाट ४ जनामा छलफल गर्दै समूहको विचार बनाउने प्रक्रिया हो । सहभागीहरु बसेकै स्थानबाट सुरु गरिन्छ र विस्तारै*

*सानो समूह छलफल गरे जस्तै गरी टुङ्गोमा पुगिन्छ । सहजकर्ताले स्नो बलिङ्गको विस्तृत जानकारीको लागि २.६.३ मा पनि गएर अध्ययन गर्नु होला ।*

विपद्बाट प्रभावित व्यक्ति वा परिवारलाई आफ्नै छनौट अनुसारको वस्तु तथा सेवा प्राप्त गर्ने अवसर प्रदान गर्न विपद् व्यवस्थापनका क्रममा प्रदान गरिने नगद तथा भौचर सहायतामा दोहोरो नहुने गरि छिटो, छरितो र पारदर्शी बनाउँदै यसलाई  संस्थागत गर्न र एकरुपता कायम गर्नका लागि नगद वितरण गर्नु पर्ने हुन सक्छ । नगद वितरणका लागि विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रणालीको प्रयोग गर्न सकेमा छिटो छरितो रुपमा सजिलैसँग प्रभावितहरुले व्यक्तिगत बैंक खातामा नगद प्राप्त गर्न सक्छन् । यस प्रणालीको प्रयोग गर्नका लागि तपशिल बमोजिमको प्रक्रिया प्रयोग गर्नुपर्दछ ।

## ४.१०.२ लाभग्राही वर्गको पहिचानको प्रक्रिया :

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई व्याख्यान विधि भनिन्छ । यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ । यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ ।  तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन ।  यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ । त्यसैले गर्दा अन्य विधिसँगमिलाएर गर्नु पर्दछ ।  सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला ।*

९□० पालिका भित्रका लाभग्राही वर्गको पहिचान सम्बन्धित वडा कार्यालयले गरी सोको सूची विपद् व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ । उक्त लाभग्राही पहिचानमा सामाजिक सुरक्षा प्रणालीमा भएका व्यक्तिहरुको विवरण राख्ने ।

९□० सूची तयार गर्दा जनधनको क्षति वा जिविकोपार्जनमा पर्न गएको असरको आधारमा पूर्ण क्षति तथा आंशिक क्षतिमा वर्गीकरण गर्नुपर्दछ ।

९□० यस्तो वर्गीकरणमा विपन्न तथा विशेष संरक्षण गर्नुपर्ने संकटासन्न वर्गलाई छुट्टै पहिचान गर्नुपर्दछ ।

९□० समितिले उपदफा (१) बमोजिम पेश हुन आएको सूची उपर आवश्यक जाँचबुझ गरी लाभग्राहीहरुको अन्तिम सूची तयार गर्नु पर्नेछ र यस्तो सूची कार्यालयको सूचना पाटी वा वेबसाईट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

९□० लाभग्राही पहिचानको अभिलेखाङ्कन फारममा तयार गर्नुपर्दछ ।

### ४.१०.३ लाभग्राही पहिचानको आधारः

विपद् वा संकटबाट प्रभावित भई दैनिक जिविकोपार्जनमा कठिनाई भई संकटासन्न अवस्थामा रहेका व्यक्ति वा परिवारलाई दोहोरोपना नहुने गरि नगद सहायता वितरण गर्ने प्रयोजनको लागि देहाय बमोजिमका सामाजिक सुरक्षाका वर्गहरुमा पर्ने आधारहरु लिनुपर्नेछ ।

- ९□० अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विधवा, एकल महिला, तथा बालबालिकाहरुको संरक्षण गर्ने पारिवारिक सदस्य नै विपद्बाट प्रभावित भएको
- ९□० असहाय तथा आफ्नो हेरचाह आफैं गर्न नसक्ने अवस्था रहेको, अभिभावक गुमाएका बालबालिका, गर्भवती, लैङ्गिक तथा यौनिक अल्पसंख्यक
- ९□० विपद् तथा संकटको कारण जनधनको क्षति भई संकटासन्न अवस्थामा रहेका
- ९□० अति विपन्न वा दैनिक ज्यालादारीमा निर्भर व्यक्ति तथा परिवार
- ९□० सरकारी वा सार्वजनिक पदमा नरहेको वा कुनै संघ/संस्थाबाट तलब पेन्सन वा अन्य आय आर्जन नभएको

### ४.१०.४ नगद सहायता रकमको निर्धारणः

- ९□० लाभग्राहीलाई उपलब्ध गराउने नगद सहायता रकम स्वीकृत मापदण्डको अधिनमा रही निर्धारण गर्नुपर्दछ ।
- ९□० कामका लागि नगद सहायताको ज्याला निर्धारण गर्दा कार्यपालिकाको त्यस आर्थिक वर्षको स्वीकृत दररेट अनुसार हुनेछ ।
- ९□० नगद सहायता प्रदान गर्दा दोहोरोपना हुन नदिन पालिकाबाट स्वीकृत भएको लाभान्वितहरुको नामावली राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्था, रेडक्रस लगायताका संस्थालाई उपलब्ध गराई नगद सहायता उपलब्ध गराउन सकिन्छ । एउटा निकायबाट नगद सहयता प्राप्त गरेपछि अन्य निकायबाट पुनः नगद सहायता प्राप्त गर्न छैन ।
- ९□० नगद सहयता निर्धारण गर्दा जीविकोपार्जन, शौचालय निर्माण, संकटासन्न वर्गलाई विशेष सहयोग वा विपद्सँग सान्र्दभिक विषयमा नगद उपलब्ध गराउने भएमा पालिकाले निश्चित मापदण्ड तयार गरि सहायता उपलब्ध गराउन सकिनेछ ।

### ४.१०.५ नगद सहायता वितरणको माध्यम

- ९□० सामाजिक सुरक्षाप्रणालीलाई नगद सहायता वितरण गर्दा देहाय बमोजिमका विधि/पद्धति मध्ये कुनै एक उपयुक्त विधि अवलम्वन गर्न सक्नेछ ।

- बैंक तथा वित्तीय सेवा प्रदायक मार्फत नगद हस्तान्तरण
- विद्युत्तीय उपकरणको माध्यम मार्फत नगद हस्तान्तरण
- भौचर/कुपन प्रणाली मार्फत नगद हस्तान्तरण
- प्रत्यक्ष नगद हस्तान्तरण/वितरण

९□० उक्त कुनै एक बिधि मार्फत सबै लाभग्राहीहरुलाई सहायता रकम वितरण गर्न नसकिएको खण्डमा अन्य विधिलाई पनि सामेल गरि नगद सहायता उपलब्ध गराउन सकिने छ । विपद् संवेदनशील सामाजिक सुरक्षामा नगद वितरणको महत्व यसप्रकार रहेको छ ।

- विपद्बाट प्रभावित व्यक्ति वा परिवारलाई ततकाल, छिटो, छरितो आर्थिक सहायता प्रदान गर्दछ ।
- बैंक स्थानान्तरण, मोबाइल पैसा, वा हातैमा नगद सहित विभिन्न संयन्त्रहरू मार्फत वितरण गर्न सकिन्छ ।
- खाना, आवास र चिकित्सा हेरचाह जस्ता आधारभूत आवश्यकताहरू पूरा गर्ने लक्ष्य राख्दछ ।
- वितरणको लागि अवस्थित सामाजिक सुरक्षा प्रणालीहरू प्रयोग गर्न सक्दछ ।
- पिग्गीब्याकिङ समावेश गर्दछ, जहाँ आपतकालीन नगद स्थानान्तरण विद्यमान सामाजिक सुरक्षा भत्ता प्रणालीमा एकीकृत गरिन्छ ।
- लाभग्राहीहरूलाई उनीहरूको तात्कालिक आवश्यकता अनुसार नगद प्रयोग गर्न सहयोग प्रदान गर्दछ।
- लाभग्राहीहरूलाई उनीहरूको आफ्नै इच्छा अनुसारको सामान खरिद गरि उनीहरुको स्वाभिमान रक्षा कायम  राख्न मद्दत गर्दछ ।
- वस्तु तथा सेवाको माग बढाएर स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछ ।
- यो सहायता सबैभन्दा कमजोर र प्रभावित व्यक्तिहरूसम्म पुगोस् भनेर सुनिश्चित गर्नु पर्दछ ।
- विशेष गरी दुर्गम वा द्वन्द्व प्रभावित क्षेत्रमा सुरक्षित र समयमै नगद वितरणका लागि बलियो पूर्वाधारको आवश्यकता छ ।
- कुशल नगद स्थानान्तरण प्रणालीको लागि वित्तीय संस्थाहरू र नगद वितरणमा संलग्न कम्पनीहरुसँग  समन्वय समावेश गर्दछ ।

- ससर्त नगद स्थानान्तरण समावेश हुन सक्छ जुन लाभग्राहीहरूलाई निश्चित मापदण्ड हरू पूरा गर्न वा विशिष्ट कार्यहरू गर्न आवश्यक पर्दछ ।
- असमानतामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दछ ।

## ४.११ सत्र ११: विपद् पूर्व, विपद्को समय र विपद् पश्चात्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोग




<table>
<tr><td>सत्रको उद्देश्य</td><td colspan="3">विपद् पूर्व, विपद्को समय र विपद् पश्चात् को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोगबारे सहभागीलाई जानकारी दिने ।</td></tr>
<tr><td>आवश्यक सामग्री</td><td colspan="3">कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने ।</td></tr>
<tr><td colspan="2">विषय</td><td>शिक्षण विधि</td><td>समय (मिनेट)</td></tr>
<tr><td colspan="2">विपद् पूर्वको अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षा</td><td>व्याख्यान तथा समूह छलफल</td><td>३०</td></tr>
<tr><td colspan="2">विपद्को समयमा विपद् संवेदनशील सामाजिक सुरक्षा</td><td>व्याख्यान तथा समूह छलफल</td><td>३०</td></tr>
</table>

| | | |
|---|---|---|
| विपद् पश्चात् को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षा | व्याख्यान तथा समूह छलफल | ३० |
| **कुल समय** | | ९० |

**सहजकर्ता मार्गदर्शन:**

यस सत्रमा सहजकर्ताले १ घण्टा ३० मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ। सहजकर्ताले विपद् पूर्व, विपद्को समय र विपद् पश्चात् को अवस्थामा विपद् संवेदनशीलसामाजिक सुरक्षाको प्रयोगबारे विषयको व्याख्यान तथा  बज् ग्रुप विधि मार्फत छलफललाई सहजिकरणको लागि गर्नुपर्दछ। सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका  सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ। सहजकर्ताले यस सत्र **विपद् पूर्व, विपद्को समय र विपद् पश्चात्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोगले** तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ।

**अध्ययन सामग्री**

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई व्याख्यान विधि भनिन्छ। यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ।  यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ।  तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन।  यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ। त्यसैले गर्दा अन्य विधिसँगमिलाएर गर्नु पर्दछ।  सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला।*

*सहभागितामूलक प्रक्रियाबाट तालिम सञ्चालन गर्नका लागि **समूह छलफल** विधिलाई महत्वपूर्ण विधिको रुपमा लिइन्छ। यसमा सहभागी संख्याको आधारमा ४/५ जना देखि ७/८ जना सम्मको सानो समूहमा बसेर छलफल गर्न लगाइन्छ। सहजकर्ताले समूह छलफलको वस्तृत जानकारीको लागि २.६.४ मा पनि गएर अध्ययन गर्नु होला।*

### ४.११.१ विपद्को पूर्वको अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षा

आपतकालिन अवस्थाहरूमा सामाजिक सुरक्षा कार्यक्रमलाई तीव्र, प्रभावकारी, र लचिलो बनाई उत्थानशीलता अभिवृद्धि गर्न विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोग हुँदै आएको छ। यसको मुख्य उद्देश्य संकटासन्न समुदायका व्यक्ति तथा समुदायहरूलाई विपद् पछिको अवस्था मात्र नभई विपद्  पूर्व नै सुरक्षा प्रदान गर्न प्रयास गर्नु हो। यसले समुदायलाई अनिश्चितता र विपद्बाट उत्थानशिल हुन भूमिका खेल्छ।

विपद् संवेदनशील सामाजिक सुरक्षामा फरक तरिकाले सामाजिक सुरक्षा प्रणालीलाई विपद् आउने सम्भावनालाई सम्बोधन गर्न लचिलो र संवेदनशील बनाउनको लागि उपायहहरु अवलम्वन गरिन्छ। विशेषगरी कमजोर गरिब घर परिवार, ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिहरू र जोखिममा रहेका अन्य समूहहरु विपद् संवेदनशील सामाजिक सुरक्षाबाट लाभ लिन सक्छन्। विपद् संवेदनशील सामाजिक सुरक्षाले सामाजिक सुरक्षा प्रणालीलाई समयमै विपद्मा आधारित सहयोग प्रदान गर्ने बनाउन प्रयास गर्छ । यसले नगद हस्तान्तरण, राहत सामग्री वितरण, स्वास्थ्य सेवा लगायतका कार्यक्रमहरूमा समायोजन गरेर विपद् पूर्व नै यी समूहहरूलाई सहयोग पुऱ्याउन सक्छ । उदाहरणको लागि यदि बाढीको जोखिम छ र बाढि आउने पूर्वानुमान पनि छ भने, बाढी प्रभावित क्षेत्रमा रहेका गरिब परिवारलाई विपद् आउनु अघि नै, सरकारले प्रदान गरिरहेको सामाजिक सुरक्षामा लचकता अपनाई, निर्धारीत समय भन्दा अगावै प्रदान गरेर अथवा अन्य आर्थिक लगायतका सहयोग गर्न सकिन्छ ताकि उनीहरूले आफ्नो जीविका, स्वास्थ्य र सुरक्षित स्थानको व्यवस्था समयमा गरि जनधनको क्षति न्यूनीकराण गर्न सकून् ।

यसरी, विपद् संवेदनशील सामाजिक सुरक्षा र पूर्वतयारी गतिविधिहरू बीच केही समानता भए पनि, विपद् संवेदनशील सामाजिक सुरक्षाको मुख्य ध्यय सामाजिक सुरक्षा प्रणालीलाई लचिलो बनाउने र जोखिम सामना गर्न तयार पार्नेमा केन्द्रित छ। विपद् संवेदनशील सामाजिक सुरक्षालाई विपद् आउनु अघि प्रयोग गर्दा यसले समाजका सबै तहमा न्यायपूर्ण र समावेशी सुरक्षा सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ।

### ४.११.२ विपद्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षा

विपद्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोगले तत्कालीन अवस्थामा प्रभावित समुदायहरूलाई सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दछ। विपद्को समयमा यसको प्रभावकारी प्रयोगले जोखिममा परेका मानिसहरूलाई तत्काल राहत, जीवन रक्षा, र पुनर्स्थापनामा मद्दत पुऱ्याउँछ। विशेष गरी कमजोर समुदायहरू, जस्तै गरीब, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, र बालबालिका जस्ता समूहहरूलाई विपद् संवेदनशील सामाजिक सुरक्षामार्फत सहज ढंगले सहायता पुऱ्याउन सकिन्छ।

विपद् आएपछि विपद् संवेदनशील सामाजिक सुरक्षाको कार्यान्वयन सामाजिक सुरक्षा प्रणालीलाई तीव्र र लचिलो बनाउन केन्द्रित हुन्छ। विपद् आएपछि विपद् संवेदनशील सामाजिक सुरक्षा अन्तर्गत नगद हस्तान्तरण, राहत सामग्री वितरण, स्वास्थ्य सेवा, र अन्य सहयोग उपलब्ध गराउने प्रयास गरिन्छ। उदाहरणको लागि, भूकम्प आएपछि घरबार गुमाएका व्यक्तिहरू बिशेषगरी संकटासन्न व्यक्तिहरुलाई सरकारले नगद सहायता उपलब्ध गराउँछ। यसले तिनीहरूलाई तत्काल खानेकुरा, पानी, औषधि, र आवासको व्यवस्था गर्न सहयोग पुऱ्याउँछ। यस किसिमको सहयोगले प्रभावित व्यक्तिहरूको जीविका कायम राख्न महत्वपूर्ण योगदान दिन्छ।

विपद् संवेदनशील सामाजिक सुरक्षाको अर्को महत्वपूर्ण पक्ष भनेको सामाजिक सुरक्षा प्रणालीमा लचिलोपनको सुनिश्चितता हो। विपद् पश्चात् तत्कालीन प्रतिकार्य गर्नु महत्वपूर्ण हुन्छ। यस अवस्थामा, विपद्  संवेदनशील सामाजिक सुरक्षामार्फत समाजका सबै तहमा समावेशी सहयोग पुऱ्याउने गरी कदम चालिन्छ। उदाहरणका लागि, बाढी जस्ता विपद्मा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोग गरेर प्रभावित क्षेत्रका व्यक्तिहरूलाई तत्काल राहत सामग्री, स्वास्थ्य सेवा, र नगद सहायता प्रदान गर्न सकिन्छ। यसले उनीहरूलाई तत्काल खाना, स्वास्थ्य सेवा, र सुरक्षित आवासको व्यवस्था गर्न सघाउँछ।

विपद् पश्चात् विभिन्न समूहहरूको आवश्यकतामा आधारित सहायता प्रदान गर्न विपद्  संवेदनशील सामाजिक सुरक्षालाई समायोजित गर्न सकिन्छ। विपद् अघिकै सामान्य अवस्थामै पनि सामाजिक सुरक्षा प्रणालीमा आबद्ध व्यक्तिहरु प्रायः जसो संकटासन्न नै हुन्छन् र त्यसकारण पनि सामाजिक सुरक्षा पाउने व्यक्तिहरुको तथ्याङ्क हेरी, उनीहरुको बैंक खाता प्रयोग गरी तत्काल उनीहरुलाई सहयोग पुऱ्याउन विशेष प्रबन्ध मिलाउन आवश्यक पर्छ र उनीहरूको आवागमन, स्वास्थ्य सेवा पहुँच, र व्यक्तिगत सुरक्षाका उपायहरूमा ध्यान दिनु पर्छ। यसका साथै, महिला र बालबालिकाहरूलाई पनि विशेष ध्यान दिनुपर्छ। उदाहरणका लागि, विपद् संवेदनशील सामाजिक सुरक्षा अन्तर्गत महिला तथा बालबालिकाको लागि अलग्गै स्वास्थ्य सेवा, बालबालिकाको शिक्षा, र महिला सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।

यसका साथै, विपद् संवेदनशील सामाजिक सुरक्षाले सरकार, स्थानीय तह, र अन्तर्राष्ट्रिय साझेदारहरूबीच सहकार्यलाई प्रभावकारी बनाउँछ। विपद्को समयमा राहत र पुनर्स्थापनाका प्रयासहरूलाई समन्वय गरेर विपद् संवेदनशील सामाजिक सुरक्षाले संसाधनहरूको सहि उपयोग गर्न सहयोग पुऱ्याउँछ। यसले दोहोरो कामलाई न्यूनीकरण गर्न र लक्षित समूहलाई समयमै राहत पुऱ्याउन प्रभावकारी हुन्छ।

विपद्को समयमा विपद् संवेदनशील सामाजिक सुरक्षा अन्तर्गत राहतको वितरण, नगद हस्तान्तरण, र पुनर्स्थापनाका अन्य उपायहरू प्राविधिक आधारमा सुनिश्चित गर्न सकिन्छ। यसका लागि डिजिटल प्रणाली, बैंकिङ प्रणाली, र मोबाइल फोनको प्रयोग गरी नगद सहायता प्रदान गर्न सकिन्छ। यो प्रक्रियाले राहत उपलब्ध गराउन पारदर्शिता र तीव्रता ल्याउँछ।

अन्त्यमा, विपद्को समयमा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोगले तत्कालीन अवस्था सम्बोधन गरेर, प्रभावित समुदायहरूलाई समयमै सहयोग पुऱ्याउने मात्र होइन, दीर्घकालीन रूपमा पुनर्लाभको प्रक्रियामा योगदान पुऱ्याउँछ। विपद् संवेदनशील सामाजिक सुरक्षाले सामाजिक सुरक्षा प्रणालीलाई तत्काल लचिलो बनाउने र समावेशी ढंगले कार्यान्वयन गर्ने माध्यमको रूपमा काम गर्दछ।

### ४.११.३ विपद् पश्चात्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षा

विपद् पश्चात्को सबभन्दा ठूलो चुनौती भनेको पुनर्स्थापनाको प्रक्रिया हो। विपद्  पछिको अवस्था, विशेषगरी ठूलो जनधनको क्षति हुँदा, मानिसहरूको जीविका, स्वास्थ्य, शिक्षा, र आवासमा प्रत्यक्ष प्रभाव पार्छ। यस अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षाले प्रभावित समुदायलाई सहयोग गर्न, दीर्घकालीन उत्थानशीलता विकास गर्न, र सामाजिक सुरक्षा प्रणालीलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

विपद् पश्चात्को विपद् संवेदनशील सामाजिक सुरक्षाको पहिलो भूमिका भनेको पुनर्स्थापनाको प्रक्रिया तीव्र बनाउनु हो। विपद् पश्चात् नगद हस्तान्तरण र राहत वितरण जस्ता साधारण सहयोगले प्रभावित परिवारहरूलाई प्रारम्भिक जीविका व्यवस्थापनमा मद्दत पुऱ्याउँछ। उदाहरणको लागि, घरबार गुमाएका परिवारहरूलाई नगद सहायता प्रदान गर्न सकिन्छ जसले गर्दा उनीहरू बिस्तारै आफ्नो व्यवसाय, कृषिको पुनर्संरचना, र शैक्षिक पुनःस्थापनाको काम गर्न सक्छन्।

विपद् पश्चात्को अवस्थामा विपद् संवेदनशील सामाजिक सुरक्षा मार्फत दीर्घकालीन सामाजिक सुरक्षा प्रणालीलाई लचिलो बनाउन सकिन्छ। विपद्  पश्चात् प्रायः सामाजिक सुरक्षा कार्यक्रमहरू जोखिममा परेका समुदायहरूका लागि अझ सुदृढ बनाइन्छ, जसले गर्दा कमजोर समूहहरूलाई निरन्तर सुरक्षा प्रदान गर्न सकिन्छ। सामाजिक सुरक्षा प्रणाली पुनर्निर्माण गर्दा विपद्  संवेदनशील सामाजिक सुरक्षाले निम्न विधिहरू अपनाउँछः

नगद सहायताको निरन्तरताः विपद्  पछि प्रभावित समुदायहरूलाई तत्काल र दीर्घकालीन नगद सहयोगको आवश्यक पर्दछ। यसले तिनीहरूलाई न्यूनतम जीवन निर्वाहको लागि सहयोग पुऱ्याउँछ।

स्वास्थ्य र शिक्षामा पहुँचः विपद्  पछि स्वास्थ्य सेवा र शिक्षामा पहुँच पुऱ्याउन विपद्  संवेदनशील सामाजिक सुरक्षाको प्रयोग हुन्छ। विद्यालय पुनः खोल्ने, विद्यार्थीलाई विद्यालय फर्काउने, र स्वास्थ्य सेवामा सहयोग पुऱ्याउन विशेष प्रबन्ध गरिन्छ।

आवास पुनर्स्थापनाः विपद्  संवेदनशील सामाजिक सुरक्षा अन्तर्गत प्रभावीतहरूको सुरक्षित आवासको व्यवस्था गर्न विशेष योजना बनाइन्छ। अस्थायी आवास निर्माण देखि स्थायी पुनर्निर्माणसम्मका प्रयासमा विपद्  संवेदनशील सामाजिक सुरक्षाले सहज वातावरण निर्माण गर्दछ।

विपद्  पछिको सामाजिक सुरक्षा सुधारको लागि विपद्  संवेदनशील सामाजिक सुरक्षाले विशेष योगदान दिन्छ। यसले विपद्  को बेला पाइएको अनुभवलाई प्रयोग गरी सामाजिक सुरक्षा प्रणालीलाई अझ लचिलो र समावेशी बनाउने प्रयास गर्न सक्छ। विपद्  पछि गरिने सामाजिक सुरक्षा सुधारहरूमा विशेषगरी संकटको

समयमा सामना गर्ने क्षमतामा सुधार ल्याउन ध्यान दिन्छ। उदाहरणका लागि, गरीब, महिला, अपाङ्गता भएका व्यक्ति, र अन्य कमजोर समुदायहरूलाई अझ सहज र सुलभ ढंगले सहायता प्रदान गर्न कार्यक्रमहरू सुधार गरिन्छ।

विपद् संवेदनशील सामाजिक सुरक्षाले समाजका सबै समूहलाई समेटेर न्यायपूर्ण सहायता प्रदान गर्न केन्द्रित हुन्छ। विपद् पछिको अवस्थामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, र ज्येष्ठ नागरिकहरूलाई लक्षित गर्दै विशेष कार्यक्रमहरू सञ्चालन गरिन्छ। यसले दीर्घकालीन पुनःर्स्थापनाका लागि न्यायपूर्ण सुरक्षा प्रणाली सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ।

विपद् संवेदनशील सामाजिक सुरक्षाको अन्तिम उद्देश्य भनेको दीर्घकालीन रूपमा समुदायको उत्थानशीलता विकास गर्नु हो। यसले विपद् पछि मात्र होइन, दीर्घकालीन रूपमा जोखिम सामना गर्न तयार पार्न समुदायको क्षमता वृद्धि गर्छ। वास्तवमा विपद् पश्चात् विपद् संवेदनशील सामाजिक सुरक्षाले कमजोर समुदायहरूलाई आर्थिक सहायता, स्वास्थ्य सेवा, र अन्य सामाजिक सुरक्षाका उपायहरू प्रदान गरी तिनीहरूलाई विपद् पश्चात् पुनःस्थापना गर्न सक्षम बनाउँछ।

## ४.१२ सत्र १२ : विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास

| | |
|---|---|
| **सत्रको उद्देश्य** | विपद् संवेदनशीलसामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासबारे सहभागीलाई संक्षिप्त जानकारी दिने। |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ। |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास बारे परिचय | व्याख्यान | १५ मिनेट |
| विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास बारे वृत्तचित्र | वृत्तचित्र | १० मिनेट |
| विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका असल अभ्यासमा घटना अध्ययन | घटना अध्ययन | ३५ मिनेट |
| **कुल समय** | | ६० |



**सहजकर्ता मार्गदर्शनः**

यस सत्रमा सहजकर्ताले १ घण्टा ३० मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले विपद् संवेदनशीलसामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासको बारेमा विषयको व्याख्यान तथा वृत्तचित्रको बारेमा छलफल मार्फत सहजीकरणगर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ। सहजकर्ताले यस सत्र **विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासको** लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ ।

**अध्ययन सामग्री**

यस अध्ययन सामग्रीमा तल निम्न विषयहरु उपलब्ध छन् जस्तै

1) विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास बारे परिचय
2) विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास बारे वृत्तचित्र
3) विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका असल अभ्यासमा घटना अध्ययन
4) यो विषयलाई सहजकर्ताले प्रस्तुति गर्नु पूर्वएक पटक पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ ।

### ४.१२.१ विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास बारे परिचय

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई व्याख्यान विधि भनिन्छ । यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ । यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ । तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुँदैन । यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ । त्यसैले गर्दा अन्य विधिसँगमिलाएर गर्नु पर्दछ । सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला ।*

- कोभिड-१९ महामारीको दोस्रो चरणमा बर्दिया बारबर्दिया नगरपालिका वडा नं १० ले सामाजिक सुरक्षा भत्तालाई अत्यावश्यक सेवाको सूचीमा समावेश गरी निरन्तर वितरण सुनिश्चित गरेको छ । सबै नगरपालिका र तिनका सम्बन्धित वडा कार्यालयलाई पनि सेवा प्रवाहका लागि प्रोत्साहित गरिएको छ ।
- २०७२ सालको भूकम्पपछि नेपाल सरकार र युनिसेफले केही प्रदेशमा पाँच वर्षमुनिका बालबालिकालाई समेट्ने गरी सामाजिक सुरक्षा भत्ता कार्यक्रम विस्तार गर्दै सफल अस्थायी सहयोग कार्यक्रम कार्यान्वयन गर्दै यस कार्यक्रमले पाँच वर्षमुनिका बालबालिका भएका परिवारलाई महत्वपूर्ण सहयोग पुऱ्याउँदै भूकम्पको लगत्तैपछिको समयमा उनीहरूलाई बाँच्न र पुनर्स्थापना गर्न मद्दत पुऱ्यायो ।
- जानकी नगरपालिकाले नियमित सामाजिक सुरक्षा लाभग्राहीलाई विपद्अघि, समयमा र लगत्तै थप भत्ता उपलब्ध गराउन सक्ने प्रस्ताव गरेको छ ।
- टीकापुर नगरपालिकामा गत चैत १० गते लकडाउन हुनुअघि सामाजिक सुरक्षा भत्ताका लागि दर्ता शिविर सञ्चालन गरिएको थियो भने वर्षायामको तयारी गरिएको थियो ।
- बाराबर्दिया नगरपालिका वडा नं २ ले सामुदायिक नगद वितरणलाई सुरक्षित बनाउन र बैंकको बढ्दो भीडभाडलाई नियन्त्रण गर्न नगद वितरण शिविरको आयोजना गर्ने सम्भावनाको खोजी गरिरहेको छ ।
- बाराबर्दिया नगरपालिकाका अनुसार लकडाउनको समयमा लाभग्राहीले छिटो छरितो रुपमा नगद प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले नियमित समयभन्दा अगावै सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता यही जेठ १५ गतेभित्र बैंक खातामा जम्मा गरिनेछ ।

- डोटी भुकम्प, बझाङ्ग भुकम्प प्रभावितहरुका लागि नेपाल रेडक्रस सोसाइटीबाट अत्यावश्यक सामग्री खरिदका लागि रु १५,००० सामाजिक सुरक्षा भएका व्यक्तिहरुको हकमा उनीहरुको खातामा पैसा जम्मा गरिएको ।
- कोभिड-१९ महामारीको समयमा ब्राजिल सरकारले आफ्नो सामाजिक सुरक्षा प्रणालीलाई अनुकूलन गर्दै 'आक्सिलियो एमर्जेन्सियल' नामक आपतकालीन नगद सहायता कार्यक्रम सुरु गऱ्यो । यस कार्यक्रमले निम्न आय भएका कामकाजी वर्गहरू, अनौपचारिक क्षेत्रका कामदारहरू, र बेरोजगार व्यक्तिहरूलाई मासिक नगद सहायता उपलब्ध गरायो । यसबाट लाखौं मानिसहरूले महामारीको प्रतिकूल आर्थिक असरबाट केही राहत पाउन सके, जसले संकटको समयमा सामाजिक सुरक्षाको महत्वलाई अझ बलियो बनायो ।
- बङ्गलादेशमा बारम्बार हुने बाढीबाट प्रभावित समुदायहरूको सहयोगका लागि सरकार र गैरसरकारी संस्थाहरूले मिलेर सन् २०१७ मा विपद् संवेदनशील सामाजिक सुरक्षाको प्रयोग गरेका थिए । जस अन्तर्गत सन् २०१७ को बाढीको समयमा, बङ्गलादेशले विद्यमान सामाजिक सुरक्षा प्रणालीलाई अनुकूलन गर्दै प्रभावित व्यक्तिहरूलाई नगद भुक्तानी प्रदान गऱ्यो । नगद सहायता वितरणले प्रभावित परिवारहरूलाई तत्काल राहत पुर्यायो, जसले खाद्य सुरक्षा र अन्य आधारभूत आवश्यकताहरू पूरा गर्न मद्दत गऱ्यो । यो कार्यक्रम विशेष गरी विपन्न र जोखिममा रहेका समुदायहरूलाई लक्षित गरिएको थियो ।
- फिलिपिन्समा आएको विनाशकारी आँधी हायान (२०१३) पछि, फिलिपिन्स सरकारले 'पन्टाविद पामिल्याङ पिलिपिनो प्रोग्राम' (४ पीएस) लाई अनुकूल बनाएर प्रभावित परिवारहरूलाई नगद सहायता वितरण गऱ्यो । यसले गरीबी र खाद्य असुरक्षाबाट प्रभावित परिवारहरूलाई तुरुन्त राहत पुऱ्यायो र उनीहरूको पुनर्स्थापनालाई गति दियो । विपद् संवेदनशील सामाजिक सुरक्षाको यो प्रयोगले सामाजिक सुरक्षा प्रणालीलाई विपद्को बेला कसरी प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ भन्ने उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ ।

## ४.१२.२ विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास बारे वृत्तचित्र

*तालिम स्थलमा उपलब्ध स्रोत र साधनको आधारमा सहभागीहरुलाई वृत्तचित्र देखाएर पनि घटना अध्ययन विधि प्रयोग गर्न सकिन्छ । लिखित घटना अध्ययन गर्नु भन्दा यो तरिका बढि प्रभावकारी हुन्छ । तर यो सधैं व्यवहारिक तथा संभव नहुन सक्छ भन्ने कुरामा सहजकर्ता तयार हुनु पर्दछ । सहजकर्ताले वृत्तचित्र प्रदर्शनको विस्तृत जानकारीको लागि २.६.८ मा पनि गएर अध्ययन गर्नु होला ।*

*विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास बारे वृत्तचित्रको लिंक तल रहेको छ ।* https://www.youtube.com/watch?v=NnuqGTVTOPg https://youtu.be/dHl38bb_cjs

### ४.१२.३ विपद् संवेदनशील सामाजिक सुरक्षाका सन्दर्भमा भएका असल अभ्यासमा घटना अध्ययन

*कुनै पनि घटना या कार्यक्रमको ऐतिहासिक पृष्ठभूमि देखि घटनाक्रम, सकारात्मक, नकारात्मक उपलब्धि आदि विभिन्न जानकारी समावेश गरी तयार गरिएको सामग्रीलाई "घटना अध्ययन" भनिन्छ । घटना अध्ययनले नयाँ कार्यक्रमहरू सञ्चालन गर्न, योजना तर्जुमा गर्न, चुनौतिहरु आंकलन गरी सतर्क हुन ठूलो सहयोग गर्दछ । यसबाट नयाँ नयाँ व्यक्ति वा समूहहरूलाई आत्मविश्वासमा वृद्धि गराउन मात्र होइन कार्यको थालनी देखि लक्ष्य प्राप्ति सम्म आईपर्ने विभिन्न राम्रा, नराम्रा पक्षको जानकारी समेत गराउन सकिन्छ । विकास कार्यमा अपनाईएका कार्यनीति सफल भए नभएको जाँच्ने कसी नै घटना अध्ययन हो । यस्ता केस स्टडी तयार गरी तालिममा एउटा विधिको रुपमा प्रयोग गर्न पनि सकिन्छ । घटना अध्ययन लिखित वा श्रव्यदृष्यको (डकुमेन्ट्री वा सिनेमा) को रुपमा तयार भएको हुन्छ । तालिम स्थलमा उपलब्ध सहभागी, साधन, स्रोत तथा बजेटको घटना हेरेर कुनै पनि किसिमको घटना अध्ययन विधि प्रयोग गर्न सकिनेछ । सहजकर्ताले घटना अध्ययनको विस्तृत जानकारीको लागि २.६.७ मा पनि गएर अध्ययन गर्नु होला ।*

#### फिलिपिन्समा कोभिड-१९ को समयमा, विपद् जोखिम वित्तलाई सामाजिक सुरक्षासँग जोड्ने प्रयोग सन्दर्भ

सन् २०२० मा, फिलिपिन्सले कोभिड १९ महामारी र अन्य विपद्हरूको दोहोरो संकटको सामना गरेको थियो । कोभिड १९को फैलावटलाई कम गर्नका लागि सरकारले मार्च २०२० मा बृहत सामुदायिक क्वारेन्टिन ( ई.सि.क्यु.) लागू गऱ्यो । यो उपाय भाइरसको फैलावटलाई रोक्नमा प्रभावकारी भएपनि, ई.सि.क्यु.ले परिवारहरूको आय, रोजगारी, शिक्षा, र खाद्य सुरक्षामा गम्भीर आर्थिक प्रभाव पारेको थियो । यस समस्याको सम्बोधन गर्नका लागि, बयानिहान टु हिल ऐन (नम्बर ११४६९) पारित गऱ्यो र फिलिपि २०० अर्ब (यु.एस्.डि ४ अर्ब) बराबरको सामाजिक सुधार कार्यक्रम (स्याप) सुरु भयो । स्यापको लक्ष्य महामारीको समयमा नगद हस्तान्तरण र ज्याला अनुदानमार्फत संकटासन्न घरपरिवारहरूलाई सहयोग गर्नु थियो ।

#### कानूनी संरचना र समन्वय

बयानिहान ऐनले विपद् जोखिम वित्त र सामाजिक सुरक्षा प्रणालीमा महत्वपूर्ण परिवर्तनको लागि सहजीकरण गरेर महामारीको प्रभावकारी र समयमै प्रतिकार्य जनाउन सक्षम बनायो । यस कानूनले आन्तरिक र स्थानीय सरकार विभाग (डि.आई.एल्.जि) र स्थानीय सरकारहरूसँगको समन्वयमा काम गर्ने गरी समाज कल्याण र विकास विभाग (डि.इस्.डब्लु.डि) लाई स्याप लागू गर्ने प्रमुख निकायको रूपमा तोक्यो । स्याप, सरकारको विपद् संवेदनशील सामाजिक सुरक्षा (एस्आरएस्पी) ढाँचाको एक प्रमुख भाग थियो, जसको लक्ष्य निम्न-आय भएका परिवारहरूमा संकटको प्रभाव कम गर्नु थियो ।

## डिजाइन र कार्यान्वयन

स्यापले देशभरका १ करोड ८० लाख निम्न आय भएका परिवारहरूलाई दुई महिनाका लागि प्रतिमहिना फिलिपिनी पेसो ५,००० देखि ८,००० सम्मको आपतकालीन नगद हस्तान्तरण गरेको थियो । यस कार्यक्रमले ज्येष्ठ नागरिकहरू, अपाङ्गता भएका व्यक्तिहरू, गर्भवती महिलाहरू, आदिवासी जनजातिहरू, अनौपचारिक श्रमिकहरू र संकटमा परेका विदेशी फिलिपिनो श्रमिकहरू सहित संकटासन्न समूहहरूलाई लक्षित गरेको थियो । स्यापका लागि प्रचलनमा रहेको सामाजिक सुरक्षा कार्यक्रम, पान्टाविड पामिल्याङ फिलिपिनो कार्यक्रम, (४ पि) को पनि उपयोग गरियो, जहाँ ४ पि का लाभग्राहीहरूलाई स्थापित सूची र भुक्तानी प्रणालीहरूका कारण पहिलो नगद हस्तान्तरण प्राप्त भयो । यद्यपि, २०% भन्दा कम गैह्र-४पि लाभग्राहीहरूले मात्र समयमै भुक्तानी प्राप्त गरे । त्यसकारण पनि डि.इस्.डब्लु.डि.ले नगद वितरणका लागि साझेदार बैंकहरू, पैसा स्थानान्तरण सेवाहरू, र प्रत्यक्ष भुक्तानी जस्ता विद्यमान पूर्वाधारहरूको पनि उपयोग गऱ्यो । पारदर्शिता तथा जवाफदेहिता वृद्धि गर्न र लाभाग्राहीहरूलाई व्यक्तिगत रूपमा वा अन्य माध्यमबाट उजुरी पेश गर्नका लागि, स्यापले एक गुनासो सम्बोधन प्रणाली (जि.आर.एम्.) समावेश गरेको थियो । गुनासोहरू स्थानीय सामाजिक कल्याण कार्यालयहरू वा डि.इस्.डब्लु.डि को चौबीसै घन्टा उपलब्ध हटलाइनमार्फत गरिएको थियो ।

## वित्तीय

सरकारको सामाजिक-आर्थिक प्रतिक्रियाको एक हिस्सा स्वरूप, सन् २०२० को राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन कोष (एन्.डि.आर.आर.एम्.एफ्) को लगभग ६७% सामाजिक सुरक्षा कार्यक्रमहरूलाई वित्तपोषण गर्न परिचालित गरिएको थियो । आपतकालीन जोखिम वित्तपोषणको बहुपक्षीय दृष्टिकोणलाई मध्यनजर गर्दै बजेट पुनःविनियोजन, घरेलू तथा वैदेशिक ऋण, र निजी क्षेत्रहरूबाट यो कोष सङ्कलन गरिएको थियो ।

## परिणाम

स्याप, महामारीको समयमा एसियाको सबैभन्दा ठूलो सामाजिक सुरक्षा विस्तारमध्ये एक थियो । मे २०२० सम्ममा, पहिलो किस्ताको भुक्तानी जारी गरिएको थियो, र अगस्ट सम्ममा दोस्रो किस्ताले १ करोड ३३ लाख परिवारहरू, अर्थात् लक्षित लाभग्राहीहरूको ९४% लाई समेटेको थियो । यस कार्यक्रमले समयमै नगद हस्तान्तरण प्राप्त गर्ने ४पि का परिवारहरूको खाद्य असुरक्षालाई कम गर्न मद्दत गरेको थियो ।

## सिकाईहरु

स्याप कार्यान्वयनमा प्रमुख चुनौतीहरू मध्ये एक, वृहत र अद्यावधिक गरिबी दर्ता र राष्ट्रिय परिचय पत्र प्रणालीको अभाव थियो, जसले गैर-४पि लाभग्राहीहरूलाई लक्षित गर्न ढिलाइ भयो । भविष्यका संकटहरूमा

समयमै प्रतिकार्य जनाउनका लागि सामाजिक दर्ता, राष्ट्रिय परिचय पत्र प्रणाली र डिजिटल भुक्तानी पूर्वाधारको निर्माण महत्वपूर्ण रहेको छ ।

## २०७२ सालको गोर्खा भूकम्पमा विपद् संवेदनशील सामाजिक सुरक्षासँग सम्बन्धित यूनिसेफको सहयोग

२०७२ सालको गोर्खा भूकम्पको प्रतिकार्यमा, यूनिसेफले, तत्कालिन् विद्यमान सामाजिक सुरक्षा प्रणालीहरू मार्फत संकटासन्न भूकम्प प्रभावितलाई तत्काल राहत प्रदान गर्न, आपत्कालीन नगद हस्तान्तरण कार्यक्रम (ईसीटीपी) कार्यान्वयन गरेको थियो । नेपालको सामाजिक सुरक्षा पूर्वाधारलाई बलियो बनाउँदै पुनर्लाभलाई पनि सहयोग गर्ने लक्ष्यका साथ ईसीटीपी दुई चरणमा सञ्चालन गरिएको थियो ।

ईसीटीपीको पहिलो चरणमा १९ वटा भूकम्प प्रभावित जिल्लाहरूमा ५ वर्ष मुनिका दलित बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक जनजाती समूहहरू जस्ता संकटासन्न समूहहरूलाई एक पटकको लागि थप अनुदान रु ३,००० प्रदान गरिएको थियो । दोस्रो चरणमा सबैभन्दा प्रभावित ११ जिल्लाहरूमा, ५ वर्ष मुनिका बालबालिकालाई रु ४,००० प्रदान गर्नमा केन्द्रित थियो । कार्यक्रमको पहिलो चरणमा लगभग ४३५,००० लाभग्राही र दोस्रो चरणमा ३००,००० भन्दा बढी बालबालिकासम्म पुगेको थियो ।

यूनिसेफले समानान्तर प्रणाली सिर्जना गर्नुको सट्टा नेपालको राष्ट्रिय सामाजिक सुरक्षा प्रणाली प्रयोग गरेको थियो, जुन आफैमा नयाँ प्रयोग थियो । यस कार्यक्रमले नेपालको सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ बनाउने लक्ष्यलाई अघि बढाउँदै, छिटो र व्यापक प्रतिकार्यको मार्ग प्रशस्त गर्‍यो । ईसीटीपी अन्तर्गत, विद्यमान लाभग्राहीहरूका लागि सहयोगहरू बढाउँदै, ठाडो विस्तार बाट नयाँ लाभग्राहीहरूमा समेटेर क्षितीजीय विस्तार गर्‍यो । यसको सफलताले विद्यमान सामाजिक सुरक्षा प्रणालीहरूलाई विपद्हरू सम्बोधन गर्नकोलागि प्रयोग गर्न सकिन्छ भन्ने देखायो ।

ईसीटीपीको एक महत्वपूर्ण फाइदा नगद हस्तान्तरणहरूको प्रयोग थियो । लाभग्राहीहरूले पाएको नगदले उनीहरूलाई आफ्नो आवश्यकताहरू पूरा गर्न लचकता प्रदान गर्‍यो । यस कार्यक्रममा सरकारको विद्यमान भुक्तानी प्रणालीहरूको प्रयोगले पनि नागरिक र सरकार बीचको विश्वास मजबुत बनायो । यति हुँदाहुँदै पनि, उक्त कार्यक्रमले, स्थानीय सरकारको क्षमता, थप प्रशासनिक बोझ, वितरणमा ढिलाइ र समन्वयका समस्याहरू जस्ता चुनौतीहरूको सामना गर्नु परेको थियो । धेरै कति स्थानीय सरकारका प्रतिनीधिहरु भूकम्पपछिको पुनर्लाभका कार्यहरुमा देखिएको कमजोरीलाई मध्यनजर गर्दै, उक्त कार्यक्रममा समेत, सम्भावित दुरुपयोग हुन सक्ने कुरालाई ख्याल गर्दै, नगद हस्तान्तरणको विचारसँग सहमत हुन सकेका थिएनन् ।

यी चुनौतीहरूका बाबजुद, ईसीटीपीले नेपालमा विपद् संवेदनशील सामाजिक सुरक्षाको सम्भावना पहिल्याउन सफल भयो । कार्यक्रमले प्रभावित जिल्लाहरूमा जन्म दर्ता दर बढायो र नेपालको बाल अनुदान कार्यक्रमकोलागि राष्ट्रिय विस्तारको बाटो खुलाउन मद्दत गर्‍यो । कार्यक्रमले विपद्को समयलमा द्रुत र प्रभावकारी सेवा दिने प्रणालीको क्षमतामा कमी कमजोरी पनि औँल्यायो । उदाहरणका लागि, भुक्तानीमा ढिलाइ, लक्षित समूहको नाम दर्तामा समस्या र विभिन्न तहका सरकार र अन्तर्राष्ट्रीय साझेदारहरू बीच पर्याप्त समन्वयको अभाव । समग्रमा, नेपालमा युनिसेफको, आपत्कालीन नगद हस्तान्तरण कार्यक्रमले नगद हस्तान्तरण विपद् संवेदनशील बनाउन, विद्यमान सामाजिक सुरक्षा प्रणालीहरूलाई अवसरको रूपमा प्रयोग गरेर एक ऐतीहासिक असल अभ्यास स्थापित गर्‍यो ।

## ४.१३ सत्र १३: विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण



| | |
|---|---|
| **सत्रको उद्देश्य** | विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणबारे सहभागीलाई संक्षिप्त जानकारी दिने । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| पावर वाक खेल | खेल | ४५ मिनेट |
| विपद् संवेदनशीलसामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण | व्याख्यान | २५ मिनेट |
| लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (जेड्सी) अनुकूल आपत्कालीन प्रतिकार्य योजनाहरू | व्याख्यान | २० मिनेट |
| **कुल समय** | | ९० |

## सहजकर्ता मार्गदर्शन

यस सत्रमा सहजकर्ताले १ घण्टा ३० मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ। सहजकर्ताले विषयको व्याख्यान, मस्तिष्क मन्थन तथा Power Walk मार्फत विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको विषयलाई सहभागी समक्ष सहजीकरणगर्नुपर्दछ । सहजकर्ताले प्रस्तुतिको दौरानमा सहभागीको छलफलबाट आएका सान्दर्भिक सामग्रीहरुलाई जोड्दै यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ । सहजकर्ताले यस सत्र **विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण**को लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ।

## अध्ययन सामग्री

यस अध्ययन सामग्रीमा तलका निम्न विषयहरु उपलब्ध छन् जस्तै

### ४.१३.१ पावर वाक खेल

*सहभागितामूलक प्रशिक्षण कार्यक्रममा खेल विधिले महत्वपूर्ण स्थान राखेको हुन्छ। यो विधि सहभागीका आफ्ना प्रचलित मूल्य मान्यता, परम्परा र अनुभवका आधारमा सृजनशील रुपमा गर्दै आएको पाइन्छ। यस विधिले विषयवस्तुलाई सजिलै प्रस्ट पार्न सहयोग गर्दछ। खेल विधिबाट सिकेका सिकाईहरु चिरस्थायी हुन्छन्। सहजकर्ताले खेल विधिको विस्तृत जानकारीको लागि २.६.९ मा पनि गएर अध्ययन गर्नु होला।*

## खेल विधि

सहजकर्ताले सहभागीहरुलाई खुल्ला स्थानमा लगी एक लाइनमा उभिन लगाउने। सहभागीहरुलाई एउटा भिषण बाढी पहिरोको कारणले उनीहरुको गाउँलाई पूर्ण रुपमा क्षति गरेर उनीहरुलाई विस्थापित गरेको जानकारी गराउने। यो एउटा कृत्रिम घटनाको परिवेश तयार गरेको हुनाले सहभागीहरुले चिट तान्दा आफुलाई परेको विशेष भूमिकालाई निर्वाह गर्न लगाउने

## सहभागीहरुले प्रदान गरेको विशेष भूमिकाहरु

- ४६ वर्षीय साक्षर तथा ४ वटा बालबालिकाकी आमा र महिला समूहको सदस्य ।
- ५० वर्षीय विदुर(श्रीमती नभएको) पुरुष, किसान, ५ जना छोराछोरी ।
- ६७ वर्षीय पुरुष, जग्गा जमिन र आम्दानि प्रशस्त छ ।
- ३० वर्षीय विधुवा महिला, घरमुली, ३ जना छोराछोरी र सफल उधमी ।
- ३० वर्षीय एचआइभी प्रभावित महिला, घरमुली, ३ जना छोराछोरी ।
- १८ वर्षीय केटा, साक्षर, आफ्नो दाई सँग बस्छ ।
- २९ वर्षीय महिला, सानो ब्यापार, भर्खरै विहे गरेको, ६ महिनाको गर्भवती ।
- ३८ विर्षीय पुरुष, शारिरिक रुपमा अपाङ्ग, अविवाहित ।
- १० वर्षीय बालिका, उनी आफ्नो काका काकी सँग उनीहरुको ४ जना छोराछोरी संगै बस्छन् ।
- ३१ वर्षीय शिक्षक, अविवाहित ।
- ३५ वर्षीय विधुवा महिला, ३ जना छोरा छोरी, जिविकाको लागि ज्यालादारीमा मजदुरी गर्दछ ।
- ६७ वर्षीय विधुवा महिला आफनो विवाहित छोरी सँग बस्दछ ।
- ९ महिनाको बच्चाकी आमा, २ जना थप छोराछोरी, श्रीमान बैदेशकि रोजगारीको लागि साउदी गएका छन् ।
- ३२ वर्षीय दालित पुरुष, भर्खरै विवाह गरेको ।
- ४० वर्षीय दलित महिला, श्रीमान दैनिक ज्यालादारीमा काम गर्छ ।
- ५० वर्षीय विधुवा दलित महिला, ३ जना १८ वर्ष भन्दा मुनीका छोराछेरी ।
- २० वर्षीय महिला, भर्खरै विवाह भएको, श्रीमान वैदेशिक रोजगारीमा ।
- वोल्न नसक्ने ३५ वर्षीय महिला, ४ जना छोरा छोरी, श्रीमान ज्यालादारी श्रामिक ।
- २८ वर्षीय पुरुष, प्रहरी सेवामा स्थाई जागिर भएको ।
- ४० वर्षीय ब्यवासयी, ५ जना छोरा छोरी, २ श्रीमती ।
- ४५ वर्षीय महिला, महिला समूह तथा विभिन्न स्थानीय संघ तथा संगठनमा नेतुत्वदायी भुमिकामा रहेको ।
- ४६ वर्षीय पुरुष, गाउँको नेतुत्व गरेको स्थानीय नेता ।
- ३५ विर्षीय पुरुष, स्थानीय गैर सरकारी संस्थाको अध्यक्ष ।
- ४० वर्षीय पुरुष, गाविस अध्यक्ष ।
- ५० वर्षीय पुरुष, स्थानीय सहकारी संस्थाको कार्यकारी निर्देशक
- ३० वर्षीय महिला शिक्षिका ।

सहभागीहरुलाई आफ्नो भूमिका अनुरुप अभिनय गर्नका लागि सहजकर्ताले आग्रह गर्ने । सहजकर्ताले तल उल्लेख गरिएका भनाईहरू पढेर सुनाउने र सहभागीले आफ्नो भूमिका अनुसार,

यदि त्यो प्रश्नले आफ्नो भूमिकामा असर परेको सहमत भएमा **एक कदम अगाडी**,

यदि त्यो प्रश्नले आफ्नो भूमिकामा असर परेको असहमत भएमा **एक कदम पछाडी**, र

यदि त्यो प्रश्नले आफ्नो भूमिकामा कुनै पनि असर नपरेमा **यथास्थानमा रहने,**

### कृत्रिम घटनाको परिवेशमा आधारित खेलको लागि प्रश्नहरु यस प्रकार रहेका छन्:

1. खानामा पहुँच
2. आवश्यक खाना किन्न तथा साट्न सक्षम
3. पानी वितरण केन्द्रबाट सजिलै सफा पानी प्राप्त गर्न सक्नु हुन्छ ?
4. तपाईंलाई तात्कालीन झाडा पखालामा के गर्ने भन्ने थाह छ कि छैन ?
5. उपलब्ध शौचालय प्रयोग गर्न खास गरी रातमा असुरक्षित महसुस हुन्छ कि हुँदैन ?
6. तपाईं आफ्ना गुनासाहरु स्थानीय पालिका वा संघसंस्थालाई भन्न सक्नु हुन्छ ?
7. तपाईं समुदायको बैठकमा सहभागी हुनु हुन्छ कि हुँदैन ?

1) यदि कुनै पनि विपद्को अवस्थामा तपाईं सहज रुपमा राहत सामग्रीमा पहुँच राख्न सक्नुहुन्छ भने एक चरण (Step) अगाडि बढ्नुहोस् ।
2) तपाईंलाई वडा कार्यालय अथवा कुनै संघ संस्थाले राहत बाड्दै छ भन्ने पूर्वसूचना आउँछ र तपाईं सहजै राहत घरमा ल्याउन सक्नुहुन्छ भने एक चरण अगाडि बढ्नुहोस् ।
3) यदि तपाईंलाई आफ्नो गाग्री लगेर सामुदायिक धाराबाट पिउने पानी सङ्कलन गर्न समस्या पर्छ भने एक चरण पछाडि सर्नुहोस् ।
4) तपाईं पूर्वचेतावनी सूचना मोबाईलमा पढ्न र बुझ्न सक्नुहुन्छ भने एक चरण अगाडि बढ्नुहोस् र सक्दैन भने दुई चरण पछाडि सर्नुहोस् ।
5) तपाईं विपद् पर्दा सुरक्षित स्थानको पहिचान गर्न सक्नुहुन्छ, तपाईलाई थाहा छ भने एक चरण अगाडि बढ्नुहोस् ।
6) तपाईं समुदायमा विपद्मा राहत बाँड्ने या अन्य कुनै पनि समिति वा समूहमा प्रतिनिधित्व गर्नुहुन्छ भने एक चरण अगाडि बढ्नुहोस् ।

7) आदि जस्ता विवरण सहजकर्ताले तयार गरी  सहभागी संख्याको आधारमा खेल खेलाउने ।

### खेल सिकाई निष्कर्ष

अन्तमा, यस **कृत्रिम घटनाको परिवेशमा आधारित सबै प्रश्नहरु सोधे पश्चात् सहभागीहरु निश्चित स्थानमा आईपुग्दछन् ।** अब सहभागीहरुलाई बाँकी अवधि यथास्थानमा रहन आग्रह गर्ने र तलका निम्न उल्लेखित प्रश्नहरु सोध्नुहोस् ।

1. तपाईं किन यो स्थानमा उभिनु भाको छ?
2. तपाईं  किन अगाडि अरु सहभागीसँगै पुग्न सक्नु भएन ?
3. तपाईं  किन अरु सहभागी भन्दा पछाडि हुनु हन्छ ?

सहभागीहर्रुसँग छलफल गर्दा यस खेलबाट लिङ्ग, उमेर, अपाङ्गता लगायत अन्य कारणले विपद्को प्रतिकार्य क्षमता घटाउने र बहु-जोखिमलाई बढाउने स्पष्ट सिकाई रहेको बुझाउनु पर्दछ ।
छलफलको दौरानमा सहजकर्ताले एउटा सबल, आय आर्जन गर्ने व्यक्ति र एक गरिब समुदायको भूमिकामा रहेका व्यक्तिको विपद्सँग जुध्ने क्षमता फरक रहन्छ भनेर बुझाउने ।
छलफलको दौरानमा सहभागीहरुलाई किन अगाडि बढेको वा पछाडि हटेको, कस्ता व्यावधानहरु महसुश गर्नुभयो भन्ने तरिकाले सहजीकरण गर्दै किन विपद्को अवस्थामा या विपद् पूर्वको समयमा यी जोखिममा पर्ने वर्ग अझ बहिष्करणमा परि थप जोखिममा पर्न सक्छ भन्ने विषयलाई उजागर गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीतालाई हरेक विपद् व्यवस्थापनको चरणमा महत्त्वपूर्ण छ भन्दै यो विषय नीति तथा योजना निर्माणमा पनि जोड दिनु पर्छ भन्दै खेल समाप्त गर्ने ।

## ४.१३.२ विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण

*विषयगत विशेषज्ञले निश्चित विषयमा सहभागीहरु समक्ष मौखिक प्रस्तुतिकरण गरिने व्याख्यात्मक प्रक्रियालाई व्याख्यान विधि भनिन्छ । यो विधिबाट तालिम सञ्चालन गर्दा एकै पटक धेरैलाई प्रशिक्षण गर्न र कम समयमा धेरै कुरा प्रस्तुत गर्न सकिन्छ ।  यसको अतिरिक्त कम साधन र खर्चबाट धेरै जानकारी समावेश गर्न सकिने हुन्छ र विषयवस्तु र प्रस्तुतिकरणमा तालिम सहजकर्ताको नियन्त्रण हुन्छ ।  तर, सहभागी केन्द्रित प्रक्रियामा यो व्याख्यान विधि मात्र प्रयोग गर्नका लागि उपयुक्त हुदैन ।  यो विधिमा एकतर्फी मात्र सञ्चार हुने र सहभागीहरुको न्यून र निस्क्रिय सहभागिता हुन्छ । त्यसैले गर्दा अन्य विधिसँग मिलाएर गर्नु पर्दछ ।  सहजकर्ताले व्याख्यानको विस्तृत जानकारीको लागि २.६.५ मा पनि गएर अध्ययन गर्नु होला ।*

जीईडीएसआई (लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण) ले सामाजिक सुरक्षा प्रणाली सीमान्तकृत समूहलगायत सबैका लागि समतामूलक र पहुँचयोग्य भएको सुनिश्चित गर्दछ।

- यसले विपद् संवेदनशील सामाजिक सुरक्षाका कार्यक्रमहरू भित्र महिला, अपाङ्गता भएका व्यक्तिहरू र अन्य पिछडिएका समूहहरूको विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्ने उपायहरू समावेश गर्दछ ।
- यस दृष्टिकोणले सुनिश्चित गर्दछ कि नगद स्थानान्तरण र सहायताका अन्य रूपहरू महिला र बालिकाहरूसम्म पुग्छन्, जो प्रायः विपद् वा संकटबाट प्रभावित हुन्छन्।
- यसले अपाङ्गता भएका व्यक्तिहरूलाई बिना अवरोध लाभ र सेवाहरू प्राप्त गर्न सुनिश्चित गर्न लक्षित सहयोग प्रदान गर्दछ।
- जीईडीएसआईले सामाजिक बहिष्करणलाई सम्बोधन गर्न र सीमान्तकृत समुदायहरूलाई सामाजिक सुरक्षा हस्तक्षेपबाट लाभान्वित हुने सुनिश्चित गर्न रणनीतिहरू समावेश गर्दछ।
- यसले पुरुष, महिला र लैङ्गिक अल्पसङ्ख्यकहरूमा आघातका विभिन्न प्रभावहरू बुझ्न र सम्बोधन गर्न लैङ्गिक-संवेदनशील दृष्टिकोणहरू एकीकृत गर्दछ।
- यस दृष्टिकोणले सामाजिक सुरक्षा र विपद् प्रतिकार्यसँग सम्बन्धित निर्णय प्रक्रियामा महिला र सीमान्तकृत समूहहरूको प्रतिनिधित्व सुनिश्चित गर्दछ।
- सेवा प्रदायकहरूको लागि प्रशिक्षण र क्षमता-निर्माण विभिन्न जनसंख्याको आवश्यकताहरू अझ राम्रोसँग बुझ्न र पूरा गर्न लागू गरिन्छ।
- सामाजिक सुरक्षा प्रणाली कार्यक्रमहरूको बारेमा जानकारी अपाङ्गता भएका व्यक्तिहरू सहित सबैका लागि पहुँचयोग्य छ भन्ने सुनिश्चित गर्न समावेशी सञ्चार रणनीतिहरू विकास गरिएको छ।
- सीमान्तकृत समूहहरूलाई सामाजिक सुरक्षा प्रणाली कार्यक्रमहरूको बारेमा उनीहरूको चिन्ता र सुझावहरू आवाज उठाउन अनुमति दिन प्रतिक्रिया संयन्त्रहरू समावेश गरिएको छ।
- सहभागितात्मक दृष्टिकोणहरू सामाजिक सुरक्षा प्रणालीका हस्तक्षेपहरू डिजाइन र कार्यान्वयन गर्न प्रयोग गरिन्छ, यो सुनिश्चित गर्दछ कि सबै समुदायका सदस्यहरूको आवश्यकता र दृष्टिकोणहरू विचार गरिन्छ।
- सामाजिक सुरक्षा प्रणालीका कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन र प्रभावकारिता सुनिश्चित गर्न विभिन्न सामाजिक समूहहरूलाई कसरी प्रभाव पार्छ भन्नेमा केन्द्रित छ।

- आपतकालीन प्रतिकार्य योजनाहरू समावेशी छन् र महिला र अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट आवश्यकताहरू विचार गर्दछन् ।
- अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा सेवाहरू प्राप्त गर्न सकून् भन्ने सुनिश्चित गर्न यातायात र सहायक उपकरणहरू जस्ता समर्थन सेवाहरू प्रदान गरिन्छ ।
- हानिकारक लैङ्गिक मान्यताहरूलाई सम्बोधन गरेर र महिला र पुरुषलाई सामाजिक सुरक्षा प्रणालीका कार्यक्रमहरूबाट लाभान्वित हुने समान अवसरहरू सुनिश्चित गरेर लैङ्गिक समानतालाई बढावा दिइन्छ ।

### *४.१३.२.१ विपद् संवेदनशील सामाजिक सुरक्षाका लागि लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (जेड्सी)*

संकटको अवस्थामा संकटासन्न जनसंख्या, विषेश गरी सीमान्तकृत समूहको विशेष आवश्यकता पुरा गर्नकोलागि विपद् संवेदनशील सामाजिक सुरक्षा (विपद् संवेदनशील सामाजिक सुरक्षा)मा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (जेड्सी)लाई समाहित गर्नु महत्वपूर्ण हुन्छ । विपद् लगायत माहामारीको अवस्थामा समयमै सहयोग गर्नकोलागि विपद् संवेदनशील सामाजिक सुरक्षा, नगद हस्तान्तरण, खाद्यान्न वितरण, तथा स्वास्थ्य सेवामा पहुँच जस्ता सामाजिक सुरक्षाका उपायहरु विस्तार तथा अनुकुलन गर्नमा केन्द्रित हुन्छ । यसप्रकार, विपद् संवेदनशील सामाजिक सुरक्षा, परम्परागत विपद् पूर्वतयारीभन्दा बाहिर गएर सामाजिक सुरक्षा प्रणालीहरू संकटका समयमा सबैभन्दा आवश्यकतामा रहेकाहरू, विशेष गरी सीमान्तकृत समूहहरूसम्म पुग्न सक्छ ।

### *४.१३.२.२ विपद् संवेदनशील सामाजिक सुरक्षामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण किन आवश्यक छ ?*

विभिन्न विपद्ले, समाजमा भएका विद्यमान असमानताहरुलाई झन् बढाउने गर्दछ । संकटका कारण महिलाहरु, अपाङ्गता भएका व्यक्ति र सामाजिक रुपले वहिस्कृत जनसंख्याहरु सहित सीमान्तकृत समूहहरु असमान रूपमा प्रभावित हुन्छन् । उदाहरणका लागि, महिला र किशोरीहरुले स्याहार सुसारको थप बोझ बोक्नुका साथै लैङ्गिक हिंसाको बढ्दो जोखिममा पर्न सक्छन् भने, अपाङ्गता भएका व्यक्ति हरुले अत्यावश्क सुविधाहरुमा पहुँच गर्न थप बाधाहरुको सामना गर्नुपर्छ । विपद् संवेदनशील सामाजिक सुरक्षाको उद्देश्य, यी चुनौतीहरूलाई न्यून गर्नका लागि जेड्सीका सिद्धान्तहरू समाहित गर्दै, सबै समूहहरूमा प्रभावकारी रुपमा बिना विभेद सहयोग पुगोस् भनि सुनिश्चित गराउनु हो । विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीमा जेड्सीका विचारहरु समावेश गर्नाले, सीमान्तकृत समूहले सहयोग प्राप्तिमा आएको वाधा र प्रभावित जनसंख्याको विविध आवश्यकताहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्न सुनिश्चित गर्दछ । यस अन्तर्गत, विपद् संवेदनशील

सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई संकटका बेला प्रायः बढ्ने लैङ्गिक असमानता, अपाङ्गता समावेशी र सामाजिक बहिष्करणप्रति संवेदनशील हुन अनुकूल बनाउनुपर्दछ ।

### ४.१३.२.३ विपद् संवेदनशील सामाजिक सुरक्षाको लाभहरुमा समान पहुँच

विपद् संवेदनशील सामाजिक सुरक्षामा जेड्सीको समाहित गर्दा, विषेश गरी सीमान्तकृत समूहमा, सामाजिक सुरक्षाका लाभको समान पहुँच पुग्ने वातावरण तयार हुन सक्छ । विपद्हरुका कारण सामाजिक सुरक्षा सेवाहरुको वितरणमा बाधा पुग्न सक्छ र सीमान्तकृत समूहहरूले यी लाभहरू प्राप्त गर्न प्रायः थप बाधाहरूको सामना गर्नुपर्छ। उदाहरणका लागि, आर्थिक मन्दिको समयमा, महिलाहरूको पारिवारिक हेरचाह गर्ने जिम्मेवारी वा बाह्य हिँडडुलमा बन्देजका कारण, उनीहरुले सामाजिक सुरक्षा सहयोग प्राप्त गर्ने सम्भावना कम हुन सक्छ। त्यसैगरी, अपाङ्गता भएका व्यक्तिहरूले नगद हस्तान्तरण वा स्वास्थ्य सेवाहरू पहुँच गर्न प्रयास गर्दा, भौतिक वा सञ्चार बाधाहरूको सामना गर्न सक्छन् ।

यी चुनौतीहरू सम्बोधन गर्न सीमान्तकृत समूहहरू पछि नपरुन् भनी सुनिश्चित गर्नका लागि, विपद् संवेदनशील सामाजिक सुरक्षाका कार्यक्रमहरू लचिलो र अनुकूल हुन आवश्यक छ। यस अन्तर्गत, अपाङ्गता भएका व्यक्तिहरूका लागि यातायात सहयोगलाई प्राथमिकता दिन वा उपलब्ध सहायताको बारेमा जानकारी पहुँचयोग्य ढाँचामा उपलब्ध गराएर हुनसक्छ । यसैगरि, विपद् संवेदनशील सामाजिक सुरक्षाले सामाजिक रूपमा बहिष्कृत समुदायहरूलाई आफूले पाउने सहयोगको बारेमा जानकारी प्राप्त गर्न र तिनमा पहुँच गर्न उनीहरूलाई सक्रिय रूपमा संलग्न गराउने रणनीतिहरु समावेश गर्नुपर्दछ।

### ४.१३.२.४ महिला र किशोरीहरूका लागि लक्षित सहायता

महिला र किशोरीहरू प्रायः विद्यमान लैङ्गिक असमानताहरू, जस्तैः स्रोतसाधनहरूमा सीमित पहुँच, पारिवारिक हेरचाहको भूमिकाहरू र हिंसाको बढ्दो जोखिमका कारण, विपद्को समयमा बढी संकटासन्न हुन्छन् । यी चुनौतीहरूलाई न्यून गर्न, विपद् संवेदनशील सामाजिक सुरक्षाले महिला र किशोरीहरूको संकट विशिष्ट संकटासन्नतालाई सम्बोधन गर्न लक्षित सहायता प्रदान गर्नुपर्छ । यस अन्तर्गत, विपद्को समयमा, महिला घरमुली भएको घरधुरिका लागि नगद हस्तान्तरण वा खाद्य सहायतालाई प्राथमिकता दिन वा स्वास्थ्य सेवाहरू, जस्तै यौन र प्रजनन स्वास्थ्य सेवाहरू पहुँचयोग्य होस् भनि सुनिश्चित गर्न सकिन्छ।

लैङ्गिक आधारमा तथ्याङ्क खण्डिकरण गरेर, विपद् संवेदनशील सामाजिक सुरक्षाले महिला र किशोरीहरूको विशेष आवश्यकताहरू पूरा गर्न कार्यक्रमहरुलाई राम्रोसँग अनुकूल बनाउन सकिन्छ । विपद् संवेदनशील सामाजिक सुरक्षाको लैङ्गिक संवेदनशील दृष्टिकोणले संकटका बेलामा महिलाहरूले सामना गर्ने थप बोझहरू कम गर्न मद्दत गर्दछ र महिलाहरू असमान रूपमा प्रभावित नहोऊन् भन्नका लागि लैङ्गिक समानतालाई

प्रवर्द्धन गर्दछ। उदाहरणका लागि, खाद्य संकटको समयमा, विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूले, खाद्यान्न वितरणमा महिलाहरूको समान पहुँच सुनिश्चित गर्नको लागि संकटासन्नतामा रहेका महिला घरमुली भएको घरधुरिलाई प्राथमिकता दिन सक्छ।

### ४.१३.२.५ अपाङ्गता भएका व्यक्तिहरूका बाधाहरू सम्बोधन गर्नु

अपाङ्गता भएका व्यक्तिहरूले संकटका बेलामा सामाजिक सुरक्षा सेवाहरू पहुँच गर्न नसकिने प्रायः विशेष चुनौतीहरूको सामना गर्नुपर्छ। अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचबिहिन वितरण बिन्दुहरू जस्ता भौतिक बाधाहरू, पहुँचयोग्य ढाँचामा जानकारीको अभाव जस्ता सञ्चार बाधाहरू र सामाजिक मनोवृत्तिका कारण अपाङ्गता भएका व्यक्तिहरू, विपद् संवेदनशील सामाजिक सुरक्षाका लाभहरूबाट बहिष्करण हुन सक्छन्। विपद् संवेदनशील सामाजिक सुरक्षाका कार्यक्रमहरू, यी बाधाहरूलाई सम्बोधन गर्न र सबै व्यक्तिहरूलाई समान पहुँच प्रदान गर्ने तरिकाले निर्माण भएका छन् भन्ने कुरा जेड्सीले सुनिश्चित गर्दछ।

यो प्राप्त गर्न, एस्आरएस्पि प्रणालीहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई वितरण बिन्दुहरूमा पुग्न यातायात सेवाहरू प्रदान गर्ने वा आवश्यक पर्दा सहायक उपकरणहरू प्रदान गर्ने जस्ता समावेशी उपायहरू कार्यान्वयन गर्नुपर्दछ। विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूको बारेमा जानकारी पनि अपाङ्गमैत्री जस्तै- ब्रेल, सांकेतिक भाषा वा सजिलै पढ्न सकिने ढाँचामा उपलब्ध हुनुपर्दछ।

यसैगरी, विपद् संवेदनशील सामाजिक सुरक्षाले अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताहरू सुरुदेखि नै विचार गरिएको, सुनिश्चित गर्नको लागि कार्यक्रमहरूको निर्माण र कार्यान्वयनमा उनीहरूलाई सक्रिय रूपमा संलग्न गराउनुपर्दछ। यसका लागि अपाङ्गता अधिकार संगठनहरूसँग परामर्श गरेर वा विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूसँग सम्बन्धित स्थानीय निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूलाई संलग्न गराउनु पर्दछ।

### ४.१३.२.६ विपद् संवेदनशील सामाजिक सुरक्षामा सामाजिक बहिष्करण सम्बोधन गर्नु

सामाजिक बहिष्करण, सीमान्तकृत समुदायहरूले संकटका बेलामा सामना गर्नु पर्ने अर्को प्रमुख बाधा हो, जसले उनीहरूलाई सामाजिक सुरक्षा सेवाहरूमा पहुँच गर्नबाट रोक्छ। विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूले सबै जातीयता, जात वा भौगोलिक एकान्तताका कारण सामान्यतया बाहिर रहेका सहित सबै समूहसम्म पुऱ्याएर सामाजिक बहिष्करण सम्बोधन गर्नका निम्ति सक्रिय रूपमा काम गर्नुपर्छ। विपद् संवेदनशील सामाजिक सुरक्षा सेवाहरू, यी समूहहरूसम्म पुऱ्याउनका लागि, सामाजिक रूपमा बहिष्कृत जनसङ्ख्याहरूसँग सुदृढ सम्बन्ध भएका सामुदायमा आधारित संगठनहरू वा स्थानीय नेताहरूसँग निकट सहकार्य गर्नुपर्दछ।

केही व्यक्तिहरूले, भिन्न रूपमा भेदभावको सामना गर्न सक्छन् भन्ने कुरा स्वीकार गर्दै, विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूले अन्तरसम्बन्धित चुनौतीहरूलाई पनि सम्बोधन गर्नुपर्छ। उदाहरणका लागि, सामाजिक रूपमा बहिष्कृत समुदायको अपाङ्गता भएका महिलाहरूले सामाजिक सुरक्षा सेवाहरूमा पहुँच गर्न जटिल बाधाहरूको सामना गर्न सक्छन्। यी अन्तरसम्बन्धित संकटासन्नताहरु सम्बोधन गर्न, प्रत्येक समूहको आवश्यकता अनुसार लक्षित सहायताको लागि सबैलाई लागू हुने मोडेलभन्दा बाहिर जानुपर्छ भन्ने दृष्टिकोणको आवश्यकता हुन्छ।

### *४.१३.२.७ समावेशी आपत्कालीन नगद हस्तान्तरण र सहायता*

विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूमा सबैभन्दा प्रभावकारी उपकरणहरू मध्ये आपत्कालीन नगद हस्तान्तरणहरूको प्रावधान एक हो, जसले संकटका समयमा घरपरिवारहरूलाई आफ्नो आधारभूत आवश्यकताहरू पूरा गर्न मद्दत गर्न सक्छ। यद्यपि, यदि यसले सीमान्तकृत समूहहरूको विशिष्ट आवश्यकताहरूलाई विचार गर्दैन भने नगद हस्तान्तरण मात्र पर्याप्त नहुन सक्छ। महिला, अपाङ्गता भएका व्यक्तिहरू र अन्य असमानतामा परेका समूहहरूमा नगद हस्तान्तरणहरू प्रभावकारी रूपमा पहुँच गर्न र प्रयोग गर्न थप सहयोगको आवश्यकता हुन सक्छ।

उदाहरणका लागि, विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि यातायात खर्चको लागि थप वित्तीय सहायता प्रदान गर्न सक्छ वा महिलाहरूलाई जीविकोपार्जन गतिविधिहरूमा सहभागी हुन, नगद हस्तान्तरणका साथसाथै बाल हेरचाह जस्ता सेवाहरू पनि जोड्न सक्छ। यसका अतिरिक्त, महिलाहरूको विशिष्ट संकटासन्नता जस्तै संकटका बेलामा लैङ्गिक हिंसाको बढ्दो जोखिमलाई सम्बोधन गर्न नगद हस्तान्तरण प्रक्रिया अपानउनु पर्दछ। यस्तो अवस्थामा, विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूले महिलाहरूलाई आफुले पाउनु पर्ने सहायतामा पहुँच गराउन सुरक्षित र गोप्य विधिहरू स्थापना गर्नुपर्ने आवश्यकता हुन सक्छ।

### *४.१३.२.८ लैङ्गिक संवेदनशील तथा अपाङ्गता समावेशी, विपद् संवेदनशील सामाजिक सुरक्षा ढाँचाहरू*

संकटको समयमा सीमान्तकृत समूहहरू पछि नपरुन् भनी सुनिश्चित गर्नका लागि सुरुदेखि नै लैङ्गिक संवेदनशील र अपाङ्गता समावेशी ढाँचाहरू सहित विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरू रचना गर्नुपर्छ। लैङ्गिक र अपाङ्गता विचारहरू कार्यक्रमको प्रत्येक पक्ष, योग्यता मापदण्डदेखि सेवाहरूको वितरणसम्मको, भाग बनोस् भनी विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीहरूको मुख्य प्रावधानमा जेड्सीका सिद्धान्तहरू समाहित हुनुपर्दछ।

उदाहरणका लागि, विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूले महिला घरमुली भएको घरधुरिहरू वा अपाङ्गता भएका व्यक्तिहरू भएका परिवारहरूलाई सामाजिक सुरक्षा लाभहरूका लागि प्राथमिकता दिनुपर्छ। त्यसैगरी, विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीहरूले वितरण केन्द्रहरू जस्ता भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री छन् भन्ने सुनिश्चित गर्नुपर्छ। यी उपायहरू समावेश गर्नाले विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरू समावेशी र समानतापूर्ण हुन्छन् र समाजका सबै सदस्यहरूलाई संकटका बेलामा आफूलाई आवश्यक पर्ने सहयोगमा पहुँच गर्न सक्षम बनाउँछ।

#### *४.१३.२.९ लैङ्गिक र अपाङ्गताका विषयहरूमा विशेषज्ञता भएका संगठनहरूसँगको सहकार्य*

विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूको समावेशिता बढाउनको लागि लैङ्गिक र अपाङ्गताका विषयहरूमा विशेषज्ञता भएका संगठनहरूसँगको सहकार्य महत्वपूर्ण हुन्छ। यी संगठनहरूले संकटका बेलामा सीमान्तकृत समूहहरूले सामना गर्ने विशिष्ट चुनौतीहरूमा विशेषज्ञता र अन्तर्दृष्टि ल्याउन सक्छन् र प्रभावकारी र समावेशी कार्यकमहरु रचना गर्नमा पनि मद्दत गर्छन्। यी संगठनहरूसँग काम गर्नाले विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरू, महिला र अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताहरू प्रति उत्तरदायी हुनुका साथै, असल अभ्यासहरूको जग र वास्तविक संसारको अनुभवमा आधारित पनि हुन्छन्।

उदाहरणका लागि, संकटका बेलामा महिलाहरूले सामना गर्ने विशिष्ट संकटासन्नताहरू राम्रोसँग बुझ्न र यी चुनौतीहरू सम्बोधन गर्नको लागि कार्यक्रमहरू निर्माण गर्न विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरूले महिला अधिकार संगठनहरूसँग साझेदारी गर्न सक्छ। त्यसैगरी, अपाङ्गता अधिकारका लागि काम गर्ने संगठनहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षाका लाभहरूबाट, बहिष्करण हुनबाट बचाउन र उनीहरूका लागि विपद् संवेदनशील सामाजिक सुरक्षा सेवाहरू बढी पहुँचयोग्य कसरी बनाउन सकिन्छ भन्ने बारे मार्गदर्शन प्रदान गर्न सक्छन्।

### ४.१३.३ जेड्सी अनुकूल आपत्कालीन प्रतिकार्य योजनाहरू

विभिन्न प्रकारका विपद् संवेदनशील सामाजिक सुरक्षामा जेड्सीलाई समाहित गर्दा, यी प्रणालीहरू समावेशी छन् र महिला, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत समुदायहरू जस्ता संकटासन्न समूहहरूको विशिष्ट आवश्यकताहरू सम्बोधन गर्छन् भन्ने कुरा सुनिश्चित गर्न आवश्यक हुन्छ।

#### *४.१३.३.१ विद्यमान कार्यक्रममा समय वा पैसाको बढोत्तरी वा ठाडो विस्तार (भर्टीकल एक्स्पान्सन)*

पहिले नै अस्तित्वमा रहेका लाभग्राहीहरूको अस्थायी रूपमा सहयोग बढाउँछ। यसरी बढाइएको सहायता, संकटका बेलामा महिला र सीमान्तकृत समूहहरूले सामना गर्ने विशिष्ट चुनौतीहरूप्रति संवेदनशील हुनुपर्छ। उदाहरणका लागि, महिला घरमुली भएको घरधुरिहरूलाई आश्रितहरूको हेरचाह गर्न थप स्रोतसाधनहरु

आवश्यक हुन सक्छ, भने अपाङ्गता भएका व्यक्तिहरूले सेवाहरूमा अवरोध वा स्वास्थ्य सेवाहरूमा पहुँचका कारण अतिरीक्त खर्चको सामना गर्नु पर्ने हुन सक्छ। बढाइएको सहयोगहरूले यी असमानताहरूलाई ध्यानमा राख्नाले, संकटको समयमा लैङ्गिक र अपाङ्गतामा आधारित असमानताहरू कम गर्न सकिन्छ। उदाहरणका लागि, खाद्य संकटको समयमा, महिला घरमुली भएको घरधुरिहरूलाई नगद हस्तान्तरण बढाएर परिवारको खाद्य सुरक्षा सुनिश्चित गर्नाले बाल श्रमको समस्या समाधान गर्न सकिन्छ।

### *४.१३.३.२ विद्यमान कार्यक्रममा लाभग्राहीको बढोत्तरी वा क्षितीजीय विस्तार (होरीजेन्टल एक्सपान्सन)*

मा, विद्यमान प्रणाली भित्र नपरेका नयाँ लाभग्राहीहरूलाई नाम दर्ता गर्ने प्रक्रियाले सीमान्तकृत समुदायहरूसम्म पुग्न महत्वपूर्ण अवसर प्रदान गर्दछ। संकटका बेलामा महिला, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत जनजाती समूहहरू प्रायः असमान रूपमा प्रभावित हुन्छन्, तर तिनीहरूलाई परम्परागत सामाजिक सुरक्षा कार्यक्रमहरूबाट बेवास्ता गर्न सकिन्छ। विस्तार बढाउने क्रममा, सबैका लागि पहिचान र दर्ता प्रक्रिया पहुँचयोग्य बनाउन यी समूहहरूलाई प्राथमिकता दिनुपर्छ। उदाहरणका लागि, बाढी प्रभावित क्षेत्रहरूमा, विपद्को प्रभावबाट बढी संकटासन्न हुने सीमान्तकृत समुदायहरूलाई पहिचान र सहयोग गर्नमा केन्द्रित हुन सकिन्छ। नियमित माध्यमबाट सजिलै पुग्न नसकिने अनौपचारिक रोजगारीमा रहेका महिलाहरू वा दुर्गम क्षेत्रमा रहेका महिलाहरूलाई विशेष ध्यान दिनुपर्छ। स्थानीय महिला समूहहरू वा अपाङ्गता संगठनहरूलाई संलग्न गराउनाले, यस्तो विस्तार, समावेशी हुनुका साथै सबैभन्दा आवश्यक परेकाहरूले सहयोग प्राप्त गर्न सहायक सिद्ध हुन सक्छ।

### *४.१३.३.३ संकटका बेलामा थप सहयोग पुऱ्याउन उपलब्ध तथ्याङ्क तथा प्रणालीको प्रयोग (पिग्गीब्याकिङ गर्दा)*

समानतापूर्ण व्यवहार गर्ने स्थापित सामाजिक सुरक्षा पूर्वाधारको उपयोग प्रभावकारी हुन सक्छ। नगद हस्तान्तरण वा समान्य सहायता जस्ता कार्यक्रमहरूमा पिग्गीब्याकिङ गर्दा, महिला र अन्य सीमान्तकृत समूहहरूले बिना अवरोध अतिरिक्त सहयोगमा पहुँच गर्न सक्छन् भन्ने तरिकाले गर्नुपर्छ। उदाहरणका लागि, कोभिड १९ महामारीको समयमा, केही देशहरूले घरपरिवारहरूलाई थप सहायता वितरण गर्न विद्यमान कल्याणकारी भुक्तानी प्रणालीहरू प्रयोग गरेका थिए। यद्यपि, यी प्रणालीहरू सबैका लागि, विशेष गरी महिला र अपाङ्गता भएका व्यक्तिहरूका लागि समान रूपमा पहुँचयोग्य छन् र प्रविधिगत वा व्यवस्थापकीय व्यवधानहरूको सामना गर्नु पर्दैन भन्ने विषयमा विशेष ध्यान दिनुपर्छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक उपकरणहरू वा सञ्चारका लागि विशिष्ट प्रावधानहरू समावेश गर्नाले थप सहयोग समावेशी छ र सबैभन्दा प्रभावितहरूसम्म पुग्छ भन्ने सुनिश्चित गर्न सकिन्छ।

### *४.१३.३.४ स्रोत, साधन तथा समयमा फेरबदल (डिजाइन परिमार्जन)*

विपद्को प्रतिकार्यमा सानो तर प्रभावकारी परिवर्तन गर्न लचिलो उपाय दिन सक्छ । समावेशिता सुनिश्चित गर्न, सबैभन्दा महत्वपूर्ण सामाजिक सुरक्षाका कार्यक्रमहरूका पक्षहरूलाई परिमार्जन गर्नाले संकटासन्न समूहहरूको विशिष्ट आवश्यकताहरू सम्बोधन गर्न सकिन्छ । उदाहरणका लागि महिला, अपाङ्गता भएका व्यक्तिहरू र अल्पसंख्यक समूहहरूको संकटासन्नतालाई राम्रोसँग प्रतिबिम्बित गर्न, योग्यता मापदण्डहरू परिमार्जन गरि कार्यक्रमहरू बढी पहुँचयोग्य बनाउन सकिन्छ । विपद् परिदृश्यहरूमा, महिलाहरूले प्रायः पारिवारिक हेरचाह गर्ने जिम्मेवारीहरू बोकेका कारण, उनीहरूलाई रोजगारका लागि योग्यता मापदण्डहरू पूरा गर्न कठिन हुन्छ । अनौपचारिक हेरचाह कार्यलाई ध्यानमा राखेर, यी मापदण्डहरूलाई लचिलो बनाउँदा महिलाहरू लाभहरूबाट बहिष्करण हुँदैनन् । त्यसैगरी, अपाङ्गता भएका व्यक्तिहरूलाई  विपद्को समयमा पछि नपार्न र पहुँचमा हुने अवरोधहरू हटाउन उनीहरूकोलागि लचिलो भुक्तानी तालिका वा घरमै सहायता सहयोग वितरण गर्न सकिन्छ ।

### *४.१३.३.५ अन्त्यमा, थप मानवीय  सहायताको समानान्तर परिचालन वा मिलान (स्याडो अलाइनमेन्ट)*

मानवीय कार्यक्रमहरूले, सामाजिक सुरक्षा प्रणालीहरूलाई प्रतिबिम्बित गर्न सक्ने एक संयन्त्र प्रदान गर्दछ । यस प्रकारको विपद् संवेदनशील सामाजिक सुरक्षा, विशेष गरी औपचारिक प्रणालीले ढिलो प्रतिक्रिया दिने वा निश्चित समूहहरूलाई बहिष्करण गर्ने अवस्थाहरूमा महत्वपूर्ण हुन्छ । मानवीय संगठनहरूले सीमान्तकृत समुदायहरूलाई प्राथमिकता दिँदै अवस्थित कार्यक्रमहरूसँग मेल खाने सहायता प्रदान गर्न सक्छन् । उदाहरणका लागि, विपद् पछि, एक गैह्रसरकारी संस्थाले, सरकारको सामाजिक सुरक्षा प्रणालीको जस्तै मापदण्डहरू प्रयोग गर्दै, सीमान्तकृत, जातीय समूहहरू वा महिला घरमुली भएको घरधुरिहरूलाई आपत्कालीन नगद हस्तान्तरण प्रदान गर्न सक्छ । तर, सामान्यतया यस्ता प्रणाली बहिष्कृत समूहसम्म पुग्न थप लचिलोपन हुन आवश्यक पर्छ । यी प्रयासहरूलाई जेड्सी सिद्धान्तहरूसँग छायाँ मिलान गर्नाले, कार्यक्रमहरू समयमै हुनुका साथै सीमान्तकृत जनसङ्ख्याहरूको विशिष्ट संकटासन्नताहरू सम्बोधन न्यायपूर्ण ढंगले गर्न सकिन्छ । प्रत्येक विपद् संवेदनशील सामाजिक सुरक्षाका प्रकारमा जेड्सी समाहित गर्नाले, सामाजिक सुरक्षा प्रतिकार्यहरू, समावेशी र संकटासन्न समूहहरूको विविध आवश्यकताहरूप्रति संवेदनशील बनाउन सकिन्छ जसले अन्ततः विपद् प्रतिकार्यहरूमा न्यायपूर्ण र प्रभावकारी योगदान पुऱ्याउन सहयोग गर्न सक्छ ।

## ४.१४ सत्र १४: विपद् संवेदनशील सामाजिक सुरक्षामा आधारित अभ्यास




| | | |
|---|---|---|
| **सत्रको उद्देश्य** | विपद् संवेदनशील सामाजिक सुरक्षामा आधारित अभ्यास मार्फत सहभागीलाई जानकारी दिने । | |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । | |
| **विषय** | **शिक्षण विधि** | **समय (मिनेट)** |
| विपद् संवेदनशील सामाजिक सुरक्षामा आधारित अभ्यास | घटना अभ्यास | ७५ |
| **कुल समय** | | ७५ |

### सहजकर्ता मार्गदर्शन

यस सत्रमा सहजकर्ताले १ घण्टा ३० मिनेटको समय अन्तरक्रियात्मक र सिकाई आदानप्रदान हुने तरिकाले कृत्रिम घटना अभ्यास गराउने छन् । सहजकर्ताले कृत्रिम घटना अभ्यास मार्फत विपद् संवेदनशील सामाजिक सुरक्षाको बारेमा अभ्यास मार्फत यो विषयलाई निचोडमा पुऱ्याउनु पर्दछ । सहजकर्ताले यस सत्र विपद्

संवेदनशील सामाजिक सुरक्षामा आधारित कृत्रिम घटना अभ्यासको लागि तयार गरेको अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ ।

## अध्ययन सामग्री

### ४.१४.१ सन्दर्भ सामग्री अध्ययन र अभ्यास

| शीर्षक | आवश्यक सामग्री | विधि | समय |
|---|---|---|---|
| कृत्रिम घटना अभ्यास | विपद्मा सामाजिक सुरक्षा प्रणालीको प्रयोग गरिएका घटनाको ४/४ प्रति | घटना, मामिला अध्ययन, छलफल, भिडियो | मिनेट |

- सहभागीहरुलाई पुनः पहिला कै समूहमा विभाजित भएर बस्न लगाउने ।
- विपद् प्रतिकार्यलाई छिटो, कम खर्चिलो र प्रभावकारी बनाउनको लागि सामाजिक सुरक्षा कार्यक्रमको संयन्त्र वा यसका केहि पाटाहरुलाई प्रयोग गर्न सकिन्छ भनि विभिन्न उदाहरणहरु प्रत्येक समूहलाई दिने, सो विश्लेषण गर्न अनुरोध गर्ने र बताउन लगाउने ।
- विपद् प्रतिकार्यमा सामाजिक सुरक्षाको संयन्त्र प्रयोग भएको उदाहरण दिने ।

## विपद् पूर्व सुचना तथा प्रतिकार्य कृत्तिम घट्ना अभ्यास (Table Top Exercise)

### प्रारम्भिक परिदृष्य

1. जल तथा मौसम विज्ञान विभागबाट प्रकाशन भएको मौसम पूर्वानुमान बुलेटिन अनुसार नेपालमा यस वर्षको मनसुन सुरुवात भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले केन्द्रिय तहमा सबै सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय गरि हरेक वर्षझैँ "मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०८०" को आधारमा आ-आफ्नो निकायहरुलाई सुम्पिएको जिम्मेवारीहरु परेको समयमा प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नको लागि आ-आफ्नो तहमा उपयुक्त कार्य योजनाहरु तर्जुमा गरि तयारी रहन निर्देशन दिएको छ ।
2. सबै प्रदेशहरुमा पनि प्रादेशिक कार्यकारी समिति तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त निर्देशन अनुसार प्रदेशहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि फोकल मन्त्रालयको रुपमा रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला तहमा जिल्ला प्रशासन कार्यालयहरु तथा स्थानीयतहमा नगरपालिकाहरु तथा गाउँपालिकाहरुले आ-आफ्नो तहमा "मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनाहरु" तयार गरिसकेको अवस्था छ ।

3. आज मिति २०८१ श्रावण १६ गते जल तथा मौसम विज्ञान विभागबाट प्रकाशन गरिएको मौसम पूर्वानुमान बुलेटिन अनुसार मुलुकको मध्यपश्चिम, खास गरेर बागमती, लुम्बिनी र गण्डकी प्रदेशहरुमा २०८१ श्रावण १८ गतेबाट २० गतेसम्म ३ दिन भारी वर्षा हुने पूर्वानुमान गरिएको छ । यस पूर्वानुमानलाई मकवानपुर जिल्ला स्थित विभिन्न मौसम उपकेन्द्रहरुले समेत थप पुष्टि गरेका छन् । पूर्वानुमान अनुसार २४ घण्टाको समयावधिमा १४० मि.मि. सम्म वर्षा हुने अनुमान गरिएको छ ।

4. २०८१ श्रावण १६  गतेबाट बागमती, लुम्विनी र गण्डकी प्रदेशहरुमा वर्षा हुने क्रम सुरु भएको छ र मुलुकको दक्षिण तर्फ बग्ने नदीहरुमा पानीको सतह विस्तारै बढ्दै गईरहेको जानकारी प्राप्त भएको छ र वर्षा क्रमिक रुपमा बढ्दै जाने लक्षण देखिन्छ ।

## परिदृष्य १

5. जल तथा मौसम विज्ञान विभाग तथा मौसम विज्ञान शाखा मकवानपुरको पूर्वानुमान अनुसार मकवानपुर र आसपासका जिल्लाहरुमा श्रावण १८ गतेको बिहानको ०२:०० बजे खासगरि मकवानपुर, चितवन र ललितपुर जिल्लाहरुमा एका-एक भिषण पानी पर्न सुरु भयो ।मनहरी बाढी पूर्वानुमान स्टेशनमा रहेको जोखिमको मापन तह १०-१०.८ मिटर तर्फ नदीको सतह क्रमिक रुपमा बढ्दै गईरहेको छ । जल तथा मौसम विज्ञान विभाग ले बिहानको करिब ०३:०० बजेतिर बाढी आउन सक्ने खतराको संकेत जारी गरि स्थापित सुचना प्रवाह प्रक्रिया अनुसार नेपाल टेलिकम तथा एन सेल मोबाईल फोन मार्फत असर पर्न सक्ने जनसमुदायहरुलाई एसएमएस पठाईएको छ । खतराको संकेत पाए पश्चात् मनहरी गाउँपालिका मकवानपुर वडका केहि स्थानीयबासिन्दाहरु आ-आफ्नो घरबार छाडि केहि समयको लागि अस्थायी आश्रम स्थल तर्फ गएको छ ।

6. पानी पर्ने क्रम थप बढ्दै गईरहेको छ र मनहरी नदी र तथा आस-पासका स-साना खोलाहरुमा पानीको सतह खतराको तह भन्दा माथी उक्लिएको छ । सोहि दिन बिहानको ०६:०० बजे मनहरी गाउँपालिकाको वडा नं. ४ स्थानीयबासिन्दाहरुबाट प्राप्त प्रारम्भिक जानकारी अनुसार उक्त वडाहरु पूर्ण रुपमा बाढीबाट प्रभावित भएका छन् । उक्त ईलाकाहरुमा विशेष स्थानीयनिर्माण सामग्रीहरु (काठ, बाँस, माटो, टायल, खरको छानो आदि) प्रयोग गरि निर्माण गरिएका घरहरु पूर्ण रुपमा क्षति भएको र अधिकांश यस्ता घरहरु बाढीले बगाएको खबर प्राप्त भएको छ । उक्त वडाहरुका सयौं परिवारहरु घरबारविहीन बनेका छन् तथा खेतहरु बाढीले डुवाएको र लगाईएका सम्पूर्ण बाली-नाली नष्ट भएको छ । घरमा जोहो गरि राखिएको अन्नपात समेत बाढीले बगाएको छ । प्रभावित

गाउँहरुमा बाढीको कारण सुरक्षित स्थान तिर जान नसकेका केहि स्थानीयबासिहरु गाउँहरुमा भएका केहि पक्की घरहरुको छानामा उद्धारको प्रतिक्षामा रहेको बुझिन्छ। बाढीबाट विस्थापितहरु मनहरी गाउँपालिकाको पश्चिम तर्फ सुरक्षित ठाउको खोजिमा तथा राहतको आशामा हिडिरहेका छन् र उनीहरु त्यसै ईलाकातिर उपलव्ध हुन सक्ने सुरक्षित स्थानहरुमा अस्थायी आश्रय स्थलहरु बनाएर बस्ने मनिस्थितीमा रहेको भन्ने समेत बुझिन्छ।

**परिदृष्य २.**

7. बाढी प्रभावित स्थान मनहरी गाउँपालिकाका मुख्य वजार क्षेत्रमा ज्वरोका विरामीको संक्रमण बढ्दै गईरहेको छ। ज्वरोका विरामीहरुको रगत परिक्षण गर्दा केही विरामीहरुमा डेंगुको संक्रमण फैलिएको पुष्टि भएको छ। हाल गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार स्वास्थ्य चौकीमा क्रमिक रुपमा ज्वरोको विरामीको सङ्ख्या बढिरहेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट संक्रमणबाट बच्नको लागि अपनाउनु पर्ने सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गर्न प्रेश विज्ञाप्ति जारी गरि सकिएको छ। साथै मन्त्रालयबाट विभिन्न मितिहरुमा जारी निर्देशिकाहरु अनुसार केन्द्रबाट स्थानीयतहसम्म सम्बद्ध निकायहरुलाई संक्रमण नियन्त्रण तथा व्यवस्थापन गर्न निर्देशन दिएको छ।

   डेंगु संक्रमण फैलिएको कारण बाढी र पहिरो प्रभावितहरुका लागि उद्धार तथा राहत कार्य थप चुनौतीपूर्ण हुँदै गईरहेको छ। प्रभावित व्यक्तिहरुलाई राहत वितरणका लागि सामाजिक सुरक्षा प्रणालीलाई प्रयोग गरि राहत वितरण गर्नुपर्ने छ .

   प्रत्येक पूर्वकार्य तथा प्रतिकार्यमा उक्त वडाले सामाजिक सुरक्षा कार्यक्रम संयन्त्र वा यसका पाटाहरुलाई कसरी उपयोग गर्न सकिन्छ र यसले के फाइदा पुऱ्याँउदछ भनि छलफल र टिपोट गर्नको लागि अनुरोध गर्ने।

## परिघटना (ईन्जेक्ट) हरुको विवरण (Inject Matrix)

### ईन्जेक्ट नं १

अभ्यास समय- पहिलो दिन २०८१ श्रावण १६ बिहान: ६: ०० बजे

**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**

**बाटः** अभ्यास सञ्चालन टोली

आज मिति २०८१ श्रावण १६ गते जल तथा मौसम विज्ञान विभागबाट प्रकाशन गरिएको मौसम पूर्वानुमान बुलेटिन अनुसार मुलुकको खास गरेर बागमती, लुम्बिनी र गण्डकी प्रदेशहरुमा २०८१ श्रावण १८ गतेबाट २० गते सम्म ३ दिन भारी वर्षा हुने पूर्वानुमान गरिएको छ। यस पूर्वानुमानलाई मकवानपुर जिल्ला स्थित विभिन्न मौसम उपकेन्द्रहरुले समेत थप पुष्टि गरेका छन् । रजैया वर्षामापन केन्द्र मनहरी मकवानपुर पूर्वानुमान अनुसार २४ घण्टाको समयावधिमा १४० मि.मि. सम्म वर्षा हुने अनुमान गरिएको छ । उक्त वर्षाको कारण मनहरी गाउँपालिकाका वडा नं १, २, ३, ४, ५, ६ र ८ हरु प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।

**अभ्यास समयः २० मिनेट**

---

## ईन्जेक्ट नं २

अभ्यास समय : दोस्रो दिन, २०८१ श्रावण १८ गते दिनको २:०० बजे
**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**
**बाटः** अभ्यास सञ्चालन टोली

जल तथा मौसम विज्ञान विभाग तथा मौसम विज्ञान शाखा मकवानपुरको पूर्वानुमान अनुसार मकवानपुर र आसपासका जिल्लाहरुमा श्रावण १८ गतेको बिहानको ०२:०० बजे खास गरि मकवानपुर, चितवन र ललितपपुर जिल्लाहरुमा अचानक भिषण पानी पर्न सुरु भयो । रजैया वर्षा मापन केन्द्र बाढी पूर्वानुमान केन्द्रका अनुसार १६० मि.मि. वर्षा भएको र मनहरी खोला, राप्ती खोला र हाँडीखोलाले खतराको जलस्तर तह पार गरेको छ। जल तथा मौसम विज्ञान विभागले बिहानको करिब ०३:०० बजेतिर बाढी आउन सक्ने खतराको संकेत जारी गरि स्थापित सुचना प्रवाह प्रक्रिया अनुसार नेपाल टेलिकम तथा एनसेल मोबाईल फोन मार्फत असर पर्न सक्ने जनसमुदायहरुलाई एस.एम.एस. पठाईएको छ। खतराको संकेत पाए पश्चात् मनहरी गाउँपालिका मकवानपुर वडा नं ६ जोगीताल का केहि स्थानीयबासिन्दाहरु आ-आफ्नो घरबार छाडि केहि समयको लागि अस्थायी आश्रम स्थल तर्फ गएका छन्। पानी पर्ने क्रम थप बढ्दै गईरहेको छ, मनहरी नदी, राप्ती नदी र ससाना मसिने खोला, हाँडी खोला तथा आस-पासका स-साना खोलाहरुमा पानीको सतह खतराको तह भन्दा माथी उक्लिएको छ । सोहि दिन बिहानको ६:०० बजे मनहरी गाउँपालिकाको वडा नं. ६ का नयाँवस्ती र जोगीतालका स्थानीय बासिन्दाहरुबाट प्राप्त प्रारम्भिक जानकारी अनुसार उक्त वडाहरु पूर्ण रुपमा बाढीबाट प्रभावित भएका छन्। उक्त ईलाकाहरुमा विशेष स्थानीय निर्माण सामग्रीहरु (काठ, बाँस, माटो, टायल, खरको छानो आदि) प्रयोग गरि निर्माण गरिएका घरहरु पूर्ण रुपमा क्षति भएको र अधिकांश यस्ता घरहरु बाढीले बगाएको खबर प्राप्त भएको छ । उक्त वडाहरुका सयौं परिवारहरु घरबार विहीन बनेका छन् तथा खेतहरु बाढीले डुवाएको र लगाईएका सम्पूर्ण बाली-नाली नष्ट भएको छ। घरमा जोहो गरि राखिएको अन्नपात समेत बाढीले बगाएको छ। प्रभावित गाउँहरुमा बाढीको कारण सुरक्षित स्थान तिर जान नसकेका केहि स्थानीयबासिहरु गाउँहरुमा भएका केहि पक्की घरहरुको

छानामा उद्धारको प्रतिक्षामा रहेको बुझिन्छ । बाढीबाट विस्थापितहरु मनहरी गाउँपालिकाको पश्चिम तर्फ सुरक्षित ठाउँको खोजीमा तथा राहतको आशामा हिँडिरहेका छन् र उनीहरु त्यसै ईलाकातिर उपलव्ध हुन सक्ने सुरक्षित स्थानहरुमा अस्थायी आश्रय स्थलहरु बनाएर बस्ने मनिस्थितीमा रहेको भन्ने समेत बुझिन्छ । उक्त बाढीबाट प्रभावित हुनसक्ने संकटासन्नता वर्गहरुको ध्यान दिनुपर्ने छ ।

**अभ्यास समयः ३० मिनेट**

---

## ईन्जेक्ट नं ३

अभ्यास समय : तेस्रो दिन, २०८१ श्रावण १९ गते बिहान ११:०० बजे

**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**

**बाट**: अभ्यास सञ्चालन टोली

मकवानपुर जिल्लाको मनहरी पालिकामा आएको बाढीबाट भएको क्षतिको प्रारम्भिक विवरण यस प्रकार रहेको छ .

| | |
|---|---|
| मृत्युः | ७ जना |
| घाइतेः | करिब ४६ जना |
| पूर्ण क्षतिः | अनुमानित ३२० घरधुरी |
| आंशिक क्षतिः | अनुमानित ७५० घरधुरी |
| सरकारी भवन कार्यालयः ३ वटा - पर्सा वन्यजन्तु आरक्ष, वडा कार्यालय | |
| सञ्चार सेवा, टावरः एनसेल र नेपाल टेलिकमका टावरहरु | |
| स्वास्थ्य संस्थाः १ | |
| राजमार्गः महेन्द्र राजमार्गको मनहरी गाउँपालिकाका ६ को नयाँवस्ती क्षेत्र र गाउँपालिका कार्यालय देखि वडा कार्यालयसम्म जोड्ने सडक सञ्जाल अवरुद्ध | |

प्रायःजसो मानिसहरु खुल्ला सुरक्षित स्थानहरुमा आश्रय, खाद्यान्न तथा पिउने पानीको पर्खाइमा रहेका छन् । कोही व्यक्तिहरु आफ्नो भत्किएको वा आंशिक रुपमा भत्किएका घरहरु नजिकै आफ्नो सर-सामानहरुको हेरचाह गर्न बसिरहेका छन् जसका कारण उनीहरुको ज्यान जोखिममा छ ।मकवानपुर जिल्लाको मनहरी पालिकामा आएको बाढीबाट भएको क्षतिको प्रारम्भिक विवरण यस प्रकार रहेको छ ।

| सि नं | वडा नं. | मृतक संख्या | घाइते | प्रभावित परिवार | बेपत्ता | ज्येष्ठ नागरिक |
|---|---|---|---|---|---|---|
| १ | १ | ० | ६ | ४४ | १ | ४ |
| २ | २ | ० | ४ | ५४ | | ५ |
| ३ | ३ | २ | ७ | २९७ | | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ४ | ३ | ६ | २५० | | १२ | |
| ५ | ५ | ० | ८ | ७३ | | ३ | |
| ६ | ६ | २ | ५ | २५० | | ४ | |
| ७ | ७ | ० | ३ | ५६ | | ३ | |
| ८ | ८ | ० | ४ | ४५ | | ४ | |
| ९ | ९ | ० | ३ | ४२ | | ४ | |
| | | ७ | ४६ | १०७० | | ५४ | |

सामाजिक सुरक्षा शाखाबाट प्राप्त प्रतिवेदनका आधारमा प्रभावित मध्ये ४) परिवारमा २ वर्ष मुनिका बालबच्चा, ५० परिवारमा अपाङ्गता भएका व्यक्तिहरु, ५४ भन्दा बढी परिवारमा ज्येष्ठ नागरिकहरु रहेका छन् र करिब ६०० जना जति परिवारको बैंक खाता भएको विवरण प्राप्त भएको छ। हाल सम्म करिव करिव १०० भन्दा बढी परिवारहरुको सामाजिक सुरक्षा प्रणालीमा पहुँच नपुगेको परिवार सङ्ख्या छ।

क्षतिको प्रारम्भिक द्रुत लेखाजोखा (ईरा) भर्खरै प्रारम्भ भएको छ र माथि उल्लेखित क्षतिको विवरण बढ्न सक्ने देखिन्छ।

**अभ्यास समयः ३० मिनेट**

---

## ईन्जेक्ट नं ४

अभ्यास समय : तेस्रो दिन, २०८१ श्रावण १९ गते दिनको २:०० बजे
**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**
**बाट**: अभ्यास सञ्चालन टोली

विगत ३ दिनदेखि अविरल वर्षाको कारण राप्ती र मनहरी खोलामा आएको बाढीको कारण मकवानपुर जिल्लाको मनहरी नगरपालिका वडा नं ३, ४ र ६ बढी प्रभावित भएको छन्। बाढीको प्रत्यक्ष असर मनहरी वडा नं ३, ४ र ६ वडाहरुमा व्यापक रुपमा क्षति पुगेको छ। उक्त बाढीबाट महेन्द्र राजमार्गका मनहरी गाउँपालिका वडा नं ६ को नयाँवस्ती अवरुद्ध भएको छ भने प्रभावितहरु मनहरी गाउँपालिका भवन, वडा कार्यालय, सामुदायिक भवन, पर्सा वन्यजन्तु आरक्षको भवन, पशुपति माध्यमिक विद्यालय, चेपाङ प्राविमा, नयाँवस्ती स्थित ग्रेटरगेस चर्च र केही परिवारहरु महेन्द्र रार्जमार्गको अग्लो स्थानमा आश्रय लिइरहेका छन्। उक्त पालिकाको करिव ३०० विघामा लगाएको बालीनालीमा क्षति पुगेको छ भन्ने प्रारम्भिक जानकारी प्राप्त भएको छ। प्रभावितहरुको विस्तृत वितरण लिनका लागि कठिनाई भईरहेको छ। हाल प्रभावितहरुले खाद्य, गैऱ्हखाद्य, खानेपानी सरसफाई सामग्रीहरुको माग गरिरहेका छन्। यसका लागि मनहरी गाउँपालिका क्षेत्रमा रहेका संघसंस्थाहरुले थप सहयोग पुऱ्याउनु पर्ने देखिन्छ। उक्त बाढीबाट प्रभावितहरु मध्ये गर्भवती, सुत्केरी, अपाङ्गता व्यक्तिहरुको विवरण पनि प्राप्त नभएको र संघसंस्थाहरु

त्रिपाल, कम्बल वितरणमा मात्र बढी क्रियाशिल भएको छन् । प्रभावित मध्ये संकटासन्नता वर्गहरुको थप विवरण लिनु आवश्यक भएको छ  भने प्रभावित वर्गहरुमध्ये धेरै बालबालिकाहरुको पनि अवस्था ज्यादै नाजुक भएको छ ।

**अभ्यास समयः २० मिनेट**

---

## ईन्जेक्ट नं ५

अभ्यास समय : चौथो दिन, २०८१ श्रावण २० गते बिहान ४:०० बजे
**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**
**बाट**: अभ्यास सञ्चालन टोली

प्रभावित स्थानमा विस्तृत लेखाजोखाको कार्यहरु भईरहेका छन् । लेखाजोखा कार्यमा नेपाल रेडक्रस, शिक्षा तालिम तथा सामुदायिक सेवा नेपालका कर्मचारी, स्वयंसेवहरु परिचालन भएका छन् । प्रभावितहरु मध्ये संकटासन्नता वर्गहरुसँग समन्वय गर्ने देखिन्छ । प्रभावितहरु उक्त लेखाजोखाका लागि पालिकास्थित सुरक्षा निकाय, पालिका, वडा कार्यालय, स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रसँग थप समन्वय आवश्यकता रहेको छ । सर्वेक्षणका लागि विषयगत क्षेत्रहरुको आवश्यकता पहिचान गरि योजना वनाउनुपर्ने आवश्यकता रहेको छ । विस्तृत लेखाजोखाका आधारमा रही विषयगत रुपमा राहत योजना  बनाउनुपर्ने आवश्यकता रहेको छ  र जस्मा संकटासन्नता वर्गलाई राहत वितरण र सुरक्षामा विशेष ध्यान दिनु पर्दछ ।  हिजो श्रावण २० गते राती राहतका लागि खटिएका सामाजिक सुरक्षा नागरिक समाज नेटवर्कका एक जना स्वयंसेवक सम्पर्कमा नआएको र निजको मोबाइल फोनको लोकेशन नेपाल भारत सिमानामा देखाएको छ ।

**अभ्यास समयः २० मिनेट**

---

## ईन्जेक्ट नं ६

अभ्यास समयः चौथो दिन, २०८१ श्रावण २० गते बिहान ५:०० बजे
**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**
**बाट**: अभ्यास सञ्चालन टोली

**उक्त बाढीबाट निम्नानुसारका खानेपानी आयोजना अवरुद्ध भएका छन् ।**
**मनहरी खानेपानी आयोजनाः मनहरी नगरपालिका वडा नं ४**

उक्त बाढी र पहिरोबाट मनहरी ५ मा लगाईएको करिब १२० तरकारी बाली पूर्ण रुपमा नष्ट भएको छ भने २५ वटा भन्दा बढी कुखुरा फार्म र १५ वटा माछापोखरीमा क्षति पुगेको जानकारी प्राप्त भएको छ। उक्त बाढीबाट १० वटा घरहरु अपाङ्गता भएको, ५ जना मनोसामाजिक असर पुगेको परिवार, २५ जना गर्भवती महिला, ३० बटा बच्चा जो २ वर्षको मुनिका बच्चाहरु, ४ जना एकल महिला, ३ जना ज्येष्ठ नगारिकहरु रहेका छन्। मनहरी गाउँपालिका केन्द्र देखि वडा सम्म जोड्ने सडक अवरुद्ध भएको छ। सञ्चार माध्यमहरु विस्तारै सुचारु भईरहको छ। प्रभावित मध्ये संकटासन्न वर्ग अति प्रभावित भएकोले विस्तृत विवरण आउन बाँकी छ।

**अभ्यास समयः १५ मिनेट**

---

## ईन्जेक्ट नं ७

अभ्यास समय : पाँचौं दिन, २०८१ श्रावण २१ गते दिनको ११:०० बजे
**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**
**बाट**ः अभ्यास सञ्चालन टोली

लगातार ३ दिन देखिको वर्षाको कारण, मनहरीको खानेपानी वितरण प्रणाली पूर्ण रुपमा अवरुद्ध भएकोले स्थानीय समुदायले वरिपरिका खोला तथा मुलहरुका दूषित पानीको प्रयोग गरिरहेका कारण मनहरी गाउँपालिका वडा नं ६ नयाँवस्ती आसपासका वस्तीमा झाडापखाला फैलिएको जानकारी प्राप्त भएको छ। यो समस्यालाई तत्काल नियन्त्रण गर्न सकिएन भने महामारी फैलन सक्ने भएको हुँदा तत्काल नियन्त्रण गर्न आवश्यक देखिन्छ।

मनहरी गाउँपालिकाको खानेपानी वितरण कार्यलाई सहज तुल्याउन मनहरी गाउँपालिकाका अनुरोध भई आए अनुसार जिल्ला विपद् व्यवस्थापन समिति समन्वयमा मित्र राष्ट्रहरुबाट प्राप्त पानी प्रशोधन उपकरणहरुमध्ये मनहरी गाउँपालिकामा आवश्यक उपकरणहरु जडान तथा सञ्चालन गर्नका लागि खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको नेतृत्वमा प्राविधिक जनशक्तिहरुबाट सो उपकरणहरुलाई कहाँ र कसरी जडान गर्ने र पानी वितरण प्रणाली कसरी मिलाउने भनी योजना बनाउन आवश्यक देखिन्छ।

प्रभावितहरुको विवरणको आधारमा नेपाल सरकारको सामाजिक सुरक्षा प्रणालीलाई प्रयोग गरी राहत वितरण र राहत पुऱ्याउने विषयमा छलफल गरेर योजना बनाउनु पर्दछ। प्रभावितहरुका सामाजिक सुरक्षाका सेवाग्राहीहरुको विवरण लिई नगद वितरणका लागि योजना बनाउनुपर्ने छ। नगद वितरणका लागि बैंकिङप्रणालीबाट राहत वितरणको योजना बनाउनुपर्ने आवश्यकता देखिएको छ।

**अभ्यास समयः २० मिनेट**

## ईन्जेक्ट नं ८

अभ्यास समय : पाँचौं दिन, २०८१ श्रावण २१ गते दिनको १:०० बजे
**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**
**बाटः** अभ्यास सञ्चालन टोली

बाढी विस्थापित परिवारहरुलाई अस्थायी रुपमा राखिएको मनहरी गाउँपालिकाकाको वडा नं ५ अवस्थित पशु'पति माध्यमिक शिविरमा केही व्यक्तिहरुमा डेंगूका लक्षणहरु देखिएको खबर प्राप्त भएको छ । शिविरहरुमा यसको निवारणका उपायहरु तत्काल अवलम्बन नगरेमा अन्य मानिसहरुमा डेंगू संक्रमण फैलन सक्ने प्रबल सम्भावना देखिन्छ ।

यसैबीच, मनहरी गाउँपालिकाका केही वडाहरुमा डेंगू विरामीहरुको सङ्ख्या बढ्दै गइरहेको जानकारी हेटौडा प्रादेशिक अस्पतालबाट प्राप्त भएको छ । ज्वरो प्रभावितहरुमध्ये २५ जनाको स्वाब परीक्षण गर्दा ५ जनामा डेंगूको सङ्क्रमण भएको जानकारी प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र हेटौडाबाट पुष्टि भएको छ। प्रभावितहरु मध्ये अधिकांश ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र गर्भवती महिलाहरु रहेका छन्। उनीहरुलाई सामाजिक सुरक्षा प्रणाली अनुसार वितरण गनुपर्ने रहेको छ ।

**अभ्यास समयः २० मिनेट**

---

## ईन्जेक्ट नं ९

अभ्यास समयः पाँचौं दिन, २०८१ श्रावण २१ गते दिनको ३:०० बजे
**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**
**बाटः** अभ्यास सञ्चालन टोली

मकवानपुर जिल्लाको मनहरीमा आएको बाढीबाट प्रभावितहरु मध्ये केही विदेशी नागरिकहरु समेत छन्। विदेशी नागरिकहरु भारतीय नागरिकहरु पनि प्रभावित भएका छन्। मनहरी गाउँपालिकामा राहत वितरणका लागि शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल संस्थालाई जिम्मा दिईएको छ। राहत वितरणमा सामाजिक सुरक्षा नागरिक समाज नेटवक कर्मचारी र स्वयंसेवकहरुले आफना नातागोतालाई मात्र राहत वितरण गरिएको गुनासो प्राप्त भएको छ। राहत वितरण कार्य सुरु भएको केही दिन पछि नै थाहा सन्देश, हेटौडा टुडे र समृद्ध समाजका पत्रपत्रिकामा विभिन्न प्रकारका समाचार प्रकाशन हुन थाल्यो। शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल तथा केही संस्थाहरुले विपद्मा परेका नेपालीहरुलाई मात्र राहत सामग्री वितरण गरेको र पहुँच नभएका निमुखा वर्ग नेपालीलाई समेत ख्याल नगरी राहत वितरण गरेको कुरा यत्रतत्र आउन थाल्यो। वितरण गरिएका खाद्य सामग्रीहरु पनि सबै समुदायलाई वितरण गर्न उपयुक्त नहुनुका साथै खान उपयुक्त थिएन। उक्त कुराको खण्डन गर्दै केही स्वयंसेवक तथा मूल्याङ्कन समूहका सदस्यहरुले

भारतीय नागरिकहरु त आफै किनेर खान सक्छन् उनीहरुसँग पैसा छ भनेर समाचार आएको अवस्था छ। त्यसै गरी एच.आइ.भी.र अपाङ्गता भएका व्यक्तिहरुलाई वास्ता नगरी वितरण गरियो वा उनीहरुलाई दिइएन भन्ने गुनासो प्राप्त भएको छ।  राहत वितरण समूहका सदस्यहरुले राहत वितरण गर्दा आफन्त नातागोता र राजनीतिक विचार मिल्ने तथा छिमेकीहरुलाई मात्र ध्यान दिएका छन् भनी स्थानीय समाचारमा आएको छ। त्यसै गरी राहत वितरण गर्ने स्वयंसेवकहरुले केही परिवारलाई पैसा लिएर राहत सामग्री वितरण गरेको कुरा थाहा सन्देश र हेटौडा टुडे पत्रिकामा समाचार आएको छ। यतिसम्म कि, शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल तर्फबाट खटाइएको कर्मचारीको चारित्रिक अवस्थामा समेत शंका गरी टिकाटिप्पणी हुन थालेको छ।  राहत वितरण कार्य सामाजिक सुरक्षा प्रणालीबाट राहत वितरण सम्पन्न भएकोमा जसले संस्थाको राहत वितरण कार्यमा विभेद भएको भन्दै प्रचारप्रसार भएकाले शिक्षा तालिम तथा सामुदायिक सेवा नेपालको अध्यक्ष समेतको  ध्यानाकर्षण समेत गरिएको छ।

**अभ्यास समयः ४५ मिनेट**

---

## ईन्जेक्ट नं १०

अभ्यास समय : छैठौं दिन, २०८१ श्रावण २२ गते बिहान ११:०० बजे
**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**
**बाट**ः अभ्यास सञ्चालन टोली

संरक्षण क्षेत्रको विपद् लेखाजोखा कार्यमा संलग्न टोलीको प्रतिवेदन अनुसार मनहरी गाउँपालिका लगायत अन्य प्रभावित वडाहरुमा गरी करिब १२ जना अभिभावकविहीन बालबालिकाहरु भेटिएका छन्। बाढीबाट सिर्जित अन्य विपद्का घट्नाहरूका कारण केही बालबालिकाहरुका आमाबाबुको मृत्यु भएको वा हराएको भन्ने बुझिएको छ।

**संरक्षण क्षेत्रको बाढी प्रभावित लेखाजोखाको विस्तृत प्रतिवेदनः**
प्रभावितहरुमध्ये १ वर्ष मुनिका बालबालिका १,७८० जना छन्। त्यसैगरी, १ देखि ५ वर्षका बालबालिका १,४५० जना; ६ देखि १९ वर्षका २,८०९ जना; २० देखि ४५ वर्षका ११,१७५ जना; ४६ देखि ५९ वर्षसम्मका १,१४२; र ६० वर्ष माथिका ९९० जना रहेका छन्। त्यस्तै, गर्भवती २९० जना, सुत्केरी ४७१ जना, अपाङ्गता भएका १९५ जना, एचआईभी संक्रमित ७ जना, बाढीबाट घाइते भएका २,५१६ जना र दीर्घरोगी ६८५ जना रहेका छन्। मनहरी गाउँपालिकाको पशुपति माध्यमिक विद्यालयमा रहेका प्रभावितहरुले राहत प्राप्त नगरेको संकटासन्नता वर्गलाई दिएको राहत वितरण्को रकम अर्को खातामा/कम सङ्कलन नभई अन्य व्यक्तिमा जम्मा भएको गुनासो समेत आएको छ। विस्थापितहरु मध्ये २७ जना महिलाहरु मानसिक तथा शारीरिक हिंसाबाट पिडित भइसकेको पाइएको छ र उनीहरुमध्ये ९ जनाका लागि मनोसामाजिक परामर्श सेवा तत्काल आवश्यक परेको छ। बाढीमा परेका ९५ जनाको कुनै पनि जानकारी प्राप्त हुन सकेको छैन। प्रभावित क्षेत्रमा १० वटा बेवारिसे लाश भेटिएका छन् जसमध्ये ९ वटा बालबालिकाको रहेको छ।

त्यसैगरी, ७३० घरपालुवा पशुहरु मृत अवस्थामा यत्रतत्र छरिएर रहेको अवस्था छ, जसलाई छिटै व्यवस्थापन गर्न नसके महामारी फैलन सक्ने अवस्था रहेको छ । बालबालिकाहरुलाई झाडापखाला लागेको समाचार प्राप्त भएको छ ।

**अभ्यास समयः २५ मिनेट**

---

## ईन्जेक्ट नं ११

अभ्यास समय : छैठौं दिन, २०८१ श्रावण २२ गते दिनको १:०० बजे

**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**

**बाट**: अभ्यास सञ्चालन टोली

बाढीबाट विस्थापित परिवारहरुलाई व्यवस्थापन गरी राखिएका अस्थायी शिविरहरुमा रहेका महिलाहरुले उनीहरु असुरक्षित महसुस गरिरहेको अवस्था रहेको जानकारी गराए । उनीहरुको भनाई अनुसार विशेषतः रातको समयमा शौचालय जाने क्रममा अपरिचित तथा शंकास्पद व्यक्तिहरुले हातपात गर्ने कोशिस गर्ने गरेको बताएका छन् र सो समस्यालाई तत्काल सम्बोधन गर्नका लागि अनुरोध गरेका छन् ।

**अभ्यास समयः २० मिनेट**

---

## ईन्जेक्ट नं १२

अभ्यास समय : सातौं दिन, २०८१ श्रावण २२ गते दिनको ३:०० बजे

**लाईः सामाजिक सुरक्षा नागरिक समाज नेटवर्क**

**बाट**: अभ्यास सञ्चालन टोली

राहत सामग्री वितरण कार्यमा जिल्ला, स्थानीय पालिका र सामाजिक ;समक्ष नागरिक समाज नेटवर्कबाट पक्षपात गरिएको भनी स्थानीय प्रभावित परिवारका सदस्यहरु कतिपय राजनीतिक पार्टीका कार्यकर्ताहरुको अगुवाईमा जिल्ला प्रशासन कार्यालय तथा मनहरि नगरपालिका कार्यालयमा गई नारा जुलुस लगाइरहेका छन् । भीड उत्तेजित हुँदै गइरहेको अवस्था छ र उत्तेजित भिडले कार्यालय ताडेफाड तथा कर्मचारीहरुलाई हातपात गर्न सक्ने सम्भावना पनि देखिन्छ ।

**अभ्यास समयः ५ मिनेट**

## चौथो दिन

## ४.१५ लघु शिक्षण

### सत्र १५: आधारभूत प्रशिक्षण विधि

| | | |
|---|---|---|
| **सत्रको उद्देश्य** | प्रशिक्षण विधिको अर्थसँग परिचित भइ, प्रशिक्षण विधि छनौटका चार आधारहरू बारेमा जानकारी राख्दै यसको प्रयोग गर्ने सक्ने । | |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ । | |
| **विषय** | **शिक्षण विधि** | **समय (मिनेट)** |
| प्रशिक्षण विधिको अर्थ | मस्तिष्क मन्थन, अन्तरक्रियात्मक, व्याख्यान तथा प्रश्नोत्तर | १० |
| प्रशिक्षण विधि छनौटका आधार र विधिका प्रकारहरु | | २० |
| **कुल समय** | | ३० |

**सहजकर्ता मार्गदर्शन:**

यस सत्रमा सहजकर्ताले १ घण्टाको समय अन्तरक्रियात्मक र आफनो अनुभव तथा सिकाई आदानप्रदान हुने तरिकाले प्रशिक्षक प्रशिक्षणका सहभागीलाई सहजकर्ताको लागि तयारी स्वरुप यो विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ। सहजकर्ताले आधारभूत प्रशिक्षण विधिको लागि अन्तरक्रियात्मक, व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन अभ्यास मार्फत सहजीकरणगर्नुपर्दछ। प्रशिक्षक प्रशिक्षणका सहजकर्ताले अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ।

**प्रशिक्षण विधिको अर्थ**

प्रशिक्षण विधि यस्तो एउटा प्रक्रिया हो, जसमा प्रशिक्षकले विभिन्न तरिकाहरू अपनाएर आफ्नो ज्ञान र सीपलाई प्रशिक्षार्थीहरूमा हस्तानन्तरण गर्छन्। यसमा प्रशिक्षकले विशेष उपकरण र गतिविधिहरू प्रयोग गरेर सिकाईलाई व्यवस्थित, प्रभावकारी, र आकर्षक बनाउने प्रयास गर्छन् । शिक्षण विधिहरूले शिक्षण प्रक्रिया कसरी सञ्चालन गरिन्छ भन्ने स्पष्ट पार्दछ, जसले गर्दा प्रशिक्षार्थीहरूलाई पाठ बुझ्न र ज्ञान प्राप्त गर्न सजिलो हुन्छ । सही विधिको प्रयोगले प्रशिक्षार्थीहरूको ध्यान आकर्षित गरेर उनीहरूको उत्सुकता बढाउन, जटिल विषयहरूलाई सजिलो बनाइदिन, र सिकाईलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछ। साथै, विभिन्न विधिहरूले विद्यार्थीहरूको आवश्यकता, क्षमता, र रुचिअनुसार अनुकूलन गर्ने सुविधा पनि दिन्छन्, जसले गर्दा हरेक प्रशिक्षार्थीले आफूलाई उपयुक्त सिकाई वातावरण प्राप्त गर्न सक्छन् ।

शिक्षण विधिहरूको प्रयोगले प्रशिक्षार्थीहरूको सिकाई अनुभवलाई अझ समृद्ध र उपयोगी बनाउँछ। यसले प्रशिक्षार्थीहरूलाई सिर्जनात्मक रूपमा सोच्न, समाधान खोज्न, र आफूले सिकेका कुरा जीवनमा प्रयोग गर्न सक्षम बनाउँछ। यस कारणले, शिक्षण विधिहरूले शिक्षणलाई केवल जानकारीको आदानप्रदानको प्रक्रियाबाट हटाएर एकीकृत र अनुभवजन्य बनाउँछ, जसले दीर्घकालीन सिकाई सुनिश्चित गर्छ।

समग्रमा भन्नु पर्दा प्रशिक्षकले कक्षामा विषयवस्तुको प्रस्तुतिलाई रोचक, सरल, क्रमबद्ध र स्पष्ट बनाउन अपनाउने कार्यकलापलाई प्रशिक्षण विधि भनिन्छ। यस क्रममा प्रशिक्षकले सहभागीहरूलाई प्रशिक्षण विधि छनौट गर्ने आधारहरू के-के हुन सक्छन् भनी प्रश्न गर्ने र सहभागीले दिएको उत्तरका आधारहरूमा छलफल गर्ने र प्रशिक्षण विधि छनौटका आधारहरू स्पष्ट पार्ने प्रयास गर्नुपर्दछ।

प्रशिक्षण विधिको छनौट गर्ने आधारहरू : जस्तै, समय, सहभागी सङख्या, विषयवस्तुको प्रकृति, सिकाईका उद्देश्य, सहभागीको स्तर, तालिम कोठाको खुल्ला ठाउँ, प्रशिक्षण सामग्रीको उपलब्धता, प्रशिक्षकको प्रशिक्षण विधिसम्बन्धी ज्ञान, अघिल्लो कक्षामा उपयोग भएका विधिहरू।

प्रशिक्षणका विधिका नाम सोध्ने र १ मिनेट सोच्न दिई आएको उत्तरहरूलाई सेतोपाटीमा टिप्ने र मल्टिमिडियाको सहयोगले प्रशिक्षण विधि र प्राथमिक उपचार तालिममा प्रयोग हुने विधि स्पष्ट पार्ने र यी बिधिहरुको बारेमा जानकारी दिने।

## प्रशिक्षण विधि छनौटका आधार र विधिका प्रकारहरु

प्रशिक्षण विधि छनौट गर्दा प्रशिक्षकले विषयवस्तु, सहभागीहरूको स्तर, उद्देश्य, र उपलब्ध स्रोतहरूलाई ध्यानमा राख्नुपर्छ। प्रभावकारी सिकाईका लागि विधिको चयन गर्दा सिकाई वातावरण, सहभागीहरूको सहभागिता, र उनीहरूको रुचि महत्वपूर्ण हुन्छन्। केही विधिहरू सैद्धान्तिक ज्ञानलाई प्राथमिकता दिन्छन् भने अरू विधिहरूले व्यवहारिक सीपहरूमा केन्द्रित हुन्छन्। प्रशिक्षण विधिहरूमा प्रश्नोत्तर, व्याख्यान, संवादात्मक, समूह कार्य, प्रदर्शनी, र अनुभवजन्य विधि जस्ता विभिन्न विकल्पहरू उपलब्ध छन्, जसले सिकाई प्रक्रियालाई विविधतापूर्ण र प्रभावकारी बनाउँछ।

### प्रश्नोत्तर विधि

प्रश्नोत्तर विधि भनेको के हो ? भनी प्रश्न गर्ने र आएको उत्तरलाई समेटी स्पष्ट पार्ने

प्रशिक्षकले आफ्नो विषयवस्तु वा त्यसको केही अंशको प्रस्तुतिलाई व्यवस्थित सवाल जवाफको आधारमा टुङ्ग्याउने विधिलाई प्रश्नोत्तर विधि भनिन्छ।

सहभागीहरूलाई विपद् तथा सामाजिक सुरक्षा सम्बन्धि कुनै एक प्रश्न समूहमा गर्ने र केही समयपछि कुनै सहभागीलाई सोही प्रश्न गर्ने र सहभागीले दिएको उत्तरलाई ध्यान दिएर सुन्ने र आएको उत्तरलाई सही छ छैन भन्ने र केही थप गर्नुपर्ने भएमा व्याख्या गरिदिएर स्पष्ट पार्ने । प्रश्नउत्तर विधि प्रयोग गर्दा APPLE प्रक्रियालाई अपनाउनु पर्ने, मल्टिमिडियबाट स्पष्ट गर्ने

A – Ask the question to entire participants (सबै सहभागीकालागि प्रश्न सोध्न)
P – Pause for a moment (केही बेर रोकिने वा सोच्ने मौका दिने)
P – Point out a participant to answer (उत्तर दिनकोलागि सहभागीलाई औंल्याउने)
L – Listen the answer carefully सहभागीबाट (आएको उत्तर ध्यान दिएर सुन्ने)
E – Elaborate or evaluate the answer (सहभागीको जवाफ विस्तार वा मूल्याङ्कन गर्ने)

के कसरी प्रश्न सोध्ने (तरिका)

प्रश्न सोध्दा सुरुमा जानेको वा सजिलो कुराको प्रश्न सोधी नजानेको वा असजिलो प्रश्न सोध्ने र सही उत्तर दिन नसकेमा पुच्छे प्रश्न सोध्दै स्पष्ट बनाउने र प्रश्न पालैपालो नसोधी फरक-फरक तरिकाले खुला र बन्द प्रश्न अवस्था अनुसार सोध्ने गर्नु पर्छ ।

## समूह छलफल विधि

समूह छलफल विधि कति प्रकारका छन् भनी सोध्ने । आएको उत्तरको विषयमा छलफल गरी बज र सिन्डिकेट विधिको विषयमा स्पष्ट गर्ने । सुरुमा हामीले प्रशिक्षण केलाई भनिन्छ भनी सोधिएको प्रश्नको उत्तर टिपोट गर्न गरिएका प्रक्रियाको बारेमा छलफल गरी स्पष्ट पार्ने ।

९□० सानो समूह छलफल विधि (एक समूहमा ३ देखि ६ जना)

- मौरी समूह (बज ग्रुप): सबैलाई एउटै प्रश्नमा छलफल गराउने
- शिकारी समूह (सिन्डीकेट): सबैलाई भिन्दा भिन्दै प्रश्नमा छलफल गराउने

९□० ठूलो समूह छलफल विधि (एक समूहमा ७ देखि १५ जना)

९□० प्यानल छलफल विधि

## मस्तिष्क मन्थन विधि

सहभागीहरूलाई मस्तिष्कमन्थन विधि भनेको के हो भनी प्रश्न गर्ने र आएको उत्तरहरूलाई समेटी कुनै पनि समस्या वा प्रश्नमाथि सहभागीहरूलाई छलफल गर्नका लागि सहभागीहरूले आफनो विचार खुल्ला रुपमा व्यक्त गर्ने विधि नै मस्तिष्कमन्थन (ब्रेन स्टोर्मीङ) विधि हो भनी प्रष्ट पार्ने । (सबै सहभागीहरूलाई एक अर्काको व्यक्त भएका विचारहरूमा टिका टिप्पणी सुरुमा नगर्ने र सबैले जे भए पनि समय सीमा भित्र भन्नु

पर्ने  र सबैले भनेको टिपेपछि मात्र छलफलमा भाग लिने कुराको जानकारी  दिने) अनि अभिनय विधि कसरी सञ्चालन गरिन्छ भन्ने प्रश्न गरेर मस्तिष्कमन्थन विधि प्रयोगबाट स्पष्ट पार्ने र भर्खर प्रयोग गरिएको विधिको प्रक्रिया स्मरण गराउँदै मस्तिष्कमन्थन विधिको प्रक्रिया स्पष्ट पार्ने ।

### मौरी समूह (बज् ग्रुप)

सहभागीहरूलाई साना समूहहरूमा विभाजन गरेर कुनै विषयमा छलफल गराइन्छ । सहभागीहरूले सक्रिय रूपमा योगदान गर्न सकून् भनेर यो विधि प्रयोग गरिन्छ, जसले उनीहरूको विचार आदानप्रदानलाई प्रोत्साहित गर्दछ ।

### प्रक्रियाः

- ९□० तालिम सहजकर्ताले मुख्य विषय वा प्रश्न प्रस्तुत गर्छन्।
- ९□० सहभागीहरूलाई ३-५ जनाका साना समूहमा विभाजन गरिन्छ ।
- ९□० समूहहरूलाई सोही विषयमा ५-७ मिनेटको समय दिइन्छ, जहाँ उनीहरूले आफ्नो विचार र राय साझा गर्छन् ।
- ९□० छलफलको अन्त्यमा, प्रत्येक समूहले आफ्नो निष्कर्ष सारांश रूपमा प्रस्तुत गर्छ ।
- ९□० समूहहरूको प्रस्तुति पछि, प्रशिक्षकले मुख्य विचारहरूलाई एकत्रित गरेर ठूला समूहसँग समन्वय गरिन्छ ।

यस विधिले सहभागीहरूलाई सक्रिय बनाउँछ र विविध विचारहरूको समावेशीकरण गर्छ ।

### अभिनय विधि

अभिनय विधि भनेको सिकाईको एउटा तरिका हो जसमा विद्यार्थीहरू क्रियात्मक रूपमा सहभागी भएर सिक्ने प्रक्रिया अपनाउँछन्। यस विधिमा, नाटक वा विभिन्न भूमिकाको अभिनय गर्दै विद्यार्थीहरूले पाठको विषयवस्तुलाई अझ राम्रोसँग बुझ्न सक्छन् । अभिनय विधिमा प्रशिक्षकले तलका कुराहरु ख्याल गर्न जरुरी छ ।

- सुहाउँदो विषयवस्तुको छनौट गर्ने,
- पटकथा तयार पार्ने,
- कलाकारहरूको छनौट गर्ने,
- कलाकारहरूको प्रस्तुतिको पूर्व अभ्यास गर्ने
- अभिनयबाट विषयवस्तु प्रस्तुत गर्ने,
- प्रस्तुतिपछि छलफल गरी निष्कर्ष निकाल्ने

### प्रदर्शनी विधि

प्रशिक्षणमा प्रदर्शनी विधि (एउटा यस्तो विधि हो जसमा प्रशिक्षकले कुनै विशेष विषयवस्तु वा सीपलाई प्रत्यक्ष रूपमा प्रदर्शन गरेर सिकाउँछ । यस विधिमा प्रशिक्षकले उपकरण, प्रक्रियाहरू, वा अभ्यासहरूलाई उदाहरणसहित देखाउँछ र सहभागीहरू त्यसलाई अवलोकन गरेर सिक्छन् । जस्तैः प्रशिक्षकले प्रशिक्षण गर्ने

सत्र सम्बन्धित फोटो अथवा सामानको प्रयोग गरेर, सहभागीलाई उक्त प्रदर्शनीबाट के बुझियो भनेर सोधेर उक्त सत्रको बारेमा राम्ररी बुझ्ने वातावरण तयार हुन सक्छ ।

### हिउ ढिक्के विधि (स्नो बलीङ)

यस विधी प्रयोग गर्दा कुनै विषयको बारेमा सहभागीहरुलाई प्रश्न गर्ने । जस्तैः पूर्वानुमानमा आधारित पूर्वकार्य भनेको के हो ? भनी सहभागीहरूलाई सोध्ने र सबैलाई टिपोट गर्न लगाउने, त्यसपछि २, २ जनालाई आफूले लेखेको परिभाषालाई एउटै बनाउन लगाउने, २ बाट ४,४ जना र ४ बाट ८ गरी सबैको भावना समेट्ने गरी विषयवस्तु स्पष्ट पार्ने विधिलाई नै स्नोवलिङ्ग वा हिउढिक्के विधि भनिन्छ भनी स्पष्ट पार्ने ।

### कृत्रिम घटना अभ्यास विधि

सहभागीहरूलाई कृत्रिम घटना अभ्यास विधि भनेको के हो भनी प्रश्न गर्दै, वास्तविकताको यथासम्भव नजिक पुऱ्याउन परिवेश सहित तयार पारेर प्रस्तुत गरिने अभिनयलाई कृत्रिम घटना अभ्यास अर्थात् सिमुलेशन भनिन्छ  भनी बुझाउन प्रयास गर्ने । उदाहरणः बाढी आएपछि घर बगाएर पालमा बसेका बाढी प्रभावितहरुलाई कसरी विभिन्न सरोकारवाला निकायले विपद् पश्चात् कम्तिमा ७ दिन सम्म के कस्ता सहयोग गर्न सक्छन् र त्यो दौरानमा के कस्तो अफठयारो को सामना गर्नु पर्दछ र कसरी त्यसतो अफ्ठ्यारो समयमा पनि अब्बल निर्णय गर्न सकिन्छ भनेर गरिने अभ्यास हो।

### खेल विधि

सहभागीहरूलाई गोलाकारमा उभिन लगाई प्रशिक्षकले म्युजिक बजाउने र कुनै एक सहभागीतर्फ बल फ्याँक्ने र जसले बल समाएको बेलामा म्युजिक बन्द हुन्छ बल समाउने सहभागीलाई कुनै एक प्रश्न गर्ने । प्रशिक्षकले सहभागीहरूबाट आएको उत्तर समेटी विषयवस्तुलाई मनोरञ्जनात्मक सहभागितामूलक गतिविधिबाट ज्ञान, सीप र मनोभावनामा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई खेल विधि भनिन्छ भनी प्रष्ट पार्ने ।

### कथावाचन विधि

कथावाचन विधि बारे छोटकरीमा बताई सहभागीहरूमध्ये एकजनालाई आफूले थाहा भएको एउटा कथा प्रस्तुत गर्न लगाउने (प्रशिक्षक स्वयंले पनि एकवटा कथा तयार पारेर राख्ने, केही गरी सहभागीबाट नआएमा प्रस्तुत गर्न) (जस्तै : एक भन्दा बढी व्यक्ति जोखिम समूहका छन् भने कसलाई बढि सहयोग चाहिन्छ भन्ने आशयको कथा)

कथावाचन विधिलाई प्रस्तुत गर्दा ध्यान दिनुपर्ने कुराहरू सहभागीलाई आफ्नो कपीमा टिपोट गर्न लगाई सहभागीहरूबाट आएका उत्तरहरूलाई समेटी यस विधि प्रयोग गर्दा ध्यान दिनुपर्ने निम्नानुसारका बुँदा प्रस्तुत गर्ने

- कथा छोटो र सरल हुनुपर्ने
- कथा विषय, प्रसंग मिल्ने हुनुपर्ने
- सकेसम्म स्थानीय जनजीवनमा आधारित हुनुपर्ने
- कथामा प्रयोग हुने शब्द तथा हाउभाउ उपयुक्त हुनुपर्ने

सुरुमा कथा भन्दा के- के चरणहरू थिए भनी सहभागीहरूलाई सोध्ने र आएका उत्तरहरूलाई समेटी कथा वाचन विधि प्रयोग गर्दा अपनाउनुपर्ने निम्न ४ चरणहरूको प्रस्तुत गर्ने

- तयारी
- कथा प्रस्तुत गर्ने
- प्रस्तुत कथाको विषयवस्तुमाथि छलफल गराउने
- सङ्क्षेपीकरण गरी निष्कर्षमा पुऱ्याउने

### घटना अध्ययन

तालिममा सहभागीहरूलाई कुनै विशेष घटनाक्रम वा वास्तविक परिस्थितिको उदाहरण प्रस्तुत गरेर छलफल गराउने विधि हो । यस विधिबाट सहभागीहरूले विश्लेषणात्मक क्षमता विकास गर्न र समस्याको समाधान खोज्ने प्रक्रिया सिक्न मद्दत मिल्छ ।

### प्रक्रियाः

1) तालिम सहजकर्ताले एउटा वास्तविक घटना वा समस्या प्रस्तुत गर्छन्, जुन सहभागीहरूको तालिमको विषयसँग सम्बन्धित हुन्छ ।
2) सहभागीहरूलाई साना समूहहरूमा विभाजन गरिन्छ र ती समूहहरूलाई प्रस्तुत गरिएको केसको समाधान वा विश्लेषण गर्न २०-३० मिनेटको समय दिइन्छ ।
3) समूहहरूले आफ्नो विश्लेषण र समाधानको प्रस्तुति गर्छन्, जहाँ उनीहरूले समस्या समाधानको प्रक्रिया र त्यसको आधार प्रस्तुत गर्छन् ।
4) समूहहरूको प्रस्तुति पछि, प्रशिक्षकले मुख्य निष्कर्षहरूलाई समेटेर ठूला समूहसँग अन्तिम छलफल गराउँछन् ।

यस विधिले सहभागीहरूलाई व्यवहारिक ज्ञान र समस्याको समाधानमा केन्द्रित गराउँछ, जसले गर्दा उनीहरूको विश्लेषणात्मक क्षमता र सहयोगात्मक कार्यशैली सुधार गर्न मद्दत पुऱ्याउँछ ।

## सत्र १६ : प्रशिक्षण सामग्री

| | | |
|---|---|---|
| **सत्रको उद्देश्य** | सहभागीहरुलाई प्रशिक्षण सामग्रीको अर्थ र प्रशिक्षण सामग्रीको तीन वटा प्रकारहरू जानकारी गराई, प्रशिक्षणमा प्रयोग गरिने सामग्रीको प्रयोग गर्ने सीप सिकाउने । | |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्ने । | |
| **विषय** | **शिक्षण विधि** | **समय (मिनेट)** |
| प्रशिक्षण सामग्रीको महत्व र प्रकार | अन्तरक्रियात्मक , व्याख्यान, प्रश्न उत्तर, समूह छलफल, प्रर्दशन स्नोबलिङ्ग तथा प्रयोगात्मक अभ्यास | १५ |
| प्रशिक्षण सामग्री प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरु, सामग्रीको प्रयोग विधिहरु | | १५ |
| **कुल समय** | | ३० |

**सहजकर्ता मार्गदर्शनः**

यस सत्रमा सहजकर्ताले ३० मिनेटको समय अन्तरक्रियात्मक र आफनो अनुभव तथा सिकाई आदानप्रदान हुने तरिकाले प्रशिक्षक प्रशिक्षणका सहभागीलाई सहजकर्ता को लागि तयारी स्वरुप यो विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले आधारभूत प्रशिक्षण विधिको लागि अन्तरक्रियात्मक , व्याख्यान, प्रश्न उत्तर, समूह छलफल, प्रर्दशन स्नोबलिङ्ग तथा प्रयोगात्मक अभ्यास मार्फत सहजीकरण गर्नुपर्दछ । प्रशिक्षक प्रशिक्षणका सहजकर्ताले अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ ।

**प्रशिक्षण सामग्रीको महत्व र प्रकार**

प्रशिक्षण सामग्री भन्नाले सिकाई प्रक्रियामा प्रयोग गरिने स्रोतहरू वा उपकरणहरू हुन्, जसले प्रशिक्षार्थीहरूको बुझाईलाई सहज र प्रभावकारी बनाउन मद्दत गर्छ । यी सामग्रीहरूमा प्रोजेक्टर, चार्ट, पोस्टर, अडियो, भिडियो, मोडेल लगायतका विभिन्न साधनहरू पर्दछन् । प्रशिक्षण सामग्रीले पाठको विषयवस्तुलाई दृष्टिगत र प्रायोगिक रूपमा प्रस्तुत गर्ने माध्यम बनाउँछ, जसले गर्दा विद्यार्थीहरूलाई कुरा बुझ्न, ध्यान दिन, र लामो समयसम्म याद गर्न सजिलो हुन्छ । सही प्रशिक्षण सामग्रीको छनोटले शिक्षणको गुणस्तरलाई बढाउन ठूलो योगदान पुऱ्याउँछ ।

प्रशिक्षण समाग्रीको बारेमा बुझाउन सुरु गर्दा सहभागीहरूलाई, प्रशिक्षण सामग्री भनेको के हो भनी प्रश्न गर्ने । आएका विचारको लागि धन्यवाद दिँदै प्रशिक्षण सामग्रीको अर्थ स्पष्ट पार्नुपर्दछ । कक्षा कोठामा सहभागीहरू समक्ष कुनै पनि विषयवस्तु प्रस्तुत गर्दा प्रशिक्षकले पाठ योजनाअनुसार सिकाईलाई सहयोग पुऱ्याउन जून सामग्रीहरू प्रयोग गर्दछ, ती सबै सामग्रीहरूलाई प्रशिक्षण सामग्री भनिन्छ ।

साथै प्रशिक्षण सामग्रीलाई IEC सामग्री पनि भनिन्छ भन्ने बारे स्पष्ट पार्ने

I - Information
E - Education
C – Communication

**प्रशिक्षण सामग्रीको महत्व प्रस्टाउन प्रयोगात्मक अभ्यास**

सहभागीहरूलाई मौखिक रुपमा उच्चारण गर्दै कुनै एक काल्पनिक चित्र कोर्न विवरणसहित निर्देशन दिने ।

सहभागीहरूबाट कोरिएका चित्रहरूलाई प्रदर्शन गर्न लगाउने र चित्रहरूमा भिन्नता देखिनुको कारण बारेमा तल उल्लिखित ३ वटा बुँदाहरू प्रकाश पार्दै सामग्रीको महत्वबारे स्पष्ट पार्ने ।

1. मौखिक व्याख्यानले कुनै पनि विषयवस्तुलाई प्रभावकारी रुपमा बुझाउन कठिन हुने भएकाले विषयवस्तुसँग मेल खाने सामग्रीहरू प्रयोग गर्दा सिकाई प्रभावकारी र व्यावहारिक बन्दछ ।
2. एउटै विवरणबाट फरक फरक मान्छेले फरक-फरक कुरा बुझेको हुन सक्छ ।
3. लामो समयसम्म स्मरणीय बनाउनको लागि र बुझाईलाई वास्तविकतातर्फ एकरुपता ल्याउन उपयुक्त प्रशिक्षण सामग्री चाहिन्छ भने, गरेर जान्ने कार्यको लागि वास्तविक वस्तु नै चाहिन्छ । तसर्थ सफलतापूर्वक प्रशिक्षण सञ्चालन गर्न सामग्रीको अत्यन्त महत्व रहेको हुन्छ भन्दै न्युजप्रिन्ट वा न्युजप्रिन्टको सहयोगमा प्रशिक्षण सामग्रीको बारेमा छलफल गर्दै स्पष्ट पार्ने ।

## प्रशिक्षण सामग्रीको महत्व

- सहभागीहरूलाई कुनै विषयवस्तुबारे स्पष्टरुपमा बुझाउन,
- विषयवस्तुको वास्तविकताको नजिक पुऱ्याउन,
- प्रशिक्षणस्थलमा सुहाउँदो वातावरण तयार पार्न
- प्रशिक्षणस्थल तथा विषयवस्तुलाई रोचक बनाउन
- सहभागीहरूको ध्यानाकर्षण गर्न
- गलत धारणा हटाउन
- विषयबस्तुलाई समयमा नै सम्पन्न गर्न
- उद्देश्य पूरा गर्न
- सहभागीहरूलाई सक्रिय बनाउन
- गरेर सिक्ने (Learning by doing) कुरामा सजग गराउन
- सहभागीहरूलाई सिकाईका लागि अभिप्रेरित गर्न ।

## प्रशिक्षण सामग्रीका प्रकारहरू

प्रशिक्षण सामग्रीहरू कति प्रकारका हुन्छन् ? भनी प्रश्न राख्ने र सहभागीहरूको भनाइलाई समेट्दै प्रशिक्षण सामग्रीका प्रकारहरू प्रष्ट पार्ने

1) **सामग्री (Materials): लेख्ने तथा देख्ने सकिने** (ल्यापटप, मल्टिमिडिया, न्युजप्रिन्ट पेपर (फिल्पचार्ट), फ्लास कार्ड, शब्दपत्ती (मेटाकार्ड)
2) श्रव्य सामग्री **(Audio Aids)M हेर्न नसकिने तर सुनेर सिक्न सकिने** (रेडियो,माइक, स्पीकर)
3) **दृश्य सामग्री (Visual Aids): सुन्न नसकिने तर हेरेर मात्र सिक्न सकिने** ( फोटो, पोष्टर, फिलप चार्ट, नक्सा, ग्लोव, चार्ट, चित्र)
4) श्रव्य दृश्य सामग्री **(Audio Visual Aids)** : हेर्न तथा सुन्न एकै पटक सकिने (नाटक, सिनेमा, टि.भी. भिडियो टेप आदि )
5) **नमुना वस्तु (Model)** : **देख्ने तथा** सिक्न **सकिन** (खेलौना, रेप्लीका, प्रोटोटाइप)

## प्रशिक्षण सामग्री प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरु, सामग्रीको प्रयोग विधिहरु

प्रशिक्षण सामग्री प्रयोग गर्दा प्रशिक्षणको उद्देश्य, सहभागीहरूको आवश्यकता, र पाठ्यवस्तुको जटिलतालाई ध्यानमा राख्नुपर्छ । सही सामग्रीले सिकाईलाई प्रभावकारी, रोचक, र बुझ्न सजिलो बनाउँछ, तर गलत सामग्रीले उल्टो प्रभाव पार्न सक्छ । सामग्री छनोट गर्दा त्यसको प्रासंगिकता, सरलता, र सहभागीहरूको सन्दर्भमा प्रयोग गर्न मिल्ने क्षमता महत्वपूर्ण हुन्छ । साथै, सामग्रीको सही प्रयोग विधि थाहा हुनु आवश्यक छ, जसले प्रशिक्षकलाई सामग्रीलाई सही समयमा, सही रूपमा प्रस्तुत गर्न मद्दत गर्छ ।

## प्रशिक्षण सामग्री प्रयोगमा ध्यान दिनुपर्ने कुराहरु

सहभागीहरूलाई सामग्री प्रयोग गर्दा ध्यान के-के कुरामा ध्यान पुऱ्याउनु पर्दछ भन्ने प्रश्न राख्ने र निम्नानुसार बुँदाहरू प्रस्ट पार्ने :

- प्रशिक्षण स्थलको अवस्थालाई ध्यान दिने
- सामग्री प्रयोग अगाडि नै परीक्षण गर्ने
- न्यूजप्रिन्ट पेपर, मेटाकार्ड, पावरपोइन्ट, सेतोपाटी, आदिमा कलरको प्रयोग गर्दा भरसक कालो र नीलो मात्र प्रयोग गर्ने, जस्तैः रातो कलर रगत जस्तै देखिने भएकोले कुनै कुनै संवेदनशील सहभागीमा बेचैनी बढाउन सक्छ ।
- पावरपोइन्टमा अक्षरको साइज ३६ देखि ४० फन्ट साइजको राख्नुपर्छ ।
- मेटाकार्डको साइज ४ इन्च चौडाइ ९ इन्च लम्बाइ र अक्षरको साइज सामान्यतया १.५ इन्च हुनुपर्छ
- न्युजप्रिन्ट पेपरमा अक्षरको साइज सामान्यतया २ इन्च हुनुपर्ने र ९ वटा हरफ हुनुपर्ने
- मल्टिमिडिया प्रोजेकटरको स्क्रन साइज तथा फोकसमा ध्यान दिने
- सामग्रीको उचित व्यवस्थापन (सरसफाई गर्ने, आफ्नो जिम्मामा रहेका सामान सम्बन्धित व्यक्तिलाई बुझाउने)

## प्रशिक्षणमा प्रयोग हुने सामग्री :

- सहभागीहरूलाई प्रशिक्षणमा प्रयोग हुने सामग्रीहरू के-के हुन् भन्ने प्रश्न राख्दै पालै पालो आएका विचारहरू सेतापाटीमा टिपोट गर्ने
- उनीहरूका विचारको कदर गरी धन्यवाद दिने र पावरपोइन्टमा भए अनुसारका बुदाँहरूबारे बताई कुन निम्नानुसारका सामग्री कस्तो अवस्थामा प्रभावकारी हुन्छ भन्ने कुरा सामान्य जानकारी गराउनेः

ल्यापटप, मल्टिमिडिया, सेतो पाटी, न्युज प्रिन्ट पेपर, मेटाकार्ड, मार्कर, मासकिंङ टेप, डमी, कम्बल, कागजका टुक्राहरू, कैंची, फुलिसकेप, प्रशिक्षण झोला, टेप, पेपर कटर, स्केल, चेक लिष्ट, डस्टर, ग्लुस्टिक, पुस पिन, रेकर्ड फाइल, पन्चिङ्ग मेसिन, स्ट्यापलर, स्ट्यापलर पिन, पेन्सिल, इरेजर, फिलिप चार्ट, सम्बन्धित किताबहरू, मास्क, स्यानीटाइजर, प्राथमिक उपचार झोला, टर्चलाइट आदि ।

## प्रशिक्षणमा प्रयोग हुने सामग्रीहरू सम्बन्धमा व्यवहारिक ज्ञान :

- सहभागीहरूलाई प्रशिक्षणमा प्रयोग हुने सामग्रीहरू बारे सामान्य जानकारी दिँदै पावरपोइन्ट प्रोजेक्सन, फोकस, लम्बाइ चौडाई एड्जस्टमेन्टको प्रयोगात्मक कार्य दिने ।
- न्यूजप्रिन्ट तथा मेटाकार्डमा सिधा लेख्न, फोल्ड गर्ने तथा मार्जीन छोड्ने तरिका सिकाउने ।

## प्रशिक्षण सामग्रीहरू कस्तो हुनुपर्दछ :

- अनावश्यक धेरै कुराहरु लेखिनु हुँदैन,
- देखाइएका सामग्रीहरुको सही व्याख्या गर्ने,
- मुख्य सिक्नै पर्ने बुदाँहरुमात्र समावेश गर्ने,

- शैक्षिक सामग्री उद्देश्य अनुसार पर्याप्त बनाउने,
- शैक्षिक सामग्री सर्वसुलभ र उपर्युक्त हुनुपर्दछ,
- प्रयोग गरिएको शैक्षिक सामग्री स्पष्ट हुनुपर्दछ,
- शैक्षिक सामग्री स्थानीयस्तरमा उपलब्ध हुने खालको हुनुपर्दछ ।

## सत्र १७ : पाठ योजना

| | | |
|---|---|---|
| **सत्रको उद्देश्य** | प्रशिक्षार्थीहरूले निर्धारित पाठ्यवस्तुको सैद्धान्तिक र व्यवहारिक पक्षहरूलाई प्रभावकारी रूपमा बुझ्न, आत्मसात गर्न, सोधपुछ गर्ने क्षमता विकसित गर्न, सिर्जनात्मक रूपमा सोच्न, र हासिल गरिएका ज्ञान र सीपहरूलाई आफ्नो तालिम कार्यक्रममा प्रयोग गर्न सक्षम बनाउने । | |
| **आवश्यकसामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ । | |
| **विषय** | **शिक्षण विधि** | **समय (मिनेट)** |
| पाठ योजना र यसको महत्व | अन्तरक्रियात्मक, व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन | ३० |
| प्रयोगात्मक कार्य | | ३० |
| **कुल समय** | | ६० |

### सहजकर्ता मार्गदर्शनः

यस सत्रमा सहजकर्ताले १ घण्टाको समय अन्तरक्रियात्मक र आफनो अनुभव तथा सिकाई आदानप्रदान हुने तरिकाले प्रशिक्षक प्रशिक्षणका सहभागीलाई सहजकर्ता को लागि तयारी स्वरुप यो विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले आधारभूत प्रशिक्षण विधिको लागि अन्तरक्रियात्मक, व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन अभ्यास मार्फत सहजीकरणगर्नुपर्दछ । प्रशिक्षक प्रशिक्षणका सहजकर्ताले अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ ।

### पाठ योजनाको महत्व

प्रशिक्षकले प्रशिक्षणका क्रममा दिनुपर्ने सामग्री, सिकाई गतिविधि, र समय व्यवस्थापनको योजना बनाउने प्रक्रिया नै पाठ योजना हो । यसले प्रशिक्षकलाई प्रशिक्षणलाई व्यवस्थित रूपमा सञ्चालन गर्न र प्रशिक्षार्थीहरूलाई प्रभावकारी रूपमा ज्ञान प्रदान गर्न मार्गदर्शन गर्छ । पाठ योजनामा उद्देश्य, विधिहरू, सामग्री, समय विभाजन, र अपेक्षित परिणामहरू समेटिएका हुन्छन्, जसले सिकाईलाई लक्षित दिशामा अगाडि बढ्न मद्दत पुऱ्याउँछ ।

पाठ योजनाले प्रशिक्षकलाई प्रशिक्षणको क्रममा कहाँ, के र कसरी ध्यान दिनुपर्ने स्पष्ट मार्गदर्शन दिन्छ। बिना योजना गरिएको प्रशिक्षणले अनिश्चितता ल्याउन सक्छ र प्रशिक्षार्थीहरूको आवश्यकता अनुसार समायोजन गर्न कठिन हुन सक्छ। पाठ योजना भएको प्रशिक्षणले समयको सही उपयोग गर्दै प्रशिक्षार्थीहरूलाई सुसंगत रूपमा जानकारी दिने अवसर दिन्छ, जसले उनीहरूको सिकाई अनुभवलाई अझ प्रभावकारी र प्रासंगिक बनाउँछ।

साथै, पाठ योजना प्रशिक्षार्थीहरूको लागि पनि महत्वपूर्ण छ, किनकि यसले उनीहरूलाई प्रशिक्षणको उद्देश्य, सामग्री, र प्रक्रियाहरू बुझ्न सजिलो बनाउँछ। प्रशिक्षकले पाठ योजना अनुसार प्रशिक्षण गर्दा प्रशिक्षार्थीहरूलाई अगाडि के सिक्न लागिएको छ भन्ने पूर्वधारणा हुन्छ, जसले उनीहरूलाई मानसिक रूपमा तयारी गर्न मद्दत गर्छ। यसले प्रशिक्षार्थीहरूको सहभागिता बढाउँछ र सिकाई प्रक्रियामा उनीहरूको ध्यान केन्द्रित राख्न सहयोग पुऱ्याउँछ।

## पाठ योजनाको आवश्यकता

यो सत्र प्रशिक्षणको क्रममा, सहभागीहरूलाई पाठ योजनाको आवश्यकता के कारणले हुन्छ भनी प्रश्न गरी आएका उत्तरहरूलाई समेटी आवश्यकता प्रस्तुत गर्ने, जुन यसप्रकार हुन सक्छन्।

- विषयवस्तुलाई सिलसिलेवार बनाउन।
- छलफलको क्रमलाई विषयवस्तुभन्दा बाहिर जान नदिन।
- समयको पूर्ण सदुपयोग गर्न
- पाठले लिएको उद्देश्य पूरा गर्न।
- शैक्षिक सामग्री तथा परीक्षण विधि उपयुक्त तरिकाले प्रयोग गर्न।
- सिक्ने र सिकाउने काम व्यवस्थित र सजिलो बनाउन।
- पृष्ठपोषण दिन र लिन सजिलो बनाउन।
- शैक्षिक विधिहरू सही र उचित तरिकाले अपनाउन।
- शैक्षिक सामग्रीहरू कक्षा सुरु हुनुभन्दा अगाडि नै सङ्कलन गरी ठीक ठाउँमा ठीक सामग्रीको प्रयोग गर्न।
- समयको उचित बाँडफाँड गर्न।
- प्रशिक्षकको आत्म विश्वासको लागि।

अब यस पछि सहभागीहरुलाई चार समूहमा विभाजन गरी पाठ योजनामा समावेश गर्नु पर्ने बुँदाहरू लेख्न लगाई समूहगत प्रस्तुति गर्न लगाउने र उनीहरूको विचारलाई समेट्दै छुटाउनै नहुने निम्नानुसारका विषयवस्तुहरू जस्तै, पाठको शीर्षक, समयअवधि, सहभागी सङ्ख्या, सिकाईका उद्देश्यहरू, प्रशिक्षण विधि, प्रशिक्षण सामग्री, प्रशिक्षण क्रियाकलाप, मूल्याङ्कन प्रश्नावलीलाई महत्व दिने ।

### प्रयोगात्मक कार्य

प्रशिक्षणलाई प्रभावकारी बनाई पाठ योजना अझ राम्ररी बुझाउन, प्रत्येक प्रशिक्षार्थीलाई छुट्टाछुट्टै विषयवस्तु दिनु पर्दछ, जसको आधारमा उनीहरूले १० देखि १५ मिनेटको पाठ योजना तयार गर्नु पर्ने हुन्छ । यो कार्यले प्रशिक्षार्थीहरूलाई आफ्नो पाठ योजना बनाउने सीपलाई सुधार गर्न र प्रशिक्षणको संरचना बुझ्न मद्दत पुऱ्याउँछ । उनीहरूले समय व्यवस्थापन, सामग्री चयन, र सहभागीहरूको आवश्यकताअनुसार योजना बनाउन सिक्नुपर्छ । प्रशिक्षार्थीहरूले दिन सक्ने सर्वोत्तम प्रस्तुति गर्नका लागि योजनामा ध्यान दिएर, विषयवस्तुको गहिराईमा गएर काम गर्नुपर्छ ।

प्रतिनिधिमूलक पाठ योजनाहरूलाई प्रस्तुत गर्न लगाउनुपर्छ र प्रशिक्षकले तिनलाई ध्यानपूर्वक सुनेर समीक्षा गर्नुपर्छ । समीक्षा गर्दा समय व्यवस्थापन, सामग्रीको स्पष्टता, र प्रस्तुतिका तरिकामा सुधारका सम्भावनाहरूको बारेमा प्रतिक्रिया दिनुपर्छ । यसले प्रशिक्षार्थीहरूलाई आफ्ना त्रुटिहरू सुधार्न र आगामी प्रशिक्षणमा अझ राम्रोसँग प्रस्तुति दिन प्रेरणा दिन्छ । प्रस्तुतिकरण पछि प्रशिक्षकले समूहमा छलफल गराएर सबै प्रशिक्षार्थीहरूलाई सँगै सिक्न मौका दिनुपर्छ।

यदि समय अभाव भयो भने, बाँकी रहेका पाठ योजनाहरूलाई पछि जाँच गरेर पृष्ठपोषण गर्नुपर्छ । प्रशिक्षकले प्रत्येक प्रशिक्षार्थीको योजना ध्यानपूर्वक अध्ययन गरेर सुधारका लागि व्यक्तिगत सुझाव दिनुपर्छ । यस प्रक्रियाले प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक मात्र होइन, व्यवहारिक रूपमा पनि सशक्त बनाउँछ, जसले उनीहरूको सिकाई अनुभवलाई अझ प्रभावकारी र प्रासंगिक बनाउन मद्दत पुऱ्याउँछ ।

### नमुना पाठ योजना

1) विषय
2) पाठ
3) प्रस्तावित समय १:घण्टा
4) सहभागी
5) सहभागी सङ्ख्या: २४ जना
6) उद्देश्यहरू : यस पाठको अन्तमा सहभागीहरू निम्न कुरामा सक्षम हुनेछन् :
7) पाठ योजना

| क्र.स | विषयवस्तु | समय | प्रशिक्षण विधि | प्रशिक्षण सामग्री | विस्तृत क्रियाकलाप |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | **परिचय**<br>प्रशिक्षक र सहयोगी प्रशिक्षकको परिचय पाठको उद्देश्यहरू प्रस्तुत | ५ मि. | अन्तरक्रियात्मक व्याख्यान | पावरप्वाइन्ट | प्रशिक्षकले सेसनको सुरूमा आफ्नो परिचय दिँदै सहयोगी प्रशिक्षकको परिचय दिनेछन् र पाठको सन्दर्भ जोड्दै पावरपोइन्ट मार्फत् उद्देश्यहरू प्रस्तुत गरी सहभागीलाई पालैपालो भन्न लगाउनेछन् । |
| २ | **विषयहरू** | ५० मि. | अन्तरक्रियात्मक व्याख्यान विधि, प्रश्नोत्तर, छलफल, भिडियो प्रदर्शन | पावरप्वाइन्ट | |
| ३ | अन्त्यमा प्रशिक्षकले सबैलाई धन्यवाद दिँदै सेसनको अन्त गर्ने । | ५मि. | | | |

## सत्र १८ : प्रस्तुतिकरण सीप

| | |
|---|---|
| **सत्रको उद्देश्य** | सहभागीहरूलाई प्रभावकारी प्रस्तुतिकरण सीपहरू, समग्र विषयवस्तुको स्पष्टता र संरचनालाई सुधार्नका लागि आवश्यक रणनीतिहरूको ज्ञान दिनु, साथै सहभागीहरूसँग प्रभावकारी संचार र अन्तरक्रिया गर्नका लागि सक्षम बनाउनु । |
| **आवश्यकसामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| प्रस्तुतिकरण सीपको महत्व | अन्तरक्रियात्मक , व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन | ३० |
| प्रयोगात्मक कार्य | | ३० |
| **कुल समय** | | ६० |

**सहजकर्ता मार्गदर्शन:**

यस सत्रमा सहजकर्ताले १ घण्टाको समय अन्तरक्रियात्मक र आफनो अनुभव तथा सिकाई आदानप्रदान हुने तरिकाले प्रशिक्षक प्रशिक्षणका सहभागीलाई सहजकर्ताको लागि तयारी स्वरुप यो विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ । सहजकर्ताले आधारभूत प्रशिक्षण विधिको लागि अन्तरक्रियात्मक, व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन अभ्यास मार्फत सहजीकरण गर्नुपर्दछ । प्रशिक्षक प्रशिक्षणका सहजकर्ताले अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अभ्र धेरै अनुसन्धान गर्नु पर्दछ ।

### प्रस्तुतिकरण विधि

प्रस्तुतिकरण विधि तालिममा सहभागीलाई कुनै विशिष्ट विषयमा जानकारी प्रस्तुत गर्ने प्रक्रिया हो, जसले उनीहरूको प्रस्तुतिकरण सीप विकास गर्न मद्दत गर्छ ।

प्रक्रिया:

- प्रशिक्षकले अघिल्लो दिन नै कुनै एक सहभागीलाई प्रस्तुतिकरण सीपको समयमा कुनै विषयमा ३० मिनेटको प्रस्तुतिकरणको तयारी गर्न लगाउनु पर्दछ ।
- सहभागीलाई विषयको गहिराईमा जाने र तयारी गर्नका लागि पर्याप्त समय दिइन्छ, जसले उनलाई आत्मविश्वास बढाउन मद्दत गर्छ ।
- प्रस्तुतिकरण पछि, प्रशिक्षकले सहभागीलाई प्रस्तोता कसरी बसेका वा उभिएका थिए, उनीहरूको प्रस्तुतिकरणको गति कस्तो थियो, उपकरणको प्रयोग कस्तो गरियो, स्वर, हाउभाउ, र आँखाको सम्पर्क कस्तो थियो भन्ने विषयमा छलफल गराउँछन् ।
- सहभागीलाई आफ्नो प्रस्तुतिकरणका विभिन्न पक्षहरूको मूल्याङ्कन गर्न प्रोत्साहित गरिन्छ, जसले उनीहरूलाई कमजोरीहरू सुधार्न र भविष्यमा अझ राम्रो प्रस्तुतिकरण गर्न सक्षम बनाउँछ ।

यस विधिले सहभागीहरूको आत्मविश्वास र प्रस्तुतिकरण सीपलाई प्रगाढ बनाउन सहयोग पुऱ्याउँछ ।

## प्रस्तुतिकरण सीपको महत्व

प्रशिक्षण कार्यक्रममा प्रस्तुतिकरण सीप अत्यन्तै महत्वपूर्ण हुन्छ, किनभने प्रशिक्षकले आफ्नो विचार र जानकारीलाई स्पष्ट र प्रभावकारी रूपमा प्रस्तुत गर्न नसक्दा सिकाईमा गम्भिर समस्या आउन सक्छ । प्रस्तुतिकरण सीपले प्रशिक्षकलाई विषयवस्तुलाई चाख लाग्दो तरिकामा सम्प्रेषण गर्न, सहभागीहरूसँग सन्देश प्रभावकारी रूपमा बाँड्न, र प्रशिक्षणको लक्ष्य पूरा गर्न मद्दत पुऱ्याउँछ ।

प्रशिक्षकले प्रस्तुतिकरणका लागि स्पष्ट संरचना तयार गर्नुपर्छ जसमा परिचय, मुख्य बुँदा, र निष्कर्ष समावेश गरिन्छ । यसले सहभागीहरूलाई सामग्री बुझ्न सजिलो बनाउँछ र प्रशिक्षणका मुख्य बुँदाहरूलाई स्पष्ट रूपमा प्रस्तुत गर्न मद्दत गर्छ । सही र प्रभावकारी स्लाइड, चार्ट, र अन्य दृश्य सामग्रीहरूको प्रयोगले प्रस्तुतिकरणलाई अझ आकर्षक र मनमोहक बनाउन सक्छ, जसले प्रशिक्षार्थीहरूको ध्यान आकर्षित गर्छ ।

सञ्चार सीप पनि प्रस्तुतिकरणको महत्वपूर्ण भाग हो । प्रशिक्षकले बोल्ने क्रममा स्पष्टता, आत्मविश्वास, र आवाजको सही प्रयोग गर्नुपर्छ । बोल्ने गति, आवाजको उतार चढाव, र शरीर भाषा प्रस्तुतिकरणको प्रभावकारिता बढाउन महत्वपूर्ण हुन्छ । प्रशिक्षकले सहभागीहरूको प्रतिक्रियालाई ध्यानमा राख्दै आफ्नो प्रस्तुतिकरणलाई अनुकूलन गर्न सक्नुपर्छ । यसले सहभागीहरूको चासो र ध्यानलाई कायम राख्न मद्दत गर्दछ र प्रशिक्षणको उद्देश्यलाई प्रभावकारी रूपमा पूरा गर्न सहयोग पुऱ्याउँछ ।

अन्तमा, प्रस्तुतिकरणको प्रभावकारिता मापन गर्न र सुधार गर्न पनि ध्यान दिनुपर्छ । प्रशिक्षकले प्रस्तुतिकरणपछि सहभागीहरूको पृष्ठपोषण लिई सुधारका लागि ध्यान दिनु पर्छ । यसले प्रशिक्षकलाई आफ्ना कमजोरीहरू पहिचान गर्न र भविष्यमा अझ राम्रो प्रस्तुतिकरण गर्नका लागि मार्गदर्शन प्रदान गर्दछ । प्रस्तुतिकरण सीपको निरन्तर अभ्यास र सुधारले प्रशिक्षकलाई विश्वसनीयता र प्रभावशीलता प्राप्त गर्न मद्दत पुऱ्याउँछ, जसले अन्ततः प्रशिक्षण कार्यक्रमको सफलता सुनिश्चित गर्दछ ।

यस सत्रमा प्रशिक्षकले प्रस्तुतिपूर्वको तयारी के-के हुन्छन् भनी सहभागीहरूलाई सोध्ने र आएका उत्तरहरूलाई समेट्दै प्रष्ट पार्ने जसमा सहभागीको स्तर, विषयवस्तुको तयारी र अध्ययन, पाठयोजनाको तयारी र अध्ययन, प्रशिक्षण सामग्रीहरूको तयारी, उचित पोशाक, सीपको पूर्वअभ्यास जस्ता कुराहरु नछुटाउने ।

### प्रयोगात्मक कार्य

प्रयोगात्मक कार्य अन्तर्गत, प्रशिक्षकले अघिल्लो दिन नै कुनै एक सहभागीलाई एक विशेष विषयमा १० मिनेटको प्रस्तुतिकरणको तयारी गर्न लगाउनु पर्दछ । यस कार्यमा, सहभागीलाई विषयवस्तुको गहिराईमा जान र तयारी गर्नका लागि पर्याप्त समय दिइन्छ, जसले उनलाई प्रस्तुतिकरणको लागि आत्मविश्वास र तयारीमा मद्दत गर्छ । प्रस्तुतिकरण पछि, प्रशिक्षकले सहभागीहरुलाई, प्रस्तोताको स्थिति (बसाइ र उठाइ), प्रस्तुतिको गति, उपकरण र सामग्रीको प्रयोग, स्वर, हाउभाउ, र आँखाको सम्पर्कको बारेमा छलफल गर्नु पर्दछ । यसले सहभागीलाई आफ्नो प्रस्तुतिकरणको विभिन्न पक्षलाई मूल्याङ्कन गर्न र सुधार गर्न मद्दत पुऱ्याउँछ । यस प्रक्रियाले प्रशिक्षार्थीलाई प्रस्तुतिकरणमा भएका कमजोरीहरू बुझ्न र आवश्यक सुधारहरू गर्न प्रोत्साहित गर्छ, जसले उनीहरूको प्रस्तुतिकरण सीपलाई थप गुणस्तरीय बनाउन मद्दत पुऱ्याउँछ ।

## सत्र १९ : प्रशिक्षण व्यवस्थापन

<table>
<tr><td>सत्रको उद्देश्य</td><td colspan="3">सहभागीहरूलाई प्रशिक्षण सञ्चालनकालागि आवश्यक तालिमपूर्व, तालिमको अवधिमा र तालिमपश्चात् गर्नुपर्ने व्यवस्थापनका कार्यहरू गर्न सक्ने बनाउने ।</td></tr>
<tr><td>आवश्यकसामग्री</td><td colspan="3">कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ ।</td></tr>
<tr><td colspan="2">विषय</td><td>शिक्षण विधि</td><td>समय (मिनेट)</td></tr>
<tr><td colspan="2">प्रशिक्षण व्यवस्थापनको महत्व</td><td rowspan="2">अन्तरक्रियात्मक, व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन</td><td>३०</td></tr>
<tr><td colspan="2">प्रयोगात्मक कार्य</td><td>३०</td></tr>
<tr><td colspan="3">कुल समय</td><td>६०</td></tr>
</table>

## सहजकर्ता मार्गदर्शनः

यस सत्रमा सहजकर्ताले १ घण्टाको समय अन्तरक्रियात्मक र आफनो अनुभव तथा सिकाई आदानप्रदान हुने तरिकाले प्रशिक्षक प्रशिक्षणका सहभागीलाई सहजकर्ता को लागि तयारी स्वरुप यो विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ। सहजकर्ताले आधारभूत प्रशिक्षण विधिको लागि अन्तरक्रियात्मक , व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन अभ्यास मार्फत सहजीकरणगर्नुपर्दछ। प्रशिक्षक प्रशिक्षणका सहजकर्ताले अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ।

## प्रशिक्षण व्यवस्थापनको महत्व

प्रशिक्षण व्यवस्थापनले प्रशिक्षण कार्यक्रमको समग्र प्रभावकारिता र सफलतालाई प्रत्यक्ष असर पार्दछ। यसको सही व्यवस्थापनले तालिम पूर्वतयारी, तालिमको अवधिमा कुशल सञ्चालन, र तालिम पश्चात्का व्यवस्थापन कार्यहरूको प्रभावकारी कार्यान्वयनलाई समेट्छ, जसले प्रशिक्षार्थीहरूको अनुभवलाई प्रभावकारी बनाउँछ। प्रशिक्षकहरूले व्यवस्थापनका उचित उपायहरू अपनाएर समयको व्यवस्थापन, सामग्रीको उपयोग, र सहभागीहरूको सहभागिता सुनिश्चित गर्न सक्छन्, जसले अन्ततः तालिमको उद्देश्य पूरा गर्न र प्रशिक्षार्थीहरूको सीप र ज्ञानलाई बढाउन महत्वपूर्ण भूमिका खेल्दछ।

यस पछि सहभागीलाई ३ समूहमा विभाजन गरी प्रशिक्षण पूर्वतयारी, प्रशिक्षण अवधि तथा प्रशिक्षणपश्चात् गर्नुपर्ने व्यवस्थापकीय कार्यहरूको सूची समूहगत रुपमा तयार गर्न लगाउने र क्रमशः प्रस्तुत गर्न लगाई निम्नानुसारको विषयहरु समावेश गर्न प्रयास गर्ने।

### पूर्व तयारीः

- तालिम भवनको र बसाई व्यवस्था
- तालिम उपकरण
- ब्यानरको व्यवस्था
- तालिम आयोजन गर्न योजना तयार पार्ने
- साधन स्रोतको व्यवस्था : नगद, जिन्सी
- तालिमका लागि सहभागी चयन र आमन्त्रण
- प्रशिक्षकहरूलाई आमन्त्रण
- खाना, चिया नास्ता आदिको समन्वय
- आवास व्यवस्थाको निरीक्षण

### प्रशिक्षण अवधिमा गर्ने व्यवस्थापनः

- सहभागीहरूको बसाइलाई “यू” आकारमा

- प्रदर्शनका लागि ठाउँ बनाउने,
- मल्टिमिडिया मिलाउने,
- प्रशिक्षणको उद्देश्य र प्रक्रियाबारे जानकारी,
- सहभागीहरूको व्यक्तिगत परिचय,
- समूह विभाजन
- पूर्व परीक्षा सञ्चालन र विश्लेषण गर्ने,
- सामग्री वितरण गर्ने,
- समय तालिका प्रस्तुत, फाइलको व्यवस्था ।
- मूल प्रशिक्षकको प्रस्तुति अनुसार  स्टेसनको व्यवस्था,
- चिया, नास्ता, खाजाको समय अनुसार व्यवस्था र अनुगमन,
- सहभागीहरूको उपस्थिति,
- प्रशिक्षण सामग्रीहरूको स्याहार,
- कोठाहरूको सफाइ,
- दैनिक मूल्याङ्कन,
- दैनिक समीक्षा बैठक,
- लिखित एवं प्रयोगात्मक पक्षको अन्तिम मूल्याङ्कन,

### प्रशिक्षण पश्चात् गरिने व्यवस्थापनः

- तालिम सामग्रीहरूको संकलन,
- सूचीअनुसार व्यागमा मिलाउने,
- डमी, पट्टी, कम्बल यथास्थानमा राख्ने,
- तालिमप्राप्त सहभागी, जनशक्तिहरूको व्यक्तिगत विवरणको फाइलिङ गर्ने
- प्रतिवेदन तयार पार्ने र पठाउने,

## सत्र २० : प्रशिक्षण मूल्याङ्कन प्रक्रिया

| | |
|---|---|
| **सत्रको उद्देश्य** | शिक्षण मूल्याङ्कन विधिहरूको प्रभावकारिता र गुणस्तरलाई मापन गरेर प्रशिक्षकलाई सुधारका क्षेत्रहरू पहिचान गर्न र प्रशिक्षण कार्यक्रमको सफलता सुनिश्चित गर्नका लागि आवश्यक जानकारी प्रदान गर्नु |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ । |

| विषय | शिक्षण विधि | समय (मिनेट) |
|---|---|---|
| प्रशिक्षण मूल्याङ्कनको महत्व | अन्तरक्रियात्मक , व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन | १५ |
| प्रयोगात्मक कार्य | | १५ |

| | |
|---|---|
| **कुल समय** | ३० |

## सहजकर्ता मार्गदर्शनः

यस सत्रमा सहजकर्ताले ३० मिनेटको समय अन्तरक्रियात्मक र आफ्नो अनुभव तथा सिकाई आदानप्रदान हुने तरिकाले प्रशिक्षक प्रशिक्षणका सहभागीलाई सहजकर्ताको लागि तयारी स्वरुप यो विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ। सहजकर्ताले आधारभूत प्रशिक्षण विधिको लागि अन्तरक्रियात्मक , व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन मार्फत सहजीकरणगर्नुपर्दछ । प्रशिक्षक प्रशिक्षणका सहजकर्ताले अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नु पर्दछ ।

## प्रशिक्षण मूल्याङ्कनको महत्व

प्रशिक्षण मूल्याङ्कन विधि प्रशिक्षण कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न अत्यन्त महत्वपूर्ण हुन्छ । यो विधिले प्रशिक्षकको प्रस्तुतिकरण, प्रशिक्षार्थीहरूको सहभागिता, र सिकाई परिणामहरूको मूल्याङ्कन गर्न मद्दत गर्दछ । प्रशिक्षण मूल्याङ्कन प्रक्रियाले प्रशिक्षकलाई आफ्नो पाठको प्रभावशीलता मापन गर्न, सुधारका लागि क्षेत्रहरू पहिचान गर्न, र भविष्यका प्रशिक्षणमा सुधार ल्याउन अवसर प्रदान गर्दछ। मूल्याङ्कन विधिहरू विभिन्न तरिकाले गरिन्छ, जसमध्ये प्रशिक्षार्थीको फीडब्याक, परीक्षा परिणाम, र उपस्थितिको विश्लेषण समावेश हुन्छन् । प्रशिक्षकहरूले नियमित रूपमा प्रशिक्षार्थीहरूको प्रतिक्रिया सङ्कलन गरेर पाठको गुणस्तर र सिकाई अनुभवलाई सुधार गर्नका लागि आवश्यक कदम चाल्न सक्छन् । यस प्रक्रियामा, सहभागीहरूको सोच र सुझावहरूको समावेश गर्नाले प्रशिक्षणलाई थप प्रासंगिक र प्रभावकारी बनाउँछ।

प्रशिक्षण मूल्याङ्कनका विभिन्न विधिहरूमा प्रायः गुणात्मक र मात्रात्मक उपायहरू समावेश गरिन्छ। गुणात्मक विधिहरूमा प्रशिक्षार्थीहरूको विचार, अनुभव, र सुझावहरूको समीक्षा गरिन्छ, जबकि मात्रात्मक विधिहरूमा परीक्षण परिणाम र अनुपस्थितिको विश्लेषण गरिन्छ । यसरी, मूल्याङ्कन विधिहरूले प्रशिक्षण कार्यक्रमको समग्र प्रभावकारिता र सहभागीहरूको सिकाईको गुणस्तरलाई समग्र दृष्टिकोणबाट मापन गर्न मद्दत गर्छ । अन्ततः, शिक्षण मूल्याङ्कन विधिले प्रशिक्षकलाई आफ्नो सिकाई पद्धति र सामग्रीलाई निरन्तर सुधार गर्नका लागि महत्वपूर्ण जानकारी प्रदान गर्दछ। यसले प्रशिक्षणका लक्ष्यहरूको प्राप्ति सुनिश्चित गर्न र सहभागीहरूको अनुभवलाई अझ समृद्ध बनाउन योगदान पुऱ्याउँछ। यस प्रक्रियामा प्राप्त हुने ज्ञान र प्रतिक्रिया प्रशिक्षकलाई थप सक्षम र प्रभावकारी बनाउँछ, जसले अन्ततः प्रशिक्षणको सफलता र प्रभावकारिता अभिवृद्धि गर्दछ।

## प्रयोगात्मक कार्य

सबै सहभागीहरूलाई प्रशिक्षण मूल्याङ्कनका उद्देश्य के-के हुन भनी प्रश्न गर्ने र आएका उत्तरहरूलाई समेटी मेटाकार्डमा लेखेको प्रस्तुत गरी स्पष्ट गर्ने

- तालिमको गुणस्तर कायम गर्नका लागि ।
- तालिममा एकरूपता ल्याउनका लागि ।
- सहभागीहरूको स्तर मापन गर्नका लागि ।

## मूल्याङ्कन विधि

प्रशिक्षणमा गरिने मूल्याङ्कनका विधिहरू के-के हुन्छन् भनी सहभागीहरूलाई प्रश्न गर्दै प्रशिक्षकले प्राशिक्षार्थी मूल्याङ्कन गर्ने विधि प्रस्तुत गर्ने, जसमा विभिन्न प्रकारका मूल्याकनहरु लिखित पूर्व मूल्याङ्कन, दैनिक मूल्याङ्कन, अन्तिम मूल्याङ्कन जस्ता मूल्याङ्कनका नामहरु आउन सक्छन् ।

अब सहभागीहरुलाइ दैनिक र अन्तिम मूल्याङ्कनमा कस्ता कस्ता कुराहरु समेट्नु पर्दछ भनेर २ समूहमा छलफल गराउनु पर्दछ ।

दैनिक मूल्याङ्कन को प्रक्रियामा सहभागीहरूलाई विभिन्न बुँदाहरूमा छलफल गर्न लगाउँदा उनीहरूले विभिन्न समस्याहरू र चुनौतीहरूको पहिचान गर्न सक्छन्, जुन मूल्याङ्कनको महत्वपूर्ण हिस्सा हो । सहभागीहरूले मूल्याङ्कनको विभिन्न पक्षहरूमा विचार गर्दा, आजको विषयवस्तुको स्पष्टता, सामग्रीको उपयुक्तता, सहभागीहरूको संलग्नता, र प्रस्तुतिकरणका तरिकाहरू जस्ता पक्षहरूको बारेमा सुझाव र प्रतिक्रियाहरु उनीहरुले समावेश गर्नु पर्ने कुरा बताउने छन् । यस पछि माथिका कुराहरु समावेश गरी सहभागीहरूको मूल्याङ्कनगर्नु पर्दछ भनि सहभागीहरुलाई बुझाउनु पर्दछ ।

**अन्तिम मूल्याङ्कन** कस्तो हुनुपर्छ भनि सहभागीहरूसँग छलफल गर्दा, उनीहरुले, तालिममा समावेश गरिएका विषयवस्तुहरूको प्रभावकारिता, प्रशिक्षकको प्रशिक्षण विधि र व्यवहार, प्रयोग गरिएका सामग्रीहरूको गुणस्तर, सहभागीहरूको संलग्नता, तालिमको अवधि र व्यवस्थापनको प्रभावकारिता जस्ता कुराहरु उठाउन सक्छन् जुन कुरालाई टिपोट गरी अन्तिम मूल्याङ्कनका विषयहरु तय गर्न प्रशिक्षार्थीलाई सिकाउन सकिन्छ ।

# अनुसूचीहरु

## अनुसूची १ तालिम अन्तिम मूल्याङ्कन

**१. तालिममा समावेश भएका विषयवस्तुहरु:**

| | | | |
|---|---|---|---|
| क. अति प्रभावकारी थिए | ख. प्रभावकारी थिए | ग. ठिकै थिए | घ. प्रभावकारी थिएनन् |

**२. तालिमका विषयवस्तुको तपाईंको कार्य विवरण अनुसार व्यवहारिकता:**

| | | | |
|---|---|---|---|
| क. अति व्यवहारिक थिए | ख. व्यवहारिक थिए | ग. ठिकै व्यवहारिक थिए | घ. व्यवहारिक थिएनन् |

**३. प्रशिक्षकको प्रशिक्षण विधि शैलि:**

| | | | |
|---|---|---|---|
| क. अति प्रभावकारी थिए | ख. प्रभावकारी थिए | ग. ठिकै थिए | घ. प्रभावकारी थिएनन् |

**४. प्रशिक्षकको व्यवहार**

| | | | |
|---|---|---|---|
| क. अति राम्रो थियो | ख. राम्रो थियो | ग. ठिकै थियो | घ. राम्रो थिएन |

**५. तालिममा प्रयोग भएका तालिम सामग्री तथा अध्ययन सामग्री**

| | | | |
|---|---|---|---|
| क. अति प्रभावकारी थिए | ख. प्रभावकारी थिए | ग. ठिकै थिए | घ. प्रभावकारी थिएनन् |

**६. सहभगिहरुको छलफलमा सहभागिता**

| | | | |
|---|---|---|---|
| क. अति राम्रो थियो | ख. राम्रो थियो | ग. ठिकै थियो | घ. राम्रो थिएन |

**७. तलिमको अवधि**

| | | | |
|---|---|---|---|
| क. अति लामो थियो | ख. लामो थियो | ग. ठिक थियो | घ. छोटो थियो |

**८. तालिमको आवास, भोजन तथा अन्य व्यवस्थापन**

| | | | |
|---|---|---|---|
| क. अति राम्रो थियो | ख. राम्रो थियो | ग. ठिकै थियो | घ. राम्रो थिएन |

**९. यस तालिमको कुनै ३ वटा राम्रा पक्षहरु लेख्नु होस् ।**

१. ..........................................................................................................

२. ..........................................................................................................

३. ..........................................................................................................

**१०. भविष्य यस्तै तालिम सञ्चालन गर्नका लागि सुधार गर्नु पर्ने कुनै सुझाव छ भने लेख्नु होस् ।**

१. ..........................................................................................................

२. ..........................................................................................................

३. ..........................................................................................................

४. ..........................................................................................................

## अनुसूची २ दैनिक मूल्याङ्कन

१. **आज निर्धारण गरिएका विषयहरु :**

| | | | |
|---|---|---|---|
| क. प्रस्ट भएन | ख. केहि मात्रामा प्रस्ट भयो | ग. प्रस्ट भयो | घ. राम्रोसँग प्रस्ट भयो |

२. **आजका विषयवस्तु :**

| | | | |
|---|---|---|---|
| क. उपयुक्त छैनन | ख. केहि मात्रामा उपयुक्त छन् | ग. उपयुक्त छन् | घ. ज्यादै उपयुक्त छन् |

३. **सहभागीहरुको संलग्नता :**

| | | | |
|---|---|---|---|
| क. ज्यादै थोरै भयो | ख. केहि मात्रामा थोरै भयो | ग. ठिक भयो | घ. ज्यादै धेरै भयो |

४. **तालिममा प्रयोग गरिएका तरिकाहरु :**

| | | | |
|---|---|---|---|
| क. उपयुक्त छैनन | ख. केहि मात्रामा उपयुक्त छन् | ग. उपयुक्त छन् | घ. ज्यादै उपयुक्त छन् |

५. **तालिममा प्रयोग गरिएका प्रक्षिक्षण सामग्रीहरु :**

| | | | |
|---|---|---|---|
| क. अपर्याप्त भयो | ख. केहि मात्रामा पर्याप्त भयो | ग. ठिकै भयो | घ. पर्याप्त भयो |

६. **प्रक्षिकद्वारा प्रयोग गरिएका तरिका तथा प्रस्तुति :**

| | | | |
|---|---|---|---|
| क. बुभ्mन सकिएन | ख. काम चलाउ छन् | ग. सरल छन् | घ. ज्यादै राम्रा छन् |

७. **तालिममा वितरण गरिएका अध्ययन सामग्रीहरु :**

| | | | |
|---|---|---|---|
| क. उपयोगी छैनन् | ख. काम चलाउ | ग. उपयोगी | घ. ज्यादै स्तरीय |

८. **तालिममा छलफलका लागि दिइएको समय :**

| | | | |
|---|---|---|---|
| क. ज्यादै थोरै थियो | ख. ठिकै थियो | ग. पर्याप्त थियो | घ. ज्यादै बढि थियो |

९. **तालिम सञ्चालन गर्न तय गरिएका अनुशासनको पालना (तोकिएको समय तथा नियमहरु) :**

| | | | |
|---|---|---|---|
| क. भएन | ख. केहि भयो | ग. ठिकै भयो | घ. पूरा पूर भयो |

१०. **तपाईंलाई आज सबै भन्दा बढि कुन कुन कुरा मन पर्‍यो ?**

१. ........................................................................................................................
२. .......................................................................................................................
३. ........................................................................................................................

११. **तपाईंलाई सबै भन्दा मन नपरेको कुनै कुरा छ भने लेख्नु होस् :**

१. ........................................................................................................................
२. .......................................................................................................................
३. ........................................................................................................................

## सत्र २१ : समूह विभाजन र सहभागी अभ्यास प्रशिक्षण तयारी

| | |
|---|---|
| **सत्रको उद्देश्य** | सहभागीहरूलाई विभाजन गर्ने र सहभागीहरूले प्रशिक्षणका क्रममा आर्जन गरेका ज्ञान र सीपलाई पुनः प्रस्तुत गर्दै, तिनको बुझाईको गहिराईलाई प्रमाणित गर्नु, साथै प्रशिक्षकलाई उनीहरूको सिकाईको स्तर र सुधारका लागि आवश्यक क्षेत्रहरूको पहिचान गर्न लगाउनु । |
| **आवश्यक सामग्री** | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, ह्यान्डहेल्ड माईक्रोफोन, पिन माईक, साउन्ड सिस्टम, बोर्ड मार्कर, फ्लिप चार्ट, मेटा कार्ड, साईन पेनको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ । |

| **विषय** | **शिक्षण विधि** | **समय (मिनेट)** |
|---|---|---|
| सहभागी अभ्यास प्रशिक्षण तयारी बारे मार्गदर्शन | अन्तरक्रियात्मक, व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन | १५ |
| तयारी | | १०५ |
| **कुल समय** | | १२० |

## सहजकर्ता मार्गदर्शनः

यस सत्रमा सहजकर्ताले १ घण्टाको समय अन्तरक्रियात्मक र आफनो अनुभव तथा सिकाई आदानप्रदान हुने तरिकाले प्रशिक्षक प्रशिक्षणका सहभागीलाई सहजकर्ता को लागि तयारी स्वरुप यो विषयवस्तुको प्रस्तुति गर्नुपर्दछ। सहजकर्ताले आधारभूत प्रशिक्षण विधिको लागि अन्तरक्रियात्मक , व्याख्यान, प्रश्नोत्तर तथा मस्तिष्क मन्थन मार्फत सहजीकरणगर्नुपर्दछ । प्रशिक्षक प्रशिक्षणका सहजकर्ताले अध्ययन सामग्रीहरुलाई सुक्ष्म रुपमा अध्ययनको साथसाथै अझ धेरै अनुसन्धान गर्नुपर्दछ ।

### सहभागी अभ्यास प्रशिक्षण तयारी बारे मार्गदर्शन

सहभागी अभ्यास प्रशिक्षण तयारी सत्रमा सहभागीहरूलाई प्रस्तुतिकरणको तयारी गर्न सहयोग गरिन्छ । प्रशिक्षकले सहभागीहरूलाई उनीहरूले प्रस्तुत गर्न लागेका विषयको संरचना कसरी तयार गर्ने, समय व्यवस्थापन, र सामग्रीको चयनमा के कुराहरू ध्यान दिनुपर्छ भन्नेबारे स्पष्ट निर्देशन दिनुपर्छ। सहभागीहरूले आफ्नो प्रस्तुति प्रभावकारी बनाउन प्रशिक्षकको सुझावअनुसार काम गर्नुपर्छ, जसले प्रस्तुतिकरणको गुणस्तरलाई सुधार्न मद्दत पुऱ्याउँछ । यो सत्रमा प्रशिक्षकले सहभागीहरूलाई प्रस्तुतिकरणको क्रममा प्रयोग हुने उपकरणहरू, दृश्य सामग्री, र संचार सीपहरूमा मार्गदर्शन दिनुपर्छ । साथै, प्रशिक्षकले सहभागीहरूलाई प्रस्तुतिको दौरानमा उनीहरूको हाउभाउ, स्वर, आँखाको सम्पर्क, र प्रस्तुति शैलीमा सुधार गर्न आवश्यक सुझावहरू प्रदान गर्नुपर्छ। प्रशिक्षकले सहभागीहरूलाई प्रस्तुति गर्दा सामना गर्न सकिने चुनौतीहरूको तयारी गर्न र उनीहरूको आत्मविश्वास बढाउन सघाउनु पर्छ ।

### तयारी

सहभागीहरूलाई भोलिको प्रस्तुतिकरणको लागि समय र आवश्यक स्रोतहरू प्रदान गरिन्छ, जसले उनीहरूलाई प्रस्तुतिको तयारी गर्न सहयोग गर्दछ । प्रशिक्षकले सहभागीहरूलाई प्रस्तुत गर्नुपर्ने विषयवस्तुमा आवश्यक मार्गदर्शन दिँदै, उनीहरूलाई कसरी प्रभावकारी रूपमा सामग्री तयार गर्ने, उपकरणको प्रयोग कसरी गर्ने, र समय व्यवस्थापनको महत्त्वबारे जानकारी दिनुपर्छ । यस सत्रमा सहभागीहरूले प्रस्तुत गर्न लागेका विषयवस्तुहरूको गहिराईमा गई तयारी गर्ने अवसर पाउँछन् ।

तयारी सत्रको अघि, प्रशिक्षकले सहभागीहरूलाई समूहमा विभाजन गरी विगत तीन दिनको सत्रमा सिकेका विषयहरू प्रस्तुत गर्ने जिम्मेवारी बाडफाँड गरीदीनु पर्दछ । प्रत्येक समूहलाई छुट्टाछुट्टै विषय दिने र उनीहरूले सोही विषयमा कसरी प्रस्तुत गर्न सक्छन् भन्नेबारे दुई वा दुई भन्दा बढिको समूहगत रूपमा तयारी गर्नुपर्नेछ । यस प्रक्रियाले सहभागीहरूलाई सिकेका कुराहरूलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न सघाउँछ र उनीहरूलाई समूहमा काम गर्नको महत्व पनि बुझाउँछ ।

# सन्दर्भ सामग्री


Acharya, B. R. (2022). Social protection policy and its response in Nepal. *Humanities and Social Sciences Journal*, *14*(1), 126-139.

Adhikari, T. P., Thapa, F. B., Tamrakar, S., Magar, P. B., Hagen-Zanker, J., & Babajanian, B. (2014). How does social protection contribute to social inclusion in Nepal. *Evidence from the Child Grant in the Karnali Region. London: Overseas Development Institute*.

Bhandari, K. (2019). Social security system of elderly population in Nepal. *Nuta Journal*, *6*(1-2), 18-24.

Chongbang, N. (2022). Local and Social Support Practices in Disaster Management Initiatives in Nepal. *Transatlantic Journal of Multidisciplinary Research (TJMR)*, *4*(1), 22-32.

Dhakal, T. (2020). Making Shock Responsive Social Protection System in Nepalese Context. *Journal of Social Protection*, *1*, 43-50.

Khatiwada, Y. R., & Koehler, G. (2014). Nepal: Social policy in a nascent welfare state. In *Development and welfare policy in South Asia* (pp. 129-147). Routledge.

Maharjan, N., Acharya, S., & Thapa, S. (2021). The Landscape of Social Protection Programmes in Nepal. *Journal of Social Protection*, *2*(01), 51-66.

Malakar, I. M. (2022). Relevance of Social Security Allowance in Nepal. *Innovative Research Journal*, *1*(1), 114-133.

Merttens, F., Upadhyay, J., Kukrety, N., Karki, S., & Majeed, Z. (2017). Evaluation of the Nepal emergency cash transfer programme through social assistance. *OPM, Oxford, UK*.

Nirmal, C. Pandemic Impacted into Shifting of Social Support Paradigm: A descriptive study in Nepal.

Niroula, G. (2018). Trends and Prospects of Social Security Program in Nepal. *Nepalese Journal of Insurance and Social Security*, *1*(1), 73-85.

NPC. (2023). *Integrated National Social Protection Framework.* Kathmandu: NPC.

NRCS, (2022). *Flood response multi-purpose cash, delivered through leveraging Nepal's Social Security*

OPM. (ND). *Lessons from the UNICEF Nepal Emergency Cash Transfer Programme through Social Assistance:* Kathmandu: OPM

Slater, R., Ghimire, A., & Baur, D. (2018). Strengthening links between social protection and disaster risk management for adaptive social protection in Nepal.